के 'जमीन जोत्नेको' नेपाली क्रान्तिको मुख्य नारा हुन सक्छ ?
एक महत्वपूर्ण अन्तर्क्रिया

# मूल्याङ्कन

मूल्य रु १२ /-   विचार अन्तर्क्रियामुखी मासिक   वर्ष ११, अंक १५



विजया दशमीको उपलक्ष्यमा

हार्दिक मङ्गलमय

शुभ-कामना !

माउण्ट एभरेष्ट ब्रुअरी प्रा. लि.

परिवार

विजया दशमी तथा

दीपावलीको

उपलक्ष्यमा सबैमा

हार्दिक

शुभ-कामना !

नेपाल ब्याट्री कम्पनी

परिवार, बालाजु

विजया दशमी तथा दीपावलीको उपलक्ष्यमा सबैमा

हार्दिक शुभ-कामना !

काठमाडौं नगरपालिका

परिवार

विजया दशमी तथा दीपावलीको उपलक्ष्यमा

हार्दिक शुभ-कामना !

भक्तपुर नगरपालिका

परिवार

विजया दशमीको उपलक्ष्यमा

हार्दिक

शुभ-कामना !

सूर्य टोबाको कम्पनी

परिवार

विजया दशमीको उपलक्ष्यमा

हार्दिक

शुभ- कामना !

कृषि विकास बैंक

परिवार


हाम्रो विशेषताले उपभोक्ताहरूलाई कसरी फाइदा भयो?

# शेष इन्टरनेशनल

## तपाईंको स्वागत गर्दछ।

हामी निम्न सामग्रीहरूले तपाईंको सेवा गर्दछौं:

टि.भी., भि.सी.आर
लुगा धुने मेशीनहरू
जेनेरेटरहरू
फ्रिजहरू
एअर-कन्डिसनरहरू
साथै सम्पूर्ण विजुली सम्बन्धी औजारहरू तथा किचेन सामग्रीहरू इत्यादि



हामीकहाँ पस्नुहोस् र ग्राहकहरूको सन्तुष्टिका पछाडि के रहश्य छ आफैं थाहा पाउनुहोस्।

हामी खुद्रा तथा थोक विक्रेता हौं।

अन्य जानकारीका लागि सम्पर्क राख्नुहोस्
शेष इन्टरनेशनल
पसल नं. १०, विशाल बजार, काठमाडौं।
फोनः २२८१०४, २२८१५२ केवल BANTI

# मूल्याङ्कन

(विचार-अन्तर्क्रियामुखी मासिक)

वर्ष : ११ पूर्णाङ्क ९५
२०५० कार्तिक-मंसिर



**संरक्षक**
डा. मधुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी.आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ

**कार्यकारी सम्पादक**
हरिगोविन्द लुइटेल

**सह-सम्पादक**
राजेन्द्र महर्जन

**व्यवस्थापक**
श्याम खड्का

**व्यवस्थापन सहयोगी**
वेख बहादुर महर्जन



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

**सम्पर्क कार्यालय**

**"मूल्यांकन" मासिक**

अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
न्हूसाल, भोर्छे, ख-२,२३७,
काठमाडौं- २३
फोन २१३६९४
पो.व.नं. ३०२६ काठमाडौं


# फेरि जन-आन्दोलनको खाँचो

भाद्र १ को सम्झौतामा गिरिजा सरकारले जे जे माग पूरा गर्ने बचन दिएको थियो, ती मध्ये कुनै पनि माग सरकारले अहिलेसम्म सही अर्थमा कार्यान्वयन गरेको छैन । प्रधान-मन्त्रीको राजिनामा सम्बन्धमा भएको गोप्य समझदारी त टाढाको कुरा रह्यो, किटानसाथ उल्लेख भएको दास-ढुंगा सम्बन्धी आयोग पनि अहिलेसम्म बनाइएन । न त शिक्षक-कर्मचारी सम्बन्धी संझौता नै व्यवहारमा लागु गरिए । न महंगी नै घट्यो ।

यो सहमति पूरापूर कार्यान्वयन गरिनेछ भनेर प्रतिज्ञा गर्ने कृष्णप्रसाद भट्टराई अहिलेसम्म अलप छन् । यो सम्झौताको "कमा" र पूर्ण विराम समेत यताउति गरिने छैन भनेर सार्वजनिक घोषणा गर्ने गिरिजा कोइरालालाई अहिले कुर्सी सुरक्षित भएपछि यतातिर ध्यान दिने फुर्सद नै छैन । कांग्रेसमा त्यस्तो अर्को कुनै नैतिकवान दवावशक्ति पनि अस्तित्वमा भएको देखिन्न, जसले सम्झौता गरेपछि हर तरहले पालना गरिनु पर्छ भनेर सरकारलाई दवाव देवोस् ।

यसले देखाएको छ-भाद्र १ को संझौतालाई कांग्रेसले कुर्सी बचाउने उपायको रुपमा मात्र लिएको छ । नेपाली कांग्रेसको नेतृत्वमा र सरकारमा कुनै प्रजातान्त्रिक नैतिकता नै छैन, जसमाथि विश्वासका साथ भर पर्न सकियोस् । यो खालि शक्तिको भाषा मात्र बुझ्छ, प्रजातान्त्रिक मूल्य र मान्यताको कुनै भाषा यसको समझदारीभित्र पर्ने गर्दैन । जन-आन्दोलनकै बेलामा पनि आन्दोलनको ताकत घाम झैं छर्लङ्ग भएपछि मात्र यसले १० सूत्रीय मागको तात्पर्य बुझ्न थालेको थियो ।

संझौता भयो, खड्गो टर्‍यो । अहिले फेरि प्रधानमन्त्री गिरिजाको तानाशाही चालढाल उस्ताको उस्तै छ । राजिनामा दिने कुनै छाँटकाँट उनले देखाईरहेका छैनन् । घटना-क्रमले देखाएको छ-आन्दोलनको सामर्थ्य भएर पनि राजिनामाविना नै गिरिजालाई चोखै उम्कन दिनुमा गल्ती भएको छ । कांग्रेसी नेतृत्वको बचनमा भर गर्नुमा गल्ती भएको छ ।

तर, एक माघले जाडो जाँदैन । कांग्रेसी ब्यहोर हेरिसकियो । अव सहमतिका बुँदाहरु तुरुन्त कार्यान्वयन गर्न सशक्त दवाव दिने, कार्यान्वयन नगरे फेरि सडकमा उत्रने बेला अएको छ । वामपन्थीहरुको संयुक्त सशक्त दवाव र त्यसलाई नटेरेमा संयुक्त जन-आन्दोलन फेरि पनि यो समयको आवश्यकता भएको छ ।

यो देशमा जनताको आशाको केन्द्र फेरि पनि वामपन्थी शक्ति नै हो । कुनै पनि प्रतिगामी, भ्रष्ट र निरंकुश तत्वलाई तह लाउन सक्ने र समाजलाई अग्रगतिमा लान सक्ने शक्ति नेपालमा वामपन्थी शक्ति नै हो ।

काम गर्दा गल्ती हुन्छ । गल्ती स्वीकार गर्नु र त्यसलाई फेरि नदाहोर्‍याउनु नै सच्चा वामपन्थी चरित्र हो । कांग्रेसी नेताहरुको बचनको थाङ्नामा सुत्ने काम हामीले धेरै चोटि गरिसक्यौं । अव त्यो गल्ती नदोहर्‍याऊँ ।

जनताको आन्दोलनलाई एउटा निश्चित टुंगो वा लक्ष्यसम्म नपुर्‍याई बीचैमा छोड्ने काम हामीले धेरै चोटि गरिसक्यौं । अब फेरि त्यसो नगरौं । दुश्मनको उल्क्याहटमा उल्किएर अहम् समयमा मित्र-मित्र नै आपसमा लड्ने काम पनि धेरै गरिसकियो, अव त्यस्तो उल्क्याहटमा नफसौं । अहिलेसम्म वामपन्थी शक्तिलाई कुनै शत्रुले लडेर जित्न सकेको छैन, हामी आफ्नै बुद्धिले धेरै खँगारिएका छौं, यो ऐतिहासिक तथ्य नबिसौं ।

जनताको समस्या ज्यूँ का त्यूँ छ र जनताको आन्दोलन अहिलेको खाँचो हो । त्यसैले यस निम्ति जनताका शत्रुका शत्रुहरु-सबै एक हुनु जरुरी छ भन्ने हामीलाई लाग्दछ । ❑

**हाम्रो मूल्यांकन**

फेरि जन आन्दोलनको खांचो-४

**घटना-प्रवाह**

भूटानी राजाबाट गंभीर आरोप-६

रोल्पामा व्यापक दमन-६

माइकल ज्याक्सलाई भारत पस्न नदिइने-४५

**नीति संस्कृति**

किन शिक्षितहरुमा सुविधा भोक मात्र जागेको छ ? -१६

**अर्थ-तन्त्र**

सावधान, नेपाल ऋणको भासमा जाकिदैछ-३३

**आँखी झ्याल**

अव जर्मनी पनि मन्दीतिंर-१५

पूँजीवादी मुलुकहरुमा बेरोजगारी-४४

**विज्ञान/प्रविधि**

विराटनगरका नेपाली वैज्ञानिकद्वारा नयाँ प्रविधिको विकास-२३

**स्वास्थ्य-विज्ञान**

प्राकृतिक चिकित्सा के हो ?-२६

**मनोविज्ञान**

बालकहरु किन चोरी गर्छन ?-२४

**जन-जीवन**

गरीबीको ढुंगामा चिप्लेटी खेलीरहेका राजवंशीहरु-२७

**साहित्य**

पूर्णविरामका दुई कविताहरु-२९

**दर्शन/दिग्दर्शन**

हामी किन भौतिकवादी हुनु जरुरी छ-२१

**प्रेरक/प्रसंग**

यही हो सापेक्षतावादको सिद्धान्त-१९

**विविध**

आइन्स्टाइनको लक्ष-२१

सापेक्षतावाद के हो ?-२१

लेनिनको शव गाडिने संभावना-१२

"प्राभ्दा" पुन: प्रकाशित-११


**पाठकको कुरो-४६**


# रुसी जन विद्रोह किन विफल भयो ?



* *संसद किन भंग गरियो ?*
* *द्वैध सत्ताको स्थिति*
* *जन-विद्रोह*
* *विद्रोहमा सहभागिता*
* *विद्रोह किन विफल भयो ?*
* *पाठहरु र प्रश्नहरु*

**दमनपछि रुसमा के हुँदैछ ?**



**रुसको घटना संसारभरिको लागि एउटा ताजा शिक्षाको मुहान हुन सक्छ !**

## घटनाको विस्तृत विवरण र विश्लेषण ८-१२

## के "जसको जोत उसको पोत" नेपाली क्रान्तिको मूल नारा हुनसक्छ ?

**नेपाली क्रान्तिको यस महत्वपूर्ण विषयमा सम्पन्न**

## प्रत्यक्ष विचार-अन्तरक्रियाको रिपोट

**सहभागीहरु**

रोहित

केशव बडाल

दीपेन्द्र क्षेत्री

डा. कृष्णबहादुर थापा

चन्द्रराज ढुंगेल

महेश्वरमान श्रेष्ठ

सुशीलचन्द्र अमात्य

श्याम श्रेष्ठ



महान वैज्ञानिक अल्वर्ट आइन्स्टाइनको

**विशेष लेख**

## समाजवाद नै किन आवश्यक छ ? १८

## विश्व कम्युनिष्ट-गतिविधि

***पोलैण्डमा वामपन्थी सरकार गठित***

***का. गोञ्जालोलाई मृत्युदण्ड हुनसक्ने १३-१४***

***कुर्दहरुद्वारा पुन: युद्धको थालनी***

***क्रिसहनीका हत्याराहरुलाई मृत्युदण्ड ७***

**वर्तमान नेपाली फिल्म र समग्र सांस्कृतिक स्थितिबारे**

## सुनील पोखरेलसंग अन्तवार्ता ३०

**आवरण फोटो:** येल्त्सीनपक्षीय रुसी सेना संसद र विद्रोहीहरुलाई प्रहार गर्दै/**आवरण कला:** आइडियल डिजाइनर्स, बागबजार/**कलर स्क्यानिङ:** प्रिज्म कलरल्याब, कुलेश्वर/**कम्प्यूटर सेटिङ:** व्यवशायिक केन्द्र, नेपाल घरेलु तथा साना उद्योग संघ, टेकू ।

## जमीन र कामका भोका नेपालीहरु......

# भूटानी राजाबाट गंभीर आरोप

***"हाम्रो समस्याको चूरो के हो भने-हामी त्यस्तो थोरै जनसंख्या भएको सानो देश हौं, जसलाई जीविका खोज्ने नेपाली आर्थिक-आप्रवासीहरुले अतिक्रमण गरेका छन् ।"***



हालै अमेरिकी कांग्रेसका सदस्यहरुलाई भूटानी राजा जिग्मे सिंगे वाङचुकले लेखेको जवाफी पत्रको यो आरोपले सम्पूर्ण न्यायप्रेमी नेपालीहरुको ध्यान आकर्षित गरेको छ ।

त्यस चिठ्ठीमा आरोप लगाइएको छ-"भारत र नेपालका जमीनका भोका र कामका भोका नेपालीहरुको लागि थोरै जनसंख्या, प्रशस्त जमीन र द्रुत गतिले विकास गरिरहेको अर्थतन्त्र भएको भूटान जुनसुकै अर्थमा पनि एउटा वास्तविक स्वर्ग हो ।"

भूटानी नरेशको भनाईको तात्पर्य के रहेको छ भने-भूटान स्वर्ग हुनाले नै जमीन र कामका भोका नेपालीहरुले त्यहाँ अतिक्रमण गरेका हुन् ।

भूटानी नरेशको भनाइ छ-"नेपाली आप्रवासीहरुले पश्चिममा भूटानसंग जोडिएको सिक्किम र दार्जलिङका पहाडहरुमा सफलतापूर्वक राजनीतिक सत्ता आफ्नो हातमा लिईसकेका छन् र भूटानको दक्षिण र पूर्वका भारतका सात वटा राज्यमा समस्या खडा गरिरहेछन् । भूटानमा रहेका नेपाली जातीय विद्रोहीहरुको लक्ष्य के छ भने-राजनीतिक सत्ता कब्जा गर्नुअघि भूटानको जनसंख्यालाई सानो अल्पसंख्यक समूहमा बदल्नु, जस्तो उनीहरुले सिक्किम र दार्जजिङमा सफतलतापूर्वक गरेका छन् ।"

चिठ्ठीमा भूटानी राजाले के पनि आरोप लगाएका छन् भने-"यी विद्रोहीहरुले भारत र नेपालका कम्यूनिष्ट र उग्र वाम पार्टीहरुबाट दन्हो समर्थन प्राप्त गरेका छन् ।"

"भूटानी विद्रोहीहरु के विश्वास गर्छन् भने-(सत्तरीको दशकको शुरुमा) सिक्किममा मच्चाए जस्तो र (असीको दशकको अन्ततिर) दार्जलिङमा मच्चाए जस्तो सफल नेपाली आन्दोलन भूटानमा पनि मच्चाउन सकिन्छ । तर त्यस्तो आन्दोलन भूटानमा सफल भएको छैन । किनकि यहाँको स्थिति पूरै भिन्न छ ।"-भूटानी नरेशको दावी छ ।

स्मरणीय छ, अमेरिकी कांग्रेसका दुई सदस्यहरुले गएको जुलाई ३० मा भारतस्थित भूटानी राजदूतलाई अमेरिकी राजदूतावासमा बोलाएर एउटा चिठ्ठी हस्तान्तरण गरेको थिए । त्यो चिठ्ठीमा पुर्खौदेखि भूटानमा रहेका नेपाली मूलका मानिसहरुलाई भूटानामा सेना र प्रहरीहरुले उत्पीडन गरेको आरोप लगाइएको थियो । त्यही चिठ्ठीको जवाफमा अहिले भूटानी राजाले यो पत्र लेखेका हुन् ।

भूटानी राजाको चिठ्ठीमा रहेका यी आरोपहरु अत्यन्त आपत्तिजनक, निराधार र झुठा छन् ।

नेपाली भाषाभाषीहरु भूटानमा पुर्खौदेखि रहिरहेका छन् । मानव समाजको विकासको सिलसिलामा जसरी अन्य भूटानीहरु त्यहाँ पुगे, त्यहाको वन जंगल र बाँझा जमीन आवाद गरे र भूटान अहिले जे भएको छ, त्यसमा उनीहरुको रगत पसीना र परिश्रमको ठूलो देन छ । भूटानका ५३ प्रतिशत जनसंख्या नै नेपाली भाषाभाषी छन् । यो तथ्यलाई भूटान नरेशले पत्रमा सरासर ढाकछोप गर्ने प्रयत्न गरेका छन् ।

पुर्खोली इतिहास झिक्ने हो भने डुक्पालीहरु र भूटान नरेश आफैं पनि त भूटानका आदिवासी ठहरिने छैनन् । उनको पुर्खा आफैं तिब्वतबाट त्यहाँ झरेको इतिहासकारहरुको दावी छ । के यस आधारमा उनलाई अब भूटानबाट तिब्वतमा धपाउन मिल्छ, जसरी नेपाली भाषाभाषी धपाइए ?

त्यसैले, नेपाली भाषाभाषी भूटानीहरु धपाइनुको कारणमा "काम र जमीनका भोका नेपालीहरुले त्यहाँको राज्य सत्ता कब्जा गर्न लागेको, भूटानीहरुलाई अल्पसंख्यकमा बदल्न लागेको" भन्ने आरोप सरासर गलत र हास्यास्पद छ । भूटानको राज्यमा अन्य भाषाभाषीको जति हक छ, नेपाली भाषाभाषीहरुको पनि नागरिकको हैसियतबाट उत्ति नै हक छ । सचेत नेपाली भाषाभाषी भूटानी नागरिकहरुले त्यही नागरिक हक खोजेका हुन्, किनकि भूटानी राज्यमा राजनीति गर्नु भनेको फगत भूटानी राजाको ठेक्काको विषय होइन । यही नागरिक हक खोज्दा अनेकौं नागरिकहरु मारिए, सताइए, र धपाइए, फगत यस कारण कि-उनीहरु नेपाली भाषा बोल्छन् ।

जहाँसम्म भूटानीहरुलाई अल्पसंख्यकमा बदल्न लागेको भन्ने सवाल छ, नेपाली भाषाभाषीहरु त पहिलेदेखि नै बहुख्यामा रहेका भूटानी नागरिक हुन् उनीहरुले कसैलाई अल्पसंख्यकमा बदल्न जरुरी नै छैन ।


भूटानी राजाले भारत र नेपालका कम्युनिष्टहरुले समर्थन गरेको आन्दोलन भनेर अमेरिकीहरुलाई उल्क्याउने षदयन्त्र गरेका छन्, यो पनि त्यतिकै हास्यास्पद छ । उत्पीडित नेपाली भाषाभाषी भूटानी नागरिकहरुको जायज आन्दोलनलाई संसारभरिका न्यायप्रेमीहरुले समर्थन गरका छन् ।

भारत र नेपालका कम्युनिष्टहरुले यसको दृढ समर्थन गरेका छन् । संसारभरि जहाँसकै पनि भइरहेका थिचोमिचोको विरोधमा कम्युनिष्टहरु लागिपरिर हेका छन् र भविष्यमा पनि लागिपरिरहने छन् । यस कुरालाई लिएर "कम्युनिष्ट विरोधी" अमेरिकालाई उल्क्याउन खोज्ने नियत भूटानी राजाले लिएका हुन् । उनको यो अत्यन्त हास्यास्पद र "दयनीय" नियत हो ।

यी सबै हिसाबले भूटानी नरेशको पत्र हरतरहले निन्दनीय र विरोधयोग्य छ । चारैतिरबाट यसको विरुद्ध आवाज उठाउनु जरुरी छ । ❑

# रोल्पामा व्यापक दमन अभियान

**लोग्ने मानिस गाउँमा देखै पाइन्न... हलो महिलाहरुले जोत्न थाले**



सं.ज.मो. संयोजक डा. भट्टराई

नेपाली कांग्रेसको गिरिजा सरकारले अब आफ्नो तानाशाही दमन अभियान पश्चिम नेपालको एउटा दुर्गम जिल्ला-रोल्पामा केन्द्रित गर्न थालेको छ, जहाँ वामपन्थीहरुको बाहुल्य छ ।

२०० जति सशस्त्र प्रहरी र ३/४ शय जति कांग्रेस भिजिलाण्तेहरुले संचालन गरेको यस दमन अभियानले रोल्पाका गाउँ गाउँमा ठूलो आतङक मच्चाउन थालेको छ ।

संयुक्त जनमोर्चा नेपालले हालै जारी गरेको "स्थलगत निरीक्षण भ्रमण सम्बन्धी प्रेस विज्ञप्ति" अनुसार रोल्पाका भोटगाउँ, गैरीगाउँ र जंकोटमा त अहिलेसम्म लोग्ने मान्छेको नाक मुख देख्न पाइन्न । त्यहाँ बाध्य भएर हलो समेत स्वास्नीमान्छेहरुले जोत्न थालेका छन् ।

विज्ञप्तिमा जनाइएको छ-संयुक्त जनमोर्चाको वर्चस्व भएको त्यस जिल्लामा "कम से कम एउटा झुठो मुद्दा नलगाइएको सं. ज. मो. को सक्रिय कार्यकर्ता पाउनु गान्हो छ र अहिलेसम्म तीन हजार भन्दा बढी मुद्दाहरु लागिसकेका छन् र धरौटीको निम्ति मात्र रु. २ करोड मूल्य भन्दा बढीको जग्गा सिध्दिइसकेको छ ।

दाङदेखि झिकाइएका सशस्त्र प्रहरी र कांग्रेसी भिजिलाण्तेहरुले असोज २१ गते कोटगाउं गा.वि.स. मा र असोज २२ गते नुवागाउँ गा.वि.स.मा सशस्त्र दमन अभियान चलाएका थिए । यस अभियानमा सशस्त्र प्रहरीले गाउं घेर्ने, सशस्त्र गुण्डाहरुले घर घरमा पसेर लूटपीट र आतंक मच्चाउने र मानिसहरुलाई यातनापूर्वक पक्रेर प्रहरीलाई बुझाउने गरेको कुरा विज्ञप्तिमा उल्लेख गरिएको छ ।

"यो दमन अभियानमा जिल्लाका प्रजिअ अब्दुल रइस खाँ को ठूलो भूमिका रहेको छ । उनले सं. ज. मो. पक्षघर जिल्ला सभापति भक्कूप्रसाद सुवेदीलाई सबैका अगाडि गोली हान्न डि. एस. पी. लाई अडर दिने कार्य समेत गरे । तर डि. एस. पी. ले मानेनन् ।"

-विज्ञप्तिमा भनिएको छ ।

स.ज.मो. ले - प्रजिअ लाई तुरुन्तै बर्खास्त गर्ने, संपूर्ण झुठा मुद्दा खारेज गर्ने र मुद्दामा फंसाइएकाहरुलाई रिहा गर्ने, प्रशासनिक दमन, आतंक बन्द गर्ने र जिल्लामा घटेका बिभिन्न घटनाहरुको निष्पक्ष न्यायिक छानवीन गर्ने माग गरेको छ ।

गिरिजा सरकार देशको सबैभन्दा शक्तिशाली विपक्ष-वामपन्थीहरुको जहाँ जहाँ वर्चस्व छ, त्यहाँ त्यहाँ तिनीहरुको नामोनिशान मेटाउन चाहन्छ । यो त्यही चाहनाको एउटा अभिव्यक्ति हो ।

विपक्षी शक्तिलाई यसरी दिनदहाडै ठाडो दमन गर्न उत्रिने कांग्रसी सरकारको यो कदमले स्वयं नेपाली कांग्रेसकै कथित "प्रजातान्त्रिकता" को मुखुण्डो उघ्रेको छ । कांग्रेसी सरकारको यो जनविरोधी तानाशाही कदमका विरूद्ध संपूर्ण वामपन्थी शक्तिले सशक्त प्रतिरोध गर्नु जरूरी छ । ❑

दैनिक लुम्बिनी
पढ्नु होस्

टर्की

# कुर्द विद्रोहीहरुद्वारा पुनः युध्दको थालनी

*एकै समयमा यूरोपका ३० वटा शहरहरुमा आक्रमण*

टर्की, इरान, इराक र सिरियामा कुनै पनि भाषिक र जातीय अधिकारविना बसोवास गरिरहेका अल्पसंख्यक कुर्द जातिको स्वतन्त्र कुर्दिस्तान राज्य प्राप्तिको लागि १९८४ देखि सशस्त्र संघर्ष गरिरहेको माओ विचारधारा समर्थक कुर्दिस्तान श्रमिक पार्टी ( PKK) ले पुनः युध्दको थालनी गरेको छ ।


कुर्दिस्तान श्रमिक पार्टी (PKK) का नेता क. अब्दुला ओसलानले दुई बर्षदेखिको लामो र कठीन प्रतीक्षापश्चात पनि टर्कीको तानाशाही सरकारले कुर्दहरुको जन्मसिध्द अधिकारलाई लत्त्याउँदै आइरहेको छ, त्यसैले आफ्नो अधिकार प्राप्तिको लागि कडा उपाय अप्नाउन बाध्य भएको विचार व्यक्त गर्दै उनले सिरिया र लेवनानको सिमावर्ती शहरमा गरिएको पत्रकार सम्मेलनमा अब अन्तिम युध्द लड्न PKK ले पुनः युध्दको थालनी गरेको घोषणा गरेका छन ।

स्मरण रहोस्, गत दुई बर्षभित्र टर्कीका ८० लाख कुर्दहरुलाई आफ्नो मातृभाषामा पठन-पाठन गर्न पाउने अधिकार लगायत सबै भाषिक र सांस्कृतिक अधिकार नदिई टर्कीको तानाशाही सरकारले कुर्दहरुको अधिकारको लागि संघर्षरत PKK का छापामार कुर्द विद्रोहीहरुलाई नै सखाप पार्ने सैनिक दमनको अभियान चलाएको थियो । त्यस दमन अभियानबाट कुर्द विद्रोहीहरुलाई "सखाप पारेको" द्रावी सरकारले गरेको थियो । तर सरकारको दावी तव झूठ सावित भयो, जब कुर्दहरुको बस्ती-बस्तीमा सरकारले बम बर्षा गर्दा कडा प्रतिरोधको सामना गर्नु पर्‍यो ।

त्यस सैनिक अभियानमा टर्की सरकारका सैनिकहरुले PKK समर्थक गाउँ-वस्तीलाई पूरै सखाप पार्ने, निर्ममतापूर्वक बच्चा-बच्चीदेखि बूढा-बूढी समेत मार्ने, बलात्कार गर्ने, अमानवीय यातना दिने हिटलरी शैलीको दमन चलाएका थिए । हालै मात्र राष्ट्रपति डेमिरेलले खुला रुपमै स्वीकारेका छन्कि- टर्कीका सैनिक अधिकारीहरुले राष्ट्रपतिको आदेशमा १०० वटा भन्दा बढी कुर्द वस्ती भएका गाउँहरु ध्वस्त गरेका छन् । यसरी आफ्ना आधा भन्दा बढी सैनिक शक्ति र अधिकांश राष्ट्रिय ढुकुटी दुरुपयोग गरेर न्यायपूर्ण संघर्ष गरिरहेका कुर्द विद्रोहीहरुलाई सखापै पार्ने सैनिकहरुको दमन अभियानमा लागेर टर्की सरकारले के प्राप्त गरेको छ त ? पूँजीवादी पत्रिका *टाइम* (नोभेम्बर ८, १९९३) का अनुसार, सैनिकहरुको घनीभूत दमन अभियान जुन जुन वस्तीमा हुन्छ, त्यहाँ-त्यहाँ PKK आफ्नो समर्थन र जन आधार मजबूत बनाउन सफल भएको छ । यस सफलताले सिद्ध गरेको छ-जहाँ दमन हुन्छ, त्यहाँ प्रतिरोध पनि हुन्छ ।

सत्ता प्राप्त नगरेसम्म कुर्द जनताको न्यायोचित आन्दोलनको हल खोज्नु पर्छ भन्नेर वकालत गर्ने तथाकथित उदारवादी प्रधानमन्त्री तान्सु सिल्लर पनि यस सैनिक दमन र कुर्द प्रतिरोधमा दमनकै पक्षपाती भएकी छिन् । उनी अमेरिकी साम्राज्यवादको नेतृत्वमा रहेको नाटो-(NATO) सैनिक गठबन्धनको सहभागी टर्कीको सरकारका सैनिकहरुले चलाइरहेको कुर्दहरुलाई पूरै सखाप पार्ने अभियानलाई नै तीव्र पार्ने काममा सकृय भएकी छिन् । टर्कीका प्रत्येक सरकारहरुको सैनिक दमनहरुको प्रतिरोध गर्ने कार्यमा, प्रधानमन्त्री तान्सु सिल्लरकै अनुसार पनि, PKK का ५ हजार छापामारहरु नियमित रुपमा सहभागी भैरहेका छन् ।

ती प्रतिरोधी कुर्द विद्राहीहरुले यही कार्तिक १७ गते जर्मनी लगायतका थुप्रै पश्चिमी यूरोपेली राष्ट्रहरुमा विहान ११.३० बजे टर्कीका दूतावासहरु, बैंकहरु, पर्यटन सम्बन्धी कार्यालयहरु र अन्य भवनहरुमा एकैसाथ आक्रमण गरेर आफ्नो प्रतिरोधलाई तीव्रता दिएका छन् । जर्मनीको वैस्वाडेन, स्टूटगार्ड, डज्जेल्डोर्फ, कोलोन, फ्रान्कफर्ट, कार्शलरुह, हान्नोभर, मेन्मेहम, इस्सेन, वुप्परतल र फोर्झियम शहरहरुमा पेट्रोल बमद्वारा सशस्त्र कुर्दहरुले आक्रमण गरेका थिए, जसबाट एक टर्की अधिकारीको मृत्यु हुनको साथै ८ जना प्रहरीहरु पनि धाइते भए । यसबाट टर्कीको थुप्रै धन-मालको नोक्सानी भएको छ । यस्तै गरी वर्न लगनयत ज्युरिच, बासेल, कोपेनहेगन, स्टासवर्ग, ब्रुसेल्स र लण्डनमा पनि एकसाथ आक्रमण गरिएको थियो ।



क. ओसलान


कुर्द विद्रोहीहरुका यी आक्रमणहरु गत महिना टर्की सरकारले लाइस शहरमा गरिएको कुर्द जनताको नरसंहार र PKK माथि प्रतिबन्ध लगाउने पटक-पटकको धम्कीको विरोधमा गरिएका हुन् । यस आक्रमणपछि पनि टर्की सरकार र पश्चिमी यूरोपीय पूँजीबादी राष्ट्रहरुले PKK माथि प्रतिबन्ध लगाउने धम्की दिन थालेका छन् ।

स्मरणीय छ, आफ्नो प्रतिरोध र आक्रमणलाई जारी राख्ने क्रममा टर्कीमा कुर्द विद्रोहीहरुले सरकारी सैनिक अड्डाहरुमा ठूला-ठूला प्रत्याक्रमणहरु गरिरहेका छन्, यूरोपका विभिन्न देशका ३० वटा शहरहरुमा गत असार १० गते एकै दिनमा एउटै समयमा टर्की सरकारका दूतावासहरु, कूटनीतिक नियोगहरु र पर्यटन सम्बन्धी कार्यालयहरुमा आक्रमण गरी आफ्नो सैन्य क्षमता र कुशलता प्रदर्शन गरेका थिए । त्यस संघर्षकै क्रममा केही महिनाअघि १९८४ को कुर्द विद्रोहको वार्षिकोत्सव मनाउने क्रममा टर्कीका थुप्रै शहरहरुमा भएका कुर्दहरुका विरोध प्रदर्शनहरु, सरकारी दमन र भीडन्तहरुले पनि कुर्दहरुको प्रतिरोध क्षमतालाई निकै उंचो भएको कुरा दर्शाएको थियो ।

यसै बीच PKK ले करीव २-३ महिना अघि एकपक्षीय रुपमा युध्द विरामको घोषणा गरेको थियो । तर टर्कीको तानाशाही सरकारले यस युद्ध विरामको घोषणालाई कुर्द समस्यालाई हल गर्ने दिशातिर होइन, फेरि फेरि पनि कुर्द विद्रोहीहरुलाई सखाप पार्ने समय पाएको हिसावले प्रयोग गर्‍यो ।

यसैको परिणाम स्वरूप नै अहिले कुर्द विद्रोहीहरुले पुनः सशस्त्र संघर्षको थालनी गरेका हुन् । हालको संघर्षको थालनीपछि टर्कीको पूर्वी तथा दक्षिण पूर्वी क्षेत्रमा PKK ले आक्रमणलाई तीव्र पारेको छ । यसै संघर्षलाई सघाउन कुर्द विद्रोहीहरुले टर्कीको सरकारको आर्थिक संकट चर्काउने संकल्पका साथ त्यहाँको अर्थतन्त्रको एक मूल आधार पर्यटन व्यवसायलाई प्रभावित पार्ने अभियान पनि संचालन गरेका छन ।

कुर्दहरुको यस संघर्षका कारणले राष्ट्रिय राजनीतिमा हलचल मच्चिएको छ । यसै क्रममा हालै मात्र १० वटा संसदीय पार्टीहरुले कुर्द-समस्याबारे संयुक्त बैठक गरेका छन । तर टर्कीको तानाशाही सरकारले कुर्द समस्याको एउटै मात्र समाधानको बाटो PKK का कुर्द विद्रोहीहरुलाई र सिंगो समूहलाई नै सखाप पार्नु हो भन्ने मुर्खतापूर्ण हठ देखाएको छ र कुर्दहरुसंग युद्धरत सरकारी सैनिकहरुको संख्यामा दुई गुना थप गर्ने घोषणा गरेको छ । यसले गर्दा संघर्ष झनै चर्किरहेको छ । ❑



दक्षिण अफ्रिका

# क्रिस हनीका हत्याराहरुलाई मृत्युदण्ड

**षडयन्त्रका सूत्रधारहरुको पालो कहिले ?**

*दक्षिण अफ्रिकी कम्युनिष्ट पार्टी ( SACP ) का महासचिव र अफ्रिकी राष्ट्रिय कांग्रेस ( ANC ) का नेल्सन मण्डेला पछिका सशक्त अफ्रिकी नेता क. क्रिस हनीका हत्याराहरुलाई मृत्युदण्ड दिइएको छ ।*

*गत अप्रिल १० तारिखमा गोली हानी हत्या गर्ने पोल्याण्डका आप्रवासी जानुज वाजुज र उसलाई हतियार दिने दक्षिणपन्थी, रंगभेदवादी कन्जरभेटिभ पार्टीका राजनीतिक एवं पूर्व सांसद क्लाइभ डर्वी लेविसलाई सर्वोच्च अदालतले गत असोज २९ गते सो हत्याको दोषी ठहर्‍याई मृत्युदण्ड दिएको छ । तर क्रिस हनी लगायतका दक्षिण अफ्रिकी कम्युनिष्ट नेता र अफ्रिकी राष्ट्रिय कांग्रेसका नेताहरुको हत्याको लागि "हिट लिष्ट" नाम सूची तयार गर्ने क्लाइभ डर्वी लेवसकी पत्नी गेभी डर्वी लेविसलाई भने रिहा गरिएको छ । आफूले उक्त सूची एउटा दक्षिणपन्थी पत्रिकामा वामपन्थीहरुको जीवन शैली सम्बन्धी अनुसन्धानात्मक लेखको लयारीको क्रममा बनाएको भन्ने झूठो बयानको आधारमा श्रीमती डर्वी लेविस रिहा हुन समेत सफल भएकी छिन ।*

*यसरी, क्रिस हनीकी विधवा लिम्फोले भने जस्तै, वृहत दक्षिणपन्थी रंगभेदवादी षडयन्त्रका मतियारहरु मात्रै मृत्युदण्डको शिकार हुनु र त्यसको एक सूत्रधार श्रीमती डर्वी लेविस भने रिहा हुनु एवं त्यस वृहत दक्षिणपन्थी - रंगभेदवादी षडयन्त्रको पोल खोल्न नसक्नुले दक्षिण अफ्रिकामा निकै आक्रोश बढाइदिएको छ । अफ्रिकी राष्ट्रिय कांग्रेस र कम्युनिष्ट पार्टीले यस षडयन्त्रको पर्दाफास गर्ने र त्यसका सूत्रधारहरुलाई भविष्यमा आफ्नो सरकार गठन भएपछि पनि षडयन्त्रको अभियोग लगाउने चेतावनी दिएका छन् ।*

*क्रिस हनी लगायतका विश्वका थुप्रै जन-नेताहरुको हत्या भइरहेको यस स्थितिमा नेतृत्वकारी व्यक्तिहरुको सुरक्षा व्यवस्थालाई मजबूत पार्नु अत्यन्तै जरूरी भएको तथ्य दक्षिण अफ्रिकी कम्युनिष्ट पार्टी, अफ्रिकी राष्ट्रिय कांग्रेस लगायत विश्वका सबै वामपन्थी संगठनहरुले बुझ्नु आवश्यक देखिन्छ ।* ❑

# रूसी विद्रोह किन विफल भयो ?

## रूसको घटना संसारभरिका लागि एउटा ताजा शिक्षाको मुहान हुन सक्छ

श्याम श्रेष्ठ

**रूसी संसद र राष्ट्रपति येल्त्सीन बीचको दुई बर्ष लामो संघर्ष असोज १७ गते (अक्टोबर ३) को मस्को बिद्रोह र असोज १८ गतेको नृशंस दमनमा आएर हाललाई टुंगिएको छ । रूसी संसद र जनताको यो विद्रोह अहिले त दमनद्वारा परास्त भएको छ ।**

तर जुन कारणले संसद र जनताले त्यहाँको पूँजीवादी राज्यसत्ता विरूद्ध पुरानो सोभियत संघको झण्डा उचाल्दै विद्रोह गरेका थिए, ती कारण भने अहिले पनि ज्यूँ का ज्यूँ छन् । त्यसैले, अहिलेको असफल विद्रोह त सिर्फ नाटक प्रदर्शनको ग्राण्ड-रिहर्सल जस्तै भएको छ । अहिले भएका गल्ती कमजोरीहरूबाट पाठ सिकेर सफलतापूर्ण विद्रोहको मञ्चन त भविष्यमा हुनै बाँकी छ ।

के भविष्यवाणी गर्न सकिन्छ भने- विद्रोहका कारणहरू यथावत रहुञ्जेल रूसमा भविष्यमा पनि अहिलेभन्दा परिस्कृत र उन्नत बिद्रोहको पुनरावृत्ति हुनेछ र भईरहनेछ । भुंग्रो बाँकी रहेपछि मौका पाउनासाथ त्यसले आगलागीको रूप लिनु आश्चर्यको कुरो होइन, यो त प्रकृतिको स्वाभाविक नियम हो ।

रुसको यो विद्रोह खालि रूसको लागि मात्र होइन, संसारभरिका सत्य र न्यायका पक्षपोषकहरुको लागि गहिरिएर ध्यान दिन योग्य विषय भएको छ । यो हामीहरुको निम्ति एउटा तरोताजा शिक्षाको मुहान हुन सक्छ । यसका सकारात्मक र नकारातक पाठहरु परिवर्तित विश्वका संपूर्ण क्रान्तिकारीहरुको लागि महत्वपूर्ण ज्ञान र अनुभवको स्रोत हुन सक्छ । त्यसैले यसबारे ब्यापक छलफल र खोजीनीति हुनु जरूरी भएको छ ।

### संसद किन भंग गरियो ?

रूसी संसद अमेरिका र पश्चिमी साम्राज्यवादका स्वार्थहरु एक एक गरी रूस माथि लाद्ने मामलामा सबैभन्दा ठूलो बाधक भइरहेको थियो । रूसलाई पश्चिमको पाल्तु कुकुर बनाउने, अति नाफादायक बजार र कच्चा पदार्थको स्रोत बनाउने र त्यसो गर्न अनुकूल हुने बजार अर्थतन्त्र र राष्ट्रपतिको प्रभूत्व भएको पूंजीवादी राजनीतिक व्यवस्था रूसमा लाद्ने हरेक कदमको संसदले डटेर विरोध गरिरहेको थियो। संसदमा देशभक्त र प्रजातान्त्रिक तत्वहरु र कम्युनिष्टहरुको बाहुल्य थियो ।

त्यसैले आफ्नो स्वार्थको लागि पश्चिम रूसमा सर्वाधिकार संपन्न संसदको प्रभुत्व खत्तम गर्न प्रयत्नरत थियो र त्यसको ठाउँमा राष्ट्रपतिको हातमा सर्वाधिकार भएको नाम मात्रको रबर-स्टैम्प संसदीय व्यवस्था स्थापना गर्न चाहन्थ्यो ।

एक व्यक्तिको तानाशाही हुने यस्तो रबर-स्टैम्प संसदीय व्यवस्था स्थापना गर्नु पश्चिमकै पूँजीवादी प्रजातन्त्रको मोडेलको पनि विपरीत त थियो नै, तर पश्चिमको लागि आफ्नो साम्राज्यवादी स्वार्थका सामुन्ने यो प्रजातान्त्रिक आर्दश रहनु वा खत्तम हुनु कुनै बढी मूल्यवान कुरो थिएन । घटना क्रमले देखाईरहेको थियो-आफ्नो नाफा र सत्ताको स्वार्थको लागि पश्चिम जुनसुकै आदर्श पनि छोड्न तयार थियो । रूसमा पश्चिमेली साम्राज्यवादको स्वार्थ वमोजिमका कामहरु बिना रोकटोक खुरूखुरु हुनका लागि राष्ट्रपति येल्त्सीन र उनी जस्ता पाल्तु कुकुरहरुका हातमा राज्यको बागडोर र सर्वाधिकार हुनु जरूरी थियो । त्यसका लागि सबैभन्दा उपयुक्त राजनीतिक प्रणाली थियो-राष्ट्रपतिको हातमा हालीमुहाली भएको रबर-स्टैम्प संसदीय व्यवस्था ! संसदको सर्वाधिकार भएसम्म रूसमा मनपरी गर्न सकिन्नथ्यो ।

यही क्रममा गएको मे महीनामा राष्ट्रपति येल्त्सीनले गैर-संवैधानिक तवरले नयाँ संविधान बनाएर त्यस्तो व्यवस्था पैदा गर्ने प्रयत्न गरेका थिए । तर संसदको तीव्र विरोधले गर्दा त्यो संविधान लागु गर्न सकिएको थिएन । रूसी संविधान अनुसार यस्तो संविधान निर्माण गर्ने वा संशोधन गर्ने अधिकार त्यहाँको जननिर्वाचित संसदलाई मात्र थियो, राष्ट्रपतिलाई थिएन । संसदमा भने पश्चिमका पाल्तु कुकुरहरुको बाहुल्य थिएन ।

यिनै कारणले गर्दा अमेरिका र संपूर्ण पश्चिमेली साम्राज्यवादको लागि संसद र यसको प्रभुत्व भएको व्यवस्था सकेसम्म छिटो खत्तम गर्नु जरूरी भएको थियो । तर संसदमा देशभक्त र प्रजातान्त्रिक तत्वहरु तथा कम्युनिष्टहरुको बहुमत हुनाले संसदीय र संवैधानिक बाटोबाट यस्तो गर्नु संभव थिएन । सायद देशमा येल्त्सीन पक्षधरहरु नै सर्वाधिक लोकप्रिय स्थितिमा भएको भए ताजा चुनाव गराएर संसदीय बाटोबाटै यस्तो गर्ने प्रयत्न गरिन्थ्यो होला । तर स्थिति यस्तो पनि थिएन ।

अकल्पनीय मूल्य बृध्दि, करोडौ मानिसहरु गरीब हुनु, लाखौं मानिसहरु बेरोजगार र बेघरबार हुनु, ज्यू धनको कुनै सुरक्षा नहुनु र विगतको महाशक्ति संपन्न मुलुक एकाएक मगन्तेका रूपमा बदलिएर भोग्नु परेको राष्ट्रिय अपमानले गर्दा येल्त्सीनको शासन व्यवस्था गएको दुई बर्षमै चरम अलोकप्रिय भएको थियो । र, वर्तमान संसदकै चुनाव गराएको खण्डमा फेरि उनै तत्वहरुले सर्वाधिक बहुमत ल्याउने संभावना टड्कारो थियो ।

त्यसैले लामो संघर्षपछि पश्चिमेली साम्राज्यवादले गैर-संसदीय र गैर-संवैधानिक बाटोबाट भए पनि आफ्नो स्वार्थपूर्ति गर्ने निधो गऱ्यो । संविधानमा राष्ट्रपतिलाई संसद भंग गर्ने कुनै अधिकार थिएन । तर बिनाअधिकार नै गएको २१ सेप्टेम्बरका दिन वर्तमान संसद भंग गर्ने र डिसेम्वर ११ र १२ का दिन नयाँ अबैध संविधानमुताविक अधिकारबिहीन रबर-स्टैम्प द्विसदनात्मक संसदको चुनाव गर्ने अध्यादेश जारी गरियो । त्यसको ६ महीनापछि जून १२ मा राष्ट्रपतिको पनि चुनाव गराउने तिथि तोकियो । बीचको अवधिमा शासन व्यवस्था राष्ट्रपतिको अध्यादेशद्वारा चलाउने घोषणा गरियो ।

### द्वैध सत्ताको स्थिति

यो घोषणा सरासर असंवैधानिक र तानाशाही थियो । जनताद्वारा निर्वाचित सार्वभौम सत्तासंपन्न संसदको निम्ति त यो अस्तित्वकै चुनौति थियो । राष्ट्रपतिमाथि न त जनताको विश्वास छ, न संसदको । जुन संविधान अनुसार येल्त्सीन स्वयम् राष्ट्रपति निर्वाचित भएका छन्; त्यो संविधान खत्तम पार्ने र संविधान बनाउने अंग-संसद भंग गर्ने अधिकार राष्ट्रपतिलाई प्राप्त भयो नै कहाँबाट ? त्यो संविधान नै खत्तम भएपछि राष्ट्रपतिको पद मात्र बैध रहन्छ कसरी ? यी कुनै पनि सवालको हलबिना नै जवर्दस्ती गरिएको त्यो घोषणा सार्वभौम संसदलाई मान्य हुने कुरै थिएन ।

घोषणाको लगत्तै २ घण्टापछि बसेको रूसी संसद-सुप्रिम सोभियतको बैठकले येल्त्सीनको घोषणालाई अबैध र अमान्य ठहऱ्यायो । गैर संवैधानिक कार्य गरेबापत राष्ट्रपतिलाई पदच्यूत गऱ्यो । पर्सिपल्ट- रूसको संसदको सर्वोच्च अंग जन प्रतिनिधि सभाले २ मतका विरूद्ध ६३६ मतले येल्त्सीनमाथि महाअभियोग लगायो र ३ मतका विरूद्ध ६३५ मतले रूत्स्कोइलाई राष्ट्रपति चुन्यो ।

रूसको सर्वोच्च न्यायपालिका-संवैधानिक अदालतले पनि ४ का विरूद्ध ९ मतले येल्त्सीनको घोषणालाई असंवैधानिक ठहऱ्यायो । "राष्ट्रपतिको अध्यादेश र घोषणा संविधानसम्मत छैन र राष्ट्रपतिलाई महाअभियोग लगाएर पदच्यूत गर्ने पर्याप्त आधार यो हुन सक्छ"-संवैधानिक अदालतले त्यही रात फैसला गऱ्यो ।

रूसको रक्षा मन्त्रालयले भोलिपल्टै घोषणा गऱ्यो-"रूसी सशस्त्र सेना राष्ट्रपति येल्त्सीन र संसदबीचको संघर्षमा तटस्थ र हनेछ । र, संबिधानलाई पालना गर्नेछ ।"

रूसका विदेश अर्थमन्त्री सर्जी ग्लाजियेभले येल्त्सीनको घोषणाको विरूद्धमा तुरून्तै राजिनामा दिए ।

रूसका ८८ वटा प्रान्तीय सोभियतहरुमध्ये धेरैजसोले तुरून्तै येल्त्सीनको घोषणाको विरोध गरे ।

त्यतिखेर इटालीको भ्रमणमा रहेका भू. पू. सोभियत राष्ट्रपति मिखाइल गोर्वाचोभले घटनाको खवर सुन्ने बित्तिकै-येल्त्सीनको कदमलाई "अविवेकपूर्ण र प्रजातन्त्र बिरोधी" बताए । उनले भने-"येल्त्सीनलाई यस्तो गर्ने कुनै अधिकार थिएन ।"

रूसी संसदका सभामुख रूस्लान खासबुलातोभले सेना र प्रहरीहरूलाई राष्ट्रपति येल्त्सीनको कुनै आदेश नमान्न आग्रह गरे । उनले रूसका संपूर्ण मजदूर संघहरुलाई राष्ट्रपतिको विरूद्धमा तुरून्तै हडताल थाल्न पनि आह्वान गरे । संसदद्वारा निर्वाचित नयाँ राष्ट्रपति अलेक्ज्याण्डर रूत्स्कोइले एक अध्यादेश जारी गरेर येल्त्सीनको संपूर्ण घोषणालाई बदर गरे ।

यसरी येल्त्सीनले देशभित्र आफ्नो



रूसी जन विद्रोह

अप्रजातान्त्रिक कदमको पक्षमा पर्याप्त जनमत र समर्थन जुटाउन सकेनन्। सेना र प्रहरीका केही उच्च पदाधिकारीको समर्थन मात्र उनले जुटाउन सके।

तर प्रजातन्त्रका हिमायती भनिने सबैजसो पश्चिमाली पूँजीवादी मुलुकहरुले भने आफ्नो स्वार्थ अनुकूलको यस तानाशाही कदमको खुलेर स्वागत गरे। न्यूजिलैण्ड र स्वडेन मात्र यसको अपवाद रहे।

अमेरिकी विदेशमन्त्री वारेन क्रिष्टोफर, जसले **न्यूजबीक** साप्ताहिकका अनुसार, दुई हप्ताअघि नै रूसी विदेशमन्त्री आन्द्रेइ कोजीरेवबाट यस कदमको सुईंको पाएका थिए, घटनाको खबर सुन्नासाथ यस कदमका पछाडि अमेरिकी राज्यशक्ति रहेको आश्वासन दिन उनी अघि सरे। उनले कोजीरेवलाई फोन गरेर भने- "जब तपाईलाई आवश्यकता पर्छ, हामी त्यहाँ तपाईको लागि उपस्थित हुन चाहन्छौं।"

यो आश्वासनले प्रष्ट पार्न सक्छ - येल्त्सीनले कुन शक्तिको आडमा यो तानाशाही र गैर -संवैधानिक कदम चाल्ने साहस गरेका थिए।

रूसमा यसरी स्पष्ट रूपमा द्वैध सत्ताको स्थिति रह्यो। एउटा निर्वाचित संसदको संवैधानिक सत्ता र अर्को तानाशाह येल्त्सीनको असंवैधानिक सत्ता। एउटा जनता, सोभियतहरु र सर्वोच्च अदालतको समर्थनको जगमा उभिएको, अर्को विदेशी पूंजीवादी शक्तिहरु र सेना तथा प्रहरीको केही भागको समर्थनको आडमा उभिएको। यो द्वैध सत्ताको स्थिति अक्टोवर ४ को त्यो खूनी दिनसम्म रह्यो, जब येल्त्सीनको टी-७२ ट्याकबाट ओकलिएको आगोले रूसी संसद भवन "व्हाइट हाउस" लाई आगोको ज्वालामा लपेटिएको कालो भवन "ब्ल्याक हाउस" मा बदलिदियो।

## जन - बिद्रोह

रूसमा गएको दुई बर्षमा २१०० प्रतिशतका दरले महँगी बढिरहेको थियो। यस बर्षमा पनि मुद्रास्फीति महीनाको २१% प्रतिशतका दरले बढिरहेको थियो। एउटा अफिसरको महीनाभरको तलबले फगत ५ किलो मासु आउने जीवन-स्थिति रूसमा हाबी भइरहेको थियो। १४ करोड जनसंख्या भएको रूसमा गएको दुई बर्षमा मात्र ५ करोड भन्दा बढी मानिसहरु गरीवीको रेखामुनि धकेलिन पुगेका थिए। द्वितीय विश्वयुद्धका वीर योद्धाहरुले आफ्नो सुनको तक्मा समेत बेचेर खानु पर्ने अपमानजनक स्थिति व्यहोर्नु परिरहेको थियो। सबैभन्दा कन्तबिज़ोग बृध्द पेन्सनवालाहरुको भएको थियो, जो बुढेसकालमा बाँच्ने केही उपाय नभएर एक बोतल भोड्का नाफामा बेच्न सडकमा ग्राहक पर्खेर उभिरहन्थे।


चोरी, डकैती, बलात्कार, गुण्डागर्दी यति व्यापक भइरहेको थियो, मानौं, सामाजिक सुरक्षाको लागि देशमा कुनै नियम कानून र सरकार नै छैन। विकासका निम्ति अपार स्रोत, साधन र संपूर्ण पूर्वाधार भएको, पहिले संसार थर्काइरहेको महाशक्ति सम्पन्न, वीरहरुको मुलुक अहिले अमेरिकाको दया र खटनमा चल्ने भीखमंगाको रूपमा पेश हुँदा स्वाभिमानी रूसी नागरिकहरु राष्ट्रिय अपमानको आगोमा जलिरहेका थिए।

वास्तवमा यिनै परिस्थितिहरुले रूसी जनतालाई पूँजीवाद र समाजवादको बीचको अन्तर-बोध गराइरहेको थियो, रूसी जनताको दिल दिमागमा येल्त्सीनको मगन्ते पूँजीवाद बिरूद्ध विद्रोहको अगुल्टो सल्काइरहेको थियो। उनीहरुलाई पूर्व सोभियत संघको संझना गराइरहेको थियो, जहाँ दोषका रूपमा राजनीतिमा र हरेक मामलामा जनताको क्रियाशील र आलोचनात्मक-सहभागिताको प्रक्रियाको अभाव थियो, तर जीवन गौरवमय, सुरक्षित र गरीवीमुक्त थियो। पहिलेका उपराष्ट्रपति रूत्स्कोइले संसद भंग गर्नुअघि जनताको यही मानसिकतालाई ध्यानमा राखेर सोभियत संघ फेरि पनुर्गठन गर्नु पर्ने सवाल उठाएका थिए, जसले संपूर्ण पश्चिमलाई झस्काइरहेको थियो।

सेनामा पनि असंतोष र असुरक्षा व्याप्त भइरहेको थियो। ४० लाखको रूसी सेना यस बर्षको अन्त सम्ममा १२ लाखमा झारिंदैथियो। महिना महिनामा तलबसम्म पनि नदिइनाले सैनिक जवानहरु व्यापक रूपमा सेवा छोडिरहेका थिए। राज्यले नधान्नाले सशस्त्र यूनिटहरु, आर्टिलरी यूनिटहरु र हवाई प्रतिरक्षा यूनिटहरु समेत व्यारेक बन्द गर्दै घर जाने प्रक्रिया शुरू भइरहेको थियो।

सेनाको मुखबुजो लाउन येल्त्सीनले गत: ग्रीष्म ऋतुमा सेनाको तलब बृद्धि त गरे, तर त्यसले उनीहरुको न्यूनतम आवश्यकताको एउटा छेउ पनि धानिरहेको थिएन। रूसी सेना यसरी तहस नहस भइरहको थियो। रूसी - सेना तहस नहस हुनु-पश्चिमी साम्राज्यवादको स्वार्थ अनुकूलको कुरा थियो। यसले विश्व बजारमा आफ्नो एकलौटी प्रभुत्व कायम गर्नमा र बजेट घाटा र मन्दीले ग्रस्त पश्चिमलाई रक्षा खर्च घटाउनमा निकै ठूलो मद्दत गर्थ्यो।

यो वस्तुगत परिस्थितिमा पश्चिमको निर्देशनमा येल्त्सीनले निर्वाचित संसद भंग गरे। राष्ट्रपतिको यस तानाशाही कदमको प्रतिरोध सांसदहरुले गर्नासाथ संसद भवनलाई नै सशस्त्र सेना र दंगा प्रहरीहरुले घेरे। वरिपरि काँढेतार लगाइयो।



यसरी जल्यो, सार्बभौम संसद



विद्रोह दबाई रहेका सैनिकहरु

संसद भवनभित्र टेलिफोन र बिजुलीको आपूर्ति मात्र होइन, खाना र पानीको आपूर्ति समेत बन्द गरियो। उत्तिकै सारै जाडो हुने मस्कोमा कोठा तातो पार्ने व्यवस्था समेत खत्तम पारियो। यी सब थोक गर्नुको पछाडि येल्त्सीनको नियत के ?-उनको नियत- संसदलाई या त आफ्नो तानाशाही निर्णयको पैतालामुनि ल्याउनु या सांसदहरु भोक, प्यास र जाडोले नै मर्ने स्थिति ल्याउनु नै थियो।

येल्त्सीनले के धूर्त्याँई पनि गरे भने- उनले एकातिर संसदमाथि शक्ति प्रयोग गरिने छैन भन्ने आश्वासन पनि दिंदैरहे, अर्कोतिर संसद वरपर सशस्त्र सेना, मिलिटरी ट्रक र हथियारबन्द गाडीको घेराउ पनि झन झन कस्दै लगे। असोज १२ गते अर्थात् २८ सेप्टेम्बर पुग्दासम्म संसदभित्र पत्रकारहरुलाई समेत छिर्न दिनबाट बन्द गरियो।

यस्तो स्थितिमा सांसदहरु आफ्नो जीवन रक्षाको लागि रक्षात्मक हात हतियारले लैश हुनु स्वाभाविक थियो। संसदलाई समर्थन गर्ने पक्षको सेनाबाट सांसदहरुले यस्तो हातहतियार प्राप्त गरे। संसदभित्र सशस्त्र गार्ड र स्वयमसेवक जत्था निर्माण गरियो। भाग्नको लागि भूमिगत सुरूङ्ग पनि खनियो। यी सबै रक्षात्मक तयारी नै थिए।

खाना र पानीको समस्याले सांसदहरुलाई संकटग्रष्त पार्दै लग्यो। उता टेलिफोन लाइन काटिएकाले उनीहरु बाहिरी विश्वबाट कटिरहे। यी सब अमानवीय कार्यवाहीले नपुगेर येल्त्सीनले पटक पटक मस्को नगर पालिका मार्फत चूपचाप संसद छाडेर जाने र हतियार सुम्पने धम्की दिंदैरहे। तर सांसदहरु यो धम्कीको सामुन्ने झुकेनन्। अन्तिम धम्की सेप्टेम्वर २८ का दिन दिइया। यो अक्टोबर ४ सम्म संसद भवन नछोडेमा शक्ति प्रयोग गरिने धम्की थियो।

यसै बीच रूसको सर्वोच्च अदालतले संसद र येल्त्सीन बीच संझौताको बाटो पनि निकालेको थियो। त्यो बाटो थियो- संसद र राष्ट्रपतिको चुनाव एक्कै दिन गर्ने बाटो। यो बाटोउपर संसदले आफ्नो सहमति पनि जनाएको थियो। देशका ८८ बटा प्रान्तीय सोभियतहरु मध्ये ४९ ले पनि यही बाटोलाई र येल्त्सीनले संसद भंग गर्ने आदेशलाई फिर्ता गर्ने शर्तलाई सम्झौता प्रस्तावका रूपमा अघि सारेका थिए। यो कुनै अप्ठेरो, अप्रजातान्त्रिक र अपमानजनक शर्त थिएन।

तर येल्त्सीनले "त्यसो गर्दा सत्ताको रिक्तता हुन्छ" भन्ने निहुँ थापेर यो प्रस्ताव पटक्कै स्वीकार गरेनन्। बास्तविकता चाहिँ के थियो भने यसो गर्दा येल्त्सीनलाई दुबै चुनाबमा ध्यान दिनु पर्नाले धाँधली गरेर जित्ने अवसर र संभावना निकै कम हुन्थ्यो। उनलाई भने स्वच्छ र निष्पक्ष चुनाव गरेर चुनाव जित्न सक्ने कुरामा विश्वासै थिएन। त्यसैले उनी राष्ट्रपतिको कुर्सीमा रहेरै संसदको चुनाव गराउन प्रयत्नशील थिए।

अर्को वास्तविकता के पनि थियो भने- येल्त्सीन अब संसदलाई कुनै पनि हालतमा अस्तित्वमा रहन दिने पक्षमा थिएनन्। किनभने, संसद नै रूसको त्यस्तो शक्ति थियो, जो जन निर्वाचित, वैध र लोकप्रिय थियो, र, येल्त्सीनको हरेक स्वार्थपरक काम र मनपरीलाई विधानत: चुनौति दिन सक्थ्यो। अन्यथा, बोरीस येल्त्सीनलाई आफ्नो लोकप्रियतामा, संसद र संसदीय प्रजातान्त्रिक प्रणालीमा विश्वास हुँदो हो त उनी संसद र राष्ट्रपतिको चुनाव एक्कै चोटि गर्ने कुराको कदापि विरोध गर्ने थिएनन्। आखिर अमेरिकामा पनि त संसद र राष्ट्रपतिको चुनाव एक्कै चोटि हुने गर्छ र रूसमा राष्ट्रपति सिधै निर्वाचित हुने प्रणाली अमेरिकाबाटै त उधारो लिइएको थियो !

यो प्रस्ताव अमान्य भएपछि संवैधानिक अदालतका अध्यक्ष भ्यालेरी जोर्कीनले "शून्य विकल्पको प्रस्ताव" संझौताको रूपमा अघि सारेका थिए। यो प्रस्ताव अनुसार येल्त्सीनले सेप्टेम्बर २ देखिका सम्पूर्ण आदेशहरु फिर्ता लिने, र त्यसको बदलामा संसद तुरून्तै भंग हुने र डिसेम्बर १२ मा राष्ट्रपति र संसदको एक्कै पटक चुनाब हुने शर्तहरु राखिएका थिए। यो प्रस्तावलाई संसद र येल्त्सीन दुवैले अस्वीकार गरे।

प्रान्तीय सोभियतहरुले फेरि पनि समस्याको हल निकाल्ने नयाँ जमर्को गरेका थिए। सेप्टेम्बर ३० का दिन ८८ वटा मध्ये ६२ वटा प्रान्तीय सोभियतका नेताहरुले ८ सूत्रीय मांग अक्टोबर ३ सम्मको अल्टिमेटम मितिसहित अघि सारेका थिए। ८ सूत्रीय मांगहरुमध्ये येल्त्सीनले संसद भवन वरपरको फौजी घेराबन्दी तुरून्त हटाउनु पर्ने, दुबै थरिले तुरून्त वार्ता थाल्नु पर्ने, राष्ट्रपति र संसदको चुनाव एक्कै दिन आगामी अप्रिलमा गर्नु पर्ने र राष्ट्रपति तथा संसद दुबैले आफ्नो मुख्य अधिकार, चुनाव नभएसम्म, सोभियतहरुले भर्खर गठन गरेको अंगलाई सुम्पनु पर्ने मागहरु मुख्य थिए। यी मागहरु अक्टोबर ३ भित्र पूरा नगरेमा प्रान्तीय सोभियतहरुले गंभीर आर्थिक र राजनैतिक कदमहरु चाल्ने धम्की दिइएको थियो।

"प्रान्तीय सोभियतहरुलाई यस्तो माग राख्ने कुनै कानूनी अधिकार नै छैन"-यस्तो भनेर येल्त्सीनका उप-प्रधानमन्त्री सखारीले प्रान्तीय सोभियतका ती मागहरुलाई पनि अस्वीकार गरे।

येल्त्सीनले त्यतिखेरै आफ्ना विदेशमन्त्री आन्द्रेइ कोजीरेवलाई राष्ट्रसंघको महाधिवेशनको निहुँ पारी अमेरिका पठाए र वाशिंगटनबाट निर्णायक कदमका लागि आवश्यक नीति निर्देशन प्राप्त गरे। अमेरिकी राष्ट्रपति वील क्लिण्टनले कुख्यात तानाशाह येल्त्सीनको प्रशंसा गर्दै भने-"उनी रुसमा कार्यरत सम्पूर्ण शक्तिहरु मध्ये प्रजातन्त्र ....प्रति सबभन्दा प्रतिबद्ध व्यक्ति हुन्।"

सच्चाई चाहिं के थियो भने-उनी रुसमा कार्यरत शक्तिमध्ये अमेरिकाप्रति चाहिं सबभन्दा प्रतिबद्ध व्यक्ति थिए।

मस्को र पूरै रुसका अर्थोडक्स चर्चका प्याट्रियाक अलेक्सी द्वितीय अमेरिकाबाट फर्कनासाथ संसद र येल्त्सीन वीचको वार्ताको लागि उनले के के आश्वासन दिए कुन्नि १, येल्त्सीन अव वार्ताका लागि तुरुन्त तयार भए, जवकि उनी यसअघि कहिल्यै तयार भएका थिएनन्। संसद पनि तयार भयो, किनकि वार्ताबाट संसद भवनमा कमसेकम पानी, खाना, टेलिफोन र विद्युतको नाकाबन्दी तुरुन्तै हटाउन जरुरी भैसकेको थियो।

येल्त्सीन सरकारले वार्तामा यी कुराको नाकाबन्दी हटाउन सर्वप्रथम हातहतियार सुम्पनु पर्ने पूर्वशर्त राख्यो। संसद प्रतिनिधिले मान्यो पनि, र विद्युतको आंशिक आपूर्ति गरियो पनि। तर यो आत्मघाती पूर्वशर्त संसदले स्वीकार गरेन। हतियार सुम्पनासाथ दमन अवश्यंभावी भएको संसदले महशूस गऱ्यो। अरू कुरामा वार्ता गर्नको लागि संसदभित्र उपलब्ध हुनै पर्ने मानवीय सेवाहरु नै सर्वप्रथम उपलब्ध हुनुपर्छ-संसदको यस्तो अडान रह्यो। तर येल्त्सीनका निम्ति मानवीयता र मानवीय सेवा भन्ने कुनै कुरा बाँकी थिएन। उनले त मानवीय सेवालाई नै लेनदेनको विषय बनाइरहेका थिए। उनले अझै अगाडि बढेर भने-"अव त वार्ता नै गर्नको लागि पनि पहिले हात हतियार सुम्पीसक्नु पर्छ।"

सोमबार, अक्टोवर ४ को दिन नजिकियो र अव अल्टिमेटमको दिन सकिनासाथ दमन अवश्यंभावी देखियो। अलेक्सी द्वितीयको मध्यस्थतामा वार्ता फेरि पनि चल्दै थियो। तर मस्कोवासीहरुले यसमा आशाको कुनै किरण देखेनन्। अक्टोवर ४ को अघिल्लो दिन, आइतवार संसद भवनअघि जन-विद्रोह भड्कियो। जन समुदायको समुद्र सामुन्ने सेना र दंगा प्रहरीको घेराउ टिकेन। संसद भवन मुक्त भयो र त्यहाँ पूर्व सोभियत संघकै झण्डा गाडियो।




संसद-निर्वाचित राष्ट्रपति रूत्स्कोइ

यो स्वस्फुर्त बिद्रोहबाट अति उत्साहित भएर आफ्नो शक्तिको कुनै लेखाजोखा नै नगरी संसद भवनको बराण्डाबाट संसद-निर्वाचित राष्ट्रपति रूत्स्कोइले अव मेयरको अफिस र टेलिभिजन केन्द्र कब्जा गर्न र आम-विद्रोह गर्न आव्हान गरे। मेयरको अफीस तुरुन्तै जनताको कब्जामा आयो। त्यसपछि जनरल माकासोबको नेतृत्वमा सशस्त्र भीड ओस्टान्कीनो रेडियो टेलिभिजन केन्द्रतर्फ अगाडि बढ्यो। त्यहाँ विद्रोहीहरु पुग्नुअघि नै दमनको लागि विशेष तालीम प्राप्त येल्त्सीनका स्वेसनाज सैनिकहरु पुगिसकेका थिए। भीडन्त घमासान भयो। भीडन्तको कारणले त्यस टेलिभिजन केन्द्रबाट प्रसारण त बन्द भयो, तर येल्त्सीनसित अर्को भूमिगत टेलिभिजन केन्द्र पनि तम्तयार रहेछ र त्यहींबाट आधा घण्टा पछि नै फेरि प्रसारण थालियो।

त्यसले के स्पष्ट पाऱ्यो भने-येल्त्सीनले कुनै पनि हुने-हुनामीका निम्ति र योजनाबद्ध दमनको निम्ति राम्रो गृहकार्य गरेका थिए।

टेलिभिजन केन्द्र कब्जा गर्ने प्रयत्न विफल भयो। त्यहाँ ६२ जना भन्दा बढी विद्रोहीहरु मारिए र ४०० जना भन्दा बढी घाइते भए।

के निहुँ पाऊँ, संसदमाथि दमन गरौं भनेर मौका पर्खिरहेका येल्त्सीन र पश्चिमा साम्राज्यवादको लागि विद्रोहीहरुद्वारा भएको विना पर्याप्त पूर्व तयारी, विना अनुकूल परिस्थिति रेडियो टेलिभिजन केन्द्र र मेयरको अफिस कब्जा गर्ने प्रयत्न "के खोज्छस् कानो- आँखो" झैं सावित भयो र संसदलाई दमन गर्ने मामलामा विभाजित सेनालाई यो घटनाले



येल्त्सीनको पक्षमा दमनको निम्ति एकतावद्ध हुन मद्दत गऱ्यो।

बिदाको दिन हुनाले घर बसिरहेका येल्त्सीन सांझपख हेलिकोप्टरबाट क्रेमलीन आए र संकटकालीन स्थिति र कर्फ्यूको घोषणा गरे। रातभरि रक्षा मंत्रालयमा बसेर दमनको विस्तृत योजना बन्यो। मस्कोस्थित सेना संसदमाथि दमन गर्न तयार नभएकाले ८० किलोमिटर टाडा नारो - फोमिन्स्क र तुलाबाट बिशेष तालीम प्राप्त पारा - ट्रुपरहरु ल्याइए। भोलिपल्ट बिहान ९ बजेदेखि नै संसद भवन - ह्वाइट हाउस-माथि टी - ७२ ट्यांकले आगोको गोला ओकल्न शुरू गऱ्यो। माथि हेलिकोप्टरले पनि गोली बर्षाउन शुरू गऱ्यो।

१० घण्टाभित्रै संसद भवनको माथिल्ला सबै तलाहरु आगोको लप्काले लपेटिए र तहस नहस भए। लासै लासको लाम लाग्यो। सिन्ह्वाका अनुसार संसद भवनमा मात्र ५०० वटा भन्दा बढी शवहरु पडिरहेको सरकारी अधिकारीले बताए, यद्यपि पछि सरकारले जम्माजम्मी १७८ जना मरेको र ९०० घाइते भएको दावी गऱ्यो। साँझ ५ बजेतिर दुई जना सैनिक संसद भवनभित्र आएर - आत्म समर्पण गर्नेलाई जीवनको सुरक्षाको ग्यारेण्टी दिइने घोषणा गरेपछि संसद सभामुख रूस्लान खासवुल्लातोभ, संसद - निर्वाचित राष्ट्रपति अलेक्ज्याण्डर रूत्स्कोइ लगायत थुप्रै सांसदहरुले सेनासमक्ष आत्मसमर्पण गरे।

तर अझै केही दृढ विद्रोहीहरु संसद भवनबाट गोली बर्षाइरहेका थिए। उनीहरु भन्दै थिए - "हामी सोभियत सत्ताको निम्ति मर्दैछौं। तर हामी कदापि आत्म समर्पण गर्ने छैनौं।"

संसद भवन वरपर विद्रोह दवाइए पनि विद्रोह निकै ब्यापक रूपमा फैलिएकाले येल्त्सीनले कैयन दिनसम्म संकटकालीन स्थिति र कर्फ्यू लागू गरेर मात्र स्थितिमाथि नियन्त्रण प्राप्त गर्न सके।



संसद-सभामुख रुस्लान खासबुल्तातोभ र विद्रोहीहरु

## विद्रोहमा सहभागीता

रूसमा अक्टोबर क्रान्ति पछिको यो सबैभन्दा ठूलो जन विद्रोह थियो। यो विद्रोह खालि सर्वसाधारण जनतामा मात्र सीमित थिएन, गृह मंत्रालयका थुप्रै सेनाहरु, प्रहरीहरु, रक्षा मंत्रालयका सशस्त्र सेनाहरु समेत यो विद्रोहमा सरीक भएका थिए! संसदमा खटाइएको सेनाको टोली हात हतियार सहित संसदतर्फ मिल्न गएकाले येल्त्सीनले बाहिरबाट बिशेष सेना ल्याउनु परेको थियो। जन विद्रोहले संसद भवनको वरपरिको घेराउ तोडेको दिन पनि थुप्रै सेना र प्रहरीहरु - संसदको पक्षमा गएका थिए। मस्कोस्थित सैन्य शक्तिले संसदमाथि दमन गर्न इन्कार गरेकाले तुला र नारो फोमिन्सबाट बिशेष पारा-ट्रुपर ल्याउनु परेको थियो। रक्षा मंत्रालय आफैंलाई संसदमाथि दमन गर्न सहमत पार्न येल्त्सीनलाई धौ धौ परेको थियो। समाचार सूत्रका अनुसार करीव ९ घण्टा लामो संझाइबुझाइ पछि, दमनको संपूर्ण दायित्व येल्त्सीनले लिने शर्तमा, रक्षा मंत्रालय संसदमाथि गोला बर्षाउन तयार भएको थियो।

यो विद्रोहमा -येल्त्सीनको कथित आर्थिक सुधार कार्यक्रम- "शक थेरापी" ले ढाड भाँचेका कामदार वर्ग, निम्न पूँजीपति वर्ग र मध्यम वर्ग मात्र होइन, प्रान्तीय सोभियत र सरकारहरु समेत सरीक थिए। प्राभ्दा, सोभियत्स्काया रोसिया, डेन, लगायतका १५ वटा मुख्य पत्रिकाहरु संसद र विद्रोहको समर्थनमा सक्रिय सहभागी भएका थिए। त्यसैले त मस्कोमा संसदमाथि दमन गर्ने बित्तिकै ती प्रान्तीय सोभियतहरुलाई येल्त्सीनले भंग गरे, प्रान्तीय सरकारहरुलाई चेतावनी दिइयो र ती १५ वटा पत्रपत्रिकामाथि प्रतिवन्ध लाग्यो।

विद्रोहमा पार्टीका हैसियतले मुख्य गरी ६ लाख पार्टी सदस्यता भएको **रूसी महासंघको कम्युनिष्ट पार्टी**, नीना एन्द्रियेभाको नेतृत्वमा रहेको - **बोल्शभिक फोरम**, वामपन्थी र राष्ट्रवादीहरुको संयुक्त मंच **नेशनल सेल्भेशन फ्रण्ट** (राष्ट्रिय मुक्ति मोर्चा), रूत्स्कोइको पार्टी - **स्वतन्त्र रूसको जन-पार्टी (पिपुल्स पार्टी अफ फ्रि रसिया)** ले सक्रिय भूमिका खेलेका थिए। त्यसैले संसद भवनभित्रको शक्तिलाई दवाई सक्नासाथ यी पार्टीहरुमाथि प्रतिवन्ध लागेको थियो।

यसरी सहभागिताको हिसावले यो विद्रोहमा व्यापक र बिबिध सहभागिता थियो। तर अभाव थियो - यिनीहरु बीचको संयोजनको, जसको अभावमा कुनै पनि विद्रोह संगठित, योजनावद्ध र लक्ष्यपूर्ण हुन सक्दैनन्।

## विद्रोह किन बिफल भयो ?

येल्त्सीनले असंवैधानिक र अप्रजातान्त्रिक बाटोबाट देशको संविधान र सार्वभौम निर्वाचित संसद नै खत्तम गरेर बन्दूकका भरमा सत्ता आफ्नो हातमा लिएपछि प्रजातन्त्र र जनताको सर्वोच्चता कायम राख्ने हो भने सशस्त्र जन विद्रोह अवश्यंभावी थियो। त्यस्तो विद्रोह संगठित गर्नुअघि बांकी बचेका सबै संवैधानिक उपायहरु पनि अभ्यास गरेर निर्खानु जरूरी हुन्थ्यो, ता कि संवैधानिक उपाय रहँदै असंवैधानिक बाटो अप्नायो भनी आरोप लगाउने कुनै ठाउँ बाँकी नरहोस्।

यस हिसावले सांसदहरुले जुन संवैधानिक बाटोको अभ्यास गरे र दृढतापूर्वक त्यो बाटोबाट संघर्ष गरे, त्यो सही र प्रशंसनीय थियो। यो संघर्ष र रूसी सांसदहरुले राखेको न्यायपूर्ण अडानकै कारणले देशको सर्वोच्च अदालत, अधिकांश प्रान्तीय सोभियतहरु, सेना र प्रहरीको ठूलो हिस्सा संसदको समर्थनमा आएको थियो। यहाँसम्म कुरा ठीकै थियो।

तर संसद, सर्वोच्च अदालत र प्रान्तीय सोभियतहरुले राखेका संपूर्ण संवैधानिक उपाय संबन्धी प्रस्ताव येल्त्सीनले अस्वीकार गरेपछि अब फेरि संसद भवनमा बसेर संवैधानिक संघर्ष गरिराख्नुको कुनै तूक थिएन। अवको उपाय त जनताको विद्रोह नै थियो, जुन संसद भवनमा, चारैतिर येल्स्तीनका तालीम प्राप्त र साधन संपन्न फौजले घेरिएर संचालन हुन सक्दैथ्यो। त्यहाँ त शत्रुले खाना र पानीकै नाकाबन्दी लाउन सक्थ्यो, संचार संवन्ध काटेर जनताबाट विद्रोहीहरुको संपर्क बिच्छेद गराउन सक्थ्यो। मन लागेको बेलामा तोपले भुटेर भवन नै स्वाहा पार्न सक्थ्यो। जन विद्रोहको संचालनको लागि त सांसदहरु संसदबाट बाहिर आउनु पर्थ्यो र जनतालाई विद्रोहको निम्ति संगठित गर्नु पर्थ्यो। र, उपयुक्त परिस्थितिमा जन - विद्रोहको आयोजना गर्नु पर्थ्यो।

संगठित राज्यशक्ति बिरूद्ध धावा बोलेपछि खालि मेयरको अफिस र टेलिभिजन केन्द्र मात्र कब्जा गर्नु र राज्य यन्त्रको बाँकी मेशीनरी चोखै छोड्नुको कुनै तुक थिएन। यसबाट त दुश्मनलाई दमन गर्ने मौका मात्र दिने कार्य

हुन जान्थ्यो । राज्य मेशीनरीका संपूण अंगहरु एक्कै चोटि झयापझिप्पै कसरी कब्जा गर्ने ? -मुख्य सवाल त यो थियो, जसलाई विद्रोहीहरुले सही तवरले हल गर्नु जरूरी थियो ।

विद्रोही सांसदहरुको अडान न्यायपूर्ण भएकाले उनीहरुलाई समर्थन धेरैतिरबाट मिलिरहेको थियो । येल्त्सीनको रक्षा मंत्रालय आफै शुरूमा तटस्थ रहने घोषणा गरेको थियो । विद्रोह संचालन गर्नको लागि यी सबै समर्थनहरुलाई संयोजित र संगठित गर्नु जरूरी हुन्थ्यो । र, दुश्मनलाई चारैतिरबाट एक्ल्याउनु जरूरी हुन्थ्यो ।

तर विद्रोही सांसदहरुले एक पछि अर्को गल्ती गर्दै गए ।

विद्रोहको संचालन संसद भवनबाट बिना कुनै होशपूर्ण पूर्व तयारी नै गरियो । जवाफमा संसद भवनलाई घेरेर स्वाहा पार्न दुश्मनलाई निकै सजिलो भयो । संसद भवन सशस्त्र विद्रोह संचालनकोनिम्ति कुनै उचित ठाउँ थिएन । यो कुरा माथि उल्लेख भै सकेको छ ।

दुश्मनको शक्ति कति छ र दुश्मनले जवाफमा के गर्ला भन्ने सवालमा होश नै नपुर्याई मेयरको अफिस र रेडियो टेलिभिजन केन्द्रमाथि धावा बोल्ने जुन कार्य भयो, जब कि दुश्मनको अन्य राज्य मेशीनरी चाहिं ज्यूं का त्यूं थिए, यसमा स्थिति कस्तो थियो भने -त्यतिखेर दुश्मनको मुख्यालय क्रेमलिन नै खालि थियो । रक्षा मन्त्रालय भवन आफै कमजोर प्रतिरक्षात्मक स्थितिमा थियो । कब्जा नै गर्ने स्थितिमा - राज्य मेशीनरीका सबै अंगहरुमा एक्कैचोटि प्रभावशाली कब्जा जमाइनु पर्थ्यो । होचपोंचमा मेयरको अफिस र ओस्टान्किनो टेलिभिजन केन्द्र मात्र कब्जा गर्ने जुन यो प्रयत्न भयो, यसो गर्नाले दुश्मनको राज्य मेशीनरी यथावत र ह्यो । र, उसलाई दमन गर्ने मौका मात्र प्राप्त भयो ।

अर्को कार्यनीतिक गल्ती संसदले छुट्टै रक्षा मन्त्री नियुक्त गरेर शुरूमै गर्‍यो । यसबाट तटस्थ बसेको रक्षा मन्त्रालयलाई येल्त्सीनले आफनो पक्षमा तान्न सजिलो भयो ।

सबैभन्दा मुख्य कुरा, जनताहरु विद्रोही संसदहरुको समर्थनमा आए, तर सांसदहरु जन-संगठन र जन- सपर्कको लागि सडकमा गएनन् । जनतालाई संगठित गुर्न पर्ने कुरामा उनीहरुको ध्यानै गएन । सबै काम उनीहरुले संसदको घेराभित्र रहेर मात्र गरे ।

यी सबै स्थितिबाट के देखिन्छ भने- विद्रोही सांसदहरु खूदै संगठित जन- विद्रोहको लागि तयार थिएनन्, बैचारिक हिसावले, सांगठनिक हिसावले र कुनै पनि हिसाबले ।

विद्रोह अलक्ष्यपूर्ण, आयोजनाबद्ध र असंगठित थियो । यो स्वस्फुर्त विद्रोह थियो, जसमा प्रत्येक मामलामा बेहोशीयारी र सिकारूपन देखिन्थ्यो ।

बेतायारीमै तमतयार शत्रु बिरूद्ध विद्रोह र आक्रमण - यही नै विद्रोहको असफलताको मुख्य कारण थियो । अर्को भाषामा भन्ने हो भने विद्रोहको नेतृत्वमा रहेको अलक्ष्यपूर्णता, आयोजनाबद्धता र असंगठितपन नै यो विद्रोहको सबैभन्दा ठूलो दोष थियो , जसको कारणले यो विद्रोह असफल भयो ।

## पाठहरु र प्रश्नहरु

रूसको जन- विद्रोहको असफलताले विश्वभरिका क्रान्तिकारीहरुको लागि अत्यन्त महँगा पाठहरु सिकाएको छ ।

यसले के सिकाएको छ भने - विद्रोहको बिषय न्यायपूर्ण मात्र भएर पुग्दैन, विद्रोह एउटा कला हो । विद्रोहीहरु आफ्नो दुश्मनभन्दा होशियार, लक्ष्यपूर्ण , योजनाबद्ध र संगठित हुनु पनि एउटा सफल जन - विद्रोहको लीगि नितान्त जरूरी कुरा हुन्छ । संगठित दुश्मनबिरूद्ध असंगठित आक्रमण कुनै पनि विद्रोहमा - आत्मघाती हुन्छ । नतीजाको ख्याल नराखीकन गरिने कुनै पनि बेहोशियारीपूर्ण आक्रमणले आफूलाई होइन, शत्रुलाई बलियो पार्न मद्दत गर्छ ।

एउटा जन - विद्रोहको लागि सबैभन्दा जरूरी कुरा हो - विद्रोहको नेतृत्व जनताको साथमा हुनु र जनताहरु दुश्मनभन्दा होशपूर्ण, संगठित हुनु । साथै, जन- विद्रोह सफल हुनको लागि सबैभन्दा जरूरी कुरा हो- दुश्मनलाई एक्ल्याउनु र उसको राज्य मेशीनरीका सबै मुख्य अंगहरुमा एक्कैचोटि कब्जा गर्न सक्षम हुने गरी विद्रोह संगठित गर्नु , विद्रोह जित्नु नै काफी छैन , त्यसलाई टिकाउनु मुख्य कुरा हो भन्ने कुरा राम्ररी याद गरेर विद्रोह गर्नु ।



यो जन विद्रोहले खुलस्त पारेर देखाएको छ - आफ्नो स्वार्थको लागि पूँजीवादीहरु पनि शान्तिपूर्ण र संवैधानिक बाटोमा सीमित भएर बस्दैनन् । स्वार्थका खातिर कुनै पनि असंवैधानिक र हिंसात्मक बाटो रोज्न पनि उनीहरु पछि पर्दैनन् । त्यसैले, साम्यवादीहरु मात्र हिंसात्मक र असंवैधानिक बाटोका पक्षपाती हुन्छन् भन्ने उनीहरुको प्रचार फगत बकवास हो ।

यतिखेर याद गर्नु पर्ने एउटा महत्वपूर्ण कुरा छ । कुनै पनि समाजवादी मुलुक शान्तिपूर्ण र संवैधानिक बाटोबाट पूँजीवादी मुलुकमा परिणत हुन संभव भएको छ, तर कुनै पनि पूँजीवादी मुलुक त्यो बाटोबाट समाजवादीमा बदलिन संभव भएको छैन ।

जनताको न्यायपूर्ण भन्दा न्यायपूर्ण, संवैधानिक भन्दा संवैधानिक संघर्षमा पनि पूँजीवादी राज्यले निर्लज्जतापूर्वक हिंसा प्रयोग गरेको छ । रूस र पूर्वी युरोपका सबै मुलुकहरु शान्तिपूर्ण र संवैधानिक बाटोबाटै पूंजीवादीमा रूपान्तरित हुन संभव भयो । तर अहिले रूसी सांसदहरुले फगत राष्ट्रपति र संसदको चुनाव एक्कै दिन हुनु पर्छ भनेर बिल्कूलै संवैधानिक र शान्तिपूर्ण एवं अत्यन्त सानो माग राख्दा पनि पूँजीवादी राज्यले उनीहरु बिरूद्ध हिंसा प्रयोग गर्‍यो र पूरै पश्चिमले त्यस हिंसाको समर्थन गर्‍यो ।

यसले के प्रश्न पैदा गरेको छ भने - यही पूँजीवादी राज्य सामान्यभन्दा सामान्य, शान्तिपूर्णभन्दा शान्तिपूर्ण , संवैधानिकभन्दा संवैधानिक आन्दोलनमा पनि हिंसा प्रयोग गर्छ भने कसरी अहिंसात्मक र शान्तिपूर्णबाटोबाट समाज पूँजीवादभन्दा न्यायपूर्ण र उन्नत समाजतिर अघि बढ्न सक्छ ? यदि पूँजीवादीहरु स्वयंले निहित स्वार्थका लागि संसदीय र संवैधानिक बाटो अप्नाउन छोडेर गैर संसदीय र गैर संवैधानिक बाटो अंगाल्न मिल्छ भने साम्यवादीहरुले चाहिं बृहत सामाजिक स्वार्थका लागि गैर- संसदीय र गैर- संवैधानिक बाटो अंगाल्न किन मिल्दैन ?

मस्को विद्रोहले देखाएको छ - पूँजीवाद पूरापूर प्रतिक्रियावादी भएका छ । यसको लागि प्रजातन्त्र र मानव अधिकार भन्ने कुनै कुरा बांकी छैन, यसका लागि यी नाराहरु हात्तीका देखाउने दांतहरु मात्र हुन । पूँजीवाद आफ्नो स्वार्थको लागि प्रजातन्त्र र मानव अधिकारलाई कुनै पनि बेला तिलाञ्जली दिन तयार छ ।

कहाँ गयो पूँजीवादीहरुको प्रजातन्त्र, जब रूसमा एउटा तानाशाहले निहित स्वार्थको लागि सार्वभौम र निर्वाचित संसदलाई मनपरी ढंगले भंग गर्‍यो ? कहाँ गयो पूँजीवादीहरुको मानव अधिकार, जब एउटा तानाशाहले संसदीय र संवैधानिक संघर्ष गरिरहेका सासंदहरुलाई खाना र पानी समेत बन्द गर्‍यो ?

अब कम्युनिष्टहरुको बहुमत भयो भनेर संसद भंग गर्न मिलेपछि-संसदमा पूँजीवादीहरुको बहुमत भयो भनेर पनि त निर्वाचित संसद भंग गर्न मिल्ने भयो । संसदले बजार अर्थतन्त्र र पूँजीवाद लागू गर्न बाधा दियो भनेर मनपरी गरी निर्वाचित संसद भंग गर्न मिलेपछि संसदले समाजवाद लागू गर्न बाधा दियो भनेर पनि त निर्वाचित पूँजीवादी संसद भंग गर्न मिल्ने भयो ।

के यस्तो गर्न दिन पूँजीवाद तयार छ ?

त्यसैले, मानव अधिकार, जनताको सर्वोच्चता र निर्वाचित जन प्रतिनिधिको सर्वोच्चता भन्ने कुनै कुरा पूँजीवादीहरुको मान्यतामा बांकी बचेको छैन र उनीहरुको सर्वोच्च कुरा केवल नाफा र सत्ता भएको छ ।

अब यस स्थितिमा साम्यवादीहरुको सामुन्ने दोहोरो दायित्व छ-एउटा आधारभूत मानव अधिकार, जनताको र जन प्रतिनिधिहरुको सर्वोच्चता जस्ता पूँजीवादी प्रजातन्त्रका राम्रा कुराहरु समाजमा कायम गर्नु , अर्को, ब्यक्तिगत संम्पत्तिरहित शोषणरहित र न्यायपूर्ण समाज ब्यवस्थातिर पनि अघि बढ्नु ।

मस्को विद्रोहले देखाएको छ-आफ्नो स्वार्थको लागि पूँजीवादीहरु अन्तर्राष्ट्रिय रूपमा एक छन् र उनीहरुसित बलियो अन्तर्राष्ट्रिय प्रचार-र संचार ब्यवस्था छ । उनीहरुमाथि विजय पाउने हो भने साम्यवादीहरुले पनि त्यस्तो एकता हासिल गर्ने बाटो निकाल्नु जरूरी छ । हामीहरुसित पनि बलियो अन्तर्राष्ट्रिय संचार र प्रचार संयन्त्र हुनु जरूरी भएको छ ।

रुसमा संविधान, निर्वाचित संसद, सर्वोच्च अदालत, निर्वाचित प्रान्तीय सोभियत सबैमाथि येल्त्सीनले जसरी आफ्नो हुकुमशाही चलाए र दमन गरे, त्यसले सावित गरेको छ- सत्ताको स्वरुप वर्गीय हुन्छ र हरेक राज्य दमनकारी नै हुन्छ भन्ने मार्क्सवादी प्रस्थापना एकदमै सही छ ।

यसबाट पूँजीवादी प्रजातन्त्र वर्गभन्दा माथि हुन्छ र त्यो तानाशाही हुँदैन भन्ने पूँजीवादीहरुको सम्पूर्ण प्रस्थापना झूठो सावित भएको छ ।

रुसी घटनाले प्रष्टै देखाएको छ-कुनै पूँजीवादी प्रजातन्त्र पनि सारमा एउटा वर्गीय सत्ता नै हो र यो पनि एउटा वर्गले अर्को वर्गमाथि दमन गर्ने औजार नै हो । जब आधारभूत वर्ग स्वार्थमा धक्का पर्छ, कुनै पनि पूँजीवादी प्रजातन्त्र विपरीत वर्गमाथि नांगो दमनमा उत्रन्छ, जसरी रूसमा उत्र्यो । सर्वहारा वर्गको राज्य मात्र तानाशाही हुन्छ भन्नेहरूलाई रुसको पूँजीवादी प्रजातन्त्रले गरेको नृशंस दमन एउटा मुखभरिको जवाफ हो । ❑

# "प्राभ्दा" फेरि निस्कन लाग्यो

एक महिना जति अघि येल्त्सीनद्वारा प्रतिवन्धित प्राभ्दा पत्रिका नोभेम्बर २,१९९३ (कार्तिक १७ गते) देखि फेरि प्रकाशित हुन थालेको छ ।

पहिले सोभियत संघको कम्युनिष्ट पार्टीको मुखपत्रको रुपमा प्रकाशित हुने यो दैनिक पत्रिकाको नाम र सम्पादक फेर्न येल्त्सीनले आदेश जारी गरेका थिए । तर प्राभ्दाले नाम फेरेन, सम्पादक मांत्र फेर्‍यो । पहिले-सम्पादक गेन्नाडी सेलेज्नेभ थिए भने अहिले भिक्टोर लिनिकलाई सम्पादक बनाइएको छ ।

नयाँ प्रकाशित प्राभ्दाको निधारमै अहिले " भ्लादीमीर इ. लेनिनबाट मे ५, १९१२ मा स्थापित" भनेर गौरवसाथ लेखिएको छ ।

एक महिनाको अन्तरालपछि निस्केको पहिलो अंकको सम्पादकीयमा लेखिएको छ - "यो सबैलाई प्रष्ट होस् कि आखिर हामी फेरि आयौं र हामीले हाम्रो आस्था बदलेका छैनौं । प्राभ्दाको असल परम्पराप्रति हामी प्रतिवद्ध छौं र समाजवादी मूल्यप्रति बचनवद्ध रहँदै यसलाई वामपन्थी शक्तिको प्रवक्ताको रुपमा अगाडि बढाउन चाहन्छौं ।" स्मरणीय छ, रुसी भाषामा प्राभ्दाको अर्थ "सत्य" हो । ❑



# विद्रोह दबाईसकेपछि.........
# रुसमा के के हुँदैछ ?

**विद्रोह दबाईसकेपछि रुसमा अहिले येल्त्सीनको हुकुमीतन्त्र चलिरहेछ । उनी जे बोल्छन्, त्यो नै अहिले रुसको कानून भएको छ ।**

उनले अक्टोबर ८ का दिन १० वटा प्रमुख प्रतिपक्षी पार्टीहरुमाथि प्रतिवन्ध लगाएका छन् । **रुसी महासंघको कम्युनिष्ट पार्टी,** कम्युनिष्ट र राष्ट्रवादीहरुको संयुक्त मंच-**राष्ट्रिय मुक्ति मोर्चा** -National Salvation Front), संसद निर्वाचित राष्ट्रपति-**अलेक्जेण्डर रूत्स्कोइको** पार्टी, (The People's Party of Free Russia) **स्तन्त्र रुसको जन-पार्टी** लगायत विद्रोहमा संसदको पक्ष लिने सबै पार्टीहरु प्रतिवन्धमा परेका छन् । अहिले, व्यापक जन दवावको कारणले रुसको सबैभन्दा ठूलो पार्टी-रुसी **महासंघको कम्युनिष्ट पार्टीले** चुनाव लड्न पाउने गरि फुकुवा पाएकोछ र अरु पार्टीहरु अझै भूमिगत रुपमा कार्यरत छन् । फुकुवा पाएको पार्टीले डिसेम्बर १२ को चुनावमा भाग लिने भएको छ ।

१५ वटा मुख्य मुख्य समाचार पत्रमाथि प्रतिवन्ध लागेको छ । यस मध्ये प्राभ्दा र सोभियेत्स्काया रस्सियालाई पत्रिकाको नाम र सम्पादक दुवै फेरेपछि मात्र निकाल्न पाइने गरिएको छ । **प्राभ्दाले र सोभियेत्स्काया रस्सियाले** यो निर्णय रुसी प्रेस ऐन विपरीत भएकोले अदालतमा मुद्दा दायर गर्ने धम्की दिएपछि सम्पादक फेरेर प्राभ्दा फेरि निकाल्न दिइएको छ । बाँकी सबै पत्रिकाहरु अझै यो पंक्ति लेख्दासम्म प्रतिवन्धित छन्। पत्रिकाहरुले विद्रोह भड्काउन मद्दत गरे भनेर उनीहरुको विरुद्ध सरकाले मुद्दा दायर गर्न लागेको छ ।

सर्वोच्च अदालत भंग गर्ने कुनै अधिकार येल्त्सीनलाई थिएन । तर अक्टोवर ७ मा येल्त्सीनको हुकुमबाट सर्वोच्च अदालत पनि भंग गरिएको छ र येल्त्सीनले हुकुमतन्त्र चलाएर, अवैध दवाव दिएर सर्वोच्च अदालतका अध्यक्ष अर्थात प्रधान न्यायाधीश भ्यालेरी जोर्कीनलाई राजिनामा दिन बाध्य गरेका छन् र महान्यायाधिवक्ता भ्यालेन्टीन स्टेपान्कोभलाई पदबाट बर्खास्त गरेका छन् ।

बकाइदा संविधान अनुसार निर्वाचित प्रान्तीय सोभियतहरुलाई पनि येल्त्सीनले अधिकारबेगर नै भंग गरेका छन्। तिनीहरुको चुनाव पनि डिसेम्बर १२ कै दिन गर्ने घोषणा गरिएको छ, जुन दिन संसदको चुनाव हुन्छ ।



उनले पहिलेको संसदको सर्वाधिकार भएको संविधान खत्तम गरेर त्यसको ठाउँमा राष्ट्रपतिको सर्वाधिकार भएको नयाँ संविधान ल्याउन खोज्दैछन् ।यो संविधान अनुसार नाम मात्रको दुई सदनात्मक संसद हुने छ , जसले राष्ट्रपतिको तानाशाहीलाई पच्छ्यौराले छोपे झै छोपछाप पार्नेछ र संसदको माथिल्लो सदन "संघीय परिषद्" हुनेछ, जसमा रुसका ८८ मध्ये प्रत्येक प्रान्त र क्षेत्रबाट २ जना सदस्य चुनिएर आउने छन् । यो १७६ जनाको हुनेछ । तल्लो सदन ४५० जनाको हुनेछ । यसमा दुई थरीका सदस्यहरु चुनिएर आउने छन् । देशमा २२५ वटा चुनाव क्षेत्र हुनेछन् र प्रत्येक क्षेत्रबाट बहुमतका आधारमा चुनेर पठाइने २२५ जना सदस्यहरु हुनेछन् । अर्को आधी, अर्थात २२५ जना, अनुपातका आधारमा पूरै देशलाई एउटा चुनाव क्षेत्र मानेर चुनिनेछन् । एउटा चुनाव क्षेत्रमा औसत ५ लाख मतदाता हुनेछन् ।

तल्लो सदनको नाम "राज्य ड्यूमा" राखिएको छ ।

स्मरणीय छ, जारको पालामा पनि यही नामको अधिकारविहीन संसद रूसमा विद्यमान थियो । रूसी अक्टोवरको क्रान्तिको धज्जी उडाउने नियतले अहिले संसदको नाम त्यही दिइएको छ । अहिले येल्त्सीन आफ्नो यो तानाशाही सुदृढ गर्ने संविधानलाई जनमत-संग्रह गराएर पास गराउने योजना गर्दैछन ! जनमत-संग्रहमा एउटै प्रश्न सोधिनेछ - "के तपाई रूसी महासंघको संविधानलाई स्वीकार गर्नु हुन्छ ?"

उनले अक्टोवर ६ का दिन, सर्वहारा वर्गका महान नेता लेनिनको रेड स्क्वायर स्थित शवमा सम्मानपूर्वक राखिएका गार्ड र त्यहाँ निरन्तर बजाउने प्रख्यात **"अन्तर्राष्ट्रिय"** गीतको धुन हटाउने कार्य गरे। यो पनि महान अक्टोवर समाजवादी क्रान्ति र त्यसका नेताको अपमान गर्न अप्नाइएको अर्को कदम थियो । अब लेनिनको शव नै त्यहा'बाट हटाइन लागिदैं छ ।



विद्रोह दवाईसकेपछि त्यसका नेता संसद सभामुख रूलान खास्वुल्लातोभ र संसद निर्वाचित राष्ट्रपति रूत्स्कोइलाई अहिले मस्कोको कुख्यात लोफोरतोभो जेलमा राखिएको छ । दुवै जनालाई - "सार्वजनिक गडबडी मच्चाएको" आरोपमा मुद्दा दायर गर्न लागिएको छ, जसमा बढीमा १० बर्षको जेल सजायँ हुन सक्छ। यही आरोपमा अरू ६२१२ जना पक्राउ गरिएका छन र उनीहरु पनि जेलमा छन ।

अहिले यसरी रूसमा त्यस्तो बेमिसाल "पूँजीवादी प्रजातन्त्र" कायम भएको छ, जहाँ येल्त्सीनले चाहे अनुसारका विपक्षीहरु मात्र मैदानमा हुनेछन । चाहे मुताविकको पत्रिका मात्र प्रकाशित हुन सक्नेछन। चाहेका मानिस मात्र न्यायाधीश र निर्वाचन आयुक्त हुन सक्नेछन। चाहेको संविधान र ऐन मात्र देशमा लागु हुनेछ। र, उनले चाहेको खालको संसद र प्रान्तीय संसद मात्र देशमा अस्तित्वमा हुनेछन् ।

यो कस्तो " प्रजातन्त्र " हुनेछ ?

पाठकहरु आफै कल्पना गर्नुहोस् । तर येल्त्सीन लगायत अमेरिका आदि सारा " प्रजातन्त्र " र "मानव अधिकार" का हिमायती पश्चिमी पूँजीवादी देशहरुले रूसमा स्थापना गर्न चाहेको प्रजातन्त्र भने यस्तै प्रजातन्त्र हो -जहाँ येल्त्सीनको चाहना नै कानून हुन्छ ।

यसैको लागि त रूसमा पहिलेको संसद र संविधान खत्तम पारिएको थियो ।

❑

## अब लेनिनको शव गाडिने संभावना

रूसी विद्रोह दवाइएको दुई दिनपछि - येल्त्सीनले विश्व सर्वहारा वर्गका महान श्रध्देय गुरू भ्लादीमीर इल्यीच लेनिनको शव राखिएको ठउँ रेड स्क्वायरबाट त्यहाँ सम्मानका रूपमा राखिएका गार्डहरु हटाएका छन । उनले हालैको विद्रोहमा कम्युनिष्टहरुमाथि आफ्नो विजयको प्रतीकको रूपमा गार्ड हटाउने आदेश जारी गरेका हुन् ।

अब रेड स्क्वायरबाट सन १९२४ देखि सम्मानपूर्वक राखिएको लेनिनको शव हटाउने संभावना टड्कारो भएको छ ।

मस्कोका मेयर युरी लुझकोभले यस संवन्धी एउटा अध्यादेशको मस्यौदा तयार गरीसकेका छन । मस्यौदा अनुसार लेनिनको अस्तुलाई शैयौं पुराना बोल्शेभिकहरु र पछिल्ला रूसी नेताहरुका



अस्तुसंगै क्रेमलिनको पर्खाल वरपर गाडिनेछ र लेनिनको शवलाई सेण्ट पिटसवर्गको भोल्कोभो चिहानमा गाडिनेछ ।

लेनिनको अन्तिम इच्छा-पत्रमा त्यही उल्लेख थियो,- त्यस अध्यादेशमा भनिएको छ । तर लेनिनकी भतिजी ओल्गा उल्यानोभा आब्रामोभले लेनिनको अन्तिम इच्छा संवन्धी यो भनाइलाई झूठो बताएकी छिन । उनको भनाई मुताविक लेनिनको अन्तिम इच्छा-पत्रमा उहाँको शव कहाँ, के गर्ने भन्ने संवन्धमा केही उल्लेख गरिएको छैन ।

लेनिनको शव रेड स्क्वायरबाट हटाइयो भने फेरि विद्रोहको संभावना भएकाले अध्यादेशमा हस्ताक्षर भइहालेको छैन ।

तर अब उनी कुनै पनि बेला अध्यादेश जारी गर्ने उपयुक्त मौकाको प्रतिक्षामा छन । रूसी पादरी प्याट्रीयाक अलेक्सी द्वितीयले उनलाई शव गाड्न अनुरोध गर्दै पत्र लेखिसकेका छन ।

## पेरुमा संविधान सम्बन्धी जनमत संग्रह

# फुजिमोरीको तानाशाहीकरणमाथि प्रजातन्त्रको घुम्टो

### अब कुनै पनि बेला क. गोञ्जालोलाई मृत्युदण्ड हुन सक्ने

*कार्तिक १५ गते पेरुमा "नयाँ संविधानलाई स्वीकार गर्ने कि अस्वीकार गर्ने ?" भन्ने सम्बन्धमा सपन्न तथाकथित जनमत संग्रहको परिणामले नयाँ संविधानलाई स्वीकृति प्रदान गरेको छ। ५५% मत प्राप्त गरी विजयी भएको भनिएको यो नयाँ संविधानको मस्यौदा तानाशाह अल्वर्टो फुजिमोरीका मतियारहरुको आधिक्य भएको संवैधानिक सभाले गरेको थियो।*

संवैधानिक सभाले फुजिमोरीको तानाशाहीकरणलाई अझै मजबुत पार्ने उद्देश्यले नयाँ संविधानमा मनपरी ढंगले आपतकालीन शासन लागू गर्ने, त्यस बेला "गरिमामयी" संसदलाई पनि भंग गर्न सक्ने, "आतंकवादीहरू" लाई मृत्युदण्डको सँजाय दिन सक्ने र राष्ट्रपति पुनः निर्वाचनमा उम्मेदवार हुन सक्ने प्रावधानहरु समावेश गरिएका छन्। यसका साथै, आफ्ना प्रभूहरु अमेरिकी र जापानी साम्राज्यवादी शक्तिहरुको स्वार्थ अनुकूल हुने गरी राष्ट्रिय अर्थतन्त्रमाथि राज्यको हस्तक्षेपलाई सीमित पारी बहुराष्ट्रिय निगमका पूँजीपतिहरुलाई खेलवाड गर्न दिने प्रावधान राख्न पनि फुजिमोरीका मतियार संविधान-मस्यौदाकारहरु पछि परेका छैनन्।

इन्स्टिच्यूट अफ पेरुभियन स्टडिजका राजनीतिक शास्त्री फर्नाण्डो रोस्पीग्लीओसीको भनाई यहाँ स्मरणीय छ-"संविधानमा जनताको लागि कुनै पनि परिवर्तन गरिएको छैन, त्यसैले संविधानको बारेमा कसैलाई पनि चिन्ता छैन। नयाँ संविधानले फुजिमोरीलाई जे पनि गर्ने शक्ति दिएको छ।"

जनताको कुनै सरोकारबिना पनि जवरजस्ती सम्पन्न गरिएको जमनत-संग्रहको "प्रजातान्त्रिक प्रक्रिया" बाट आफ्नो तानाशाहीकरणमाथि प्रजातन्त्रको र संवैधानिकताको घुम्टो ओढाउन फुजिमोरी सफल भएका छन्। १९९० को निर्वाचनमा ६०% मत प्राप्त गरी राष्ट्रपति बनेका फुजिमोरी सैनिक बलको आधारमा तस्करी, छापामार विद्रोह र गिर्दो अर्थतन्त्रलाई नष्ट पार्ने निहूँमा संसदलाई भंग गर्ने, संविधानलाई निलम्बन गर्ने र न्यायाधीशहरुलाई गिरफ्तार गर्ने काम समेत गरी सम्पूर्ण आपतकालीन शासन अधिकार आफ्नो हातमा लिई निरंकुश तानाशाह बन्न थालेका हुन्। यसै कार्यलाई निरन्तरता दिने क्रममा सबै विपक्षी पार्टीहरुको बहिस्कारका वाबजुद संवैधानिक सभाको चुनाव सम्पन्न गराई उनले आफ्ना मतियारहरुलाई निर्वाचित गराउने र ती निर्वाचित सांसदहरुमार्फत मृत्युदण्ड जस्तो अमानवीय र लज्जास्पद प्रावधान रहेको नयाँ संविधानको मस्यौदा गर्न लगाएका थिए। स्मरणीय छ, यस अधिको संविधानमा मत्युदण्डको कुनै प्रावधान थिएन।

यस जनमत संग्रहमा आफ्नो तानाशाही संविधानमाथि जनताको लाहाछाप लगाउन फुजिमोरी सरकारले प्रहरी, प्रशासन, सैनिक गुप्तचर लगायत अपार राष्ट्रिय सम्पत्तिका साथै टेलिभिजन, रेडियो, अखबार र विज्ञापन जस्ता संचार माध्यमहरुको युद्धस्तरमा प्रयोग गरेर प्रचार अभियानदेखि निर्वाचन प्रक्रिया र त्यसको परिणाममाथि समेत नियन्त्रण जमाएको तथ्य विपक्षीहरुले प्रकाशमा ल्याएका छन्। विपक्षीहरुलाई स्रोत-साधनको अभाव र सैनिक शासनको कठोर साशनाको शिकार बनाइयो। सैनिकहरुको स्वीकृतिको अभावमा आफ्नो विचारको प्रचार-प्रसार गर्न पनि उनीहरुलाई बञ्चित गरियो।

यसका साथै मजदूरहरुलाई लाग्ने करमा कटौती गर्ने, अन्य सर-सुविधाहरु उपलब्ध गराई लोभ्याउने कामहरु पनि फुजिमोरी सरकारले चुनावको मुखैमा गरेको थियो।




यी सबका अतिरिक्त फुजिमोरी सरकारले बन्दी जीवन बिताइरहनु भएका क. गोञ्जालो तथा उहाँका सहकर्मीहरुको गिरफ्तारी र "शान्ति बार्ता" को तथाकथित आव्हानलाई आफ्नो तानाशाही संविधानको पक्षमा जनसमर्थन प्राप्त गर्ने प्रमुख हतियारको रुपमा प्रयोग गरेको प्रकरण यहाँ उल्लेखनीय देखिन्छ।

पेरुभियाली जनताको मुक्तिको लागि १९८० देखि सशस्त्र जन-युद्ध संचालन गरिरहेको पे.क.पा. साइनिङ पाथका अध्यक्ष क. गोञ्जालो तथा उहाँका केही उच्च स्तरीय सहकर्मीहरुलाई गिरफ्तार गर्न सफल भएपछि फुजीमोरी सरकारले १९९५ भित्रै छापामार आन्दोलन सखाप पार्ने दिवास्वप्न देखेको थियो। यस सपनालाई पनि चुनावी प्रचार-सामग्रीको रुपमा प्रयोग गर्ने काम यसले गर्दै आएको थियो। तर फुजिमोरीको यो स्वप्न साइनिङ पाथका छापामारहरुको निरन्तर, तीव्र र घनीभूत आक्रमणका कारणले पूरा हुने दिशातिर बढेको नदेखेपछि उनले यस निर्वाचनको मुखैमा आएर एउटा नयाँ नाटकको थालनी गरेका थिए।

यस नयाँ नाटकमा फुजिमोरी सरकारले बन्दी क. गोञ्जालो तथा उहाँका सहकर्मीहरुले आफूलाई सरकार सित शान्ति वार्ताको प्रस्ताव सहितका तीन-चार वटा पत्रहरू लेखिसक्नु भएको तर आफूले सो शान्ति प्रस्तावलाई इन्कार गर्दै आइरहेको कुरा दिनदिनै जस्तो प्रचार गर्दै आयो। अझ, चुनावको मुखैमा आएर त "शान्ति प्रस्ताव" सहितको दुई-दुई वटा भिडियो टेप नै आफूसंग भएको दावी समेत गरियो।

यसबारे साइनिङ पाथ सम्बन्धी अध्येता राउल गोञ्जालेजले भनेका छन्- "फुजिमोरी सरकारले गोञ्जालोका "शान्ति प्रस्तावहरु" लाई संविधान स्वीकारोक्तिको पक्षमा जनमत तान्न उपयोग गऱ्यो।"

फुजिमारीको यो नाटक तब अवास्तविक सावित भयो, जब जनमत संग्रहको बहिस्कारको नारा सहित साइनिङ पाथका छापामारहरुले राजधानी लिमा लगायतका थुप्रै शहरहरुमा बम बिष्फोटन र आक्रमणकारी गतिविधिहरुमा तीव्रता ल्याउन थाले। विगतदेखि नै आफ्नो जनयुध्दलाई निरंतरता प्रदान गर्ने क्रममा सरकारी सैनिक र भिजिलान्तेहरुमाथि आक्रमण गरिरहेका साइनिङ्ग पाथका छापामारहरुले त्यस नाटक अवधिभरी र त्यसपछिका समयमा पनि भीषण आक्रमण जारी राखेका छन्।

जनमत-संग्रहको बहिष्कारका लागि छापामारहरुले आफ्नो आक्रमणमा तीव्रता ल्याउने काम कार्तिकको पहिलो हप्तादेखि नै शुरू गरेका थिए। कार्तिकको पहिलो दुई हप्ता बीचमा मात्रै छापामारहरुले लिमाको अन्तर्राष्ट्रिय एयरपोर्ट, होटल किल्लोन र एउटा बैंक अगाडि कार बमहरु बिष्फोटन गरेका थिए। अन्तर्वार्ता दिइरहेका पार्कोना नगरक मेयरमाथि गोली प्रहार गरेर पनि उनीहरुले जनमत-

संग्रह विरूद्ध पाइला चालेका थिए । त्यस्तै, कार्तिक १३ गते विद्युत गृहहरुमा बम आक्रमण गरिएको कारणले लिमा तथा तटवर्ती शहरहरु लगायत २५ प्रान्त मध्ये १० वटामा ब्ल्याक आउट भएको थियो । उक्त हप्ताभित्र मात्रै छापामारहरुको आक्रमणको परिणामस्वरूप १० जना मारिएका र १०० जना भन्दा बढी घाइते भएका थिए ।

चुनावको अघिल्लो दिन ५ हजार प्रहरी र सेना लिमाका सडकहरुमा तैनाथ गरिएतापनि छापामारहरुको आक्रमणमा कुनै कमी आएन । अझ, उनीहरुले संसद-भवन अगाडि नै बम विष्फोट गरे । यसबाट संसद भवन, नजीकका अन्य भवनहरु र चर्चलाई समेत क्षति पुग्यो । उक्त दिन लिमा लगायत देशका थुप्रै भागमा बम आक्रमणका घटनाहरु घटे । अझ, आइतबारका दिन जनमत संग्रह शुरू हुनुभन्दा केही घण्टा अगाडिसम्म पनि बैंक, व्यापारिक संस्थान र सरकारी सैनिकहरुमाथि आक्रमण जारीराखेर चुनाव बहिष्कारको नारालाई घन्काईराख्न उनीहरु प्रयत्नशील रहे ।

फुजिमोरीको यो निर्ल्लज्ज नाटक र छापामारहरुको आक्रमणकै बीच, फुजिमोरी सरकारपक्षीय पूंजीवादी संचार माध्यमहरुले सशस्त्र संघर्ष गरिरहेका साइनिङ्ग पाथका छापामारहरुले क. गोन्जालोको शान्ति प्रयासलाई बेवास्ता गरी आक्रमण जारी राखे भन्ने आशयको प्रचार गर्ने काम गरे । यसरी क . गोन्जालो र छापामारहरु बीच फूट आएको भ्रमको खेती गर्ने काममा पनि उनीहरु लागे । तर भ्रमको खेतीलाई नष्ट गर्दै पे.क.पा. साइनिङ्ग पाथको केन्द्रीय समितिले १३ बर्ष लामो आफ्नो सशस्त्र जनयुध्दलाई जारी राख्ने अठोट सहितको एक बक्तव्य प्रकाशित गरी यस भ्रमको विरूद्द सशक्त जवाफ दिएको छ ।

जे होस्, साइनिङ्ग पाथद्वारा जनमत-संग्रहको बहिष्कारका बाबजुद फुजिमोरी सरकारले यस जनमत संग्रहबाट उक्त नयाँ संविधानलाई स्वीकारोक्ती प्राप्त भएको दावी गरेको छ । यस दावीभित्रको मूल आशय आतंकवादी, तस्कर र देशद्रोहीको आरोपमा आजीवन कारावासको सजाय भोग्न वाध्य पारिएका क. गोन्जालो, उहाँका सहकर्मीहरु एवं टुपाक आमारू रिभोल्यूशनरी मुभमेन्टका छापामार नेता भिक्टर पोलोय लगायतका वामपन्थी नेता तथा कार्यकर्ताहरुमाथि यस मृत्यु दण्डको प्रावधान अब कुनै पनि बेला लागु गर्न सक्ने पृष्ठभूमि तयार गर्नु नै रहेको छ भन्ने कुरा प्रष्ट नै छ ।

यसको प्रतिरोधका लागि क. गोन्जालोको जीवन प्रतिरक्षार्थ गठित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्था एवं साइनिङ्ग पाथ स्वयं र टुपाक आमारू रिभोल्यूशनरी मुभमेन्ट ले महत्वपूर्ण भूमिका खेल्न अब ढिलाइ गर्न हुने स्थिति पक्कै छैन । ❑

## पोल्याण्डमा बामपन्थीहरुको सरकार गठन

# के पोल्याण्ड पनि समाजवादी दिशातिर बढ्दैछ ?

पूर्वी यूरोपीय देशहरुमा सबैभन्दा पहिले समाजवादलाई फ्याँकेर पश्चिमी पूँजीवादी प्रजातन्त्र र खुला बजार अर्थतन्त्रको दिशातिर पाइला राख्ने पोल्याण्डमा भर्खरै सम्पन्न संसदीय निर्वाचनमा पुनः पुराना वामपन्थीहरु नै अत्यधिक मात्रामा विजयी भएका छन् । विजयी पुराना वामपन्थीहरुका पार्टीहरु पोलिश पीजेन्ट्स पार्टी ( PSL) र २८ वटा पार्टीहरुको संयुक्त मोर्चा डेमोक्रेटिक लेफ्ट यूनियन ( SLD) ले यूनियन अफ वर्क पार्टी (UP) समेतको सहभागितामा वामपन्थी सरकार गठन गरिसकेको छ ।

पोलिश किसान पार्टीका ३४ बर्षीय अध्यक्ष वाल्डेमर पावलाकको प्रधान मन्त्रीत्वमा गठित सरकारमा प्रजातान्त्रिक वाम एकता ( Democratic Left Alliance) का १० जना, पोलिश किसान पार्टीका ९ जना, यूनियन अफ वर्क पार्टीका १ जना र पूँजीवादी राष्ट्रपति लेख वालेशाद्वारा मनोनित ३ जना मन्त्रीहरु छन ।

गएको सेप्टेम्बर १९ मा भएको त्यहाँको संसदको तल्लो सभा सेज्मको - आम चुनावमा २८ वटा पार्टीहरु मिलेर बनेको पार्टी - " प्रजातान्त्रिक वाम एकता " (SLD) ले कूल मतदाताको २०.४ प्रतिशत मत प्राप्त गरेको थियो । ४६० कूल सीट मध्ये यसले १७१ सीटमा जितबाजी हासिल गरेको थियो । प्रजातान्त्रिक वाम एकताकै सहयोगी पोलिश किसान पार्टीले १३२ सीट जितेको थियो । संसदमा यी दुई पार्टीले मात्र कूल सीटको ६५ प्रतिशत हासिल गरेका थिए । सत्तारूढ राष्ट्रपति लेख वालेशाको पार्टी प्रजातान्त्रिक एकता Democratic union ले कूल मत मध्ये १०.६ प्रतिशत मत मात्र ल्याएको थियो र पार्टीहरु मध्ये तेस्रो स्थान प्राप्त गरेको थियो ।

पोल्याण्डमा समाजवादी व्यवस्था ढलेको ४ बर्ष पनि नबित्दै फेरि त्यहाँको संसदमा वामपन्थीहरुले बहुमत हासिल गर्नुले संपूर्ण पश्चिमी पूँजीवादी विश्वलाई अत्याएको छ । वामपन्थीको यो व्यापक जितको मुख्य कारण चाहिं जनताको आधारभूत आवश्यकताको सवालमा पूँजीवादी सरकारले गरेको लापर्वाहीले गर्दा पूँजीवादीहरुप्रति पैदा भएको आम निराशा हो ।

यो आम निराशा किन आयो त ?

किनभने, लेख वालेशाको पूँजीवादले त्यहाँ जनताको जीवन स्तर उठाउने कुनै कार्य गर्न सकेन । जीवन स्तर १९८९ को भन्दा पनि निकै तल गिऱ्यो । पूँजीवाद लागु हुनासाथको बर्षमा मात्र बार्षिक ७०० प्रतिशतसम्म मूल्य बृध्दि भयो । गत बर्ष त्यहाँको महँगी बृध्दि दर ४६.० प्रतिशत थियो र अहिले पनि ३५% का दरले पोल्याण्डवासीहरुले महँगी बृध्दि भोगीरहेछन । वेरोजगारको संख्या ३/४ बर्षमै २८ लाख पुग्यो । बर्षेनी १५.२ प्रतिशतका दरले वेरोजगार हरुको संख्या बढ्यो । कृषि उत्पादन १९९२ मा मात्र १४.२ प्रतिशतका दरले घट्यो । यी सबै कारणहरुको गठजोडले गर्दा, ४ बर्ष बितेको छैन, ६७ प्रतिशत पोल्याण्डवासीहरुले अहिलेको भन्दा पहिलेकै व्यवस्था धेरै राम्रो थियो भनेर जनमत सर्वेक्षणमा केही समयअघि मत जाहेर गरेका थिए ।



**राष्ट्रपति लेख वालेशा, जसको पार्टीले केवल २० सिट जित्यो ।**

यही जनमत - अहिले पोल्याण्डको आम चुनावमा अभिव्यक्त भएको हो । के वाममन्थीहरुको सरकार आएपछि पोलैण्डमा फेरि समाजवाद स्थापित हुने छ त ?

अहँ, त्यसो चाँहि हुने छैन ।

पहिलो त, त्यहाँ राष्ट्रपति लेख वालेशा ज्यूं का त्यूं छन र संविधान अनुसार उनको हातमा काफी अधिकार छ । उनले घोषणा पनि गरिसकेका छन् - त्यहाँ कुनै पनि हालतमा समाजवाद ल्याउन दिइने छैन ।

दोश्रो, अहिले विजित पार्टीहरुसित पनि लागु गर्नको लागि समाजवादी कार्यक्रम छैन । उनीहरु बामपन्थी हुन्, तर कम्युनिष्ट हैनन् र, उनीहरुको कार्यक्रम सुधारवादी चरित्रको देखिन्छ ।

प्रजातान्त्रिक वाम एकता पार्टीले चुनावमा - बृध्दहरुको पेन्सन आउंदो र्बष दोब्बर पार्ने, स्वास्थ्य उपचार र शिक्षामा सरकारी खर्च बढाउने, राज्यको स्वामित्व भएका कम्पनीहरुको निम्ति पनि बजार को व्यवस्था गर्ने नारा दिएको थियो । किसान पार्टीले चाँहि किसानहरुको निम्ति उत्पादनमा क्षतिपूर्ति बढाउने र पश्चिमबाट पोल्याण्डमा ओइरिन लागेको खाद्यान्नको अनुपात कम गर्ने नारा दिएको थियो । त्यसैले, पोल्याण्डको वाम सरकारले यिनै कार्यक्रमहरुलाई नै लागु गर्ने प्रयत्न गर्नेछ ।

तथापि, यो चुनावबाट एउटा कुरा चाहिं स्पष्ट भएको छ - पोल्याण्डमा पूंजीवाद राम्रो हो भन्ने धारणा अति छिटै खत्तम भएको छ ।

यो भनेको त्यहाँ साम्यवादी गतिविधि फष्टाउनका लागि अत्यन्त अनुकूल परिस्थिति हो । त्यहाँ कम्युनिष्टहरु अहिले पनि अस्तित्वमा छन् । उनीहरुले यस परिस्थितिबाट अत्यधिक, फाइदा लिन सक्नु पर्छ र लिनेछन् । ❑

-राजेन्द्र महर्जन

यूरोपको एक बलवान कहलिएको अर्थतन्त्रमा छाएको मन्दीको कथा

# अब जर्मनी पनि मन्दीको चपेटामा



*बर्लीनस्थित बेरोजगार सम्बन्धी एक अफिसमा जर्मन बेरोजगारहरु*

अर्थतन्त्र र उत्पादन जब पहिलेभन्दा ओरालो लाग्छ र संकटग्रस्त हुन्छ, त्यसलाई अर्थशास्त्रीहरू "मन्दी" भन्ने गर्छन् । अहिले यूरोपको सबैभन्दा बलवान अर्थतन्त्रमध्ये एक कहलिएको जर्मनीलाई त्यही मन्दीले नराम्ररी अँचेट्न थालेको छ ।

१९९२ मा जर्मनीको वास्तविक राष्ट्रिय उत्पादन बृद्धि दर १.५ प्रतिशत मात्र रह्यो। यो १९८२ पछाडि सबैभन्दा कम बृद्धि दर हो । गएको वर्षको ३.७ प्रतिशतको बृद्धि दर सित तुलना गर्ने हो भने यो बृद्धि दर दोब्बर भन्दा पनि बेसी घटेको हो। पहिलेको पूर्वी जर्मनीमा यो बृद्धि दर १९९२ मा ७ प्रतिशत रहयो । यो बृद्धिदर राखिएको लक्ष्य भन्दा निकै थोरै हो। पहिले राखिएको लक्ष्य अनुसार पूर्व जर्मनीमा सम्पूर्ण समाजवादी उत्पादन प्रणालीलाई पूँजीवादीकरण गरेर १५ वर्षभित्रमा पश्चिम जर्मनीको तहमा पूर्वलाई ल्याउने योजना थियो। तर यही बृद्धि दर कायम हुने हो भने अब त्यसो गर्न कम्तीमा ३० वर्ष लाग्नेछ ।

जर्मनीमा औद्योगिक उत्पादन पनि गत वर्ष भसक्कै घट्यो । गएको अप्रिल महिनासम्मको रेकर्ड अनुसार यो ७.७ प्रतिशतले घटेको छ । यस वर्ष पहिलो तीन महिनामा मात्र ५.१ प्रतिशतले औद्योगिक उत्पादन घटेको छ। बस्तुहरूको बिक्री परिमाण पनि पछिल्लो तीन महिनामा ११.१ प्रतिशतले घटेको छ । पोहोर त्यो २ प्रतिशतले मात्र घटेको थियो ।

यसरी बृद्धि दर घट्नुको पछाडि जर्मनीको बस्तु बजार खुम्चनु एउटा मूल कारणका रूपमा रहेको छ । अमेरिका र यूरोपका मुलुकहरूमा रहेको बजार -संरक्षण नीतिले ती मुलुकमा जर्मनीको बजार खुम्चेको छ भने अविकसित मुलुकहरूको झन झन गरीबी बढ्नु र बस्तु किन्ने क्षमता घट्नुले पनि यसको बजार घटाएको छ । पूर्व र पश्चिम जर्मनीको एकीकरण पछि पूर्वको समाजवादी व्यवस्था ध्वंश गरेर पूँजीबादी व्यवस्था सिर्जना गर्नका लागि अत्याधिक खर्च लाग्नुले गर्दा यो लगानी उठाउन जर्मनी आफ्नो देशमा ब्याज दर बढाउन बाध्य भएको छ । जर्मनीको ६० वर्ष यताको इतिहासमा बढेको यो सबैभन्दा बेसी ब्याजदर पनि उत्पादन बृद्धि दर घट्नुको अर्को मुख्य कारण हो। किनभने, ब्याजदर बेसी भएपछि बस्तुको मूल्य बेसी हुन्छ। लागत मूल्य बेसी भएपछि बस्तुको प्रतिस्पर्धा गर्ने क्षमता कम हुन्छ र बजारमा कम बिक्छ ।

यी सब समस्याको परिणामस्वरूप जर्मनीमा बेरोजगारी पोहोर साल ६ प्रतिशतले बढ्यो । अहिले १९९३ मा यो अझै बढेर ८.२ प्रतिशत पुगेको छ । ८ करोड ६ लाख जनसंख्या भएको जर्मनीमा यो भनेको ६४ लाख ४८ हजार जनसंख्या बेरोजगार हुनु हो । काम गर्ने उमेरको जनसंख्याको हिसाबबाट २१ लाख मानिसहरु पूरै बेरोजगार हुनु हो । त्यसमाथि ३ लाख २७ हजारले त जर्मनीमा खाली आंशिक रोजगारी मात्र पाउन सकेका छन्। पूर्वी जर्मनीमा त अझ बेरोजगारी दर अरू बेसी छ । त्यहाँ १९९२ मा ४०.० प्रतिशत श्रमशक्ति बेरोजगार रहे । पश्चिमको बेरोजगारी दर भन्दा यो दर कैयन गुना बेसी छ ।

मन्दीको कारणले जर्मनीका थुप्रै कम्पनीहरूले ठूलो पैमानामा मजदूरहरूको निस्काशन र कटौती गर्ने घोषणा गरेका छन् । कैयन्ले आफ्नो उद्योगको साइज घटाउने घोषणा गरेका छन् । विश्वको प्रशिद्ध अटोमोवाइल निर्माता डेमलेर-बेन्जले आफ्नो इतिहासमा सबैभन्दा बेसी कटौतीको घोषणा गरेको छ ।

उता मुद्रास्फिति अथवा महंगी भने जर्मनीमा बढ्दो छ । गत वर्ष यो बृद्धि दर ४ प्रतिशत रहयो । जर्मनीको विगतको हिसाबबाट १९८२ यता यो बृद्धि दर सबैभन्दा उच्च हो । जर्मनीमा १९९१ मा यो बृद्धि दर ३.५ प्रतिशत मात्र थियो ।

यो स्थितिले जर्मनीमा मजुदूरहरुको असंतुष्टि काफी बढाएको छ । गएको अप्रिलमा सार्वजनिक सेवा क्षेत्रका २६ लाख मजदूरहरू ज्याला बृद्धिको माग गर्दै हडतालमा उत्रे। १० दिनसम्म चलेको यो हडतालको क्रममा त्यहाँको मजदूर यूनियनले कोल सरकारलाई के आरोप लगायो भने-यसले ठूला उद्योगपति र ब्यापारीहरूलाई होइन, फगत आम मजदूरहरूलाई जर्मनीको एकीकरणको मोलको भारी बोकाउँदैछ । प्रत्येक जर्मन परिवारले प्रति महीना १२० डलरका दरले एकीकरण-मोल चुक्ता गर्नु परिहेछ । हालै मइ ३ मा पूर्वी जर्मनीका ४० हजार धातु, विद्युत तथा स्टील मजदूरहरूले ११ दिने हडताल गरेर पूँजीपतिहरू र सरकारलाई घुँडा टेकाइछाडे । मन्दीको कारणले १९९१ मा भएको संझौता मुताबिक मजदूरहरूको ज्याला बृद्धि गर्न सकिन्न भन्ने उद्योगपति र सरकारको अडान थियो । सार्वजनिक क्षेत्रमा ज्याला बृद्धिको माग गर्दै १८ वर्ष यताको इतिहासमा सबैभन्दा ब्यापक मजदूर हडतालहरू हुन शुरू गरेका छन्।

जर्मनीको अन्तर्राष्ट्रिय ब्यापारले पनि ओरालो लाग्ने क्रम शुरु गरेका छ। यसको निर्यात घट्दो छ । १९९१ मा यसको निर्यात बृद्धिको दर ११ प्रतिशत थियो। तर गएको वर्षको पहिला ६ महिनामा यो ७.५ प्रतिशतले घट्यो । अहिले जर्मनीको चालु-खाता घाटामा छ । गएको फरवरी सम्ममा यो चालु-खाता घाटा २७.३ अरब अमेरिकी डलर पुगिसकेको छ । अहिले यसको बजेट घाटा पनि बढिरहेछ ।

यसरी अनेकौं दिशाबाट जर्मनी अहिले मन्दीको खाडलमा जाकिदैछ । तथापि आफ्नो सामान र पूँजीको निबेशका लागि सुरक्षित विश्व-बजार कब्जा गर्ने र महाशक्ति राष्ट्र बन्ने यसको प्रयत्न भने बढ्दो छ। जर्मनी अहिले संयुक्त राष्ट्र संघ सुरक्षा परिषद्को स्थायी समितिको भिटो पावरयुक्त सदस्य बन्न प्रयत्नशील छ। दोश्रो विश्व युद्ध यता जर्मनीको संविधानले यसलाई विश्वमा अन्यत्र फौज लान प्रतिवन्ध लगाएको छ। अहिले जर्मनी यो प्रावधान पनि परिवर्तन गर्न खोज्दैछ । भर्खरै युगोस्लाभियालाई ३ राज्यमा टुक्र्याउन त जर्मनीले मुख्य भूमिका नै खेल्यो । यी सबै प्रभुत्वबादी प्रयासहरूले जर्मनीको मन्दी अरू बढाउने निश्चित छ, किनकि यसले जर्मनीको राज्यको खर्च अरू धेरै बढाउनेछ । ❑

## जर्मनी-एक झलक

**नाम:** संघीय गणतन्त्र जर्मनी/ **अवस्थिति** : उत्तर-मध्य यूरोप/**क्षेत्रफल:** ३,५६,९१० वर्ग किलोमिटर/**जनसंख्या:** ८ करोड ६ लाख/**सरकार तथा राष्ट्रप्रमुख:** चान्सलर हेल्मुट कोल

| | पछिल्लो ३ महिनामा | गएको एक वर्षमा |
|---|---|---|
| औद्योगिक उत्पादन | ५.१ % ले घटेको | ७.७ % ले घटेको |
| कूल घरेलु उत्पादन | ५.६ % ले घटेको | २.८ % ले घटेको |
| बेरोजगारी | ८.० % ले घटेको | ६.५ % ले घटेको |
| थोक मूल्य | ११.१ % ले घटेको | २.० % ले घटेको |
| बजार मूल्य | ३.५ % ले बढेको | ४.२ % ले बढेको |
| ज्याला/आम्दानी | २.६ % ले बढेको | ४.२ % ले बढेको |

स्रोत: The Economist, London, June 19, 1993

### बहुदल आएपछि पनि बौद्धिक जागरणमा अभिबृद्धि भएको छैन

# किन शिक्षितहरुमा सुविधा-भोक मात्र जागेको छ ?

-चन्द्रदेव नेपाली

***रामचन्द्र खनाल केही संपन्न हुदै गए। उनको परिवार मा हिजो प्रति महिना खाना र लुगाफाटोमा रु १०००।- खर्च हुन्थ्यो भने आज उनी खाना र लुगाफाटोमा रु ४०००।- खर्च गर्छन। खाने, लाउने र बस्ने स्तर उनको बढेको छ ।***

***तर हिजो रामचन्द्र खनाल पत्रपत्रिका किन्न केवल रु १०।- प्रति महिना खर्च गर्थे भने आज पनि यो रु १०।- को खर्च भने उनको बढेको छैन ।***

चन्द्रबहादुर खातीको परिवार पहिलेको सानो सांघुरो घर छोडी हाल शहरको चार तले घरमा बस्न थाल्यो । परिवारका सदस्यहरु सवै सुकिलामुकिला भएर हिंड्न थाले । तर उनको परिवारमा बौद्धिक - सामाजिक चेतना बढ्ने खालका पाठ्य सामग्रीहरु पढ्ने रूचि र चाहना पैदा भएन । उनका युवा छोराछोरीहरु हल्काफुल्का फिल्मी पत्रिका र रंगीचंगी उडन्ते चित्रकथाका केही पुस्तिकाहरु त किनेर ल्याउँछन । तर ज्ञान, विज्ञान र समाजका गंभीर समस्याका बारेमा लेखिएका रचनाहरु, साहित्यिक कृतिहरु वा वैचारिक चेतना बढाउने पत्रपत्रिकाहरु कहिलै पनि उनीहरुको आश्यकता बन्न सकेनन् ।

कार चढेर हिंडने एम.तुलाधरको परिवारमा अरूलाई देखाउन केही विदेशी पत्रिकाहरु ल्याई टेवुलमा राख्ने काम मात्र हुने गर्छ । परिबारैले ती पत्रिकाहरुका फोटोहरु सर्सर्ती हेर्ने काम मात्र गर्ने गर्छन् । देशको र संसारको अवस्था चित्रण गर्ने, विश्लेषण गर्ने, दृष्टिकोण बनाउन मद्दत गर्ने खालका रचनाहरुको खोजी त्यस परिवारमा हुने नै गर्दैन ।

विज्ञान विषय पढ्ने वा प्राविधिक विषय पढ्ने विद्यार्थीहरु नेपालको परिचय दिने हिसावले कोर्समा राखिएको विषय "नेपाल परिचय" लाई ठूलो घाँडो ठान्दछन। दर्शन, समाजशास्त्र, मनोविज्ञान वा गहन चिन्तनयुक्त साहित्यलाई त उनीहरु फुटेको आँखाले पनि हेर्दैनन् । केबल तोकिएको विषय पढेर पैसा कमाउन सक्ने बन्नु मात्रलाई उनीहरु "महान" कार्य ठान्दछन ।

हरिशंकर रायमाझीले ३ वर्षभित्रमा छोराछोरीहरुलाई ल्याइदिएका कपडा र खेलौना जम्मा गर्ने हो भने ठूलो थुप्रो हुनपुग्छ । तर उनले छोराछोरीलई कहिल्यै राम्रा कितावहरु वा पत्रिकाहरु किनेर ल्याईदिएनन्। यस्तो गर्ने आवश्यकता नै उनले महशूस गरेका छैनन् ।

शिक्षित महिला सुभद्रा नेपाली एउटा वोर्डिगं स्कूलमा पढाउने गर्छिन्। उनलाई फिल्महरु खुब मन पर्छ तर समाजका गंभीर समस्याबारे प्रकाश पार्ने फिल्महरु आउँदा उनी निदाउने गर्छिन्। साथीहरुसित भेट्दा उनको कुराकानीको मुख्य विषय हुन्छ - सारी, कुर्ता र गहना । समाज र देशका गंभीर समस्याबारे छलफल गर्ने, पढ्ने उनलाई कुनै चाख नै छैन । उनको सवभन्दा मन पर्ने पत्रिका "फिल्म फेयर " र "स्टार डष्ट" हुन। यी बाहेक उनको घरमा कुनै दैनिक, साप्ताहिकसम्म पनि भित्रिँदैन । उनी शनिवारको गोरखापत्र भने किन्छिन्, किनकि त्यसमा राशीफल दिइएको हुन्छ ।

माथिका यी सवै उदाहरणले देखाएका छन् - नेपालमा सामाजिक समस्याप्रति, समाज र विश्वप्रति, न्याय र मुक्तिप्रति बेसरोकार हुने प्रवृत्ति आम रूपमा बढ्न थालेको छ । अरु त अरु, समाजका अत्यन्त शिक्षित मानिसहरुकै मुख्य सरोकारको विषय हर तरहले चांडै धनी बन्नु, मोजमज्जा गर्नु , र अस्वस्थ मनोरंजन गर्नु मात्र हुन थालेको छ ।

हरेक वर्ष डेढ-दुई लाख युवाहरु एस.एल.सी. तहसम्म पुगीरहेछन। स्कूल र क्याम्पस पढ्नेहरुको संख्या बढीरहेछ । यस प्रकार, शिक्षितहरुको संख्या हिजो को तुलनामा निश्चय नै आज बढीरहेको छ। तर यी सब शिक्षितहरुमा सुविधा-भोक जागेको छ, बौद्धिक-भोक जागेको छैन । बहुदलीय व्यवस्था आएपछि बोल्न, लेख्न, पढ्न पहिलेभन्दा ज्यादा पाइएको छ तर पनि यहाँ "बौद्धिक जागरण" मा अभिवृद्धि भएन ।

शरीरलाई सुविधा दिने, शरीरको निरन्तर विकास हुने कुराहरु जुटाउन मात्र हामीहरु अत्यन्त चनाखो भएको छौं। तर मन-मस्तिस्कको पनि निरन्तर विकास हुनु पर्छ भन्ने कुरामा भने हामी सजग छैनौं। त्यसैले नै हो-यसरी हामी शारीरिक खुराकहरुलाई जत्ति महत्व दिइरहेका छौं, मानसिक खुराकलाई भने अत्यन्तै कम महत्व दिइरहेका छौं ।

पढेलेखेका मानिसहरुमा चिन्तन गर्ने बढी क्षमता हुन्छ, तर जब उनीहरु यो चिन्तनको पक्षलाई महत्व नै दिँदैनन्, तव यो क्षमताको खासै अर्थ रहन्न। यहाँ यस्तो भइरहेको छ ।

पढ्ने अवसर पाउँदा पनि जागीरसंग संवन्धित विषयहरु बाहेक अरु नपढ्ने " बुद्धिजीवी " हरु नेपालमा प्रसस्त छन । उनीहरु जागीरको बढुवाको जाँचमा चाहिने हुनाले मात्र बाध्य भएर सामान्य -ज्ञानका कुराहरु पढ्ने गर्छन । के कुरा निश्चित छ भने-जाँच दिनु नपर्ने भए उनीहरु त्यो पनि पढ्दैन थिए ।

जागीरमा लाग्नेहरु वा जागीरमा लाग्न चाहनेहरु बाहेक खास गरी शहर बजारका उद्योग व्यापारमा वा अन्य व्यवसायमा लागेका व्यक्तिहरुलाई त यो बाध्यता पनि नरहने हुनाले उनीहरुमा पढ्ने वा गहन कुराहरु बुझ्ने जरूरतको महशूस नै अत्यन्त कम हुने गरेको पाइन्छ। बियर खान र तास खेल्नमा खर्च हुने उनीहरुको समयको एक प्रतिशत पनि बौद्धिक आदान-प्रदान र चिन्तनमा खर्च हुने गर्दैन ।

मानिसको बुद्धि- ज्ञान- चेतनाले नै मानिसलाई जीवनको बाटोमा डोऱ्याउँछ । यदि मानिसको जीवनबाट बुद्धि - ज्ञान - चेतनाको यो पक्षलाई हटाईदिने हो भने मानिस बास्तवमा मानिस नै बाँकी रहँदैन , अरु पशुहरु सरह ऊ हुन्छ । के हाम्रो निमित्त यत्ति महत्वपूर्ण कुराको निरन्तर विकास हुनु अत्यन्त जरूरी छैन ? सभ्यता भन्ने कुरा मानिसले बुद्धि-ज्ञान बढाएर नै आफूमा विकास गर्ने कुरा हो । तर यदि बुद्धि - ज्ञान बढाउने कुरालाई केवल औपचारिकतामा मात्र सीमित गर्ने हो भने के हामी सभ्यताको उँचाइतिर अघि बढ्न सक्छौं ? के जीउडाल मात्रै हृष्ठपुष्ठ गरे पुग्छ ? के दिमागलाई हृष्ठपुष्ठ पार्नु चाहिं जरूरी छैन ?

जीवनमा पलपलमा "ठीक र बेठीक " कुराहरु छुट्टयाउनु पर्ने हुन्छ। त्यसको लागि जरूरी विवेकको विकास नगर्ने हो भने हामी जीउडाल र रहन सहनमा बढो सभ्य र आधुनिक देखिएपनि चिन्तन र व्यवहारमा अत्यन्त असभ्य र पिछडिएको हुने हुन्छौं । रातारात प्रसस्त पैसा कमाएका तर सोचमा उद्दण्ड र व्यवहारमा जंगली मानिसहरु हामीले हाम्रै समाजमा पनि थुप्रै देखेका छौं , जो लवाइ-खवाइमा भने आफूलाई अत्यन्त अत्याधुनिक देखाउन खोज्छन, रबाफ र धाकधक्कू लगाएर हिडछन । यस्तै, ठूला ठूला औपचारिक शिक्षाका डिग्री लिएका, तर समाजको एउटा अनपढ, व्यक्तिमा भन्दा पनि ज्यादा रूढीवादी चिन्तन र व्यवहार बोकेर हिडिंरहेका " सुकिला " मानिसहरु पनि हामीले प्रसस्त देखेका छौं।

यसरी शरीरलाई चाहिने कुरा जोर जाम गर्न मात्र चनाखो हुने तर त्यस शरीरलाई संचालन गर्ने मन-मस्तिस्करूपी महत्वपूर्ण कुराको बेवास्ता गर्ने यो प्रवृत्ति भनेको व्यक्तिको भौतिक विकासमा मात्र जोड दिने तर आत्मिक विकास (Spiritual development ) लाई लत्याउने प्रवृत्ति हो ।

मान्छेको खासै विकास भनेको भौतिक र आत्मिक दुवै पक्षमा समानुपातिक विकास हुनु नै हो। अझ सांच्चै भन्ने हो भने-व्यक्तिमा भौतिक विकासभन्दा ज्यादा आत्मिक विकास हुनुपर्छ तव मात्र उसले मानवोचित उन्नत गुणहरुले आफूलाई संपन्न गर्न सक्छ ।

भौतिक-रुपले गरीवीमा बाँचेर पनि चिन्तन र खोजतर्फ जीवन नै लगाएका इतिहासका महान व्यक्तिहरु आत्मिक विकासको बाटोमा अत्यन्त अगाडि बढेका मानिसहरु हुन् । उनीहरुले व्यक्तिगत भौतिक विकासमा त्यति ध्यान दिएनन् र पनि उनीहरुको योगदानले नै संसारले अझै बाटो देख्दै आएको छ । व्यक्तिको

**यस्ता बस्तीहरु पनि यहाँ धेरै छन, जसलाई " वामपन्थीहरुको गढ " भनिन्छ तर त्यहाँ प्रतिकृयावादीहरुको स्तरको एक अंशसम्म पनि बौद्धिक जागरणका कामहरु भएका छैनन् । यी कामहरु गर्न सकिन्थे, तर.........**

आत्मिक विकास कति महत्वपूर्ण रहेछ भन्ने कुराको यो नै एक ज्वलन्त उदाहरण हो ।

भौतिक विकास मात्र ज्यादा भएको तर आत्मिक विकास नभएको व्यक्ति बूढो मसलाको रूख जस्तै हो । हेर्दा ठूलो र चिल्लो, तर बास्तवमा खोक्रो ।

यो खोक्रो विकासतिर हामीलाई उत्प्रेरित गर्ने वर्तमानको बौद्धिक जागरणको खडेरीलाई कसरी निमिट्यान्न पार्ने ? - यो अत्यन्त महत्वपूर्ण पक्षमा हामीले निकै ज्यादा ध्यान दिनु जरूरी छ । बहुसंख्यक जनतालाई चुस्ने प्रतिक्रियावादी राज्य सत्ताहरुले संसारमा जहिले पनि आफू टिकीरहनको लागि थोरै भएका सोच्न सक्ने शिक्षित जनताको पनि खाने लाउने संस्कृतिको विकासमा मात्र ज्यादा जोड दिएका छन् । सोच्ने, बुझ्ने, जान्ने, चिन्तन गर्ने, संस्कृतिलाई उनीहरुले बढावा दिएनन् । यसो गरेमा "सत्य" कुरा बुझेर जनताले उनीहरुको सत्ता-स्वार्थको बिरूद्ध आफूलाई खडा गर्ने संभावना बढी हुने हुनाले नै उनीहरुले यसो गरेका हुन । "खाऊ, लगाऊ, मोजमस्ती गर, तर नसोच ।" - यो नै उनीहरुको मूल नीति रहने गरेको छ ।

हाम्रो शिक्षित समाजको यो स्थिति र प्रतिक्रियावादीहरुको चालवाजी बुझेर त्यसका बिरूद्ध समाजमा अत्मिक संस्कृतिको विकासमा विशेष रूपले लागि पर्ने दायित्व आज हाम्रो समाजका थोरै संख्यामा रहेका नै किन नहुन्, सचेत जनताहरुकै काँधमा आइलागेको छ । समाजको आमूल परिवर्तन गरी उन्नत समतायुक्त समाज निर्माण गर्न चाहने वामपन्थी शक्ति र व्यक्तिहरुले त यसमा झन ज्यादा ध्यान दिनु जरुरी छ । परिवर्तनलाई संभव पार्न र परिवर्तनपछि पनि समाजलाई निरन्तर उन्नतिमा अघि बढाउन यो पक्षमा ध्यान दिनु अनिवार्य छ ।

तर आज वामपन्थी शक्ति र व्यक्तिहरुमा पनि यो पक्षमा राम्रो ध्यान नगएको देखिन्छ । कतिपय शहर बजारका वामपन्थी नेताहरुको त नियमित पुस्तक पत्र-पत्रिका किन्ने, पढने, रेडियो, टि.भि. मा आउने थोरै भए पनि सामाजिक महत्वका कुराहरुमा ध्यान दिने वा बौद्धिक-वैचारिक छलफल गर्ने बानी नै छैन । उहाँहरु देशमा वामपन्थीहरुका प्रकाशनहरु कम भएको र तिनीहरु शसक्त नभएकोमा चिन्ता व्यक्त गर्नु हुन्छ तर भएका वामपन्थी प्रकाशनहरुलाई जोगाउने र फैलाउनेतर्फ भने ध्यान दिने कुरा त परै रहयो, उहाँहरु तिनीहरुको एक प्रति खरिद गर्ने कर्तव्य पूरा गर्न पनि सजग हुनु हुन्न ।

जीवन र संघर्षको क्रममा खोजी खोजी पढ्ने, बुझ्ने, जान्ने काम गरेर नै वामपन्थीहरु संसारमा अरूहरु भन्दा अग्रचेतनायुक्त बन्न सकेका हुन, "प्रगतिशील" बन्न सकेका हुन् । तर आजकाल वामपन्थीहरुको यस्तो जमात बढ्दैछ, जो गाउँ-समाजका प्रतिक्रियावादीहरुभन्दा अत्यन्त कम कुराहरु पढ्छन् र कम कुराहरु जान्दछन् । आफ्नो आम्दानीको एक प्रतिशत लगानी पनि उनीहरु बौद्धिक खुराकहरु खरिद गर्नमा खर्च गर्ने गर्दैनन् । केटाकेटीहरुलाई मिठाइ फलफूल वा मासु किनेर लगिदिन उनीहरु जत्ति सचेत छन, कुनै पत्र-पत्रिका, पुस्तक किनेर लगिदिन त्यत्ति नै कम सचेत छन ।

यस्ता बस्तीहरु पनि यहाँ धेरै छन, जसलाई " वामपन्थीहरुको गढ " भनिन्छ तर त्यहाँ प्रतिक्रियावादीहरुको स्तरको एक अंशसम्म पनि बौद्धिक जागरणका कामहरु भएका छैनन् । यी कामहरु गर्न सकिन्थे, तर यसतर्फ संवन्धितहरुको ध्यान नै गएको छैन ।

समाजवादी आन्दोलन भनेको आफ से आफ निर्मित हुने आन्दोलन हैन । मानव विवेकको उन्नत प्रयोगबाट नै यो प्राप्त गर्न र जोगाउन सकिन्छ । हालैका वर्षहरुमा विभिन्न देशहरुमा समाजवादी अभ्यासहरु असफल भएको परिप्रेक्ष्यमा त संसारभरका समाजवादीहरुले थप दिमाग खियाउनु पर्ने अत्यावश्यकता सृजना भएको छ । यसरी जरुरत छ-थप प्रयत्नको, तर हामी न्यूनतम प्रयत्नलाई पनि कायम गरिरहेका छैनौं ।

यस सन्दर्भमा हाम्रो समाजमा हाल विद्यमान विशेष चिन्ताको विषय हो - पार्टीहरुले पनि बौद्धिक जागरणको कामलाई बेवास्ता गर्नु ।

आज हाम्रा वामपन्थी पार्टीहरु अति नै क्षणिक, सतही र दैनिक राजनीतिका कुराहरुमा नै आफनो प्राय: सबै समय र ध्यान लगाइरहेका छन । जनता र कार्यकर्ताहरुमा जति धेरै आलोचनात्मक सचेतनता ( Critical Awareness) बढ्यो, उति नै जनवादी आन्दोलन दीगो र परिपक्व हुँदै जाने कुरामा कसैको पनि दुई मत नहोला । तर विडंवना कस्तो देखिन्छ भने - हाम्रा पार्टीहरुमा हिजोको तुलनामा आज पार्टी - कक्षाहरु कम हुने गरेका छन , छलफल, चिन्तन, खोज र प्रकाशनहरुको मात्रा घटेको छ ।

यो बहुदलीय व्यवस्था ल्याउन कुनै न कुनै रुपमा सबै वामपन्थीहरुले योगदान गरेका छन तर यो वहुदलमा पाइने बोल्ने, लेख्ने सीमित स्वतन्त्रतालाई भने उनीहरुले राम्ररी उपयोग गरिरहेका छैनन् । अहिले त जनतालाई व्यापक रुपमा आम - प्रशिक्षण दिने समय हो । तर आम-जनतालाई संबोधित गर्ने सभा, सम्मेलन, प्रकाशन, गीत-संगीतका क्षेत्रहरुलाई हामीले खास महत्व नै दिइरहेका छैनौं ।

यसरी हामी पनि त्यही गरिरहेछौं, जे प्रतिक्रियावादीहरु चाहन्छन् । शोषणकारी र अन्यायपूर्ण राज्य सत्ताहरूले जनतालाई दिमागी रूपले भुत्ते राख्न चाहने उनीहरुको स्वार्थलाई हामी स्वयं बल थपिरहेकाछौं । किनभने, कुनै पनि समाजको निम्ति प्रजातन्त्र, क्रान्ति वा मुक्तिको आधारभूत शर्त भनेकै व्यापक जनतामा आलोचनात्मक सचेतनता कायम हुनु हो । जनता जति जागरुक भयो, त्यति सत्य, न्याय र परिवर्तनको पक्षको आन्दोलनलाई फाइदा हुने हुन्छ । जनता जति " खाने लाउने र रमाइलो गर्ने प्राणी " हुनुमा मात्र सीमित हुन्छ, त्यति नै फाइदा प्रतिक्रियावादीहरु वा यथास्थितिवादीहरुलाई हुन्छ ।

यी सव तथ्यहरुलाई ध्यानमा राखी हाम्रो समाजका सचेत अगुवाहरुले बौद्धिक-जागरणको कामलाई अभियानको स्तरमा अघि बढाउन विषेश प्रयत्नहरु थालीहाल्नु जरूरी छ । जीवन-संघर्ष र आन्दोलनको एउटा अभिन्न अंग यसलाई बनाउने कामलाई आफू र आफ्नो घर-परिवार बाट शुरु गरी समाजव्यापी बनाउनु जरूरी छ । हामी हरेकले आफ्नो आफ्नो दायित्वको रूपमा यसलाई लिनुपर्छ ।

हेरौं, दशैं- तिहार वा अन्य चाडपर्वको अवसरमा शहर-बजारबाट घर फर्कने हाम्रा अगुवाहरुले नाना-पापाहरुका पोका-पन्तराहरुको कुनामा पुस्तक, पत्र-पत्रिकाहरुको पनि सानो मुठा समावेश गरेर यो अभियानलाई गति दिने क्रम थाल्ने हुन् कि हैनन् ?

**भौतिक विकास मात्र ज्यादा भएको तर आत्मिक विकास नभएको व्यक्ति बूढो मसलाको रूख जस्तै हो । हेर्दा ठूलो र चिल्लो, तर बास्तवमा खोक्रो ।**



विजया दशमी २०५० को उपलक्ष्यमा समस्त देशवासीहरुमा

हार्दिक मंगलमय शुभ-कामना !

-म्यूचल ट्रेडिङ्ग कं. (प्रा.) लि.

मखन गल्ली, काठमाडौं । फोन नं. २२११५८, २२४१५८

# समाजवाद नै किन ?

- अल्वर्ट आइन्स्टाइन

## नराम्रो कुराको सक्कली स्रोत वर्तमान पूँजीवादी समाजको आर्थिक अराजकता हो

के त्यस्तो व्यक्तिले समाजवादको बारेमा विचार गर्नु उचित छ, जो आर्थिक-सामाजिक मामिलाहरुको विशेषज्ञ होइन ? कयौं कारणहरुले गर्दा मलाई लाग्छ- यो उचित छ ।

सबैभन्दा पहिले वैज्ञानिक ज्ञानको दृष्टिकोणबाट यस सवालमाथि विचार गरौं । खगोल-विज्ञान र अर्थशास्त्रमा कार्य-पद्धतिमा कुनै मूलभूत भिन्नता नै छैन, यस्तो प्रतीत हुन सक्छ- दुवै क्षेत्रहरुमा वैज्ञानिकले कुनै घटना-क्रियाहरुका अन्तरसम्बन्धहरुलाई यथासम्भव स्पष्ट ढंगले सम्झन-बुझ्न लायक बनाउनका लागि ती घटना-क्रियाहरुको एउटा सीमित समूहका लागि सामान्य स्वीकार्य-नियमहरु खोज्ने प्रयास गर्दछ । तर, वास्तवमा, यी दुवै विज्ञानहरुका बीच कार्य-पद्धतिको भिन्नता विद्यमान छ । अर्थशास्त्रको क्षेत्रमा सामान्य-नियमहरुको खोज यस कारणले कठीन हुन्छ कि जुन आर्थिक घटना-क्रियाहरुको हामी निरीक्षण गर्छौं, त्यसलाई धेरै त्यस्ता कुराहरुले प्रभावित गर्दछन्, जसको मूल्याङ्कन अलग ढंगले गर्न निकै कठीन छ । यसका अतिरिक्त जस्तो कि सबैलाई थाहै छ - मानव इतिहासको तथाकथित सभ्यकालको शुरुदेखि नै संचित अनुभव त्यस्ता कारणहरुबाट धेरै नै बढी प्रभावित र सीमित भैरहेका छन्, जुन स्वभावतः कुनै पनि हिसाबले आर्थिक कारण मात्र होइनन् । उदाहरणका लागि, इतिहासमा धेरै जसो ठूला राज्यहरुको अस्तित्वको आधार विजय थियो । विजेता मानिसहरुले कानूनी र आर्थिक रुपले आफूलाई विजित देशका विशेषाधिकार प्राप्त वर्गको रुपमा स्थापित गरे । तिनीहरुले भू-स्वामित्वको क्षेत्रमा आफ्नो एकाधिकार कायम गरे र आफूहरु बीचका मानिसहरु मध्येबाट नै पुरोहित नियुक्त गरे । शिक्षामाथि नियन्त्रण राख्ने पुरोहितहरुले समाजको वर्ग-विभाजनलाई एउटा स्थायी संस्थाको रुप दिए र मूल्यहरुको एउटा ढाँचाको रचना गरे, जसबाट त्यसै समयदेखि मानिसहरु, धेरै हदसम्म अचेतन रुपबाट, आफ्नो सामाजिक व्यवहारलाई निर्देशित गर्थे ।


थोर्स्टीन बेब्लेनद्वारा बताइएको मानव विकासको "लूटपाटको अवस्था" भनेको, भन्नलाई मात्र विगतका दिनहरुको ऐतिहासिक परम्परा हो, किन्तु हामी आजसम्म पनि त्यो अवस्थाभन्दा अगाडि बढ्न सकेका छैनौं । जुन आर्थिक तथ्यहरुको हामी निरीक्षण गर्न सक्छौं, ती यसै अवस्थाका हुन्, र त्यसबाट निकालिएको नियम पनि अर्का अवस्थाहरुमाथि लागू हुन सक्दैन । अतः समाजवादको वास्तविक लक्ष्य सुनिश्चित रुपले मानव विकासलाई यस लूटपाटको अवस्थाबाट पार गराउनु र त्यस अवस्थाबाट अगाडि बढाउनु हो, त्यसैले आफ्नो वर्तमान स्थितिमा आर्थिक-विज्ञानले भविष्यको समाजवादी समाजमाथि अलिकति भएपनि प्रकाश पार्न सक्छ ।

दोस्रो, समाजवादको विकासको दिशा एउटा सामाजिक-नैतिक लक्ष्यतिर छ । विज्ञानले न लक्ष्यहरुको निर्माण गर्न सक्छ, न त त्यसलाई मानिसभित्र पोख्न नै सक्छ । विज्ञानले बढी भन्दा बढी, कुनै लक्ष्यहरुलाई प्राप्त गर्ने साधन जुटाउन सक्छ, तर यी लक्ष्यहरु स्वयं उदात्त नैतिक आदर्शले युक्त व्यक्तित्वहरुद्वारा मात्र तय गरिन्छ र यदि यी लक्ष्यहरु मुर्दा नभैकन, जीवन्त र ओजस्वी छन् भने ती धेरै धेरै मानिसद्वारा अप्नाइनेछन् र अगाडि बढाइने छन् । जुन लक्ष्यहरुलाई अगाडि बढाइनेछन्, तिनीहरुले अर्द्ध अचेतन रुपले भएपनि समाजको मत्थर-विकासलाई निर्धारित गर्नेछ ।

यी कारणहरुले गर्दा, मानवीय समस्याहरुको सवालमाथि हामीले विज्ञान र वैज्ञानिक पद्धतिहरुलाई आवश्यकता भन्दा बढी आँकेर हेर्नु हुँदैन र यो पनि मान्नु हुँदैन कि समाजको संगठनलाई प्रभावित गर्ने सवालहरुबारे अभिव्यक्तिको अधिकार केवल विशेषज्ञहरुलाई मात्र छ ।

अनगिन्ती मानिसहरु केही समय यतादेखि यस कुरामाथि जोड दिइरहेका छन् कि मानव समाज एउटा संकटको स्थितिबाट गुज्रिरहेको छ र यसको स्थिरता भयंकर रुपले छिन्न-भिन्न भएको छ । यो एउटा यस्तो स्थितिको लक्षण हो, जब मानिसहरु, सानो वा ठूलो, त्यस समूहप्रति असंपृक्तता वा यहाँसम्म कि शत्रुतापूर्ण भाव महशूस गर्न लाग्दछन्, जसमा उनीहरु स्वयं पनि बाँचिरहेका हुन्छन् । आफ्नो कुरालाई स्पष्ट पार्नका लागि एउटा निजी अनुभव बताउँछु । हालै मैले एक जना प्रबुद्ध सज्जनसंग एउटा अर्को युद्धको खतराको बारेमा कुराकानी गरें, जुन युद्धले, मेरो विचारमा, मानवताको अस्तित्वलाई नै गम्भीर संकट पैदा

## समाजवादको बारेमा महान वैज्ञानिक आइन्स्टाइनका विचारहरु



**आधुनिक भौतिक विज्ञानका जन्मदाता मानिने महान वैज्ञानिक अल्वर्ट आइन्स्टाइन ( १८७९-१९५५ ) ले आफ्ना खोजहरुले समग्र विज्ञान-जगतमा तहल्का मच्चाएका हुन् । फोटो इलेक्ट्रिक प्रभाव, ब्राउनियन गति आदिको खोजीका अतिरिक्त उनले विश्व प्रशिद्ध सापेक्षताको सिद्धान्त (Theory of Relativity ) पनि प्रस्तुत गरेका थिए । उनकै सिद्धान्त अनुसार परमाणु बम बनाउन थालिएको हो । तर उनी परमाणु उर्जाको शान्तिपूर्ण प्रयोगका हिमायती थिए ।**

**बुद्धिजीविहरु आफ्नो सीमित क्षेत्रमा मात्र सीमित हुनुहुन्न भन्ने धारणा राख्ने यी महान वैज्ञानिकले समाजवादबारे पनि सोच्ने, विश्लेषण गर्ने काम गरेका थिए ।**

**हामीले यहाँ तिनै वैज्ञानिक अल्वर्ट आइन्स्टाइनको "समाजवाद नै किन ?" भन्ने लेख प्रस्तुत गरेका छौं ।**

**यस लेखमा उनले पूंजीवादको भण्डाफोर गर्दै समाजवादप्रति व्यक्त गरेका धारणाहरु महत्वपूर्ण छन् । लेखमा उनले निरंकुश नोकरशाहीबाट भने सचेत रहन जरूरी भएको जुन संकेत त्यतिखेरै गरेका थिए, यो कुरा आजको सन्दर्भमा झनै मननयोग्य छ ।**

**- मूल्याङ्कन**

गर्नेछ । र मैले उनलाई भनें- कि त्यस संकटबाट केवल एउटा राष्ट्र-उपरी वा अधिराष्ट्र (सुप्रानेशनल) संगठनले मात्र रक्षा गर्न सक्दछ । यसबारेमा मेरा अतिथिले अत्यन्त शान्त र ठण्डा ढंगले भने - "तपाई मानव जाति नष्ट हुने कुरालाई यति गम्भीरतापूर्वक किन विरोध गर्नु हुन्छ ?"

मलाई यकीन छ- कम से कम एक शताब्दी अगाडिसम्म कसैले पनि यति हलुका ढंगले यस सम्बन्धमा यस्तो किसिमको विचार दिएको छैन होला । यो एउटा त्यस्तो मानिसको विचार हो, जसले आफूभित्र सन्तुलन स्थापित गर्नका लागि निरर्थक प्रयास गरिरहेको छ र धेरै हदसम्म यसमा सफल हुने आशा पनि मारीसकेको छ । यो एउटा यस्तो दर्दनाक एकाकीपन र अलगावको अभिव्यक्ति हो, जसबाट आजभोलि धेरै मानिसहरु पीडित छन् । यसको कारण के हो ? के यसको कुनै समाधान त छ ?

प्रश्न गर्नु सजिलो छ, तर कुनै पनि हदसम्म भरोसिलो जवाफ दिन कठीन छ । फेरि पनि जहाँसम्म सकिन्छ, म जवाफ दिने प्रयास अवश्य गर्नेछु । हुनत यस तथ्यप्रति म काफी सचेत छु कि- हाम्रा अनुभूतिहरु र हाम्रा प्रयासहरु धेरैजसो यति अन्तरविरोधी र दुरुह हुन्छन् कि सिधा-साधा सूत्रहरुमा व्यक्त गर्न नै सकिँदैनन् ।

मानिसहरु एकै समयमा र एकै साथ एकाकी प्राणी पनि हुन् र सामाजिक प्राणी पनि । एउटा एकाकी प्राणीको हैसियतले ऊ स्वयं आफ्नो र आफ्ना सबै भन्दा नजीकका मानिसहरुको रक्षाको प्रयास गर्दछ र आफ्ना निजी इच्छाहरुको तृप्तिको प्रयास गर्दछ तथा आफ्ना सहज योग्यताहरुको विकासका लागि प्रयत्न गर्दछ । एक सामाजिक प्राणीको रुपमा उसले साथै रहने मानिसहरुबीच मान्यता र तिनीहरुबाट स्नेह पाउन, आफ्ना खुशीहरुमा भाग लिन लगाउन र आफ्ना दुःखका बेलामा आरामको व्यवस्था गराउन तथा आफ्नो जिन्दगीका परिस्थितिहरुमा सुधार गर्न कोशीस गर्दछ । कुनै मानिसको विशिष्ट चरित्र पछाडि केवल यी विविध र अत्यन्त परस्पर विरोधी प्रयासहरुको नै अस्तित्व छ र यिनको विशिष्ट संयोजनले नै त्यस सीमालाई निर्धारण गर्दछ, जुन सीमासम्म कुनै मानिस आन्तरिक सन्तुलन पाउन सक्छ तथा समाजको हितमा योगदान गर्न सक्छ । यो बिल्कूल संभव छ कि यी दुवै प्रवत्तिहरुको सापेक्षिक शक्तिको निर्धारण मुख्यत: वंशानुक्रमद्वारा हुन्छ । किन्तु, अन्तिम रुपले जुन व्यक्तित्व विकसित भएर अगाडि आउँछ, त्यसको निर्धारण मुख्य रुपले, व्यक्ति-स्वयंले आफ्नो विकासको क्रममा पाउने त्यस परिवेशद्वारा, ऊ हुर्कने-बढ्ने त्यस समाजको ढाँचाद्वारा, त्यस समाजका परम्पराहरुद्वारा र खास खास व्यवहारहरुप्रति त्यस समाजको मूल्याङ्कनद्वारा हुने हुन्छ ।कुनै पनि व्यक्तिको लागि "समाज"को धारणाको अर्थ आफ्ना समकालीनहरु र पछिल्लो पुस्ताका सबै मानिसहरुसंग उसको प्रत्यक्ष/परोक्ष सम्बन्धहरुको कूल जोड हुने हुन्छ । व्यक्ति सोच्न, महशूस गर्न, प्रयास गर्न र कार्य गर्नमा आफैं सक्षम

**पूँजीपतिले प्रत्यक्ष वा परोक्ष रुपले सूचनाका प्रमुख स्रोतहरु (प्रेस, रेडियो, शिक्षा) माथि अनिवार्यत: आफ्नो नियन्त्रण राखी छाड्छन्**

छ, किन्तु ऊ आफ्नो शारीरिक, बौद्धिक तथा भावनात्मक अस्तित्वका लागि समाजमाथि यति बढी निर्भर छ कि समाजको सीमाभन्दा बाहिर उसको विषयमा विचार गर्नु र त्यसलाई बुझ्नु असम्भव छ । यो त्यही नै "समाज" हो, जसले मानिसलाई भोजन, वस्त्र, आवास, कामको औजार, भाषा, विचारहरुको रुप र त्यसको अधिकांश अन्तर्वस्तु दिन्छ, उसको जीवन ती लाखौं-लाख वर्तमान र विगतका मानिसहरुको श्रम र कौशलकै कारणले सम्भव छ, जुन सबै सबै नै यस छोटो शब्द "समाज"को पछाडि लुकेका छन् ।

त्यसैले, यो स्पष्ट छ कि व्यक्तिको समाजमाथिको निर्भरता प्रकृतिको एउटा त्यस्तो तथ्य हो, जसलाई समाप्त पार्न सकिँदैन । ठीक कमिला र माहुरीहरुका विषयमा जस्तै । तर जहाँ कमिला र माहुरीहरुको पूरा जीवन- प्रक्रियाको सानोभन्दा सानो कुरा पनि सख्त वंशानुगत प्रवृत्तिहरुद्वारा निर्धारित हुन्छ, त्यहीं मानिसका तौर-तरीकाहरु र अन्तर्सम्बन्ध परिवर्तनशील तथा हेरफेरप्रति अति संवेदनशील हुन्छन् । स्मृति, नयाँ संयोजनहरुको निर्माणको क्षमता र मौखिक संवादको गुणद्वारा मानिसमा त्यो विकास सम्भव भएको छ, जुन जैविक आवश्यकताहरुद्वारा निर्दिष्ट हुँदैन । परम्पराहरु, संस्थाहरु, र संगठनहरुमा, साहित्यमा, वैज्ञानिक एवं अभियान्त्रिक उपलब्धिहरुमा, कलाकृतिहरुमा यस्तो विकासले स्वयंलाई अभिव्यक्त गर्दछ । यसबाट स्पष्ट हुन्छ - मानिस कसरी एउटा निश्चित अर्थमा आफ्नो जीवनलाई स्वयं आफ्नै व्यवहारद्वारा प्रभावित गर्न सक्छ र यस प्रक्रियामा सचेत चिन्तन र चाहनाले एउटा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

मानिसले जन्मदेखि नै आनुवंशिकताद्वारा स्वाभाविक आवश्यकताहरुसहित एउटा जैविक संरचना पाउँछ, जुन मानव जातिको लाक्षणिक विशेषता हो । यो संरचनालाई हामीले स्थिर र अपरिवर्तनीय मान्नु पर्दछ । यसका साथै, आफ्नो जीवनकालको क्रममा उसले एउटा सांस्कृतिक संरचना पनि पाउँछ, जसलाई उसले संवादहरु र अन्य धेरै प्रकारका प्रभावहरुमार्फत् समाजबाट ग्रहण गर्दछ । यो सांस्कृतिक संरचना नै त्यो चीज हो, जुन समयसंगसंगै परिवर्तन हुँदै जान्छ । साथै यसले व्यक्ति र सामाजवीचको सम्बन्धहरुलाई अति धेरै मात्रासम्म तय गर्दछ । तथाकथित आदिम संस्कृतिहरुको तुलनात्मक खोजद्वारा आधुनिक नृतत्वशास्त्रले हामीलाई बताउँछ-मानिसहरुमा सामाजिक व्यवहारमा व्यापक अन्तर हुन सक्दछ, जुन समाजमा प्रभावकारी प्रचलित सांस्कृतिक प्रतिमानहरु र संगठनको स्वरुपमा निर्भर हुन्छ । कुनै मानव समुदायको उन्नतिका लागि प्रयासरत मानिसहरुले आफ्ना आशाहरु यसैमाथि आधारित गर्न सक्छन् । आफ्नो जैविक संरचनाको कारणले, एक अर्काको विनाश गर्नका लागि कुनै क्रुर र आत्मघाती स्थितिको दयामा भर परीरहनका लागि मानवजाति अभिशप्त छैन ।

यदि हामीले आफैंलाई प्रश्न गर्‍यौं कि मानव- जीवनलाई यथासम्भव सन्तोषजनक बनाउनका लागि समाजको संरचना तथा व्यक्तिको सांस्कृतिक दृष्टिकोण कसरी बदल्ने ? त्यसैले,यस तथ्यको बारेमा हामी सतत सचेत रहनु पर्छ कि- कुन त्यस्ता परिस्थितिहरु छन्, जसलाई बदल्न हामी असमर्थ छौं ? अगाडि नै भनिसकेको छु कि- व्यवहारिक अर्थमा मानिसको जैविक प्रकृति परिवर्तनशील छैन । फेरि पनि, विगतका केही शताब्दीहरुको प्रविधि र जनसांख्यकीय विकासद्वारा निर्मित परिस्थितिहरु पनि यथावत रहीरहने कुरा हुन् । अपेक्षतया घना आवादी भएका आवादीहरुको अस्तित्वको खातिर अपरिहार्य सामग्रीको आपूर्तिका लागि एउटा चरम श्रम-विभाजन तथा अत्यन्त

## यो यही हो सापेक्षताको सिद्धान्त

**प्रेरक - प्रसंग**

एक बिहान प्रोफेसर आइन्स्टाइन सधैंको जस्तो जलपान गर्न तल कोठामा आए । तर त्यस दिन उनले खानेकुरा छुनसम्म पनि छोएनन् । श्रीमती अइन्स्टाइनलाई श्रीमानलाई सन्चो भएन जस्तो लाग्यो र सोधिन् ।

जवाफमा उनले " मलाई बडो अनौठो विचार आएको छ " भने र अरु केही नबोली कफी पिउन थाले । तुरुन्तै पियानो भए ठाउँमा गएर पियानो बजाउन थाले । एक छिनपछि पियानो बजाउन छाडेर उनी केही लेख्दै जान्थे र भन्थे- " बडो अनौठो विचार आएको छ ।"

आधा घण्टामा त्यसरी नै पियानो बजाएपछि उनी आफ्नो अध्ययनकक्षमा गए । उनले आफूलाई नबोलाउन र बाधा नदिन भनेका थिए । उनी दुई हप्तासम्म त्यहाँ बसे । श्रीमती हरेक दिन त्यहीं नै खानेकुरा लान्थिन् । आइन्स्टाइन कहिलेकाहीं साँझमा थोरै समय टहलिनु बाहेक त्यहीं नै बसेर काम गरिरहन्थे ।

एक दिन उनी त्यस कोठाबाट निस्के, उनको अनुहार पहेंलो देखिन्थ्यो । उनको हातमा दुई टुक्रा कागत थिए । बडो थकित पाराले उनले त्यो कागत टेबिलमा राखे र भने, " यो यही हो-सापेक्षताको सिद्धान्त । " ❑

( श्रीमती आइन्स्टाइनको संस्मरणमा आधारित )

# आइन्स्टाइनको लक्ष्य

महान् बैज्ञानिक अल्बर्ट आइन्स्टाइन कामप्रति अति नै तल्लीन भएर लाग्दथे । जुन कार्य शुरु गर्दथे, त्यो काम फत्ते गरेर मात्र छोड्थे । एक पटक आइन्स्टाइन शोधपत्र लेख्ने काम पूरा गरेर क्लिप ( कागज च्याप्ने कुरा ) खोज्न थाले । टेबुल र दराजको सम्पूर्ण स्थानमा खोजीसक्ता पनि उनले फेला पार्न सकेनन् । अन्त्यमा उनले एउटा कुना बिग्रेको काम नै नलाग्ने पुरानो पेपरक्लिप देखे । उनले यो क्लिपलाई काममा लगाउने जुक्तिबारे सोच्न थाले र बनाउनपट्टि लागे ।

एक छिनपछि उनको सहायक पनि आइपुगे । आइन्स्टाइन एउटा पुरानो क्लिप मर्मत गर्न लागेको देखेर उनले दराजबाट एक बट्टा नयाँ क्लिप निकाले र भने-"महोदय ! हामीसँग प्रशस्त क्लिपहरु छन् । तपाई पुरानो क्लिप बनाउँदै हुनुहुन्छ । त्यसलाई फालेर नयाँ प्रयोग गरे भैहाल्छ नि ! "

आइन्स्टाइनले उनको कुरा सुन्दै नसुनी लगातार त्यसैमा लागेर क्लिप तयार गरी छोडे र शोधपत्रमा च्यापे । उनले आफ्नो सहायकलाई बोलाएर पीठमा थप्थपाउँदै भने- "'बाबु ! जुन लक्ष्यप्रति लागिन्छ, त्यसमा निरन्तर लाग्नुपर्छ र विचलित हुनुहुन्न । मलाई कसैले पनि आफ्नो लक्ष्यबाट विचलित पार्न सक्तैन ।"

साभार : विज्ञानका कुरा / ज्ञान गुन प्रकाशन

*केन्द्रिकृत उत्पादनतन्त्र परम आवश्यक छ । अतीततिर हेर्दा त्यो समय, जुन यति रमणीय लाग्दथ्यो, सधैँको लागि गुज्रिसकेको छ, त्यो बेला जबकि व्यक्ति वा सापेक्षतया सानो समूह पूर्णत: आत्मनिर्भर रहन सक्दथ्यो । यो कुरा भन्नु धेरै अतिशयोक्तिपूर्ण नहोला कि मानव जातिले अहिले मात्रै उत्पादन र उपभोगको एउटा विश्वव्यापी समुदायको रचना गरेको छ ।*

*अब म त्यस विन्दुमा आइपुगेको छु, जहाँबाट म आजको संकटको सारतत्वतिर अलिकति संकेत गर्न सक्छु । व्यक्तिको समाजसंगको सम्बन्धसित यो सम्बन्धित छ । व्यक्ति समाजमाथिको आफ्नो निर्भरताप्रति हर-हमेशादेखि सचेत रहँदै आएको छ । किन्तु ऊ यस निर्भरतालाई एउटा सकारात्मक गुणको रुपमा, एउटा जीवन्त बन्धनको रुपमा, एउटा रक्षक शक्तिको रुपमा महशूस गर्दैन, बरु यसलाई आफ्ना प्राकृतिक अधिकारहरुका लागि, यहाँसम्म कि आफ्नो आर्थिक अस्तित्वका लागि खतराको रुपमा महशूस गर्दछ । यस बाहेक, समाजमा उसको स्थिति यस्तो छ कि उसको (मानसिक) संरचनामा निहित स्वार्थी प्रवृत्तिहरु निरन्तर प्रवल हुँदै गइरहेका छन्, जब कि उसका समाजिक प्रवृत्तिहरु,जो स्वभावैले कमजोर छन्,तेज गतिले नष्ट हुँदै गइरहेका छन् । सबै मानिस, चाहे समाजमा उनीहरुको जुनसुकै स्थान किन नहोस्, नष्ट हुने यस प्रकृयाको शिकार भएका छन् । थाहा नपाउँदा-नपाउँदै, आफ्नै स्वार्थहरुको कैदी बन्दै ऊ स्वयं आफूलाई असुरक्षित, एकाकी तथा जीवनका निष्कपट, सरल र स्वाभाविक आनन्दहरुबाट बंचित महशूस गर्दैछ । मानिसले खतराले भरिएको आफ्नो यस सानो जीवनमा स्वयं आफूलाई समाजप्रति समर्पित गरेरै मात्र अर्थ पाउन सक्छ ।*

*मेरो विचारमा नराम्रो कुराको सक्कली स्रोत वर्तमान पूँजीवादी समाजको त्यो आर्थिक अराजकता हो, जो यहाँ आज मौजूद छ । हाम्रासामु विशाल उत्पादक समूदाय छ, जसको सदस्यले बल प्रयोगद्वारा होइन, बरु समग्रतामा विश्वसनीय रुपले कानूनत: स्थापित नियमहरु अनुसार एक अर्कालाई सामूहिक श्रमको फलबाट बंचित गर्नका लागि कोशीस गर्दैछ । यस सन्दर्भमा यो अनुभव महत्वपूर्ण छ कि उत्पादनको साधन-अर्थात् समस्त उत्पादक क्षमता, जो उपभोक्ता सामग्री संगसंगै पूँजीगत सामग्री पैदा गर्नका लागि आवश्यक छ- कानूनी रुपले व्यक्तिहरुको निजी सम्पत्ति हुन सक्छ र अधिकतर छ पनि ।*

*अगाडिको वहसमा सरलताको दृष्टिले म ती सबै मानिसलाई "मजदूर" भन्ने छु, जसको उत्पादनका साधनहरुको मालिकत्वमा कुनै हिस्सेदारी छैन । हुन त, यो शब्द परम्परागत प्रयोग अनुरुप पूर्ण त छैन । उत्पादनका साधनहरुका मालिकहरु मजदूरको श्रमशक्ति किन्न सक्ने स्थितिमा हुन्छन् । उत्पादनका साधनहरुको प्रयोग गरेर मजदूर नयाँ चीज बनाउँछ, जुन पूँजीपतिको सम्पत्ति बन्न जान्छ । मजदूरले जुन बनाउँछ, र जुन उसले पाउँछ,- वास्तविक मूल्यको रुपमा यसलाई नाप्दा यी दुवैबीचको सम्बन्ध नै त्यस पूरै प्रक्रियाको महत्वपूर्ण विन्दु हो । श्रम अनुवन्धको "स्वतन्त्रता" को कारणले मजदूरले जे पाउँछ, त्यो ऊद्वारा उत्पादित सामग्रीको वास्तविक मूल्यबाट निर्धारित नभैकन, उसको न्यूनतम आवश्यकताहरुबाट र कमिको खोजीको कुदाकुद- प्रतिस्पर्धामा लागिरहेका मजदूरहरुको संख्याको अनुपातमा पूँजीपतिको श्रमशक्तिको जरुरतबाट निर्धारित हुन्छ । यहाँ यो कुरा जान्नु महत्वपूर्ण छ कि सैद्धान्तिक रुपमा मात्रै पनि मजदूरको ज्याला उसको उत्पादनको मूल्यद्वारा निर्धारित हुँदैन ।*

*आंशिक रुपमा पूँजीपतिहरुको आपसी होडबाजीको कारण र आंशिक रुपमा प्रविधि विकासको कारणले निजी पूँजी केही व्यक्तिहरुका हातहरुमा केन्द्रित हुँदै जान्छ र बढ्दो श्रम-विभाजनले उत्पादनको लघुतर इकाईहरुको मूल्यमाथि वृहत्तर इकाईहरुको निर्माणलाई प्रोत्साहित गर्दछ । यस विकासकै परिणाम स्वरुप निजी पूँजीको एउटा गुटतन्त्र (ओलिगार्सी) बन्छ, जसको अपार शक्तिलाई प्रजातान्त्रिक ढंगले संगठित एउटा राजनीतिक समाजले पनि प्रभावकारी ढंगले नियन्त्रित गर्न सक्दैन । यो एउटा सत्य हो, किनकि विधायिका संस्थाहरुका सदस्यहरुको चुनाव राजनीतिक दलहरुद्वारा हुन्छ, जसले पूँजीपतिहरुबाट आर्थिक सहायता प्राप्त गर्दछन् वा अन्य तरीकाहरुबाट उनीहरुका प्रभावमा रहन्छन् । यी पूँजीपतिहरुले व्यवहारिक रुपले, हरेक तरीकाहरुद्वारा निर्वाचकहरुलाई विधायकहरुबाट अलग गरिदिन्छन् । यसको नतीजा यो हुन्छ कि- जनताका प्रतिनिधिहरु आवादीका दलित-शोषित वर्गका हितहरुलाई वस्तुत: पर्याप्त रक्षा गर्न सक्दैनन् । यस बाहेक, वर्तमान परिस्थितिमा निजी पूँजीपतिले प्रत्यक्ष वा परोक्ष रुपले सूचनाका प्रमुख स्रोतहरु (प्रेस, रेडियो, शिक्षा) माथि अनिवार्यत: आफ्नो नियन्त्रण राखीछाड्छन् । यस प्रकारले कुनै नागरिकका लागि वस्तुगत निष्कर्षहरुसम्म पुगीछाड्न वा आफ्नो राजनीतिक अधिकारहरुको सटीक प्रयोग गरीछाड्न अत्यन्त कठीन हुन्छ र वास्तवमा अधिकांश मामलामा त एकदम असंम्भव नै हुन्छ ।*

*यस प्रकारले सम्पत्तिको निजी मालिकत्वमाथि आधारित अर्थव्यवस्थामा अढेको वर्तमान स्थितिलाई दुई मुख्य सिद्धान्तद्वारा स्पष्ट पार्ने गरिन्छ । पहिलो, उत्पादनका साधनहरु (पूँजी) माथि निजी मालिकत्व रहन्छ र मालिकले जेलाई ठीक सम्झन्छ, त्यसैलाई बेच्छ । दोस्रो, श्रम-अनुवन्ध स्वतन्त्र हुन्छ । वास्तवमा, यस अर्थमा एउटा शुद्ध पूँजीवादी समाज जस्तो कुनै पनि वस्तु हुनै सक्दैन । विशेष रुपमा, उल्लेखनीय छ कि लामो र तीखो राजनीतिक संघर्षहरुद्वारा "स्वतन्त्र श्रम सम्झौता" को अलिकति सुधारिएको रुप केही प्रकारका मजदूरहरुको लागि पाउन मजदूरहरु सफल भएका छन्, तर समग्रतामा आजको अर्थव्यवस्था "शुद्ध" पूँजीवादभन्दा धेरै भिन्न छैन ।*

*उत्पादन नाफाको लागि गरिन्छ, न कि उपभोगको लागि । त्यस्तो कुनै प्रावधान छैन कि सक्षम र कामका लागि इच्छुक सबै मानिस सँधै*

बाँकी २२ पेजमा

## सापेक्षताबाद के हो ?



अल्बर्ट आइन्स्टाइनको

सापेक्षतावादको सिद्धान्तको सम्बन्धमा हजारौं पुस्तक लेखिएका छन् ।आइन्स्टाइनलाई सोधिंदा उनले यसरी ब्याख्या गरे - "प्रतिक्षा !

यो शब्दको अर्थ अनेकौं लाग्न सक्तछ । तपाईलाई आफ्नी प्रियसीसंग एक घण्टा बिताउँदा पनि एक मिनेट जस्तो लाग्न सक्तछ र तातो भाँडोमा बस्नु पर्दा एक मिनेट पनि एक घण्टा जस्तो लाग्न सक्तछ । सापेक्षतावाद भनेको यहीं हो ।"

# हामी किन भौतिकवादी हुनु जरूरी छ ?

-प्रज्ञानरत्न

**हामी भौतिकवादको निम्ति जन्मीदिएका मानिस होइनौं**

## आदर्शवादसित हाम्रो कुनै बापबैरी छैन ।

***किन हाम्रो विश्व दृष्टिकोण भौतिकवादी हुनु जरूरी छ ? किन हामी आदर्शवादी दृष्टिकोणले काम चलाउन सक्दैनौं ?***

***भौतिकवादी विश्व दृष्टिकोण मार्क्स एंगेल्सले विकास गर्नु भएको हो र उहाँहरू महान हुनुहुन्थ्यो, त्यसैले यो सही छ ।- कुरा यस्तो होइन । आदर्शवादसित हाम्रो पुस्तैनी रीस छ, त्यसैले त्यो गलत छ, - कुरा यस्तो पनि होइन ।***

मुख्य सवाल उपयोगिताको हो । हामी भौतिकवादको निम्ति जन्मीदिएका मानिस होइनौं । भौतिकवाद हाम्रो निम्ति उपयोगी हुन सक्छ कि सक्दैन ? - मुख्य सवाल यसको हो । आदर्शवादसित हाम्रो कुनै बापबैरी छैन । यो दृष्टिकोण अप्नाएर हाम्रा जीवनका समस्यहरू सही तवरले हल गर्न सकिन्छ कि सकिन्न ? - रोजाइको निम्ति मुख्य आधार यो हो ।

भौतिकवादी दृष्टिकोणको सार के हो भने, हाम्रो चेतना "विचार" अथवा "आत्मा" भन्दा बाहिर स्वतन्त्र रूपमा बस्तुहरुको अस्तित्व छ भनेर स्वीकार्नु । र, प्रयत्न गरे बस्तुहरुको यो अस्तित्वलाई थाहा पाउन सकिन्छ भनेर स्वीकार्नु ।

अर्को शब्दमा भन्ने हो भने- हाम्रो मन भए पनि नभए पनि मनभन्दा बाहिर स्वतन्त्र रुपमा संसार छ, बस्तुगत यथार्थ छ । हाम्रो मनले त्यो संसार र बस्तुगत यथार्थको प्रतिविम्ब उतार्ने काम गर्छ र हाम्रो मनले यथार्थको झण्डै झण्डै दुरूस्त चित्र उतार्न सक्छ भनेर स्वीकार गर्नु नै भौतिकवादी दृष्टिकोण हो ।

संसारमा मान्छे आएको २५ लाख वर्ष भयो । त्यो भन्दा पहिले पनि प्रकृति थियो । यो पृथ्वी थियो । त्यसैले यो प्रकृति हुनु नहुनु, संसार हुनु नहुनु, मान्छेको चेतनामा आधारित छैन । मान्छेमा चेतना भन्ने कुरा विकास हुनुअघि नै संसारमा बस्तुहरू थिए । चेतना स्वयम् मानिसको दिमागको उपज र विशेषता हो । र, त्यो दिमाग आफैं एउटा जटील बस्तु हो । यस अर्थमा, चेतना आफैं बस्तुको उपज हो, प्रकृतिकै एउटा अद्भूत सिर्जना हो । चेतनाले बस्तुलाई सिर्जना गरेको होइन, प्रकृति अथवा बस्तुको विकास क्रममा चेतना सिर्जित भएको हो । त्यसैले, प्राथमिक कुरो चेतना होइन, बस्तु हो । तथापि चेतना बस्तुबाट अलग्गै कुनै कुरा होइन । यो बस्तुसितै अभिन्न रूपले जोडिएको, तर बस्तुभन्दा भिन्नै कुरा हो ।

हरेक बस्तुको केही न केही मात्रामा र रूपमा प्रतिविम्व उतार्ने क्षमता हुन्छ । जस्तो, बालुवामा पाइलाको डोब बस्छ । पानीमा हरेक चीजको प्रतिविम्व छर्लंगै देखिन्छ । हरेक ठोस चीजमा हाम्रो औंलाको शंख, चक्रको डाम बस्दछ । त्यस्तै, हाम्रो दिमाग भन्ने बस्तुको पनि बस्तुको प्रतिविम्व उतार्ने क्षमता हुन्छ । संवेदना, अनुभूति र विचार भनेको हाम्रो दिमागको प्रतिविम्व उतार्ने क्षमताकै विभिन्न रूप र प्रक्रियाहरू हुन ।

तर दिमागको यो प्रतिविम्व उतार्ने क्षमता खालि बालुवामा डोब र ऐनामा अनुहारको प्रतिविम्व देखिए जस्तो सरल चाहिं हुँदैन । यसले बस्तुहरूको प्रतिविम्व उतार्ने, अनेकौं प्रतिविम्वलाई एकै ठाउँमा जोड्ने, चाहिएको बेलामा अनेकौं बस्तुको प्रतिविम्व फेरि रचना गर्ने, पुराना प्रतिविम्वहरुको जोड / घटाउबाट बिल्कुलै नयाँ चित्र प्रतिविम्वित गर्ने क्षमता पनि राख्छ । त्यसैले मानव दिमागको प्रतिविम्व उतार्ने क्षमता अत्यन्त जटील र ब्यापक हुन्छ । यही ब्यापक र जटील प्रतिविम्व उतार्ने क्षमतालाई नै चेतना भनिएको हो ।

नून एउटा बस्तु हो । नूनिलोपन त्यो वस्तुको हाम्रो इन्द्रियहरूमार्फत दिमागमा पर्ने प्रतिविम्व हो । मीठो संगीत तरंगको रूपमा बस्तुको अस्तित्वको एउटा रूप हो । सुमधुर झन्झनाहट त्यो बस्तुको हाम्रो इन्द्रियहरूमार्फत दिमागमा पर्ने प्रतिविम्व हो । त्यस्तै ठूलो-सानो, तातो-चिसो, कडा-नरम, अग्लो-होचो, चारपाटे-तीनकुने-सबै बस्तुका अस्तित्वका बिभिन्न रूपहरू हुन् र हाम्रो दिमागले त्यसको प्रतिविम्वन गर्छ र गर्न सक्छ ।

तर भौतिकवादी दृष्टिकोणको मुख्य सार के हो भने-बाह्य संसार र प्रकृति आमा हो र चेतना त्यसकै सन्तान । नून भन्ने बस्तु संसारमा अस्तित्वमा नहुँदो हो त नूनिलोपनको अनुभूति पनि कदापि हुने थिएन ।

आदर्शवादी दृष्टिकोण भने यसको विल्कूल उल्टो छ । यसले चेतनालाई आमा मान्छ र सारा संसार, प्रकृति, बस्तु जगतलाई त्यसको सन्तान । चेतना वा आत्मा प्राथमिक हो, बस्तु त्यसको उपज हो, चेतनाले नै बस्तुको सिर्जना गर्छ, चेतना र बस्तु जगत मानिसले प्रयत्न गरेर जान्न, थाहा, पाउन सकिन्न । आदर्शवादको मुख्य सार यही हो ।

अर्को शब्दमा भन्ने हो भने- आदर्शवादका अनुसार-मानिसको चेतनाभन्दा बाहिर स्वतन्त्र रूपमा बस्तुगत यथार्थको कुनै अस्तित्व छैन । जे छ- संवेदनामा छ, अनुभूतिमा छ, चेतना वा आत्मामा छ । त्यो भन्दा बाहिर, त्यो भन्दा अलग्ग केही छैन । र, यो संसार बोधगम्य छैन । अर्थात्, यसलाई प्रयत्न गरेर बुझ्न, थाहा पाउन संभव छैन ।

ईश्वरले यो संसार सिर्जना गऱ्यो र यो संसार अपरंपार छ भनेर हामी पुराण-धर्मग्रन्थहरूमा जो पढ्छौं, त्यसैले अप्नाएको दृष्टिकोण यही आदर्शवादी दृष्टिकोण हो । धार्मिक अन्धविश्वास र आदर्शवादी दृष्टिकोण उस्तै उस्तै हुन्छ । दुबैले आत्मा, परम्आत्मा वा चेतनालाई प्रकृति वा संसारको सृष्टिकर्ता मान्छन् । दुवैले संसारलाई जान्न, बुझ्नै नसकिने मान्छन् । दुवैले चेतनाभन्दा बाहिर स्वतन्त्र रूपमा बस्तुको अस्तित्वलाई अस्वीकार गर्छन् ।

अब प्रश्न के हो भने, किन हामीले भौतिकवादी विश्व दृष्टिकोण नै रोजेको त ? किन हामीले आदर्शवादी विश्व दृष्टिकोण नरोज्ने ?

यो हाम्रो इच्छा, अनीच्छाको सवाल होइन । सवाल वैज्ञानिकता, अवैज्ञानिकताको हो । हाम्रो जीवनको हरेक समस्या कुन दृष्टिकोणबाट सही तवरले हल गर्न सकिन्छ ? कुन दृष्टिकोणले हामीलाई सत्यको नजीक र गहिराहीमा पुऱ्याउन मद्दत गर्छ ?-सवाल यसको हो ।

हामीले भौतिकवादी दृष्टिकोण नै रोज्न आवश्यक हुनुको एउटा प्रमुख कारण के हो भने-यो दृष्टिकोण वैज्ञानिक छ । यसको सहीपना विज्ञानले अकाट्य प्रमाणद्वारा पुष्टि गरेको छ । विज्ञानले प्रमाणद्वारा पुष्टि गरेको छ कि बस्तुको विकासको क्रममा नै जीवको उत्पत्ति भएको हों र जीवको विकासको दौरानमा चेतनाले युक्त मानवको उत्पत्ति भएको हो ।

पृथ्वी साँढे चार अरब वर्ष पहिले उत्पत्ति हुँदा त्यसमा बस्तुहरू थिए, तर जीव थिएनन् । पृथ्वीमा २५ लाख वर्षभन्दा अघि जीवजन्तुहरू थिए, तर चेतनाले युक्त मान्छे थिएन । त्यसैले, विज्ञानले पनि प्रमाणित गरेको छ- बस्तुको विकासको क्रममा नै मानव र मानव चेतनाको सिर्जना भएको हो । चेतनाको विकासको दौरानमा बस्तुको सिर्जना भएको होइन, पृथ्वीमा यस्तो पनि स्थिति थियो, जतिखेर बस्तु थियो, तर चेतना थिएन । यसबाट चेतनाले नै बस्तु सिर्जना गऱ्यो भन्ने आदर्शवादी दृष्टिकोण गलत सावित हुन्छ, र वस्तुले नै चेतना सिर्जना गऱ्यो भन्ने भौतिकवादी दृष्टिकोण सही सावित हुन्छ ।

विज्ञानको प्रत्येक आविष्कारमा बस्तु जगतका नयाँ नयाँ रहस्य पत्ता लाग्दै गएका छन् । त्यसैले संसार अज्ञेय छ, यसलाई बुझ्न, थाहा पाउन सकिन्न भन्ने आर्दशवादी दृष्टिकोणलाई विज्ञानको प्रत्येक आविष्कार आफैंले सप्रमाण खण्डन गरेको छ । प्रयत्न गऱ्यो भने संसारको हर रहस्य थाहा पाउन सकिन्छ र त्यसैले संसार ज्ञेय छ । यो भौतिकवादी दृष्टिकोण सही छ भन्ने कुराको साक्षी विज्ञान आफैं छ ।

भौतिकवादी दृष्टिकोण नै रोजनका लागि अरू पनि आधारभूत कारणहरू छन् ।

पानी पऱ्यो । किन र कसरी पानी पर्छ ? यो समस्याको गुत्थी फुकाउनका लागि हामीलाई भौतिकवादले पानी भन्ने बस्तुको नालीबेली खोज्न सिकाउँछ । हाम्रो चेतनाभन्दा बाहिर स्वतन्त्र रूपमा पानीको अस्तित्व कसरी हुन्छ ? कसरी पानी बादलबाट बर्षन्छ ? बादल कसरी बाफद्वारा बन्दछ ? बाफ कसरी पानीद्वारा बन्दछ ? यी सबै बास्तविकताहरू खोज्न, पत्ता लगाउन सिकाउँछ । यस क्रममा "हामी पानी यसरी पर्छ" भन्ने सत्य पत्ता लगाउन समर्थ हुन्छौं । जब पानी किन पर्छ र कसरी पर्छ भन्ने सत्य हामीले थाहा पाउँछौं, आवश्यकता परेमा हामी आफैं पानी पार्न पनि समर्थ हुन्छौं । अहिले वैज्ञानिकहरु सीमित क्षेत्रमै भएपनि जरूर त भएको बेला जरूरत भएको ठाउँमा पानी पार्न समर्थ भएका छन् । पानी किन

**नून भन्ने बस्तु संसारमा अस्तित्वमा नहुँदो हो त नूनिलोपनको अनुभूति पनि कदापि हुने थिएन ।**

र कसरी पर्छ भन्ने बस्तुगत यथार्थ पत्तो लगाउन सकेकाले नै यो संभव भएको हो। यो चेतनाभन्दा बाहिर स्वतन्त्र रूपमा बस्तु जगतको अस्तित्व छ र प्रयत्न गरेमा त्यो बस्तु जगतको यथार्थ पत्तो लगाउन सकिन्छ भन्ने भौतिकवादी दृष्टिकोण अप्नाउनाले नै संभव भएको हो।

पानी पर्नुको कारण पनि चेतनामा खोज्ने, आत्मामा खोज्ने आदर्शवादी दृष्टिकोण अप्नाएको हुँदो हो त पानी पर्नुको वास्तविक कारण थाहा पाउन र पानीमाथि मानिसको नियन्त्रण कायम गर्न कदापि संभव हुने थिएन। यो दृष्टिकोण अनुसार त पानी पर्नुको पछाडि कारणका रुपमा कुनै परमात्मा खोज्नु पर्‍यो, कुनै चेतना तत्व खोज्नु पर्‍यो। किनकि, यो दृष्टिकोण अनुसार बस्तुको कुनै स्वतन्त्र अस्तित्व नै हुँदैन। बस्तुलाई चेतनाले नै पैदा गर्छ र चेतना वा आत्माभन्दा बाहिर बस्तुगत यथार्थ भन्ने कुनै कुरा नै हुदैन। यो स्थितिमा पानी पर्नुको कारणका रूपमा कुनै भगवान खोज्नु सिवाय हामीसित कुनै उपाय नै बांकी रहँदैन। पानी पार्नको लागि तिनै परमात्माको प्रार्थना गर्नु सिवाय हामी केही गर्न सक्दैनौं। साथसाथै संसार अज्ञेय हुनाले पानी पर्नुको कारण पनि अज्ञेय छ भन्ने आदर्शवादी दृष्टिकोण मान्ने हो भने हामी पानी पर्नुको कारणबारे खोजीनीति गर्न कहिल्यै पाइला नै चाल्नै थिएनौं।

यही कुरा क्षयरोगको समस्या सम्बन्धमा पनि लागू हुन्छ।

यदि भौतिकवादी दृष्टिकोण अप्नाउने हो भने क्षयरोगको वास्तविक कारण र त्यसको निदान पत्ता लगाउन संभव छ। वैज्ञानिकहरूले क्षयरोगको रहस्य पत्ता लगाएका पनि छन् र त्यसको उपचार पनि। तर आदर्शवादी दृष्टिकोण अप्नाउने हो भने क्षयरोगको समस्याका सम्बन्धमा पनि कुनै परमात्मा वा ईश्वरको पुकारा गर्न सिवाय हामी अरु केही गर्न सक्दैनौं। न त हामी बस्तुजगत थाहा पाउन सकिन्न भन्ने अज्ञयवादी दृष्टिकोण अप्नाएर क्षयरोगका बारे कहिल्यै कुनै अनुसन्धान नै गर्न सक्थौं।

यसरी हामीले देख्यौं, भौतिकवादले हामीलाई बस्तु जगतसित मिल्दोजुल्दो विचार तथा धारणा बनाउन माग गर्छ। हाम्रो धारणा वा विचार वास्तविकतासित दुरूस्त मिल्नु पर्छ, अनि मात्र त्यो सही विचार हुन्छ- भौतिकवादले मानिसलाई संसारप्रति यस्तो दृष्टिकोण राख्न सिकाउँछ। किनभने, भौतिकवाद अनुसार धारणा वा विचार भनेको दिमागमा उत्तिकै उब्जिने कुरा होइन। त्यो बस्तु जगतकै मानिसको मस्तिकमा उत्रने जटील प्रतिविम्व हो। प्रतिविम्व बस्तु जगतकै दुरूस्त उत्र्यो,-त्यो सही विचार हुन्छ। प्रतिविम्ब विकृत उत्र्यो,- त्यो गलत विचार हुन्छ। त्यसैले, भौतिकवादले हामीलाई जहिले पनि माग गर्छ,- बस्तुलाई जस्तो छ, त्यस्तै देख्ने प्रयत्न गर। अनि मात्र तिम्रो धारणा सही हुन्छ। यसरी यसले हामीलाई हमेशा सत्यतिर डोर्‍याउँछ। वास्तविकतातिर डोर्‍याउँछ।

आदर्शवादले भने हामीलाई मनपरी वा मनगढन्त धारणा बनाउन उत्प्रेरित गर्छ। किनभने, यसले बस्तु जगतको स्वतन्त्र अस्तित्व नै स्वीकार्दैन र त्यसले विचार वा धारणालाई बस्तुगतको प्रतिविम्वको रूपमा नै हेर्दैन। आदर्शवादका अनुसार विचार वा धारणा भनेको मानिसको दिमागी उपज हो। त्यसैले हाम्रो विचार र धारणा वास्तविकता अथवा बस्तुजगतसित मिल्दोजुल्दो हुनु पर्ने कुनै दरकार नै छैन- यसको लागि। यसका अनुसार त चेतना आफैंमा पूर्ण छ र आफैमा सबथोक हो र सब बस्तुहरू यही चेतनाका सिर्जना हुन्। यसरी यसले हामीलाई सत्य पत्ता लगाउनतिरै डोर्‍याउँदैन। बस्तुलाई जस्तो छ, त्यस्तै हेर्नतिर डोर्‍याउँदैन।

समस्या समाधानमा यसले निकै फरक पार्छ।

हामी कुनै कथानकमा अभिनय गर्दैछौं। त्यस्तो अभिनय नै सबभन्दा सुन्दर र जीवन्त हुन्छ, जसले वास्तविक जीवनको हुबहू चित्र दुरूस्त उतार्छ। जुन अभिनयले वास्तविकताको दुरूस्त चित्रण गर्दैन, त्यो चुत्थो अभिनय ठहरिने गर्छ। यसरी कुनै कलाकारलाई भौतिकवाद भन्ने शब्द थाहा नहुन सक्छ। तर एउटा सफल कलाकार हमेशा आवश्यकीय रूपमा भौतिकवादी भईरहेकै हुन्छ। तपाईले मन-गढन्त अभिनय गरेर कहिल्यै जीवन्त अभिनय प्रस्तुत गर्नै सुक्नुहुन्न। यही कुरा कथाकार, उपन्यासकारहरूमा पनि लागू हुन्छ। एउटा साहित्यकार तब मात्रै सफल साहित्यकार हुन्छ, जब उसको साहित्यले यथार्थको जीवन्त चित्रण गर्नसक्छ। यथार्थको जीवन्त चित्रण गर्नु भनेको घोषित वा अघोषित रूपमा, भौतिकवादी दृष्टिकोण अप्नाउनु हो।

हामी शत्रुसित युद्धरत छौं। लडाईमा शत्रुको शक्ति कति छ ? उसको सवलता केमा छ ? दुर्वलता केमा छ ? हाम्रो आफ्नो स्थिति के छ ?- भौतिकवादी दृष्टिकोणले हामीलाई युद्धमा हरहमेशा यी सबै वस्तु

यथार्थको जीवन्त चित्रण गर्नु भनेको घोषित वा अघोषित रूपमा, भौतिकवादी दृष्टिकोण अप्नाउनु हो।

जगतका वास्तविकताहरू पत्ता लगाईरहने माग गर्छ, किनभने लडाईमा शत्रुको स्थिति हाम्रो चेतनाभन्दा बाहिर स्वतन्त्र रूपले अस्तित्वमान हुन्छ। हामीले त्यो गतिशील वास्तविकतासित लगातार परिचित भएर सही युद्धनीति बनाउँछौं र शक्ति परिचालन गर्छौं भने युद्धमा हाम्रो जित सुनिश्चित हुन्छ। शत्रुबारे हामी मनगढन्त धारणा बनाउँछौं भने हाम्रो युद्धनीति गलत हुन्छ र हामी युद्धमा हार्छौं। यसरी हरेक युद्धमा पनि भौतिकवादी दृष्टिकोणकै आवश्यकता हुन्छ। आदर्शवादी दृष्टिकोणबाट हामी कामै चलाउन सक्दैनौं।

नेपालीमा एउटा उखान छ- "जुत्ता हेरेर खुट्टा काट्ने हैन, खुट्टा हेरेर जुत्ता काट"। यो भौतकवादी उखान हो यसले हामीलाई बस्तुजगत मुताबिक धारणा बनाऊ, धारणा मुताबिक वस्तुजगत खोज्ने हैन, -भन्ने पाठ सिकाउँछ। त्यस्तै पाठ सिकाउने अर्को नेपाली भौतिकवादी उखान हो,- "घाँटी हेरेर हाड निल"।

यो उखानले पनि हामीलाई घाँटीको वास्तविकता हेरेर हाडको छनौट गर्न सिकाउँछ, अर्थात -वास्तविकता मुताबिक विचार बनाउन सिकाउँछ।

२० पेजको बाँकी

## समाजवाद ...

*काम पाउन सक्ने स्थितिमा रहून्, "बेरोजगारहरुको फौज" लगभग सँधै विद्यमान रहीरहन्छ। मजदूरहरु हर- पल कामबाट हटाइने पो हो कि भन्ने भयले ग्रस्त हुन्छन्। हुन त बेकार र अति कम ज्याला पाउने मजदूरहरुले एउटा लाभदायक बजार बनाउन सक्दैन्, यसैले उपभोक्ता- वस्तुहरुको उत्पादन सीमित रहन्छ, जसको परिणाम हुन्छ- भयंकर कठीनाइ। प्राविधिक प्रगतिले सबैको कामको बोझलाई घटाउनुको सट्टा लगातार अझ बढी बेरोजगारी पैदा गर्दछ। पूँजीपतिहरु बीचको प्रतिस्पर्धासँग जोडिएको नाफाको उद्देश्य नै पूँजीको संचय र उपयोगमा अस्थिरताका लागि जिम्मेवार छ, जसले श्रमको दुरुपयोगलाई पैदा गर्दछ र यसका साथसाथै व्यक्तिहरुको सामाजिक चेतनालाई यसले पंगु बनाउँछ। यसैको उल्लेख मैले अगाडि नै गरिसकेको छु।*

*व्यक्तिहरुलाई यस प्रकारले पंगु बनाइनुलाई म पूँजीवादको सबैभन्दा ठूलो अभिशाप मान्छु। हाम्रो सारा शैक्षिक ढाँचा यस अभिशापले ग्रस्त छ। विद्यार्थीको मनमा एउटा अतिरंजित प्रतियोगी दृष्टिकोण बसाल्ने काम यसले गर्छ तथा उसलाई आगामी क्यारिएरका लागि तयारीको रुपमा संग्रहणशील (लोभी) सफलतालाई पूँजा गर्न सिकाउँछ। म यस कुरासँग सहमत छु कि यी विकट नराम्रा कुराहरुलाई समाप्त गर्ने एउटै मात्र बाटो छ- केवल एउटै समाजवादी अर्थ व्यवस्थाको स्थापनाले मात्रै यसलाई समाप्त गर्न सक्छ, जोसंग सामाजिक लक्षहरुले युक्त एउटा शैक्षिक व्यवस्था पनि हुनुपर्छ। यस्तो अर्थ व्यवस्थामा उत्पादनका साधनहरुमाथि स्वयं समाजको स्वामित्व हुन्छ र त्यसको उपयोग पनि नियोजित ढंगले हुन्छ। एउटा नियोजित अर्थ व्यवस्था, जसले समुदायका आवश्यकताहरु अनुरुप उत्पादनलाई समायोजित गर्छ, काम गर्न सक्षम मानिसहरु बीच गरिन लागिएका कामहरु बाँडेर दिन्छ तथा प्रत्येक स्त्री, पुरुष र बच्चाहरुको जीविकाको ग्यारेन्टी दिन्छ। यस्तो समाजमा शिक्षाले व्यक्तिको सहज क्षमतालाई विकास गर्नुका साथसाथै हाम्रो वर्तमान समाजको सत्ता र सफलताको झिलिमिलीको स्थानमा ऊ भित्र आफूजस्तै मानिसहरुप्रति एउटा जिम्मेवारीको भावना विकसित गर्ने प्रयास गर्दछ।*

*फेरि पनि, यस कुरालाई याद राख्नु जरुरी छ- कि एउटा नियोजित अर्थ व्यवस्था नै समाजवाद होइन। एउटा नियोजित अर्थ व्यवस्थामा व्यक्ति पूर्णत: दास हुन सक्छ। समाजवादको स्थापनाले केही अत्यन्त सामाजिक- राजनीतिक समस्याहरुको समाधानको माग गर्छ- राजनीतिक र आर्थिक शक्तिको व्यापार केन्द्रीकरणलाई ध्यानमा राख्दै, नोकरशाहीलाई सर्वशक्ति सम्पन्न र उद्धत हुनबाट कसरी रोक्न सकिन्छ ? व्यक्तिका अधिकारहरुको सुरक्षा कसरी हुन सक्छ र यसका साथसाथै नोकरशाहीको शक्तिलाई निष्प्रभावी बनाउने जनतान्त्रिक शक्तिलाई सुनिश्चित रुपले कसरी स्थापित गर्न सकिन्छ ?*

(**"इतिहास बोध"**: अक्टोबर, डिसेम्बर, १९९२: अंक ११ बाट अनूदित)

अनु: राजेन्द्र महर्जन।

विराटनगरका नेपाली बैज्ञानिकद्वारा

# नयाँ प्रविधिको विकास

## अब गोबरबाट पनि विजुली उत्पादन गर्न सकिने

***करीब ५ वर्षअघि आलुबाट घडी चलाउने प्रविधि पत्ता लगाउनु हुने र मानिस हिड्दा उसको खुट्टाबाट जुत्तामा पर्ने जोडको चापबाट बल्ब बाल्ने प्रविधि पत्ता लगाउनु हुने नेपाली युवा-वैज्ञानिक दिलीप अधिकारीले हालै अर्को एक प्रविधिको विकास गर्नु भएको छ। यो नयाँ प्रविधि हो-गोबरको लेदोबाट विजुली उत्पादन गर्ने प्रविधि। यसलाई उहाँले "किसान ब्याट्री" नामाकरण गर्नु भएको छ।***

अत्यन्तै साधारण, सुलभ र भरपर्दो खोलको उक्त ब्याट्री हाल पूर्वाञ्चलका बिभिन्न पहाडी जिल्लाका किसानहरुले प्रयोग गर्न थालेका छन्। यसका लागि श्री ५ को सरकाले पनि सहयोग गरेको छ, जसले गर्दा किसानहरुले ब्याट्री किन्दा पर्ने रकमको आधा भाग मात्र तिर्नु पर्ने हुन्छ। त्यसैले "किसान ब्याट्री" पूर्वाञ्चलमा अत्यन्तै लोकप्रिय भइरहेको छ। यसको उपयोग मुलुकको अन्य भागका किसानहरुले पनि गर्न सकेमा उर्जाको बढ्दो माग ग्रामिण इलाकामा केही हदसम्म परिपूर्ति हुन सक्दथ्यो। हाल नेपालमा उर्जा संकट (Energy Crisis) ले विकट रुप लिदै गइरहेको छ।

विज्ञानको क्षेत्रमा नयाँ प्रयोगहरु गर्नमा चर्चित विराटनगर निवासी श्री अधिकारीले गत असोज पहिलो हप्तामा पूर्वाञ्चलका कृषि विकास बैंकका अधिकृतहरुलाई यो प्रविधिको प्रदर्शन गर्नु भएको थियो। यसबाट थुप्रै विज्ञहरु प्रभावित भएका र UNDP ले पनि उहाँको यस प्रविधिप्रति चासो राख्न थालेको छ भौतिक शास्त्रमा स्नातक (महेन्द्र मोरंग क्याम्पस, विराटनगरबाट) गरी दिल्लीबाट विज्ञान सम्बन्धी एक वर्षे तालिम लिनु भएका श्री अधिकारीको यो प्रविधिबाट हाल रेडियो, क्यासेट बज्छ र बत्तीको बल्व बल्छ। केही समयपछि नै उहाँ टेलिभिजनको लागि जरुरी उर्जा पनि यसबाट विकास गर्दै हुनुहुन्छ।

नेपाल जलस्रोतको दृष्टिकोणले संसार को दोस्रो ठूलो धनी राष्ट्र भएपनि अहिलेसम्म यहाँ २३२ मेघावाट भन्दा बढी बिजुली उत्पादन गर्न सकिएको छैन। त्यसमा पनि प्रति वर्ष १५% को दरले बिजुलीको माग बढ्दै गइरहेको छ। कूल जनसंख्याको ९% भाग शहर बजारमा बसेको छ। हालसम्म अधिकांश विद्युत उर्जाको खपत यिनै शहर बजारमा भैरहेको छ। ग्रामीण क्षेत्रमा विद्युत पुग्न सकेको छैन। यसका साथै कृषि प्रधान देश भएपनि हालसम्म विभिन्न क्षमताका ४३५१ वटा गोवर ग्यांस संयन्त्र मात्र जडान गर्न सकिएको छ, यसबाट ६ लाख र ८६ हजार २६० घनफूट उत्पादन भैरहेको छ।

जहाँसम्म सौर्य उर्जा, हावा उर्जा, जैविक उर्जाको प्रश्न छ, हालसम्म मुस्ताङ्ग जिल्लामा ६० लाख रुपैयाको लगानीमा २० कि. वा. विद्युत हावाबाट उत्पादन गरी कागबेनी गा. वि. स. का ७० परिवारलाई उपलब्ध गराइएको छ भने सौर्य उर्जाबाट सौर्य ड्राअर, सौर्य चूल्हो, सौर्य स्टील, सौर्य हिटर र सौर्य ब्याट्रीहरु प्रयोगमा ल्याउन थालिएको छ। काठमाडौंका केही ठाउँहरुमा कोइला उत्पादन पनि भैरहेको छ। तर पनि कुल इन्धनको ७०% माग दाउराबाट परिपूर्ति भैरहेकोले वन जंगलको आकार दिन प्रति दिन घट्दो छ। फलस्वरुप, विभिन्न प्रकारका वातावरणीय समस्याहरु नेपालको घर दैलोमा आउन थालेका छन्।

यस्तो अवस्थामा यो "किसान ब्याट्री" को महत्व र सार्थकता झन बढेर गएको छ। कृषि प्रधान देश भएकोले जैविक उर्जाको नेपालमा कुनै कमी छैन। कृषिजन्य अवशेष र गाईबस्तुको गोबर बाट सरल र सुलभ तरीकाले उर्जा उत्पादन गर्न सकिन्छ। नेपालमा इन्धनको रुपमा प्रयोग हुने गरेको कृषिजन्य अवशेषको परिमाण ६ लाख टन रहेको अनुमान छ। यहाँ वर्षेनी ६३ हजार टन गोबर गुईठाको रुपमा बाल्ने गरिएको अनुमान छ। यसले गर्दा करीव ५ हजार टन नाइट्रोजन र ३ हजार टन फस्फोरस नस्ट भैइरहेको छ। त्यसैले, जैविक उर्जालाई यसरी खेर फाल्नुभन्दा त्यसलाई सही ढंगले उपयोग गर्न सकियो भने हाल मुलुकमा रहेका गाई, भैसी, भेडा, बाखा, कुखरा, हाँस आदिबाट पर्याप्त मात्रामा गोबर संकलन गर्न सकिन्छ। साथै, साना भन्दा साना किसान, जसले एउटा पनि गाईबस्तु पालेका छैनन्, तिनले पनि थोरै गोबरमा "किसान ब्याट्री" चलाउन सक्छन्। यो अहिलेको सन्दर्भमा अत्यन्तै भरपर्दो उर्जाको स्रोत हो।

**यो प्रविधिबाट हाल रेडियो, क्यासेट बज्छ र बत्तीको बल्व बल्छ। केही समयपछि नै उहाँ टेलिभिजनको लागि जरुरी उर्जा पनि यसबाट विकास गर्दै हुनुहुन्छ।**

नेपाल जस्तो गरीब र अत्यन्तै निर्धन राष्ट्रमा यो किसान ब्याट्रीले उर्जाको परिपूर्तिमा कतिको ठूलो भूमिका निर्वाह गर्न सक्छ भन्ने कुरा यसको साधारण मूल्य, सुलभ ब्यवस्थापन, सरल संचालन विधि एवं आवश्यक सामानको प्रचूरताबाट हामी सहजै अनुमान लगाउन सक्छौं।

ब्याट्री संचालनका लागि १०-१२ किलो गोबरको लेदोको आवश्यकता पर्दछ, जसलाई तामा (copper) र जस्ता (zinc) भएको बक्समा हालिन्छ। तामा र जस्ताको प्लेटसंग तार जोडेर बल्व बाल्न सकिन्छ। तर यत्तिकै आधारमा मात्र बल्व धेरै बेरसम्म बल्दैन। यसका लागि एउटा एसिड ब्याट्री यससंग सम्बद्ध गरीदिनु पर्छ। यसले बल्वलाई कैयौ घण्टासम्म बाल्न सकिन्छ। एउटा बल्वले २ वटा लालटेन बराबरको प्रकाश दिन्छ। एक पटक गोबरको लेदो हाल्यो भने त्यसले ४-५ दिनसम्म काम गर्छ।

बैज्ञानिक अधिकारीका अनुसार गोबर को एउटा ब्याट्रीबाट २ बटा ट्यूवलाइट, २ वटा ६ भोल्टको रेडियो बज्ने हुँदा २ वटा लालटिन प्रतिरात बाल्दाको मट्टितेल खर्चको साथै प्रति २४ घण्टामा ८ घण्टा रेडियो बजाउँदाको ड्राइसेल (ब्याट्री खपत) संग यसलाई तुलना गर्न सकिन्छ।

### मट्टितेल संग तुलना गर्दा

२ वटा लालटिन ४ घण्टा बाल्दा आधा लिटर मट्टितेल खर्च हुन्छ

२ वटा लालटिन ४ घण्टाको दरले १ महिना बाल्दा १५ लि. मट्टितेल खर्च हुन्छ

२ वटा लालटिन १ वर्ष बाल्दा १५x१२=१८० लि. खर्च हुन्छ।

प्रति लिटर रु. १०।- को दरले १ वर्षमा मट्टितेल खर्च

=१८०x१०=रु. १८००।- हुन्छ

ब्याट्रीको आयु ५ वर्ष भएको हुँदा ५ वर्षमा हुने मट्टितेल खर्च

=१८००x५=रु. ९०००।- हुन्छ

यसरी, ब्याट्रीले आफ्नो आयु भरिमा ९ हजार रुपियाँको बचत गर्दछ।

### ड्राइसेल ब्याट्रीसंग तुलना गर्दा,

प्रति २४ घण्टामा ८ घण्टा रेडियो बजाउने आधारमा ६ भोल्टको रेडियोले १० दिनमा ४ वटा ब्याट्री खपत गर्दछ भने प्रति महीना १२ वटा ब्याट्री रेडियो बजाउन लाग्छ। एक वर्ष यसरी नै बजाइयो भने (१२x१२) =१४४ वटा ब्याट्री खपत हुन्छ। "किसान ब्याट्री" को आयु ५ वर्षको भएको हुनाले (१४४x५=७२०) ५ वर्षमा ७२० बटा ब्याट्री खपत हुन्छ। अब प्रत्येक ब्याट्रीको मूल्य ८ रु पर्ने हुनाले (७२०x८) ५ वर्षमा रु ५७६०।- पर्न आउँछ। साथै ५ वर्ष पश्चात किसान ब्याट्रीमा रहेका तामा र जस्ताको प्लेट बिक्री गर्दा २ हजार रुपिर्या फिर्ता पनि आउँछ।

यसप्रकार ५ वर्षमा मट्टितेल र ब्याट्रीमा (९०००+५७६०) अर्थात्, मात्र १४ हजार ७ सय ६० खर्च हुन्छ जबकि "किसान ब्याट्री" को मूल्य ७ हजार मात्र छ। त्यसमा पनि श्री ५ को सरकाले ५०% अनुदान, सहायोग दिने हुनाले प्रत्येक किसानले ३५ सय रुपियामा यो ब्याट्री किन्न सक्छन्। साथै, तामा र जस्ताको पाताको मूल्य पनि ५ वर्षपछि २ हजारमा विक्री गर्न सकिने हुनाले किसानलाई थप फाइदा देखिन्छ।

वैज्ञानिक अधिकारीले नै खोलेर संचालन गर्नु भएको विराटनगरस्थित "'नेपाल बैकल्पिक उर्जा विकास केन्द्र प्रा. (लि.)" ले तयार पारेको उक्त ब्याट्रीको एक सेटमा गोबरबाट बिजुली निकाल्ने एउटा ब्याट्री, ६ भोल्टको एसिड ब्याट्री, ४ वटा ट्यूवलाइट्, ३ वटा ट्यूवलाइटको फ्रेम सहित अन्य आवश्यक सामानहरु उपलब्ध गराइरहेको छ।

यसप्रकार, हाल पहाडी भेकमा रु. ४०।- प्रति लिटरसम्म पर्ने मट्टितेलको विकल्पमा यो "किसान ब्याट्री" लाई उपयोग गर्न सकेमा नेपालका किसानहरु पक्कै पनि यस दिशामा आत्मनिर्भर बन्न सक्नेछन्। यसले ग्रामीण वातावरणमा मट्टितेलबाट हुने प्रदुषणलाई समेत रोक्न सकिने देखिन्छ र गाउँघरमा टुकी बाल्दा नाकबाट कालो धूवाँ पस्ने र यसले फोक्सो समेतलाई असर गर्ने हुनाले "किसान ब्याट्री" ले यस प्रकारको प्रदुषणबाट पक्कै छुटकारा दिलाउन सक्ने देखिन्छ। हाल यस ब्याट्रीको प्रयोग पहाडमा मात्र गरिने र पछि तराई भेकमा उपलब्ध गराउने योजना कम्पनीको र हेको बुझिएको छ।

— रामरिझन यादव

# बालकहरु किन चोरी गर्छन् ?

- कुमार शर्मा

## बालकहरुमा चोरीलाई बानीको रुपमा विकसित हुन नदिने राम्रो उपाय के हो ?

***अं**गुलीमाललाई पनि बच्चामा भन्ने गरिन्थ्यो- "यो पछि गएर हराम हुन्छ, आफ्नै गुरुलाई काट्छ" आदि । यस्तो सुनेपछि गुरुको पनि उप्रति कुदृष्टि पर्न शुरु हुन्छ । उसले गरेका हरेक कुरालाई गुरुले नकारात्मक ढंगले हेर्ने, व्याख्या गर्ने गर्छन् । एवंम रीतले ऊ बदमासकै रुपमा विकसित हुन्छ र उसलाई गुरुको आश्रमबाट निकालिन्छ । नभन्दै, हुँदा हुँदै ऊ त्यस्तै खालको मान्छेमा परिणत हुन्छ । जंगलमा जाने, मान्छे काट्ने, मान्छेको औंलाको माला लगाउने हुन्छ । थुप्रै मान्छेको हत्या गरी अन्तमा, बुद्धको संसर्गमा आएपछि मात्र ऊ सप्रिन्छ ।*

हाम्रै व्यक्तिगत जीवनमा पनिं यस्तो घटना घटने गर्छ । यदि कुनै आमा बाबुले बच्चाको परिग्रहलाई लिएर वा मन पर्ने सामान टिपटाप पारेको एउटा सानो घटनालाई लिएर "यो बच्चा पछि गएर चोरै हुन्छ, ठूलो चोर हुन्छ" भनी बारम्बार भन्ने गरे, परिवार-गुरु सबैले त्यस्तै भन्ने गरे, र परिवारमा त्यसको खण्डन गर्ने कुनै दरो ठाउं भएन भने त्यो बच्चा पछि गएर त्यस्तै हुने संभावना बेसी हुन्छ । यसलाई मनोविज्ञानमा Self-fulfilling Prophecy भन्ने गरिन्छ । यसको नेपाली अर्थ हो- आफै पूरा हुने भविष्यवाणी ।

यसमा सवैभन्दा दोषी हुने गर्छन्- आमा बाबु र गुरुहरु ।

मन परेको टिपटाप पार्ने घटना आमाबाबुको, नजरमा चोरी हो । बच्चाको लागि त जव के गर्नु चोरी हो, के गर्नु चोरी होइन, केही छुट्टिइ राखेको हुन्न, उसको लागि त मेरो र अर्काको भन्ने कुरा नै राम्ररी छुट्टिएको हुन्न, तव त्यसरी नुछुट्टिसकेको अवस्थामा यदि हामी टिपटापको सानो घटनालाई चोरी भनेर व्याख्या गर्न थाल्छौं, बच्चामा चोरी गर्ने बानी छुट्ने होईन, झन पो बढ्ने खतरा बढी हुन्छ । बच्चाको परिवारसित राम्रो सम्बन्ध छैन भने त झनै चोरी गर्ने बानी दीगो रुपमा बस्ने खतरा बढी हुन्छ ।

चोरी मानव समाजमा व्यक्तिगत संपतिको विकास भएपछि विकसित भएको कुरा हो । मेरो र तेरो संपति भन्ने कुरो भएपछि नै चोरीको कुरा आउँछ । नत्र चोरी भन्ने कुनै कुरै रहँदैन । तर बालकमा व्यक्तिगत संपतिको मानसिकता स्पष्ट रुपमा आइसकेको हुन्न । त्यसैले जुन कुरो बाबु आमाको निम्ति चोरी ठहर्छ, त्यो बालकको निम्ति चोरी भईरहेको हुन्न । चोरी भनेको बाबु आमाको फ्रेम हो । आमा बाबुको फ्रेमबाट एउटा अबुझ बालकको कुरालाई अर्थ्याउन मिल्दैन । यही अर्थ्याउने र लाद्ने कुराले नै सारा गडबडी पैदा गरिरहेको हुन्छ ।

बालक जन्मेर २-४ वर्ष नभएसम्म उसमा चोरीको बारे स्पष्ट धारणा नै हुँदैन । के गर्दा चोरी हुन्छ , के गर्दा हुँदैन उसमा कुनै प्रष्टता हुँदैन, उसले आफू र संसार बीचको भेद नै छुट्टयान सकिरहेको हुँदैन ।

उसको मुख एकदमै सक्रिय हुन्छ । जन्मिनासाथ उसले लिएर आएको क्षमता भनेको चुस्ने क्षमता हुन्छ । दूधमा मुख राखिदिने बित्तिकै उसले चुस्न थालिहाल्छ । एक डेढ वर्षसम्म उसको संवेदनशीलता मुखकै वरिपरि रहिरहेको हुन्छ । जतिखेर उसले दूध चुसिरहेको हुन्छ, उसको हात चलिरहेको हुन्छ । उसको हात आमाको स्तनको छेउछाउमै सक्रिय भइराखेको हुन्छ । यसरी उसको सक्रियता मुखबाट हातमा सरिरहेको हुन्छ ।

एउटा सानो बालकलाई तपाईले गौड गरेर हेर्नु भयो भने देख्नु हुनेछ-उसले जे चीज भेट्टायो, त्यो समातिरहेको हुन्छ । समात्ने बित्तिकै त्यो चीज मुखमा लगेर हालिरहेको हुन्छ । अलि पछि गएपछि चाहिं बालकहरुले मुखमा हाल्न चाहिं छोड्दछन । तर जे चीज भेट्टाए पनि समात्ने विशेषता भने उनीहरुमा रहिर हन्छ । आफ्नो र अर्काको भन्ने कुनै भेद उनीहरुको लागि रहिरहेको हुँदैन । यो मेरो हो, यो अर्काको हो भनेर छुट्टयाउनको लागि उनीहरुलाई निकै समय लाग्छ । यो कुरा उनीहरुलाई आमा, बावु र समाजले सिकाउँदा सिकाउँदा बल्ल बल्ल थाहा लाग्ने कुरा हो । यो किन मेरो हो ? यो किन अर्काको हो ? - यो कुरा ७-८ वर्षको बच्चाले समेत राम्ररी बुझिसकेको हुँदैन । पसलमा सामान छ, आफूलाई राम्रो लाग्यो, लिन किन नहुने ? -ऊ यसबारे राम्ररी स्पष्ट हुँदैन ।

२।३ वर्षको उमेरदेखि बालकहरुमा जे भने पनि "नाई" भन्ने नकरात्मक स्वभाव (Negativism) आउन थाल्छ । ४।५ वर्षमा यो स्वभाव चुलीमा पुग्छ । यतिखेर काम गराउनु पर्दा जे काम अऱ्हायो, त्यसको ठीक उल्टो उल्टो मात्र गर्ने स्वभाव उनीहरुमा हुन्छ । यस्तो नकरात्मकता हावी भइरहेको बेलामा "चोरी गर्नु हुन्न" भनेर ज्यादा कडाइ र जोड गर्ने आमा बाबु रहेछन भने "लौ, गर्नु पर्ने कुरा त यही रहेछ" भनेर बच्चाले चोर्ने बानी समात्छ । यस प्रक्रियामा कहिलेकाहिं के भईदिन्छ भने बच्चाले चोरी गर्दा कडा सजाय पायो भने बच्चाको दिमागमा चोर्ने बानी दिगो भएर ( Fixed set भएर) बसीदिन्छ । चोरेको कुरालाई सामान्य रुपमा लिईदिंदा हुने मामलामा, मन लागेको कुरा किनीदिंदा हुने मामलामा वा संझाउँदा सजिलै हल हुने मामलामा यदि बेसी कडाइ गरिन्छ भने बच्चाले झन नराम्ररी चोर्ने बानी समात्छ ।

आमा बाबुको ध्यान आफूतिर तान्न पनि बच्चाहरु यतिंखेर चोर्ने गर्दछन । चोरेपछि बाबु आमाको ध्यान सजिलै आफूतिर तानिने भएपछि बच्चामा चोर्ने बानी Fixed set हुने बेसी संभावना हुन्छ ।

कुनै कुनै बच्चाको समस्या के हुन्छ भने, उनीहरुले आमा बाबुको राम्रो ध्यान पाएका हुन्नन् । उनीहरु आमा बाबुबाट मायाँ चाहन्छन्, पर्याप्त स्नेह चाहन्छन् । तर उनीहरुले त्यो पाएका हुन्नन् । यस्ता केटाकेटीले चोर्ने बित्तिकै बाबु आमाको ध्यान आफूतिर सजिलै आकर्षित हुने गरेको जव पाउँदछन्, तव उनीहरु चोर्नतिर उत्प्रेरित हुन्छन । अलि पिटाइ खाएपनि उनीहरुमा यसरी ध्यान तान्नैको लागि पनि चोर्ने बानी रहिरहेको हुन्छ ।

यसरी फिक्स्ड सेट भएर बसेपछि अलि ठूलो भएपछि पनि, एक्लै बोर भयो र गर्ने कुरो केही भएन भने उनीहरुको मन चोर्नतिर जान्छ । केही टिपीहाल्ने, लुकाईहाल्ने, राखीहाल्ने बानी हुन जान्छ उनीहरुको । यसले मनोरोगको रुप लिन्छ, जसलाई क्लेप्टोमेनिया ( Kleptomania ) भनिन्छ, मनोरोगको रुप लिएपछि यसलाई सामान्य चोरीको हिसावले हेर्ने स्थिति र हँदैन । यो मनोरोग भएको बच्चालाई चोर्नु पर्ने आवश्यकता नै, नरहँदा पनि एकान्त हुने बित्तिकै चोरुँ चोरुँ जस्तो लाग्ने हुन्छ । यस्तो बानीलाई मनोरोगको रुपमा उपचार गर्नु पर्ने हुन्छ ।

कतिपय केटाकेटीमा चाहिं चोर्ने बानी पछिसम्म रहँदैन । जुन कुरालाई हामी चोरी भन्छौं, त्यो एउटा अवस्थासम्म, उमेरसम्म आम कुरा हो । मन परेको कुरो लिने, आफ्नोपार्ने यो एउटा सामान्य कुरा हो । पछि गएर जव उसलें यो गर्नु उचित, यो अनुचित भ्रन्ने बुझ्दै जान्छ, तव उसले स्वत: चोरी गर्न छोड्छ । कुनै कुनै केसमा अलि लामो उमेरसम्म अर्थात १२।१४।१५ वर्षसम्म पनि यो बानी रहन्छ । खालि फिक्स्ड सेट भएको अवस्थामा, चोरीको मनोरोग भएको अवस्थामा मात्र यो बानी पछिसम्म रहन्छ । अन्यथा, धेरै जसोमा यो बानि पछि आफ से आफ खतम भएर जान्छ ।

चोरीको बानी स्थायी रुपमा रहनको लागि दुई खालको स्थितिले बढी भूमिका खेल्छ । एउटा, चोरीलाई अति नकारात्मक रुपमा लियो भने र अर्को, चोरीलाई अत्यन्त खुकुलो रुपमा छोडीदिने काम गरियो भने ।

अति नकारात्मक रुपमा लिंदाको बयान केही माथि गरीसकियो ।

अति खुकुलो भन्नुको तात्पर्य के हो भने, कुनै कुनै आमाबाबुमा बच्चालाई पुल्पुल्याउने स्वभाव हुन्छ । जे गरे पनि उत्तिकै खुकुलो छोडीदिने स्वभाव हुन्छ । पसलमा जाँदा बच्चाले पसलमा केही

**२।३ वर्षको उमेरदेखि बालकहरुमा जे भने पनि "नाई" भन्ने नकरात्मक स्वभाव ( *Negativism*) आउन थाल्छ । यो बेलामा "चोरी गर्नु हुन्न" भनेर ज्यादा कडाइ र जोड गर्ने आमा बाबु रहेछन भने "लौ, गर्नु पर्ने कुरा त यही रहेछ" भनेर बच्चाले चोर्ने बानी समात्छ ।**

कुरा चोऱ्यो र पसलेले प्रतिक्रिया देखायो भने उल्टो पसलेलाई "तैँले किन गाली गरिस् ?, म तिरीहाल्छु नि !" भनेर आमा बाबुले गाली गऱ्यो भने बच्चा पुल्पुलिन्छ। बच्चाले होटेलमा केही खाएर आएको हुन्छ, बील तिरीदियो। कतै केही सामान लिएर आएको हुन्छ, बील तिरीदियो। यस्तो गर्नु भनेको सारमा चोरी गर्नु नै हो। खाली पैसा तिरीदिएकाले मात्र चोरी जस्तो नदेखिएको हो। यसरी चोरीलाई प्रोत्साहित गरियो भने पनि चोर्ने बानी चीरस्थियी हुने बेसी संभावना हुन्छ।

जब चोर्ने बानी चीरस्थायी हुन्छ, त्यो उसको बाँच्ने स्वाभाविक ढंग हुन जान सक्छ। त्यसमाथि पनि, अभावको स्थिति रह्यो भने त अभाव मेट्नकै लागि चोरी गर्ने बानी बस्न जान्छ।

चोर्ने बानी बालकमा चीरस्थायी नहोस् भन्नाको लागि आमा बाबुले बच्चाको Possessiveness ( परिग्रह ) लाई अर्थात मनपर्ने समान लिन, टिप्ने र आफ्नो पार्ने कुरालाई अतिरंजित गर्नु हुँदैन। बालकमा नकारात्मकताको प्रकृति (Negetivisms) हाबी भै रहेको बेलामा कुनै सामान टिप्नासाथ "लौ यसले चोर्न थालेछ" भनेर हल्ला खल्ला गऱ्यो भने उसमा चोर्ने इच्छा झन प्रवल हुनसक्छ। किनकि त्यतिखेर उसमा भनेको भन्दा उल्टो कुरो गर्ने स्वभाव हुन्छ। यस्तो नगरेर उसको मन पर्ने सामान आफ्नो पार्ने यो स्वभावलाई, परिग्रहलाई, सामान्य रुपमा लिने, त्यसमा त्यति ध्यान केन्द्रित नगर्ने गरियो भने उसमा चोर्ने कुरा हराउँदै जाने संभावना बेसी हुन्छ।

आमाबाबुले बढी गल्ती चाहिं केमा गर्ने गर्दछन भने-बालकले केही मन पर्ने कुरा लिनासाथ "यो गर्नु हुन्न, ऊ गर्नु हुन्न" भनेर बेसी पण्डित्यांइ छाँट्ने, त्यही कुरा बारम्बार दोहोऱ्याउने, अरु मानिसका अगाडि पनि त्यही घटनाको बारम्बार उल्लेख गरिदिने, "लौ यसले चोर्न थालेछ" भनेर भनीदिने गर्दछन्। उता, बच्चामा भने मेरो कामले यति धेरै चर्चा पाइरहेछ, सबैले यही घटनाको उल्लेख गरिरहेछन्, म कति शक्तिशाली, मैले केके न गरें भन्ने भाव सवार हुन्छ। यतिखेरै आफूले सिको गर्ने कोही मानिसमा वा फिल्ममा पनि बालकले त्यही कुरा देख्यो भने त ऊ चोरी गर्न अरु बढी प्रोत्साहित हुने हुन्छ।

बालकहरुमा चोरीलाई बानीको रुपमा विकसिक हुन नदिने सबैभन्दा बेश उपाय हो-उसलाई मन पर्ने कुरा, सार इच्छाएको कुरा दिईदिनु। त्यो खेलौना पनि हुन सक्छ, वा खाने कुरा पनि। त्यो प्रशंसा पनि हुन सक्छ, स्याबासी पनि। यसलाई मनोविज्ञानमा सकारात्मक प्रोत्साहन (Positive Reinforcement) भन्ने गरिएको छ। जुन कुरो नपाएर दुःख, तकलीफ भईरहको छ, त्यो दुख तकलीफको स्रोत निवारण गरीदिनु पनि बेस उपाय हो। त्यो फुटबल हेर्न नपाएर पनि हुन सक्छ, वा जुत्ता नपाएर। त्यो आमा बाबुको ध्यान नपाएर पनि हुन सक्छ वा हेरचाह नपाएर। यसलाई मनोविज्ञानमा नकारात्मक प्रोत्साहन (Negative Reinforcement) भन्ने गरिएको छ। बालकमा चोरीको मनोविज्ञान हुर्कन नदिनको लागि सकारात्मक र नकारात्मक दुवै खालका प्रोत्साहन उत्तिकै प्रभाबकारी ठहरिएका छन्।

> **दण्ड दिनु पऱ्यो भने तीन वटा कुरामा ध्यान पुऱ्याउनु जरुरी हुन्छ। नत्र बिल्कूल उल्टो नतीजा निस्कन्छ।**

हाम्रो समाजमा भने चोरीको निम्ति बालकलाई दण्ड दिने प्रचलन ब्याप्त छ। दण्डका पनि दुई प्रकार छन्-एउटा, मन नपर्ने कुरा दिने-जस्तो पिटाइ दिने, अरुका अगाडि बेईज्जत गरीदिने। गाली दिने। अर्को दण्ड हो-उसले मन पराएको कुरा नदिने-जस्तो-खाजा खान पैसा दिईरहेकोमा अब त्यो रोकीदिने, फिल्म हेर्न पैसा दिई रहेको रोकीदिने, मन पराएको खेलौना नदिने, माया, स्नेह नदिने। दण्डहरु मध्ये पहिलो भन्दा दोश्रो दण्ड बढी प्रभावकारी ठहरिएको छ। तर चोरीको समस्या हल गर्न कुनै पनि दण्ड उपयुक्त उपाय होइन। सर्वश्रेष्ठ उपाय प्रोत्साहन नै हो। दण्ड अन्तिम उपाय हो। दण्डहरु मध्ये पनि पहिलो दण्ड (मन नपर्ने कुरा दिने दण्ड) चुत्थो र अन्तिम उपाय हो। हामीकहाँ भने यही उपाय सबभन्दा बेसी चलन चल्तीमा छ। यो उपायले धेरैजसो अपेक्षा गरे भन्दा उल्टो नतीजा निस्कने गर्छ।

अरु कुनै उपाय नभएर अन्तिम उपायका रुपमा पहिलो खालको दण्ड दिनु पऱ्यो भने तीन वटा कुरामा ध्यान पुऱ्याउनु जरुरी हुन्छ। नत्र बिल्कूल उल्टो नतीजा निस्कन्छ।

पहिलो, यो दण्ड घटना घट्नासाथ तुरुन्त दिइनु पर्छ। अहिले घटेको घटनाको पछि गएर दण्ड दिइनु हुन्न। दोश्रो, दण्डबाट बच्ने अबसर दिइनु हुन्न। र तेश्रो, बालकलाई यो कुरा नगर भनेर दण्ड त दिइयो, तर गर्ने के त ? - त्यसको लागि उसले अप्नाउन सक्ने विकल्प पनि दिइनु पर्छ। यस्तो गर्न सकियो भने अन्तिम उपायका रुपमा दण्ड पनि प्रभावकारी हुन सक्छ।


नेबिको

नयाँ आवश्यकता

बिस्कुटहरु

तपाईको स्वास्थ्य, बचत र सम्मान प्रति जत्तिको होसियार छ त्यत्तिकै आफ्नो गुणस्तर प्रति छ।




नेबिको प्रा. लि.
काठमाडौं, नेपाल

# प्राकृतिक चिकित्सा के हो ? र किन ?

## यसको अरुभन्दा भिन्न किसिमको आफ्नै सिद्धान्त छ

-डा. क्षितीज बराकोटी

**एउटा रोचक प्रसंग छ । एक पटक एक जना किशोरले बनमा जाँदा शरीरभर घाउनैघाउले पीडित एउटा लंगडो हरिणलाई खुट्टा घिसार्दै हिंडिरहेको अवस्थामा देख्छ । हरिण नजीकै रहेको झरनाको तल सकीनसकी पुग्दछ र आफ्नो शरीरलाई त्यसमा पार्छ, एक छिनपछि.....**

मानिस युगौदेखि प्रकृतिमा रहदै आएको छ र पछिसम्म यसैमा रहीरहने छ। मान्छेको मात्र हैन, सम्पूर्ण जीवहरुको अस्तित्व यहींभित्र छ । प्रकृति पञ्च महाभूत (पृथ्वी, आकाश, जल, अग्नि र वायु) हरुको मेल हो, हाम्रो शरीर पनि यिनै पाँच प्राकृतिक स्रोतहरुबाटै बनेको छ भन्ने भनाइ पनि छ । यही प्राकृतिक स्रोत तथा साधनहरुलाई अनेकन रुपमा रोगको उपचारका लागि समेत प्रयोग गर्न सकिन्छ ।

रोगहरु लागेमा केही प्राकृतिक श्रोतलाई प्रयोग गर्ने चलन प्राचीन भारतवर्ष र ग्रीस सभ्यतामा पनि थियो । तर त्यतिबेला सम्पूर्ण रोगहरुको उपचारमा यी स्रोतहरुको प्रयोग गरिन्नथ्यो । केही रोग विशेषमा कुनै चिजको मात्र उपयोग हुन्थ्यो । पछि यसको बैज्ञानिक अनुसन्धान भयो ।

एउटा रोचक प्रसंग छ। एक पटक एक जना किशोरले वनमा जाँदा शरीरभर घाउनैघाउले पीडित एउटा लंगडो हरिणलाई खुट्टा घिसार्दै हिंडिरहेको अवस्थामा देख्छ । हरिण नजीकै रहेको झरनाको तल सकीनसकी पुग्दछ र आफ्नो शरीरलाई त्यसमा पार्छ, एक छिनपछि निस्केर आफ्नो बाटो लाग्छ। किशोरलाई उत्सुकता लाग्छ। ऊ भोलिपल्ट पनि ठीक त्यही बेला हरिणलाई त्यसरी नै झरनामा डुबेको देख्न पुग्छ। एक हप्ता पनि नबित्दै हरिण पूर्ण रुपमा स्वस्थ भैसक्छ, दौडन र उफ्रन सक्छ, त्यसपछि त्यो त्यहाँ आउँदैन । किशोर आश्चर्यचकित हुन्छ ।

समय बित्दै जान्छ। त्यही किशोर, जो युवा भैसकेको छ, उसको गाउँमा एक पटक भयंकर ठूलो आँधीबेहरी आउँछ। उसको घर भत्कन्छ, त्यही घरको चेपाइमा परेर उसको करङ्ग भाचिन्छ। शरीरभर अनगिन्ति घाउहरु हुन्छन्। ठीक यसै बेला उसलाई त्यही किशोरावस्थामा आफूले देखेको हरिणको अवस्था याद आउँछ। त्यसैले ऊ पनि आफ्नै सहयोगीबाट घरमै शरीरको पीडायुक्त भागमा पानीको प्रयोग गर्छ, पट्टीहरु लगाउँछ र केही दिनमै ऊ पनि ठीक हुँदै आउँछ। पूर्ण रुपमा स्वस्थ भएपछि पानीले अन्य रोगलाई पनि ठीक पार्छ कि पार्दैन भन्ने कुरामा अनुसन्धान गर्न थाल्छ । यसमा उसले सकारात्मक जवाफ पाउँछ। पछि उसले अनेक थरीका प्रयोग गरेर पानीबाट उपचार गर्ने पद्धतिको विकास गर्छ ।

यो घटना जर्मनीमा करीब पौने दुई सय वर्ष अगाडिको (सन १८१०-२० तिरको) हो । त्यो व्यक्ति जर्मनीकै विन्सेन्ज प्रिस्निज थिए, जसलाई आधुनिक प्राकृतिक चिकित्सा (Naturopathy) कै जन्मदाताको रुपमा लिइएको छ । त्यसपछि जर्मनीकै केही चिकित्सकहरुबाट यस बिधिलाई परिमार्जित पार्दै लगियो । क्रमश: नयां अनुसन्धान र अनुभवका साँचाहरुले प्राकृतिक स्रोतलाई तरीकावद्ध रुपमा प्रयोग गर्ने नियमहरु बन्न थाले। अन्य देशका वैज्ञानिक चिकित्सकहरु पनि यस दिशामा आकर्षित भए । प्राकृतिक चिकित्सामा जलचिकित्सा (Hydrotherapy) बाहेक अन्य पनि सामेल हुन पुगे। सूर्य किरण (Chromopathy), ब्यायाम (Exercise or Physiotherapy), आहारा चिकित्सा (Dicto-therapy), निराहार चिकित्सा (Fasting), विभिन्न किसिका मालिश र घर्षण (Massage & friction) आदि विधिहरु थपिन पुगे ।

जल चिकित्सामा नयाँ प्रयोगहरु एवं अनुसन्धान गर्नेहरुमा जर्मनीका श्रोथ, फादर नीप, लुइ कुने, अमेरिका लेहमन तथा जे. एच. केलाग आदि हुन्। त्यसरी नै कुने, अष्ट्रियाका अर्नाल्ड रिक्ली, एडविन बेटिन, केलाग आदि चिकित्सकले सूर्यकिरण चिकित्सामा योगदान गरे । माटोबाट उपचार गर्ने आधुनिक पद्धतिको विकास जर्मनीका एमानुयल फेल्के, नीप, एडोल्फ जस्ट, केलाग आदिले गरेका थिए भने महात्मा गान्धी समेत यसको प्रयोग गर्थे। खानपान एवं उपबासबाट उपचार गर्ने बैज्ञानिक तरीकाका लागि उपर्युक्त चिकित्सकहरुका साथै डा. एडवर्ग टुकर डिबी (अमरिका), बर्नर मेकफेडन, अर्नाल्ड इहरिट तथा स्वीट्जरल्याण्डका विर्चर बर्नर आदिको विशिष्ट योगदान छ। त्यसरी नै बेलायतका हेरी बेन्जामिन, रुसमा जन्मेका स्टेनली लीफ, अष्टियोपेथीका जन्मदाता डा. स्टिल जस्ता चिकित्सकहरुको नाम पनि अधिल्तिर आउँछ । त्यो भन्दा ठूलो सहयोग एलोपेथीका ती चिकित्सकहरुबाट मिल्यो, जो, वर्षौं औषधितर्फ काम गरेपनि पछि कट्टर रुपमा प्राकृतिक चिकित्सक बने । ती व्यक्तिहरुमा अक्सफोर्ड विश्वविद्यालयका चिकित्सा विभागका प्रमुख भैसकेका सर विलिमय ओस्लर, न्यूयोर्कका डा. ट्राल, भारतमा सिविल सर्जन डा. लक्ष्मीनारायण चौधरी आदि पर्दछन् ।

यस बाहेक, विश्वमा अनेकौं प्राकृतिक चिकित्सकहरु थिए र हाल पनि कार्यरत छन्, जो प्राकृतिक रुपमा रोगोपचार गर्ने आधुनिक शोधहरु गर्दैछन् । हाल प्राकृतिक चिकित्सा विश्वको धेरै देशमा कुनै न कुनै रुपले फैलिएको छ । विशेष गरी जर्मनी, बेलायत अष्ट्रिया, अमेरिका, रुस, भारत आदिमा प्रभावकारी रुपमा यसको विकास भएको छ ।

चिकित्सा पद्धति पश्चिमबाट पूर्वतिर आइपुग्दा पूर्वीय संस्कृतिसंग मिसिनपुग्यो । फलत: विशेष गरी भारत एवं नेपालमा प्राकृतिक चिकित्साको साथमा योग विज्ञान (विशेषत: आसन, प्राणयाम, ध्यान र षठकर्म विधिहरु) समेत प्रयोग गर्न लागियो। यौगिक उपचार गाभिनाले ठूलो सहयोग पनि मिलेको छ ।

प्राकृतिक चिकित्साको अरुभन्दा भिन्न किसिमको आफ्नै सिद्धान्त छ। आधुनिक चिकित्साले भन्दै आइरहेको किटाणु एवं जिवाणु वा हार्मोन या अन्य तत्वको असन्तुलन आदि नै रोगको मूल कारण हो भन्नेमा यो पद्धति सहमत छैन । ती तत्वहरुको अस्तित्वलाई स्वीकारे पनि मूल कारण त्यो नभै शरीरमा आन्तरिक रुपमा एकत्रित भएको विषाक्तता तथा शरीरको जीवनी शक्ति-ह्रास नै प्रमुख कारण हो भन्ने सिद्धान्तलाई यसले सदैव ब्याख्या गर्दछ। त्यसैले प्राय: सबै रोगको उपचारका साथमा सम्पूर्ण शरीरकै उपचारबाट शरीरको प्रतिरोधक एवं कार्यक्षमता विकास गरी दोषमुक्त पार्नेतिर ध्यान दिइन्छ ।

विश्वमा रहेका केही उपचार पद्धतिहरु, जस्तै-अक्युपन्चर, मेक्जिबुसन, चुम्बकीय उपचार आदि प्राकृतिक चिकित्सा होइनन्, किनभने यी पद्धतिले प्राकृतिक चिकित्साको मूल सिद्धान्तलाई स्वीकारेका छैनन् । यी त औषधिविहीन उपचार मात्र हुन्। तर यी पद्धतिलाई रोगहरुको उपचारमा प्राकृतिक चिकित्साको सहायकको रुपमा भने अवश्यै लिन सकिन्छ । केही चिकित्सकहरु प्राकृतिक चिकित्सालाई विशुद्ध रुपमा प्रयोग गर्छन भने कुनै अन्य पद्धति, जस्तै-एलोपेथी, होमियोपेथी, आयुर्वेद वा युनानी आदिको साथमा प्राकृतिक चिकित्सा गर्दछन्। तर संसारमा विशुद्ध प्राकृतिक चिकित्साको साथमा प्रभावकारी जडीबुटी, घरेलु औषधि आदि प्रयोग गरी उपचार गर्ने चिकित्सकहरु नै बढी भेटिन्छन् ।

केही ब्यक्तिहरु प्राकृतिक उपचार पद्धतिलाई प्रतिकारात्मक (Preventive) मात्र भन्दछन् तर बास्तविकता त्यसो होइन । अनेक सामान्य र संक्रामक रोगमा समेत यो प्रभावकारी छ।बरु यो प्रतिकारात्मक एवं उपचारात्मक (Curative) दुवै हो । स्वस्थावस्था र रोगावस्था दुवैमा अपनाउन सकिने भएकोले यसलाई स्वस्थताको कला (Art of Healings) पनि भन्ने गरिन्छ । हाम्रो जस्तो कमजोर अर्थतन्त्र भएको देशमा सुलभ र सस्तो प्राकृतिक स्रोत, साधन र तरीकालाई प्रयोग गरी उपचार गर्ने यस्तो सरल, प्रभावकरी पद्धतिलाई प्रत्येकको दैलो-दैलोमा पुऱ्याउनु आवश्यक देखिन्छ । ऊ


वडा दशैंको

**हार्दिक शुभकामना !**

**वेलप्रसाद श्रेष्ठ**

प्रमुख , धुलिखेल नगरपालिका

तथा

**धुलिखेल नगरपालिका परिवार**

काभ्रे

# गरीबीको ढुङ्गामा चिप्लेटी खेलिरहेका राजवंशीहरू

## पूर्वी तराईको एक जाति

## राजवंशीहरुलाई मातृभाषामै शिक्षादीक्षा दिइनुपर्छ

***टाढाबाट झलक्क हेर्दा मौरीको चाका झैं देखिने बाँसको टाट्नामा माटो पोतेर बनाइएका स-साना फुसका घरहरू र भित्ताहरुमा चरा, जनावर, फूल आदिका आकृति कुँदिएका छन्।***

प्रत्येक घरको भूई जमीनको सतहभन्दा एकडेढ फूट अग्लो माटो उठाएर लिपिएका छन्, जो सिमेण्टले लिपिए झैं देखिन्छन्। गाउँका एकादोक्का घरहरू भने इन्द्रेणी आकारमा पुरानो टिनले छाइएका र प्राय: त्यस्ता घरहरुमा बरण्डा निकालिएको हुँदैन । बाँसका भाटा, झिक्रा र पटुवाका बोटहरू मिलाएर बनाइएका आकर्षक बारहरूले चाहे १०।१५ होस्, चाहे ५०।६० घर नै होस्, सम्पूर्ण गाउँ बारिएको हुन्छ। आँगनहरूमा आँप, शरीफा, लिची, नरिवल, कटहर, मेवा आदि विविध फलफूलका बोटहरू लगाइएका छन्। अन्यत्रका घर गाउँको तुलनामा निकै सफा सुग्घर देखिने यो गाउँ राजवंशीहरूको बस्ती हो।

झापाको महेशपुरस्थित यो राजवंशी बस्तीको मूल चोकलाई "मन्त्री चोक" भनिन्थ्यो र तर बहुदलको आगमनसंगै यो चोकको नाम पनि बदलिएर अचेल "जनताचोक" भएको छ। यहाँबाट दक्षिण फर्किएर हेर्दा पञ्चायतकालीन मन्त्री, राष्ट्रिय पञ्चायतका उपाध्यक्ष, वर्तमान रा. प्र. पा. का केन्द्रीय नेता तथा स्थानीय जमिन्दार गोपालचन्द्र सिंह राजवंशीको भव्य आलीशान महल प्रष्ट देखिन्छ।

स्थानीय मित्र श्याम डंगोल र म शरदलाल राजवंशीको घर पस्यौं ।

"के गर्दै हुनुहुन्छ दाइ ?"

सामान्य भलाकुसारीपश्चात सनपाट र बाँसद्वारा निर्मित मुढामा बस्दै हाम्रो कुराको थालनी भयो ।

"खोइ कें गर्नु र ? उही हलो जोत्यो, बाली लगाउने बेला हुदैछ" भन्दै उनी पनि छेउमा आएर काठे पीरामा टुक्रुक्क बसे ।

उनी त्यस गाउँका गरीव किसान हुन्। हुन त उनको डेढ विघा जग्गा छ। तर ज्यादै कम्सल माटो र सिंचाईको अभावले गर्दा उनको जग्गामा मुश्किलले मात्र तीस मन धान फल्ने कुरा उनी बताउँछन्। खेतको उब्जनीले मात्र खान लाउन र घर व्यवहार चलाउन नपुग हुने भएकोले नै उनको एउटा छोरो मानसिंह चिया बगानमा काम गर्छ। उनी पनि पाएको बखत खेत मजदूरी गर्ने गर्छन्, अर्को छोरो फणिन्द्र चाहिँ सानै छ र ऊ कक्षा सातमा पढ्दैछ। फणिन्द्रलाई चाहिं दश कक्षासम्म पढाउने उनको सोच छ र तर अर्थाभावको कारण सकिने नसकिने कुरामा उनको शंकै रहेको छ।

अपरिचित मानिस गाउँमा आएको कारण जिज्ञासावश वरपरका अन्य युवा किसानहरू पनि जम्मा हुन लागे।

राजवंशी पुरूषहरू प्राय: धोती कुर्ता र महिलाहरू छातीसम्म आउने पेटानी लगाउने गर्दछन् । आजकाल महिलाहरूमा ब्लाउज लगाउने प्रचलन पनि बढ्दै गएको पाइन्छ र उनीहरु गहनाको रूपमा खुट्टा र गलामा चाँदीको सिक्री लगाउँछन् ।

> ***"के राप्रपाले गरीब दुखीलाई साह्रै राम्रो गर्दोरहेछ ? "***
>
> ***"खोइ, राम्रो नराम्रो त केही थाह छैन। मालिकले (गोपालचन्द्र सिंहले) लागौं भनेर लागेको हुँ।"***

> ***"खस भाषाको एकाधिकारको कारणले राजवंशीहरु पिछडिएका हुन्"***

राजवंशीहरूलाई कोचे पनि भनिन्छ। महाभारतकालीन विराट र राजाका साला किच्चकका सन्तानहरू नै कालान्तरमा कोच भएका हुन् भन्ने जनश्रुति छ र यहाँबाट नजीकै "किच्चकबध" भन्ने धार्मिक स्थलमा मन्दिर र भीमसेन किच्चकको युद्धरत मूर्ति पनि रहेको छ।

हामी राजाका बंशज भएको हुनाले राजवंशी भएका हौं भन्ने केही सचेत युवाहरुको तर्क छ । राजवंशीहरुद्वारा नेपालको पूर्वी तराई र भारतको आसाम, वंगाल आदि क्षेत्रमा शासन गरिएको ऐतिहासिक प्रमाण पनि छ। कुचबिहार बाट आएको हुनाले कोचे भनिएको हो भन्ने पनि कसैकसैको भनाइ रहेको छ।

राजवंशीहरुको रहन सहन र वेशभुषा धेरै मात्रामा वंगालीहरुसंग मिल्दछ । स्थानीय राजवंशी भाषासेवी फूलसिंहका अनुसार राजवंशी लिपिलाई नै वंगालमा वंगाली, आसाममा असमिया, मणिपुरमा मणिपुरी, बंगलादेशमा बंगलादेशी, त्रिपुरामा त्रिपुरा लिपी भनिन्छ ।

नेपालको झापा र मोरङ्गमा गरी अनुमानित राजवंशीहरुको संख्या एक लाख जति रहेको छ। स्वभावले अति सोझो यो राजवंशी समुदायको आर्थिक अवस्था तीव्रतर रूपमा खस्कँदै गइरहेछ। यतिसम्म कि गोपालचन्द्र सिंहका भाइ पञ्चायतकालमा बिसौं वर्ष प्रधानपञ्च हुन पुगेका, पचासौं विधा जमीनका मालिक सत्येनचन्द्र सिंह समेत गरीब किसान हुन पुगेका छन्। राजवंशीहरूको गिर्दो आर्थिक अवस्था देख्दा यस्तो लाग्छ कि उनीहरू महंगी, बेरोजगारी, शोषणको कारण प्रक्रियागत एवं क्रमिक रूपमा गरीब नभएर पनि गरीबीको ढुङ्गामा चिप्लेटी खेलिरहेका छन् ।

"राजवंशीहरु यति सान्हो गरीब हुँदै जानुको कारण के होला ?"मैले कुराकानी अगाडि बढाउँदै सोधें । केही क्षण एकआपसमा मुखामुख गरेपश्चाप शरदलाल भन्छन्-"धेरै मान्छे भए। पहाडिया मानिसहरू पनि मधेश भरे। खान लाउन मुश्किल हुन थाल्यो। साहु-ऋण नगरी हुँदैन। गरीब त त्यसै होइने भइगो नि।"

धोविन सिंहको विचारमा राजवंशीहरुमा बढ्दो गरीबीको कारण राजवंशी जातिको अशिक्षा, कुरीति, सामाजिक एवं परम्परागत कार्यहरुमा वाहियात खर्च र सामन्ती शोषण हो ।

"राजवंशीहरु बढी सोझा र अशिक्षित छन् र यही कारणले नै पहाडी मूलका टाठा बाठा र स्थानीय जमिन्दारहरुद्वारा ठगिन्छन्। अझ त्यो भन्दा पनि मुख्य त खस भाषाकोएकाधिकारकोकारणलेराजवंशीहरु पिछडिएका हुन्" भन्ने धारणा फूलसिंहको रहेको छ ।

अधिकांश राजवंशीहरुले "जग्गा जमीन नहुनु, रोजगारी नपाउनु नै गरीबीको कारण हो" भने ।

बगानमा रोजगारी त पाईंदै होला नि भन्ने मेरो जिज्ञासाको प्रत्युत्तरमा गलल्ल हाँसेपछि कमल राजवंशी भन्छन्-"कहाँ पाईन्छ ? मालिकले कुल्लीहरू भारतबाट ल्याउँछ । यहाँका रैथानहरूलाई कामै दिंदैन । मुश्किलले दिईहाल्यो भने पनि १५/२० रूपैयादेखि दिंदैन, त्यति नाथे ज्यालाले खान पनि पुग्दैन । त्यहीमाथि कहिले तलब कट्टा गरेर आधा मात्र दिन्छ । कहिले भोलि पर्सि भन्दै वर्षौं वर्ष बित्दा पनि ज्याला दिंदैन् ।"


मालिकले यस्तो अत्याचार गर्दा पनि बिरोध गर्नु हुन्न ? भन्दा चन्द्रेश्वरले गुनासो गर्दै भने - "खोइ त, हाम्रो खुन-पसीना चुसेर खुब सम्पत्ति थुपारेको छ तर अलिकति केही भन्यो भने कामबाट निकालिहाल्छ। पुलिस, कर्मचारी सब उतै लाग्छन् । हामी गरीबले के नै पो गर्न सक्छौं र ?"

"अनि कसो गर्दा गरीबीबाट छुटकारा पाइएला त ?"

उनीहरुको सामूहिक बिचार बुझ्ने चेष्टा गर्दा शरदलाल कोही बेर घोरिदैं भन्छन्-"यहाँ पानीको व्यवस्था भए उब्जनी बढ्ने थियो । कामको निम्ति पनि उति दु:ख हुने थिएन ।"

आफ्ना बाबुको पालामा बीस बिघा जग्गा हुने तर हाल भूमिहीन हुन पुगेका लादु राजवंशीले व्यथित स्वरमा भने- "खोइ म त केही भन्न सक्तिनं । दाउरा बेची खाँदा पनि वनपालेले समात्छ। रोजगारीको व्यवस्था भएदेखि राम्रो हुन्थ्यो जस्तो लाग्छ ।"

फूलसिंहको धारणामा भने राजवंशीहरूलाई मातृभाषामा शिक्षादीक्षा दिनु पर्दछ । उनीहरू रेडियो, पत्रिका आदिका भाषा बुझ्दैनन् । पढ्ने, आधुनिक औषधि उपचार गर्ने, नियम कानून बुझ्ने, परि-



लेखक

वार नियोजन गर्ने जस्ता कुराहरुमा राजवंशी भाषाबाटै रेडियोद्वारा शिक्षा दीक्षा दिने गरिएमा यी समस्याहरु क्रमशः हट्दै जाने थिए ।

राजवंशी समूदायमा कविला समाजको विशेषता अद्यावधि रहिरहेको छ । उनीहरूमा राजनैतिक चेतना ज्यादै न्यून छ । यस जातिमा धर्म, संस्कारको प्रवल प्रभाव रहेको पाइन्छ । महिलाहरुलाई कुनै किसिमको नाचगान र प्रेम गर्न बर्जित छ । धार्मिक चाडपर्व आदिमा नाचगान गर्नु पर्दा पुरुषहरु नै मारुनी बनेर मनोरञ्जन गर्दछन् । महिलाहरु खानपीन, दाउरा पानी, गाई वस्तु, सर सफाइ, घर स्याहार सम्भारको कार्य गर्दछन् । राजवंशीहरु परापूर्वकालदेखि तराई क्षेत्रमा बसोबास गर्दै आएका भएपनि दुर्गम पहाडी भेगमा झैं ढिकी जाँतो कुट्छन् । तराईमा जंगल सकिदै जानुको साथै धेरैजसो राजवंशीहरुको बस्ती वनबिहीन आवादी क्षेत्रमा रहेकोले दाउराको सट्टा गोबरको गुईठा बाल्छन् ।

उनीहरुको सामन्ती शोषण पनि तीव्र रहेको छ । गाउँका साहु महाजनले ऋण लिंदा सांवाको डेढा वा दोब्वर ब्याज लिने गरेको बताउँछन् । आधुनिक चेतना, बैंकका धितो राख्ने साधन र बैंकिङ्ग प्रणालीमा रहेको कमिशनतन्त्र, घुसखोरी, ढीलासुस्ती आदिले गर्दा बैंकिङ्ग कारोवार सम्बन्धी उनीहरुको रुची र ज्ञान दुवै छैन । निर्मम शोषण, जनमुखी कृषि प्रणालीको अभाव तथा उचित सरकारी नीतिको अभाव आदिले गर्दा तराईका किसानहरू तीव्र गतिमा भूमिहीन बन्दै गइरहेकाछन् । अचेतनताले गर्दा यो प्रक्रिया राजवंशीहरुमा झन तीब्रतर रहेकोछ । केही वर्ष अगाडिसम्म मात्र ४/५ विघा जमीन भोग चलन गर्नेहरु पनि भूमिहीन बनेर रिक्सा चालक, दाउरे, कुल्ली, गोठाला, खेताला बन्न पुगेका छन् ।

"कति दुखको मात्र कुरा गर्ने, सुखको कुरा पनि गरौन ....।"

मेरो कुरा टुङ्गिदानटुङ्गिदै चामल निफन्दै गरेकी पार्वती मुख चेप्र्याउँदै भन्छिन्- "उँ... सुख मानो कुनो दिन होइनी ! जाहारेसाहारेधान आनिए ब्हाँचा करेची । तब करिए खाची । दुख सुख माने एनोङे ।" (उस् ! सुख कुनै दिन हुने होइना अरुको धान चालम च्यूरा कुटिदिएर जीवन निर्वाह गर्नु पर्छ । दुख सुख यस्ते हो !)

**राजवंशीहरुको दयनीय आर्थिक स्थिति र खर्चिलो बैवाहिक परम्पराको कारण विवाह नै नगरी कन्या बस्न बाध्य पनि निकै जना महिलाहरु छन् ।**

उनी नेपाली भाषा बुझ्न त बुझ्छिन् ; तर बोल्न भने आउँदैन । उनी फुर्सदमा कहिलेकाहीं भक्का बेच्न पनि जान्छिन् ।

सबैतिर बन्द रहेको हाँडीको माथिल्लो भागमा सानो प्वाल बनाई त्यसभित्र र हेको पानीको वाफद्वारा सानो एक बटुकाको दरले चामलका पिठो बफाई तयार गरिने खाद्य पदार्थलाई भक्का भनिन्छ ।

राजवंशीहरुको सबभन्दा प्रमुख देवी भगवतीलाई मानिन्छ । उनीहरु वर्षमा २/३ पटकसम्म परेवा, दूध, फलपूल आदिद्वारा भगवतीको पूजा गर्छन् । राजवंशीको पुरोहितलाई ठकुर भनिन्छ ।

विवाहमा वर बधू मिलाई दिने कुटुनीलाई कारुवा भन्दछन् । धार्मिक कट्टरताका कारण, केटी माग्न जादाँ र फर्कदा बाँस काटेको, माटोखनेको, बिरालोले बाटो काटेको, लाश, रगत, रित्तो भाँडा आदि देखिएमा अशुभ मानेर विवाह स्वतः रद्द गरिन्छ । विवाहमा काठद्वारा बनाइएको बाकस जस्तो पाल्कीमा दुलाहा दुलही बोकेर ल्याइने प्रचलन छ । विवाह गर्दा छरछिमेक, नातागोता आदिलाई बोलाएर दालभात, सब्जी, मासु, फलफूल खवाइन्छ । राजवंशीहरुको दयनीय आर्थिक स्थिति र खर्चिलो बैवाहिक परम्पराको कारण विवाह नै नगरी कन्या बस्न बाध्य पनि निकै जना महिलाहरु छन् । हिजो आज केहीले विवाह नै नगरी दाम्पत्य जीवन कायम गरेको पनि पाइन्छ । पहिले पहिले केटा पक्षले केटी मनाउन केटी पक्षको माग मुताबिक पैसा तिर्नु पर्थ्यो भने आजकाल केटा पक्षलाई मनाउन केटी पक्षले पैसा खर्चनु पर्ने प्रचलन शुरु भएको छ ।

"गरीबीको अवस्थामा पैसा लेनदेन नगरी विवाह गर्दा हुँदैन ?" -मेरो प्रश्नको उत्तरमा शरदलाल गम्भीर भएर भन्छन्- "हुन त हुन्थ्यो तर के गर्नु ? उहिलेदेखि यही चलन मान्दै आइएको छ । अहिले जुग जमाना फेरिए पनि हाम्रो रीतिरीवाज चाहिं फेरिएको छैन । अव यो परम्परा नमानौं भने पनि अरु दाजुभाइ गाउँलेहरुले नराम्रो देख्ने डर ! "

"अब अरुले नराम्रो देखे पनि के गर्नु ? उहिलेको जस्तो जग्गा जमीन छैन । अर्काको छोरीबाट ग्याम्म पैसा लिउँ त भन्यो भने आफ्नो छोरीको पालामा पनि उहि हो । पैसा लिउँ दिउँ, माछा खाउँ त भनिन्छ नि, तर सकिने होइन । अब उहिलको चलन थामेर कहाँ थामिन्छ ? अव त नयाँ चलन बनाउनु पर्ने हो नि, तर खोइ कसैले यसबारे सोचेका छैनन् " - चन्द्रेश्वरले आफ्नो विचार राखे ।

तपाईहरु त तराईवासी बढी सद्भावना पार्टीतिर हुनुहुन्छ होला होइन ? भन्दा शरदलाल जवाफ दिन्छन् -"हो, धेरै जसो राजवंशीहरु सद्भावनामा छन् । तर भन्ने नैं हो भने राजवंशीहरु एमाले, कांग्रेस, जनमोर्चा, राप्रपा सबैतिर छन् । हामीहरुकहाँ धेरैजसो गाउँका धनीमानी अगुवा ब्यक्तिहरु जता लाग्छन्, त्यतै लाग्ने चलन छ ।"

तपाई कुन पार्टीमा हुनुहुन्छ नि ?

मेलै एक ज्यादै गरीब जस्ता देखिने विषलाल राजवंशीलाई सोधें ।

"राप्रपामा"- उनको संक्षिप्त उत्तर थियो ।

के राप्रपाले गरीब दुखीलाई सान्है राम्रो गर्दो रहेछ ?-मैले पुनः प्रश्न थपें ।

"खोइ, राम्रो नराम्रो त केही थाह छैन । मालिकले (गोपालचन्द्र सिंहले) लागौं भनेर लागेको हुँ । गरीब भएपछि मालिकले जे भन्यो त्यतै लाग्नै पऱ्यो होइन त ?" उनले निसंकोच जवाफ दिए ।

पञ्चायती ब्यवस्थाको सरकार र अहिलेको सरकारमा के फरक पाउनु भयो भन्दा शरदलाल खिन्न भएर भन्छन् - "हामी गरीबहरुलाई पञ्चायती सरकारले केही गरेन । अहिलेको कांग्रेसी सरकारले पनि केही गरेको छैन । भन्दा, ऊ पर भद्रपुर जाने बाटोमा एउटा कल गाडेको छ, त्यति हो ।"

वास्तवमा त्यो कल यूनिसेफद्वारा गाडिएको रहेछ ।

"तपाई ज्यादै गरीब हुनुभो । पहाडका मानिसहरु पनि ओइरिए । पहाडतिर अलि मानिसहरु कम होलान् । त्यसैले तपाईहरु पनि पहाडतिर बसाई जाँदा हुदैनथ्यो ?"-

ठट्टायुक्त अन्तिम प्रश्नको जवाफमा शरदलाल मुस्कुराउँदै भन्छन्-"अरे बाफ रे, उकालोमा हिंड्न सकिदैन । फेरि ठण्डीले मारिहालिन्छ नि !

-धर्मचन्द्र लावती






# मूल्याङ्कन को

## सूचना

- "मूल्याकन" विचार-अन्तर्क्रियामुखी पत्रिका हुनाले सपादक मण्डलको सामूहिक प्रतिकृयादेखि बाहेक यसमा प्रकाशित सवै लेख-रचनाप्रति संवन्धित लेखकको व्यक्तिगत जिम्मेवारी हुनेछ । संपादक-मंडलको विचारऊपर पनि विचार-अन्तर्क्रियालाई स्वागत गरिने छ ।
- "मूल्यांकन" का लागि सल्लाह-सुझाव, प्रतिकृया एवं लेख-रचनाहरू पठाउनु हुन समस्त वौद्धिक व्यक्ति-व्यक्तित्वहरूसंग हामी हार्दिक अनुरोध गर्दछौं ।
- हल्का र आधारहीन प्रचारबाजी हैन, तथ्यपूर्ण र जिम्मेवार विचार-आदान-प्रदान "मूल्यांकन" को अभिष्ट भएकोले रचनाहरूमा समाविष्ट तथ्यहरूका स्रोतहरू खुलाएर पठाई सहयोग गर्नु भएमा आभारी हुने थियौं ।
- अस्वीकृत लेख रचनाहरु फिर्ता गर्न प्रायः संभव नहुने हुनाले प्रतिलिपि आफूसंग राख्न नभुल्नु होला । लेख-रचनाको सामान्य सपादनको अधिकार सपादक मण्डललाई रहने छ । तीन अंकसम्म प्रकाशित नभएको रचना अस्वीकृत भएको ठहरिने छ ।
- वैचारिक बहस र छलफलमा शिष्टतापूर्ण भाषा प्रयोग होस् भनी लेखक, विचारकहरूसंग विशेष अनुरोध गर्दछौं ।

कविता

# कवि पूर्ण विरामका दुई कविताहरु



नेपाली प्रगतिशील साहित्य क्षेत्रका सक्रिय र चर्चित युवा कवि पूर्ण विरामका पूर्व प्रकाशित दुई कविताहरु हामी यस पटक पाठकहरु सामु प्रस्तुत गर्दैछौं । विद्रोही स्वर र बौद्धिकतायुक्त अभिव्यक्तिको शैली कवि पूर्ण विरामका कविताका विशेषताहरु हुन ।

-का०सं०

## पागलहरु किन मुद्दा दायर गर्छन् ?

एउटा हातमा काँसको
अर्को हातमा तामाको मजुरा बोकेर
बजाउन त बजायो राष्ट्रले नवीन धून
तर यो धून अझै एउटा मानिसले रोक्न सक्छ ।
बाजको नङ्ग्रा यथावत रहेको अवस्थामा
पागलले मात्र भन्छ-
नक्षत्र पथमा निर्धक्क भएर परेवा उड्न सक्छ ।

एउटा गालामा लाली
अर्को गालामा पाउडर
लगाउन त लगायो राष्ट्रले लाली र पाउडर
तर पाउडर र लाली
अझै एउटा कालो रुमालले पुछ्न सक्छ ।
चील यथावत उडिरहेको परिवेशमा
पागलले मात्र भन्छ -
आँगनमा निनाभास चल्ला चर्गुन सक्छ ।

केवल जाईको फूल घुसारिरहेको राष्ट्रले
सिउँदो चिरेर चीवमा
लगाउन त लगायो एकातिर कनिके फूल
र अर्कोतिर रातो गुलाफको फिक्कै भए पनि फूल
तर ती फूलहरु अझै एउटा लठ्ठीले झार्न सक्छ ।

मातिएको कालो भवँरा काननमा घुमिरहँदा
पागलले मात्र भन्छ -
फूलहरु ! नाच्नौ, बस, तिमीहरु सुरक्षित छौ ।
पागल अधिवक्ताले
राष्ट्रको न्यायालयमा पैरवी गर्न त गर्‍यो
-जोखिम नामको चरा राष्ट्रबाट भुर्र उडिसकेको छ !
सुन्न त सुन्यो ध्यान दिएर न्यायाधीशले बहस
तर फैसलामा लेख्यो -
-जोखिम नामको चरा उडेजस्तो देखिएपनि
-प्रमाण के छ, त्यो राष्ट्रिय रुखको टुप्पोमा बसेको छैन ?
प्रमाणै नपुग्ने मुद्दा
न्यायालयमा पागलहरु किन दायर गर्छन् ?

□

## एउटा गोली खर्च गर नयाँ हावाका पहरेदारहरु

काला मानिसहरु पनि गोरा देखिएका छन्
नयाँ हावा सुन्दर छ
-कुनै हालतमा पनि भन्दिनँ ।
टाउको ठोकेर जमीनमा मर्न तयार हुन्छु
तर गिल्डर र गिन्नीको लोभमा
यस्तो हावालाई
आँखा चिम्लेर सुन्दर छ
-स्वीकार्दिनँ ।

नयाँ हावाले कुन बेला पुछ्यो र तगरले बगाएको आँसुलाई ?
को दौड्यो यो हावामा विधवाको कपालमा अबिर दल्न ?
आँसु खाइरहेको मानिसको स्वादलाई
यो नयाँ हावाले राष्ट्रको कुन ठाउँमा
स्वाद परिवर्तन गर्न सक्यो ?
टाउको जमीनमा ठोकेर मर्न तयार हुन्छु
तर यस्तो हावालाई
राष्ट्र सुन्दर बनाउने पवन हो
-भन्न अस्वीकार गर्छु ।

संस्थानको कालो हाकिमको टोपलाई
नयाँ हावाले अलिकति पनि हल्लाउन सकेको छैन
भुइँमै सुतेर रात काट्न बाध्य छ महिदार
उसलाई नयाँ हावाले एउटा सफा सिसार दिन सकेको छैन
अदृश्य मन्दिरबाट बाहिर निस्केका फूलहरु ।
नयाँ हावाको तारीफ गर
आयातित चुरोटको धुवाँ आकाशतिर फाल्दै,
केही क्षण मानिसहरुलाई झुक्याउन सकिन्छ
किनभने, पित्तल र सुनको रङ्ग एउटै देखिन्छ ।
टाउको ठोकेर जमीनमा मर्न तयार हुन्छु
तर यस्तो हावालाई पवन हो
-कतै पनि बक्दिनँ ।

नयाँ हावाको बखान गर खुल्ला मैदानहरुबाट
राष्ट्र कति भाँसिएको छ, त्यसको मास्ता नगर !
जमीनमा टाउको ठोकेर मर्न तयार हुन्छु
यस्तो बखानलाई थुक्न तयार हुन्छु

एउटा गोली खर्च गर नयाँ हावाका पहरेदारहरु
म राष्ट्र उठाउने खट बनाएर मर्न तयार हुन्छु ।

□

शव्द/अर्थ : तगर = सेतो रंगमा फूल्ने एक फूलको नाम/ कानन = वन जंगल, बगैंचा वा घर/सिसार= कोशेली
-मूल्यांकन



*आफैंले नयाँ र मौलिक सृजना गर्न नसकेर पनि फिल्म बनाउनेहरु "व्यापारिक मसला" तिर लागेका हुन्*

# कलाकारहरुको काम जहिले पनि सत्ताको प्रतिपक्षमा बस्नु हो

- सुनील पोखरेल

सामाजिक जीवनमा आधारित र कलापूर्ण नाटक र फिल्महरुको निर्माणमा सक्रिय कला - समूह *आरोहण* का प्रमुख व्यक्तित्व सुनील पोखरेलसंग हामीले समसामयिक नेपाली कला-संस्कृतिका विविध पक्षमा गरेको कुराकानीको केही अंश पाठक वर्गका लागि यहाँ प्रस्तुत गर्दैछौं ।

नेपाली रंगमंच र फिल्म-टेलिफिल्म क्षेत्रमा एउटा निश्चित बौद्धिक स्तर र अवधारणा कायम राख्न सफल देखिनुहुने युवा निर्देशक सुनील पोखरेल र "आरोहण" समूहका कतिपय कलाकारहरु आज समग्र नेपाली फिल्म क्षेत्रका उत्साही, सृजनशील एवं चर्चित कलाकार र निर्देशकको रुपमा स्थापित हुँदै जानु भएको छ । उहाँहरु सबैले "आरोहण" को कला संवन्धी मान्यतालाई व्यवहारमा कति पछ्याउने प्रयत्न गर्नु होला, त्यो प्रतीक्षाकै विषय रहेको छ । तर कुराकानीको सन्दर्भमा हामीले पाए अनुसार सुनील पोखरेल स्वयंमा भने उहाँको आफ्नो धारणाप्रतिको प्रतिवद्धता बलियो रहेको छ । विधागत र सामाजिक चिन्तनको क्षेत्रमा उहाँको गम्भीरता अरु कलाकारहरुले पनि सिक्न लायकको रहेको छ । - का. सं.

❑ ***कला क्षेत्रमा तपाई वा तपाईहरु लाग्नुको उद्देश्य के हो ?***

- नाटक वा फिल्म निर्माण सम्बन्धी कला-यात्रालाई हामीले आफ्नो जीवनको माध्यम वा अभिव्यक्तिको माध्यमको रुपमा छानेका हौं । पहिलो कुरा यो हो ।

कलाको माध्यबाट कुनै पनि कुरा अभिव्यक्त गर्नु भनेको एउटा अत्यन्त महत्वपूर्ण कुरा हो । त्यसले समाजमा केही न केही प्रभाव पार्छ नै । त्यसकारण कुनै पनि कला-साधनाको एउटा उद्देश्य हुनु पर्दछ र त्यो काम गर्नुको एउटा सार्थकता हुनुपर्छ र त्यसप्रति व्यक्तिको प्रतिवद्धता हुनुपर्छ भन्ने हाम्रो धारणा रहेको छ ।

समाजलाई परिवर्तन गर्नु नै हाम्रो कलाको उद्देश्य हो भनेरै हामी भन्न नसकौंला तर हाम्रो समाजमा रहेका जति पनि राम्रा कुराहरु छन्, राम्रा चालचलन वा प्रवृत्तिहरु छन्, तिनलाई कलाको माध्यमबाट प्रोत्साहित गर्ने र नराम्रा चीजहरुलाई दुरुत्साहित गर्ने काम गर्नु पर्छ भन्ने मान्यता हाम्रो रहेको छ । यस बाहेक, समाजमा ओझेलमा परेका कतिपय मानवीय संवेदनाहरुलाई अगाडि ल्याउने चाहना पनि हाम्रो रहेको छ । कतिपय मानवीय पक्षहरुलाई कलाको माध्यमबाट उद्घाटन गर्दा "ए, यस्तो हो त हगि ?" भन्ने अनुभूति र बोध मानिसहरुमा हुने गर्छ र यसबाट मानव समाजको विकासमा केही न केही मद्दत मिल्नेछ भन्ने हामीलाई लाग्छ ।

साथै, हाम्रो समाजमा कतिपय अलग अलग स्थानमा रहेका तर ओझेलमा परेका पीडित मानिसहरुका तब्काहरु छन् । तिनीहरुलाई अरुको सामु प्रस्तुत गर्नु पनि हाम्रो उद्देश्य हो, जस्तो-हामीले विगतमा बहिराहरुको समस्या र स्थितिलाई लिएर वा सडकमा बाँच्ने केटाकेटीहरुलाई लिएर पनि नाटकहरु गर्‍यौं । यस्ता ओझेलमा परेका विषयहरु पनि समाजमा बहस, चर्चा र आम-सरोकारको विषय बनून् भन्ने हाम्रो चाहना छ ।

❑ ***यसै प्रसंगमा एउटा चर्चा गरौं । रंगमंच र फिल्म-टेलिफिल्मको क्षेत्रमा आफू "सार्थक कला" को पक्षमा रहेको आशय बेला बेलामा तपाईहरुले व्यक्त गर्नु भएको पाइन्छ । यो "सार्थक-कला" भनेको चाहिं के हो ?***

- हामीले यसबारेमा एउटा मोटामोटी धारणासम्म मात्र बनाएका हौं । "सार्थक कला" भन्ने शब्द अन्यत्र पनि चलेको शब्द हो । भारततिर पनि राम्रो सिनेमालाई "सार्थक सिनेमा" भनिन्छ । त्यसैले, कुरो त राम्रो र नराम्रो कै हो ।

हामी जीवनसंग सम्बन्धित रचनाहरु तयार गर्न चाहन्छौं । जीवनसंग सम्बन्धित मात्रै भन्नाले यसमा त उडन्ते, हावादारी रचनाहरु पनि पर्छन, जीवन र समाजलाई गलत बाटोतिर धकेल्ने रचनाहरु पनि हुन्छन् । तर हामीले भन्न खोजेको रचना चाहिं जीवनसंग राम्रो र सार्थक रुपमा सम्बन्धित रचनाहरु हुन । मानवीय संवेदना र मानवीय मूल्यसंग सम्बन्धित नाटक-फिल्महरुको निर्माण गर्न हामी चाहन्छौ, तर त्यो कुनै पनि वर्ग वा जाति-विशेषको नै हुनुपर्छ भन्नेमा चाहिं हामी मतलब राख्दैनौं । नेपालमा हाल मुख्य रुपमा चलिरहेको संस्कृतिको धारा, जुन आज यहाँ धेरैतिर चलिरहेका सिनेमा र नाटकहरुले बोकेका छन्, त्यसभन्दा अलि पर रहेर विरोधमै रहेर त, नभनौं, तर त्यससंग असहमत रहेर हामी काम गरिरहेका छौं ।

❑ ***हाल समाजमा हावी भएको यो मुख्य धारा तपाईहरुलाई मन नपर्नुको कारण के हो ?***

- कलाको माध्यमबाट के चीज समाजमा लैजाने वा के चीज प्रस्तुत गर्ने भन्ने विषयमा व्यक्तिमा रहेको रुचि, विचार वा मानसिकताले नैं कुन धारालाई पछ्याउने भन्ने कुरा निर्धारण गर्दारहेछ ।

अहिले हेर्नुस्, नेपालमा केही केही कलाकारहरु बाहेक प्राय: अरु सबै कलाकारहरु यहाँ चलेको मूल ढर्रामै बग्नु भएको छ ।

आम रुपमा भन्नु पर्दा अहिले चलेका नेपाली सिनेमाहरु भाषाको कारणले मात्र नेपाली भन्नु पर्ने खालका छन् । अझ, भाषा पनि आधाआधी मात्रै नेपाली प्रयोग हुन्छ भने पनि हुन्छ । "हरामजादे" जस्ता गालीहरु नेपाली सिनेमामा मज्जाले पस्दैछन् । जसरी पनि "पैसा कमाउने" वा "पैसा उठाउने" नियतले सस्ता मसलाहरु प्रयोग गरी बनाइएका हिन्दी फिल्महरुको ठाडो नक्कल यहाँ हुँदैछ । यो निरर्थक र हानीकारक प्रवृत्ति हो । निरर्थक र हानीकारक भएकोले नै हामी फिल्म वा नाटकहरुमा पनि यो धारालाई रुचाउँदैनौं ।

❑ ***थोरै चर्चा त माथि पनि गरियो, तर अलि विस्तृत जाऔं । भन्नुहोस्-नाटक वा फिल्महरुले समाजमा पार्ने असरहरुप्रति तपाईको समग्र धारणा के हो ?***

- भन्छौं हामी-सिनेमाले, नाटकले क्रान्ति ल्याउँदैन ।

ल्याउँदैन होला । तर सिनेमा, नाटकहरुले मानिसहरुको मानसिकतामा केही न केही असर त पारी नै हाल्छन् । त्यसमाथि पनि एउटा विशेष उमेरका मानिसहरुमा त यसको प्रभाव झन ज्यादा हुने गर्छ । हाम्रो समाजमा एउटा १४-१५ वर्षको किशोरले देख्ने सपना हुने गर्छ- कुनै उपायले धनीकी छोरीसंग विहे गर्ने र चैनसंग बाँच्ने । त्यस उमेरमा म पनि

**प्राय: हाल चलिरहेका व्यवसायिक हिन्दी सिनेमाहरु स्टार र एम टि.भि. मा प्रदर्शन हुने अन्य विदेशी व्यवसायिक फिल्महरु भन्दा धेरै बढी अश्लिल छन् ।**

त्यस्तै सपना देख्थें । पछि थाहा भयो-मेलै यो सपना देख्नुको पछाडिको कारण वा यो सपनाको जन्मदाता हिन्दी सिनेमा नै रहेछ । उडन्ते र अतिरंजित घटनाहरु भएका त्यस्ता फिल्महरुले किशोर मस्तिष्कलाई आफू पनि त्यस्तै हुन र आफूले पनि त्यस्तै गर्न प्रेरित गर्ने काम कतै न कतैबाट गर्दोरहेछ ।

ठाडै प्रभाव नपरे पनि नाटक वा फिल्महरुको प्रभाव व्यक्तिको जीवनमा पर्छ नै र त्यो कुनै न कुनै रुपमा उसबाट फुत्त बाहिर देखा पर्ने गर्छ ।

आजकल यस्ता फिल्महरुमा दर्शाइने स्नान-दृश्यहरु वा अंग प्रदर्शनहरुको प्रभावले गर्दा पनि बलात्कार वा बालिका-बलात्कारका घटनाहरूसम्म पनि नबढेका हुन् भन्न सकिन्न । बलात्कारका घटनाहरु बढ्नुमा यसकै मात्र हात छ त म भन्दिनं तर यसको प्रभाव कतै न कतै नहोला भन्न सकिन्न ।

❑ ***फिल्म वा नाटकलाई जसरी पनि, बिकाउ बनाएर नाफा कमाउने होडबाजी अहिले चलिरहेको छ । यो होडबाजी तपाईलाई कस्तो लाग्छ ?***

- जे जस्ता कुरा पनि जम्मा गरी फिल्म वा नाटक बनाउने प्रवृत्तिलाई म निरर्थक प्रवृत्ति ठान्दछु । हरेक कामको आ-आफ्नो गरिमा हुन्छ । त्यो गरिमाभित्र रहेर मात्र नाफा खोज्नु सार्थक कुरा हो। पैसा नै मात्र कमाउने भए त अरु क्षेत्रहरु, व्यापार -व्यवसायहरु जत्ति पनि छन् नि ! किन यस क्षेत्रमै लाग्नु पर्‍यो ?

यसमाथि पनि जब काम एउटा र कुरो अर्को गरिन्छ, तब त यो झन निरर्थक ठहरिन्छ ।

❑ ***यो कसरी ?***

- हेर्नुस, आजकाल यहाँ यस्ता फिल्महरु ज्यादा आउन थालेका छन्, जसमा प्रयोग हुने थुप्रै मसलाहरु मध्ये एउटा मसला हो-व्यक्तिको यौन उत्तेजनालाई एउटा खास दिशातिर जगाईदिने र छोडिदिने खालका दृश्य र प्रसंगका मसलाहरु ।

यसैको उदाहरण लिऊँ ।

पैसा कमाउन यस्ता मसला फिल्ममा खाँदिएका हुन्छन् तर जब फिल्म बनाउनेहरु भन्ने गर्छन-यो हाम्रो समाज सेवा हो, कला र संस्कृतिको पनि सेवा हो र यो नेपाली सिनेमा र नाटकको विकास पनि हो ।"

तब, यस्तो प्रवृत्तिलाई नै मेलै यो झन निरर्थक कुरा भनेको हुँ ।

❑ ***यो त ढोंग पनि भयो नि हैन ?***

- यो दोहोरो मापदण्ड अपनाउने अत्यन्त हानीकारक कुरा हो । निश्चय नै यो ढोंग हो ।

हेर्नुस्, म क्याब्रेलाई बरु नराम्रो मान्दिनं, किनभने, त्यसको नियत नै जीउ देखाएर पैसा कमाउनु हो । बेश्याबृत्ति नराम्रो हो, तर यसलाई तुलनात्मक रुपले म नराम्रो यस अर्थमा मान्दिनं कि-त्यसले पैसाको लागि जीउ बेच्छ र यौन सन्तुष्टि बेच्छ र मुख्य कुरा यो खुला छ । यिनीहरुको नियत खुला छ । बेश्याबृत्ति गर्नेले कहिले भन्दैन कि- "म समाज सेवा गरिरहेको छु वा समाजको उत्थान गरिरहेछु ।"

बरु बेश्याबृत्तिमा लागेका मान्छेमा हीनताबोध हुन्छ, सामाजिक नैतिकता भन्दा म अलि पर छु भन्ने स्वीकारोक्ति त हुन्छ !

❑ ***हालका चालू हिन्दी फिल्महरु, जुन नेपालमा पनि प्रशस्तै भित्रिएका छन्, जसमा अश्लिलता पनि ज्यादा हुने गर्छ, तिनीहरु चाहिं तपाईलाई कस्तो लाग्दछन् ?***

- म त भन्छु-प्रायः हाल बनिरहेका व्यवसायिक हिन्दी सिनेमाहरु स्टार र एम टि.भि. मा प्रदर्शन हुने अन्य विदेशी व्यवसायिक फिल्महरु भन्दा धेरै बढी अश्लिल छन् । हामी परिवार नै संगै बसेर यी फिल्महरु हेर्न निक्कै अप्ठेरो हुन्छ । तिनमा गीतहरु हेर्नुस्, नृत्यहरु हेर्नुस्-ती निकै छाडा बन्दै गइरहेका छन् ।

**कलामा राजनीति हुनै पर्छ भन्ने वा हुनै हुन्न भन्ने कुनै आग्रह हामीमा छैन ।**



सुनील पोखरेल र नीशा शर्मा

शिललता र अश्लिलता भन्ने कुरा कुनै पनि समाजको सांस्कृतिक चालचलनसंग सम्बन्धित कुराहरु हुन् । जस्तो-स्टार टि. भि. उद्‌घोषण गर्ने कुनै केटीले हाफप्याण्ट लगाउनु वा त्यस टि. भि. मा चुम्बनका दृश्यहरु देखाइनु त्यति अश्लील हैन, जति "चोलीकेपिछे क्या है?" जस्ता दुई अर्थ लाग्ने गीतहरु फिल्माइएको प्रस्तुति पेश गर्नु अश्लील हो । किनभने, स्टार टि. भि. ले प्रस्तुत गर्ने ती दृश्यहरु उनीहरुको समाजका स्वाभाविक र सहज कुरा हुन् । तर हिन्दी वा नेपाली फिल्मले प्रस्तुत गर्ने गरेका माथि उल्लेख गरिएका खाले दृश्यहरु भारतीय वा नेपाली समाजका निम्ति असहज कुरा हुन् । यस्ता प्रस्तुतिहरुले समाजको स्वाभाविकतालाई प्रस्तुत गर्दैनन्, बरु यसको उल्टो यिनले त यौन पक्षलाई समाजमा अनावश्यक र-हस्यमय र कौतुमय बनाएर पेश गरी कुण्ठा र विकृति बढाउनमा थप योगदान गर्दछन् ।

❑ ***तपाईले यस्ता विकृति र कुण्ठा बढाउने कुराहरुलाई राम्रो मान्नु भएन, तर नेपालमा अहिले "जसरी पनि पैसा कमाएका" मानिसहरु, जसको कुनै सामाजिक उद्देश्य छैन र जो केवल फेरि पनि जसरी पनि पैसा कमाउन चाहन्छन्, तिनीहरु केवल नाफाका लागि प्राइभेट स्कूल खोल्नतिर वा केवल नाफाकै लागि यो फिल्म निर्माणको क्षेत्रतिर पनि लाग्दैछन् । त्यस्ता मानिसहरु भन्छन्-"यस्ता मसलाहरु फिल्ममा नराखेमा त लगानी गरेको पैसा नै उठ्दैन, नाफा नै हुँदैन ।" यस भनाइलाई तपाई कसरी हेर्नु हुन्छ ?***

- यसमा हेर्नुस पहिलो कुरा त पैसा मात्र कमाउन चाहनेले कलामै मात्र लगानी गर्नु पर्छ भन्ने नै के छ र ? किनभने, पैसा मात्र कमाउने हो भने संसारमा जायज वा नाजायज थुप्रै बाटाहरु छन् ।

अर्को कुरा, सबै चीजबाट तत्काले लाभ नउठ्न पनि सक्छ । सरकारले कुनै ठाउँमा बाटो वा नहर बनाउँछ तर के तिनीहरुबाट लगानी तुरुन्तै उठ्छ र ? तर बाटो वा नहर भनेका समाजको उत्थान र कल्याणको लागि जरुरी कुरा हुन् र यिनबाट दीर्घकालीन रुपमा फाइदा छ । तुरुन्तै लगानी फिर्ता नआउने भएपनि गर्नै पर्ने केही कामहरु समाजमा हुन्छन् । त्यस्तै, राम्रा फिल्महरु पनि समाजको लागि, यसको कल्याणका लागि जरुरी कुरा हुन् । यस्ता फिल्महरु बनेमा यिनीहरु शुरुमा नचल्लान् तर पछिसम्मको लागि तिनीहरुले बाटो देखाउने छन र तिनीहरुको लगानीबाट आर्थिक लाभ नै पनि ढीलै भएपनि अवश्य हुनेछ । अँझ, मलाई त के लाग्छ भने-अहिल्यै पनि यस्ता फिल्महरु घाटामा जाँदैनन्, किनभने यिनीहरुमा हामी निर्माण-खर्च नै पनि त कम गर्न सक्छौं नि !

राम्रो चीजले लगानी उठाउँदैन भन्ने निश्चय नै हैन । खै त हिन्दीमा पनि यस्ता फिल्म बनेका छन् र नाफामै चलेका छन् । थुप्रै मानिसहरु नेपालमै पनि हिन्दीका सार्थक-फिल्महरु हेर्न रुचाउनेहरु मैले पाएको छु ।

लगानी गर्छु, तर जसरी पनि त्यसबाट आर्थिक लाभ उठ्नै पर्छ भनी जे जस्तो पनि फिल्म बनाउन पछि नपर्ने कोही निस्कन्छ भने म त उनीहरुलाई भन्छु - तपाईहरु समाजका कुनै कुनै चीजलाई त छोडीदिनुस्, बिग्रन नदिनुस्, सबै क्षेत्रलाई तपाईहरुले छुनै पर्छ भन्ने त छैन नि !

❑ ***यसरी सामान्यतया आर्थिक लाभको हिसाबले पनि संभव हुँदाहुँदै पनि किन यो व्यवसायिक मसलायुक्त फिल्मको मात्र बाढी आएको हो त ?***

- यसमा बनाउनेहरुको नियत र विचारको पनि कुरा आउँछ नै । यसबाहेक, अर्को के छ भने-कलामा "रिस्क" लिनु पर्ने हुन्छ, त्यसो गर्नु चुनौतिपूर्ण कुरा पनि हो । त्यसैले धेरै मानिसहरु आफैंले नयाँ र मौलिक सृजना गर्नका गाह्रोले त्यसबाट पलायन भएर अरुले चलाएको सजिलो र कम रिस्क देखिएको बाटोमा हिड्दैछन । यसरी सजिलो बाटो रोज्नेहरुका कारण पनि व्यापारिक मसलायुक्त फिल्महरु मात्र ज्यादा बनेका हुन् ।

❑ ***हालको यो सस्तो बजारिया बहावमा नबगीकन तपाईहरु आफनो एउटा निश्चित कला-स्तर र धारणा अन्तरगत काम गरिरहनु भएको छ । यसमा कठीनाइहरु पनि त छन् नि, हैन ?***

- निश्चितै रुपमा यसमा कठीनाई पर्छ । त्यसैले नै हामी नियमित नाटक-फिल्म गर्न सकिरहेका छैनौं । पहिले हामीले हरेक साता "आरोहण-शनिवार" भनी नियमित नाटक प्रस्तुत गर्‍यौं तर त्यसलाई चालु गर्न हाल हामी सक्रिरहेका छैनौं ।

कलाकारहरुका जीवन यापनका समस्या र घर परिवारप्रतिका दायित्वहरु थपिंदा आफैंले खर्च व्यहोरेर वा स्वयंसेवी हिसावले संधै काम गर्न कठीनाइ पर्नु स्वभाविकै हो ।

❑ ***गंभीर र सार्थक प्रकृतिका टेलिफिल्म वा फिल्महरु बनाउन लगानी गर्ने मानिसहरु तपाईहरुले कति सहजै पाउनु भएको छ ?***

- खै, त्यस्ता मानिसहरु हामीले त अहिलेसम्म भेटेका छैनौं । टेलिफिल्महरु पनि हामी आफू आफूले नै बनाउँछौं । फिल्म बनाउन मानिसहरु त धेरै आउँछन तर हामी जहाँ रुची मिल्दैन, जहाँ कथानक हामीलाई मन पर्दैन, त्यहाँ हात हाल्दैनौं, त्यसैले उनीहरु फर्कन्छन । कतिपय मित्रहरु आफू प्रमुख पात्र बनेर खेल्न वा आफ्नो कथा समावेश गर्न पनि आउनु हुन्छ, हामीलाई ती प्रस्तावहरु उचित लागेमा त हामी मान्छौं तर शर्त राखेर चाहिं हामी काम गर्दैनौं ।

❑ ***यसरी कठीनाइहरु समेत झेल्दै एउटा निश्चित स्तर र धारणालाई अगाडि राखेर काम गर्दा तपाईहरुलाई "राजनीति गर्‍यो" भनेर आरोप लगाउने पनि त होलान् नि ?***

- पंचायत कालमा जस्तो गरी

संगठित रुपमा यस्तो आरोप लगाउनेहरु त छैनन्। तर व्यक्तिगत स्तरमा, कहिलेकाहीं फाट्टफुट्ट कुनै कुनै पत्रिकाहरुबाट वा कुराकानीको सन्दर्भमा "तिमीहरु त वामपन्थी हौ, कम्युनिष्ट हौ" भन्ने खाले आरोप *आरोहण*लाई यदाकदा लगाइने भने गरेको छ। तर धेरै मित्रहरु, जसले कलालाई वा कलाको प्रकृतिलाई बुझेका छन्, तिनीहरुले भने हामीलाई यस्तो आरोप लगाउँदैनन्। कलामा रिस्क लिइन्छ भन्ने कुरा बुझ्नेहरुले यस्तो आरोप लगाउने कुरै आउँदैन।

❑ ***कला र राजनीतिको संबन्धबारे तपाईको धारणा के छ ?***

- सार्थक कलाको हाम्रो खोजी समाजको लागि मात्रै हैन, हाम्रै लागि पनि हो। समाजका फरक फरक क्षेत्रको गहिराइमा पुगेर उनीहरुलाई बुझेर हामीहरु आफैं पनि, व्यक्तिगत रुपमै पनि, राम्रो जीवन जीउन चाहन्छौं। हामी आफ्नै मानवीय मूल्यको खोजी पनि हो- हाम्रो कला-यात्रा।

त्यसैले, हामी आफ्नै लागि, आफ्नै कारणले पनि यसमा अलिकति प्रतिबद्ध छौं।

कलामा पार्टीगत राजनीतिको कुरालाई चाहिं हामी मान्दैनौं। तर आफ्नो व्यक्तिगत राजनीतिक प्रतिबद्धतालाई भने हामी बेठीक भन्दैनौं। हामीसंग कांग्रेस, एमाले, मसाल वा संयुक्त जनमोर्चालाई भोट दिने अलग अलग प्रतिबद्धताका साथीहरु छन्। तर जतिखेर हामी कला-समूहको रुपमा काम गर्छौं, त्यतिखेर भने यसलाई हामी व्यक्तिमै थन्क्याउँछौं। तर हाम्रो कलामा, कतै केहीमा राजनीतिक विचार आउँछ भने त्यसमा पनि हाम्रो आपत्ति रहँदैन। कलामा राजनीति हुनै पर्छ भन्ने वा हुनै हुन्न भन्ने कुनै आग्रह हामीमा छैन।

❑ ***त्यसो भए कलामा "राजनीति होला कि ?" भनी आतंकित चाहिं हुनु हुन्न ?***

- विल्कूलै हामी यसरी आतंकित छैनौं।

हेर्नुस, नाट्य-कलाको विकास नै हाम्रो समाजमा राज्य वा राजा-रजोटाहरुले संरक्षण दिएर भएको हो। विहान विहानै चारणहरु वा भाटहरुले उनीहरुको स्तुती गाउने परंपराबाट पनि यो गुज्रिदै आयो। त्यसकारण, जसले स्तुतीभन्दा फरक कुरा बोल्यो, त्यसलाई '"लौ राजनीति गर्‍यो!" भन्ने चलन यहां चलेको हो। त्यसैले यस्ता कुराको हामी मतलव गर्दैनौं। आतंकित हुने त कुरै आएन।

अर्को, हाम्रो स्पष्ट मान्यता के छ भने-कला वा कलाकारहरुको काम जहिले पनि सत्ताको प्रतिपक्षमा बस्नु हो। जुनसुकै सत्ता आओस्, त्यस सत्ताबाट समाजलाई झन झन माथिल्लो स्तरमा लैजाने काम होस् भन्ने आग्रहसाथ रचनात्मक प्रतिपक्षमा कला-क्षेत्र रहनु पर्छ।

❑ ***शिक्षक वा प्राध्यापक जस्ता पेशागत क्षेत्रमा लागेका व्यक्तिहरु समेतले मुलुकको समसामयिक राजनीतिक इस्यु हरुमा यो वा त्यो धारणा व्यक्त गर्ने प्राज्ञिक-राजनीतिक स्वतन्त्रता नेपालमा केही न केही उपयोग गरिरहेछन्। तर समाजप्रति झनै संवेदनशील रहने कलाकारहरुले चाहिं यस्ता इस्युहरुमा आफनो मत जाहेर गर्दा, त्यस्ता स्वाभिमानी कलाकारहरुलाई हतोत्साहित गर्ने भाट-प्रवृत्ति पनि नेपालमा विद्यमान छ। यस्ता प्रवृत्तिधारीहरुबाट तपाईहरु कत्तिको तर्सिनु हुन्छ ? प्राध्यापक वर्गले जति पनि कलाकारले बोल्नु हुन्न भन्ने यो भनाइलाई तपाई कत्ति मान्नु हुन्छ ?***

- यो भनाइलाई म विल्कूलै मान्दिनं। किन मान्दिन भने, कलाकार पनि सवभन्दा पहिले समाजको एउटा मान्छे हो, सदस्य हो। कलाकार भन्न नपाई ऊ कुनै निरपेक्ष जीव हैन, साधु हैन। समाजका ज्वलन्त समस्याहरुबाट धेरैलाई अलग्ग राखीछाड्नलाई होला-पहिले देखिनै "देशको राजनीति कलाकारहरुको चासोको विषय हैन" भन्ने मान्यता यहाँ लाद्न खोजिएको देखिन्छ। यो लाद्ने कामलाई म मान्दिनं। किनभने पहिले म यो देशको एउटा नागरिक हुँ, त्यसपछि मात्र कलाकार हुँ। देशलाई जरुरत वा आपत परेको बेला मैले एउटा नागरिकले पूरा गर्नु पर्ने आफनो देशप्रतिको कर्तव्य पूरा गर्नु पर्ने हुन्छ। त्यसैले राजनीतिक इस्यु हरुमा कलाकारले बोल्न हुन्छ र पाउनु पर्छ। कहिलेकाहीं स्थिति अनुसार हामीलाई बोल्न जरुरी नलाग्ला वा मन नलाग्ला, त्यो अर्कै कुरा हो।

२०४६ सालको जन-आन्दोलनमा हामी कालोपट्टी बांध्ने कार्य लगायतका कार्यक्रमहरुमा सक्रिय भयौं। यही मान्यताका आधारमा नै त्यतिखेर हामीले खतरा मोलेर पनि राष्ट्रप्रतिको दायित्व निर्वाह गरेका हौं।

❑ ***तपाईहरु सार्थक कला को पक्षमा यसरी तुलनात्मक रुपले गंभीरता सहित सोचेर अघि बढ्दै हुनुहुन्छ। समाजका अन्य, जीवनमुखी सोच राख्ने चिन्तनशील व्यक्तिहरु पनि यस प्रकारको कलाको पक्षमा छन्, तर पनि किन सार्थक कला प्रति जन-अभिरुचि चाहिं व्यापक हुन नसकेको हो ?***

- पहिलो कुरो, यस्ता कलापूर्ण सृजनांहरुका लागि लगानी गर्नेहरु नै कम छन्। व्यापारिक सोच मात्र राख्नेहरुले यसमा लगानी गर्दैनन्। हामी आफूले जीविका चलाउन समेत गैरसरकारी संस्था (NGO) हरुले माग गरेअनुसार कला- तालिम कार्य वा विकासे नाटकहरु गर्नेतिर लाग्नु पर्ने स्थिति छ। म आफैं यसरी धानिरहेको छु। वीचमा एउटा फेलोसिप थियो त्यसले मलाई २-३ वर्ष काठमाण्डौमा टिकायो। फेलोसिप सकियो। अनि अब के गर्ने ?

तव, यस्तै गरिदैंछ-गाउँ-शहरमा संस्थाहरुको अनुरोधमा नाटकहरु सिकाउने,



**हरेक सत्ताका आफ्ना आफ्ना "मण्डलेहरु" हुन्छन्, आसेपासे, धूपौरे आदि सेट नै हुन्छन्। यस्ता सत्ताहरु आफूलाई पटक्कै नछुने, आफ्नो स्वार्थमा अलिकति पनि आँच नआउने खालका कला मात्र सृजना हुन् भन्ने चाहँदा रहेछन्।**

तयार गर्ने आदि।

सार्थक कला जनव्यापी हुन अझै बांकी हुनुमा अर्को कारण हो-हाम्रो कलाको मुख्य धारा अर्थात व्यापारिक मसलावाला धारा-हवात्तै अगाडि आयो र त्यसले नै पेलेर लग्यो। दुर्भाग्यवश सरकारी संचार माध्यमहरुले पनि तिनीहरुलाई नै मात्र बढावा दिए। यसरी आम-जनताको मानसिकतालाई नै यो धाराले आफूसंगै बगाइदियो। मानिसहरुको रुची नै त्यतातिर मोडिएर गयो।

नीजिस्तरको कुरै भएन, सरकारी क्षेत्रले पनि यस क्षेत्रलाई ध्यान दिएन। सरकारी क्षेत्रको काम वास्तवमा व्यापारिक काम गर्नु हैन। यसको काम त राम्रो काम गर्ने वातावरण बनाईदिनु हो। तर त्यस्तो गरिएन। नराम्रो असर छोड्ने कुराहरुलाई दुरुत्साहित गरेर राम्रा कुरालाई प्रोत्साहित गर्न त सरकारले सक्छ नि! करोडौं बजेट खर्च गर्ने कला संस्कृति संबन्धी सरकारी संस्थाहरु यहां छन, यिनीहरुको काम नै राम्रो चीजलाई प्रोत्साहन मिल्ने वातावारण तयार गर्नु हो, तर यिनीहरुले यस धारणाअनुसार काम गरेनन् र गरिरहेका छैनन्।

यी सब कारणले गर्दा हामी जस्ता व्यक्तिहरुले मात्र यसका लागि श्रोत-साधन जुटाउन गाह्रो पर्नु स्वाभाविकै हो।

❑ ***तपाईहरुलाई फ्रान्सिसी सांस्कृतिक केन्द्र ले नाटकहरु गर्ने हल दिएर सहयोग गरेको देखिन्छ। तपाईहरु जस्ता कलाकारहरुलाई जरुरी यो भन्दा ठूलो हलको सुविधा उपलब्ध गराउने काम त एकेडेमी को हो। के एकेडेमी ले सहयोग गर्दैन तपाईहरुलाई ?***

- कहाँ सहयोग गर्नु ? भाडामा लिनु पर्छ एकेडेमीको हल त। हामीले दिनको ७५००।- तिरेर त्यहाँको हल लिन साध्य नै हुंदैन।

हामीले एकेडेमीलाई हरेक वर्ष नाटक-मेला गर्ने प्रस्ताव राखेका थियौं।

त्यत्ति त मानेन यसले। प्रतियोगिता हैन महोत्सवको रुपमा यो गर्ने हाम्रो योजना थियो, जसले गर्दा प्रतियोगितामा भाग लिन नचाहनेहरुले पनि यसमा भाग लिन सकून। देशभरिका कला समूहहरु एकै ठाउँमा भेला हुने, आदान-प्रदान हुने अवसर पनि हुन्थ्यो यो। हामीले दुई वर्ष आफैंले यो काम गर्‍यौं, पछि सकेनौं र यसरी एकेडेमीमा अनुरोध गर्न गयौं। "अरु सव खर्च हामी जसरी पनि जुटाउँछौं, तपाईहरु हल मात्र दिनुस, र हामी त्यसलाई संयुक्त आयोजना भनौं" भनी हामीले राखेको प्रस्तावमा उहाँहरुले चासो नै राख्नु भएन।

❑ ***एउटा अर्को प्रसंगको कुरा गरौं। पाकिस्तानी टेलिफिल्महरु ने.टि.भि. बाट जति आए, तिनीहरुकै मात्र आधारमा भन्ने हो भने पनि तिनीहरु तुलनात्मक रुपले निकै स्तरीय र उच्च दर्जाका पाइए। के नेपाली फिल्म-टेलिफिल्म पनि कम्तिमा त्यो स्तरसम्मका पनि बन्न सक्दैनन् ?***

- पाकिस्तानी आम-सिनेमाहरु चाहिं तेस्रो दर्जाका हिन्दी सिनेमाका नक्कल हुने हुनाले नराम्रै मानिन्छन्। तर पाकिस्तानी टेलिफिल्महरु भने निश्चय नै राम्रा र चर्चित मानिन्छन्।

पहिलो त, पाकिस्तानी टेलिभिजनको बजार ठूलो भएकोले यी टेलिफिल्मको पनि बजार ठूलो छ। अर्को कुरा, स्तरीय र राम्रा टेलिफिल्महरुको निर्माणमा यथेस्ठ लगानी गर्ने कामले त्यहाँ सरकारी स्तरदेखि नै महत्व पाएको छ। तेश्रो कुरा, पाकिस्तानी टेलिफिल्मको विषय-बस्तुको क्षेत्र पनि केही फराकिलो रहेछ। राजनीतिक विषयबस्तुका सिरियलहरु नै पनि उनीहरुले मज्जाले बनाएका छन, प्रशारण गरेका छन्।

हाम्रोमा भने बजारै सानो छ, लगानी कम छ, यसमा सरकारी प्रोत्साहन छैन। एउटै काममा थुप्रै मिहेनत गर्न पाकिस्तानी टेलिफिल्ममा संवद्ध कर्मीहरुलाई आर्थिक हिसावले संभव छ। तर हामीकहां त एउटा टेलि-सृंखला बनाउन थुप्रै ठाउँमा हण्डर खानुपर्छ र थुप्रैं ठाउँमा हात जोड्नु पर्छ र थुप्रै कम्प्रोमाइज गर्नु पर्छ।

विषय-बस्तुको क्षेत्रमा पनि हाम्रो परंपरा नै पंचायत-तन्त्रले छुट्टै खाले बसालीदियो। यसले भन्छ-कलामा बढी भन्दा बढी सामाजिक विसंगतिहरुसम्मलाई मात्रै छुनु पर्छ।

राज्य सत्ता र संस्कृतिको आपसी संवन्ध यहाँ विचित्रको किसिमको छ।

**(बाँकी ४५ पेजमा)**

# होशियार

## नेपाल ऋणको भासमा डुब्दैछ !

(हाम्रा आर्थिक समीक्षकबाट)

***अहिले नेपाली कांग्रेसको सरकार देशको ढुकुटीमा १० महिनाको आयात धान्न विदेशी मुद्राको अपार भण्डार संचित भएको बखान लगाउँदैछ । विदेशका दाता राष्ट्रले कांग्रेसी सरकार माथि अपार विश्वास गरेर सहायता ओइर्‍याईरहेको प्रचार गर्दैछ । देशले चौपट्टै आर्थिक विकास गर्न लागेको कुरा जनताको मन मस्तिस्कमा भर्ने जमर्को गर्दैछ ।***

तर यी सबै प्रचारहरूले एउटा तीतो, डरलाग्दो तर बास्तविक तथ्यलाई जहिले पनि नियतपूर्वक छोपछाप पार्ने प्रयत्न गरिदैछ । त्यो तथ्य हो-नेपाल तीव्र गतिले ऋणको भासमा डुब्दैछ र सरकार त्यो भासबाट देशलाई निकाल्न होइन, अरू बढी भासमा डुबाउन कार्यरत छ ।

नेपालको बार्षिक बजेट ३५ अरबको छ । तर नेपालको कूल ऋण १०५ अरबको छ । अर्थात्, तीन वर्षको बजेट पूरापूर तिर्‍यो भने मात्र हाम्रो ऋण बल्ल चुक्ता हुन्छ ।

**प्रत्येक नेपाली जन्मने वित्तिकै उसको थाप्लोमा ५,६७०।- ऋणको थैलो झुण्डिने स्थितिमा नेपाल पुगेको छ**

प्रत्येक नेपाली जन्मने वित्तिकै उसको थाप्लोमा ५,६७०।- ऋणको थैलो झुण्डिने स्थितिमा नेपाल पुगेको छ ।

यो ऋण मध्ये २०४९ चैत्र सम्ममा बाहृय ऋण ८२ अरब ५ करोडको छ । र, आन्तरिक ऋण २२ अरव ८५ करोडको छ । यो दुवै मिलाएर १०४ अरब ८९ करोड ८८ लाख हुन्छ । यो भनेको नेपालको कूल गार्हस्थ उत्पादनको ७० प्रतिशत हो ।

२०५०/५१ को आर्थिक वर्षमा हामीले यो ऋणको साँवा ब्याज तिर्न ४ अरब २५ करोड, ६८ लाख छुट्याउन परेको छ । यो भनेको हामीले सांवा ब्याज तिर्न मात्र देशको जम्माजम्मी साधारण बजेटको ३७.७ प्रतिशत भाग खर्चनु पर्ने स्थिति हो ।

त्यसमाथि थप, २०५०/५१ को आर्थिक वर्षमा थप ११ अरव २८ करोड विदेशी ऋण लिने घोषणा सरकारले गरेको छ । सायसाथै १ खरब ८२ अरबको आन्तरिक ऋण पनि । १३ अरब १० करोडको यस वर्षको यो ऋणको थैली जोड्दा हाम्रो कूल ऋण ११७ अरब ९९ करोड हुन जानेछ ।

स्मरणीय छ, २०४६।४७ सालको आर्थिक वर्षसम्म अर्थात बहुदलीय व्यवस्था आउँदा हाम्रो कूल विदेशी ऋण ३६ अरब ८० करोड ९ लाख मात्र थियो । र, आन्तरिक ऋण २६ अरब ५८ करोड ४३ लाख थियो । कूल मिलाएर ४३ अरब, ३८ करोड, ५२ लाख ऋण त्यतिखेर थियो । त्यस समयमा कूल साधारण बजेटको ३४.२ प्रतिशत भाग सांवा ब्याज भुक्तानि गर्नु पर्ने स्थिति थियो । यसरी ऋण चार वर्षमै करीव तेब्बर भएको छ ।

गंभीर खतराको संकेत के हो भने- ऋणको भासमा नेपाल परिसकेको छ । त्यसमाथि ऋणमै भर पर्ने यही प्रवृत्ति सरकारको कायम रहेमा नेपाल छिट्टै त्यो स्थितिमा पुग्नेछ, जहाँ साधारण बजेटको अत्याधिक अंश ऋणको साँवा ब्याज चुक्ता गर्दै ठीक्क हुनेछ । त्यतिखेर देशको खर्च कसरी चल्नेछ ? निश्चितै रूपमा हामी सांवा ब्याज तिर्न पनि ऋणै लिनु पर्ने स्थितिमा हुने छैनौ ?

जब यसरी देश सिंगै ऋणमा डुब्छ र आफ्नो सारा आम्दानी ऋण तिर्दै ठीक्क हुन्छ, र खर्च गर्नको लागि हामीसित फेरि ऋणको झोली फिंजाउनु सिवाय अर्को उपाय बांकी रहन्न, हामी कसरी स्वतन्त्र राष्ट्र रहन सक्छौं ? जुन आसामीको हातमुख जोर्ने कुरा नै अरुको दयामा आधारित हुन्छ, ऊ दास झैं अरुको शर्तमा बाच्नु भन्दा बेसी के गर्न सक्छ ? जो अरुको शर्तमा बाँच्छ, ऊ स्वतन्त्र कसरी हुन्छ ?


त्यसैले, नेपाल अहिले नेपाली कांग्रेसको नेतृत्वमा दासताको त्यही भासमा जाक्किने दिशामा बेस्सरी लम्कँदैछ । यस्तो हुनबाट देशलाई जोगाउने हो भने एउटै उपाय छ- यही बिन्दुबाट ऋणमाथि भर पर्ने प्रवृत्ति क्रमशः खतम पार्दै लैजानु र ऋणको परिमाण घटाउँदै लैजानु । यसका लागि सम्पूर्ण राष्ट्रिय स्वतन्त्रताका पक्षपातीहरूले जोडदार आवाज उठाउनु जरूरी भएको छ । होशियार । नत्र नेपाल स्वतन्त्र राष्ट्र हुनै सक्ने छैन । ❑

### हामीमाथि कूल ऋणको भार कसरी बढ्दैछ ? (आन्तरिक र विदेशी ऋण समेत)

| | २०३१/३२मा | २०४८/४९मा | २०४९/५०मा |
|---|---|---|---|
| कूल बाहय ऋण रू. | ३४.६१करोड | ७०४६करोड | ८२०५करोड |
| कूल आन्तरिक ऋण रू. | ४१.५०करोड | २१८३करोड | २२८५करोड |
| जम्मा ऋण रू. | ७६.११करोड | ९२२९करोड | १०४९०करोड |
| *यो ऋण देशको कुल गार्हस्थ उत्पादनको कति प्रतिशत हुन्छ ?* | ४.६ % | ७१.१% | ७० % |

**हामीले लिएको कूल ऋण**

(कूल गार्हस्थ उत्पादनको तुलनामा)




### हामीमाथि विदेशी ऋण कसरी बढ्दैछ?

| | २०३१/३२ मा | २०४८।४९ मा | २०४९/५० को चैत्रसम्ममा |
|---|---|---|---|
| खूद तिर्न बाँकी विदेशी ऋण | रू. ३४.६१करोड | ७०४५.९० करोड | ८२०४.९७ करोड |
| कूल गार्हस्थ उत्पादनको | २.०८% | ५४.३ % | ५६.६% |

स्रोत : अर्थ मन्त्रालय

### विदेशी ऋणमाथिको निर्भरता कसरी बढ्दैछ ?

| | २०३१/३२ सालमा | २०४८/४९ सालमा |
|---|---|---|
| स्वीकृत विदेशी सहायता रू. | ४३ करोड ७९ लाख | रू. २१ अरब ८ करोड ४१ लाख |
| त्यसमा अनुदानको प्रतिशत | ७६% | ३८.२ % |
| ऋणको प्रतिशत | २४% | ६१.८ % |

**टिप्पणी** : *२०३१।३२ सालमा नेपालले ऋण कम लिन्थ्यो, अनुदान बेसी पाउँथ्यो । चार भागमा ३ भाग अनुदान हुन्थ्यो, १ भाग ऋण हुन्थ्यो । अहिले उल्टो भएको छ । २०४८/४९ सालमा पुग्दा नेपालले ऋणमा बेसी भर पर्न थालेको छ , अनुदान कम पाउन थालेको छ । झण्डै तीन भागमा दुई भाग ऋण र एक भाग अनुदान हुन थालेको छ ।*



नेपाली क्रान्तिको एउटा,
महत्वपूर्ण विषयको बारेमा सम्पन्न प्रत्यक्ष
विचार-अन्तर्क्रियाको रिपोर्ट

# "जसको जोत उ... को नारा हाम्रो ... मुख्य नारा ...

"नेपालको
भूस्वामित्वको संरचना
ध्याम्पो आकारको हैन,
मादल आकारको
छ भन्नु बेश होला ।"

"जमीन
धेरै हुने सबैलाई
हामी सामन्त भनिरहेछौं ।
यो सही
होइन ।"

## महत्वपूर्ण विषय

हामी नेपाली
समाजको आमूल परिवर्तन
गर्ने कुरा गर्दैछौ ।

नेपाली समाजको आमूल परिवर्तन गर्ने हो भने कृषि क्षेत्र आमूल परिवर्तन गर्नु पर्ने क्षेत्रमध्ये प्रमुख क्षेत्र हो । किनभने, नेपाली जनताको ८१ प्रतिशत यसैमा संलग्न छ । देशको कुल घरेलु उत्पादन मध्ये ५८ प्रतिशत कृषि क्षेत्रबाटै प्राप्त हुन्छ । उद्योगहरुमा पनि कुल उद्योगहरुको कच्चा पदार्थ मध्ये ८१ प्रतिशत कच्चा पदार्थको स्रोत कृषि क्षेत्र नै हो । त्यसैले, नेपालमा आमूल परिवर्तन भनेको मूल रुपमा कृषि क्षेत्रको आमूल परिवर्तन नै हो ।

कृषि क्षेत्रको यो आमूल परिवर्तनको मुख्य नारा के हुनु पर्छ? -यो सान्है महत्वपूर्ण कुरा हो । हामीले अहिलेसम्म "जसको जोत उसको पोत" लाई मुख्य नारा बनाउँदै आएका छौं । तर के यो सही छ ? के यो नेपालको वास्तविकतासंग मेल खान्छ ? के तथ्य-तथ्यांकले यो नाराको सहीपना सावित गरेको छ ?

अंक १३ मा हामीले यसबारे श्याम श्रेष्ठको एउटा अनुसन्धानमूलक लेख प्रकाशित गरेका थियौं । त्यसको लगत्तैपछि हामीले यसबारेका ज्ञाताहरु बीच प्रत्यक्ष-अन्तर्क्रिया कार्यक्रम राखेका थियौं । अन्तर्क्रिया कार्यक्रममा आएका विचारहरु निकै महत्वपूर्ण छन । तिनीहरुको सार संक्षेप हामी यहाँ प्रस्तुत गरिरहेका छौं ।

- "मूल्यांकन"

लेखले उठाएको सवाल ----------

## बहुसंख्यक किसान परिवारको मूल समस्या के हो ?

-श्याम श्रेष्ठ

यस अन्तर्क्रिया कार्यक्रममा आफनो महत्वपूर्ण समय दिएर आउनु भएका नेतागण र विद्वानहरुलाई मूल्याङ्कन परिवार स्वागत गर्छ ।

मूल्याङ्कनको अंक १३ मा प्रकाशित "जसको जोत, उसको पोत" को नाराको उपयुक्तता, अनुपयुक्ततावारे विवेचना गरिएको मेरो लेखमा २०१८ सालदेखि २०३८ सालसम्मको सरकारी तथ्यांकको आधारमा अहिलेसम्म नेपालमा हामीले परम्परागत रूपले लगाउँदै आएको मूल नारा "जसको जोत, उसको पोत" को सवन्धमा प्रश्न उठाइएको छ । के यो नाराले अहिलेको हाम्रो वास्तविकतालाई प्रतिविम्वित गर्छ ? के यो नाराले बहुसंख्यक किसानहरुको अहिलेको मुख्य समस्यालाई समेट्छ ? यसबारे त्यस लेखमा विश्लेषण पेश गरिएको छ ।

लेखले दर्शाएको छ - २०३८ सालसम्मको तथ्य-तथ्यांकका आधारमा नेपालमा ९०% किसानहरुको आफ्नै जोत पनि छ, त्यसमा आफ्नो पोत पनि छ । मुख्य समस्या जोत र पोत नहुनुको छैन । मुख्य समस्या त जोत सानो हुनुको छ । जोत सानो भएकाले त्यसले जीविका नधानेर गैर - कृषि पेशामा किसानहरु ओइरिने गर्नु अहिलेको मूल प्रवृत्ति भएको छ

५० % किसानको हातमा आधा हेक्टर जमीन मात्र छ । आधा हेक्टर भनेको करीब १० रोपनी वा पौने बिगाहा जमीन हो । त्यस्ता आधा हेक्टर जमीन हुने किसान परिवारहरु नेपालमा करीब १० लाख छन् । त्यसमा १ हेक्टरसम्म जमीन हुने किसान परिवार जोड्ने हो भने ६७ प्रतिशत हुन्छ । नेपालका कुल २२ लाख किसान परिवारमा सांढे १३ लाख परिवार अर्थात ६७ प्रतिशत किसान परिवार भनेको नेपालको बहुसंख्यक किसान परिवार हो। यति धेरै किसान परिवारसित नेपालको जम्माजम्मी जमीनको १७ प्रतिशत भाग मात्र छ । यही नै किसानहरुको मूल समस्या भएको छ ।

उता १० हेक्टर अर्थात १५ बिगाहा

प्रमुख सहभागीहरु-
- नारायणमान बिजुक्छें "रोहित"
- केशव बडाल
- दीपेन्द्र क्षेत्री

# उसको पोत" क्रान्तिको हुनसक्छ ?



## "यूरोप, अमेरिका र रूस, चीनमा पनि किन यो नारा अघि सारियो ?"

## "एमालेले अहिले सही ठहऱ्याएको नारा "सामन्ती भूस्वामित्वको अन्त गरौं" ले के के कुरा समेटछ ?"

वा २०० रोपनीभन्दा माथि जमीन हुने जमिन्दार वर्गका किसान परिवार भने १ प्रतिशत पनि छैनन् ।

तर उनीहरुको हातमा कुल जमीनको १३ प्रतिशत भाग छ । त्यसमा नेपालका ३ हेक्टरदेखि १० हेक्टरसम्म जमीन हुने साना जमीन्दार र धनी किसानहरुको संख्या जोड्ने हो भने कुल किसान परिवारको ९ प्रतिशत मात्र हुन्छ। तर यो ९ प्रतिशतसित कुल जमीनको ४७ प्रतिशत भाग थुप्रिएको छ । ६७ प्रतिशत किसान परिवारसित खालि १७ प्रतिशत जमीन, तर ९ प्रतिशत किसान परिवार सित ४७ प्रतिशत जमीन । - नेपालको जमीनमा रहेको मुख्य समस्या र अन्तर विरोध यही हो । तथ्यांकले यो देखाएको छ ।

यसमध्ये २०४४।४५ सालको सरकारी तथ्यांकले नेपालमा मोहीहरुको अनुपात ८ प्रतिशत देखाएको छ, कुल किसान परिवारमा । ताजा सरकारी तथ्यांकले त्यो करीब ४ प्रतिशत रहेको देखिन्छ । गैर-सरकारी तथ्यांक, मुताबिक २९ देखि ३५ प्रतिशत किसान परिवारहरु मोहीका रुपमा छन् । यी सब तथ्य-तथ्यांक मुताबिक नेपालमा "जसको जोत उसको पोत" ले अझै सान्दर्भिकता त राख्छ नै । किनकि मोहियानीको समस्या नेपालमा बाँकी छ। तर महत्वपूर्ण कुरा के हो भने- यो बहुसंख्यक किसान परिवारको समस्या रहेको देखिन्न । बहुसंख्यकसित त जोत पनि छ, पोत पनि छ, तर जमीनको जोत सारै सानो छ । त्यसले वर्षभरि एउटा परिवारको गुजारा चल्न सक्दैन । त्यसैले बहुसंख्यक किसान परिवारको समस्या लघु-स्वामित्वको समस्या रहेको छ । त्यसमा पनि प्रत्येक पुस्तामा जमीनको खण्डीकरण भएर जमीन झन टुक्रिदै जानुको समस्या रहेको छ ।

### यो अन्तर्क्रिया कार्यक्रम किन ?

यी भए तथ्य तथ्यांकले देखाएका कुरा । हामी यहाँ विभिन्न क्षेत्रका मानिस भेला भएका छौं । हामीले देखेको, थाहा पाएको बास्तविकता के छ ? त्यो बास्तविकता यो लेखको निष्कर्षसित मेल खान्छ ?- यसबारे छलफल गरी सत्यको झन नजीक पुग्ने प्रयत्न स्वरुप यो अन्तर्क्रिया कार्यक्रमको आयोजना गरिएको हो । म यहाँ उपस्थित सबै नेता तथा विद्वानहरुबाट यो लेखको आलोचनाको निम्ति आव्हान गर्छु ।

यो लेखको सीमा पनि म पहिल्यै प्रष्ट पार्न चाहन्छु । यो लेख फगत सरकारी तथ्यांकमा आधारित छ । हामीसित विकल्पमा अर्को तथ्यांक नभएकाले तिनै उपलब्ध सरकारी तथ्यांकका आधारमा यो लेखमा विश्लेषण प्रस्तुत गरिएको छ। तर सरकारी तथ्यांक त्यति भरपूर्ण छैनन् भन्ने ब्यापक जन गुनासो छ । त्यसैले, यो लेखमा निकालिएको निष्कर्षले मोटामोटी खाका मात्र दिनेछ। यही नै अन्तिम र पूर्ण रूपमा भरपर्दो निचोड हो ! - यसो भन्न सकिने हालतमा हामी छैनौं । ☐

## बिचार-अन्तर्क्रिया कस - कसका बीचमा भएको थियो ?

"मूल्याकन" को
अंक १३ मा प्रकाशित त्यस लेखमा
२०१८ सालदेखि २०३८ सालसम्मको कृषि तथ्यांकका
आधारमा एउटा नयाँ निष्कर्ष निकालिएको थियो-"जसको जोत
उसको पोत" को नारा अब नेपालको कृषि क्रान्तिको मुख्य
नारा हुन सक्दैन ।

यो निष्कर्ष बस्तुसम्मत र सही छ कि छैन ?-यसबारे ब्यापक बिचार बिमर्श हुनु नितान्त जरुरी कुरो थियो । यही महशूस गरेर यही गएको श्रावण ३० गते मूल्याकन परिवारले यस अन्तर्क्रिया कार्यक्रमको आयोजना गरेको थियो । ने.रा.शि.सं. को केन्द्रिय कार्यालयको हलमा आयोजित यस अन्तर्क्रिया कार्यक्रममा लेखमाथि प्रतिक्रिया ब्यक्त गर्ने प्रमुख ब्यक्तित्वहरु हुनुहुन्थ्यो- क.नारायणमान बिजुक्छे रोहित, (अध्यक्ष ने.म.कि.पा.), केशव बडाल, (केन्द्रिय समिति सदस्य, ने.क.पा. एमाले, अखिल नेपाल किसान संघका महासचिव) र कृषि अर्थबिद् दीपेन्द्र क्षेत्री, (अध्यक्ष, राष्ट्रिय बुद्धिजीवि संगठन, नेपाल ) । तीनै ब्यक्तित्वहरु नेपालको किसान समस्या र किसान आन्दोलनका ज्ञाता हुनुहुन्छ ।

अन्तर्क्रिया कार्यक्रममा सामेल हुन अर्थबिद् गोबिन्दप्रसाद लोहनीले पनि सहमति ब्यक्त गर्नु भएको थियो । तर उहाँ बिरामी पर्नाले आउन सक्नु भएन । क. माधव नेपाल, क. सि.पी. मैनाली, क. बाबुराम भट्टराई तथा क. दीनानाथ शर्माले पनि सहभागी हुने सहमति ब्यक्त गर्नु भएको थियो । तर त्यही दिन सात बाम पार्टीको जरुरी बैठक पर्नाले र क. सि.पी. मैनालीको अर्को कार्यक्रम जुधीदिनाले उहाँहरु आउन सक्नुभएन । अन्तर्क्रिया कार्यक्रमका अन्य सहभागीहरु हुनुहुन्थ्यो-अर्थशास्त्री महेश्वरमान श्रेष्ठ, अर्थशास्त्री तथा सांसद चन्द्रराज धुंगेल, इतिहासबिद् डा. कृष्णबहादुर थापा, सांसद घनश्याम पौडेल, नेराशिसंका अध्यक्ष सुशीलचन्द्र अमात्य तथा महासचिव बिष्णुपुकार श्रेष्ठ, साहित्यकार आहुति र क. ज्ञानबहादुर न्यौंइच्यौं ।

## मध्यम र साना किसानको बाहुल्य भएको वर्तमान स्थितिमा

# राज्यको नीतिले के कुरामा पूर्वदृष्टि राख्नु पर्ने हो ?

- दीपेन्द्र क्षेत्री



**म** **यस अन्तर्क्रियाको आयोजना गर्ने *"मूल्यांकन"* मासिकलाई सर्वप्रथम धन्यवाद दिन चाहन्छु । बहुत महत्वपूर्ण विषयमा यो अन्तर्क्रिया आयोजना हुन लागिरहेछ ।**

भू-स्वामित्व र जमीनको आकार सम्बन्धमा मूल्यांकनमा प्रकाशित श्याम श्रेष्ठको लेखले उठाएको सवालले अर्थविद् र बौद्धिक समुदायका बीचमा नयाँ चुनौती प्रस्तुत गरेको छ । यसले चिन्तन गर्नको लागि नयाँ बाटो खोलीदिएको छ ।

**निस्कर्ष सही छ ?**

त्यस लेखले तीन पटकको कृषि गणनालाई आधारको रूपमा लिएको छ । त्यसको आधारमा नेपालको भू-स्वामित्वको संरचना पिरामिड आकारको छ भनी जुन भन्ने गरिएको छ, त्यसो नभएर यो घ्याम्पोको आकारमा छ भन्ने निस्कर्ष त्यसमा निकालिएको छ । माथि मुखमा जमीनदार पनि थोरै, तल पींधमा भूमिहीन किसान पनि थोरै। बीचमा मध्यम र गरीब किसान धेरै- घ्याम्पोको बीच भाग फुके जस्तो । नेपालको भू-स्वामित्वको संरचना यस्तो छ भनेर लेखले देखाउन खोजेको छ ।

मध्यम र गरीब किसानको बाहुल्य भएको यो स्थितिमा "जसको जोत उसको पोत" को नारा मुख्य हुँदैन । धेरैको जमीनको क्षेत्रफल नै हरेकसित सानो सानो आकारमा भएकाले त्यसले पारिवारिक भरणपोषण पनि हुन नसक्ने र अरु पेशा गर्न पनि खेती किसानीबाट बाहिर रहनु पर्ने जस्तो समस्या पैदा भएको छ । बहुसंख्यक किसान परिवारको यो समस्यालाई हामीले संबोधित गर्न र हल गर्न सक्यौं भने हामीले राजनीतिक क्षेत्रको समस्यालाई पनि धेरै हदसम्म समाधान गर्न सक्छौं कि भन्ने निस्कर्ष त्यस लेखले निकालेको छ । यो निस्कर्ष धेरै हदसम्म सही छ भन्ने मलाई लागेको छ ।

**०४८ सालको कृषि गणनाबाट के देखिएको छ ?**

लेखले आधारको रूपमा तीन वटा कृषि गणनालाई लिएको छ । २०१८ सालको (भूमिसुधार लागू हुनु अघिको), २०२८ सालको र २०३८ सालको । लेखमा परिनसकेको चाहि २०४८ सालको कृषि गणना हो । त्यो गणनाको तथ्यांक अहिले Crude form (कच्चा रूप) मा मात्र उपलब्ध छ, पूरा प्रकाशित भएको छैन । त्यो म प्रस्तुत गर्न चाहन्छु ।

०१८ सालको तथ्यांक अनुसार नेपालको किसान परिवारको कुल संख्या १५ लाख १८ हजार २ [illegible] । २०४८ सालमा लिइएको गणना अनुसार चाहिं कुल किसान परिवार २७ लाख ३६ हजार ५० रहेछन् । यसको मतलब २०१८ सालमाभन्दा २०४८ सालमा किसान परिवार ८०.२ प्रतिशतले बढेछन् । यो बढ्नुको कारण एउटा पैतृक संपत्तिको अंशवण्डा हुन सक्छ भने अर्को, जनसंख्याको बृद्धि ।

०१८ सालमा खेतीयोग्य जमीन जसमा १७ लाख ८५ हजार ४२५ हेक्टर थियो । ०४८ सालमा पुग्दा यो २५ लाख ९८ हजार ९७० हेक्टर भएको छ ।

यसरी ०१८ सालमा भन्दा ०४८ सालमा खेतीयोग्य जमीन ५४.२ प्रतिशतले बढेछ ।

२०३८ सालमा भूमिहीन किसान परिवार ८२२४ थिए । त्यतिखेर कुल किसान परिवारको ०.३७ प्रतिशत परिवार भूमिहीन थिए । अर्थात, त्यो १ प्रतिशत पनि थिएन । तर ०४८ सालमा भूमिहीन किसान परिवार संख्या ३२ हजार ८९ भएको देखिएको छ । यो कुल किसान परिवारको १.१७ प्रतिशत हो । ०३८ सालभन्दा ०४८ सालमा भूमिहीन किसान परिवार यसरी ३९०.१९ प्रतिशतले बढेको छ ।

२०३८ सालमा कुल किसान परिवार २१ लाख ९३ हजार ९५६ थिए । २०४८ सालमा त्यो २७ लाख ३६ हजार ५० पुगेको छ । यो भनेको २४.७१ प्रतिशतले किसान परिवारमा बृद्धि हो ।

०.५ हेक्टरभन्दा कम जग्गा हुने परिवार ०३८ सालमा १० लाख १९ हजार ६७७ देखिन्छन् । ०४८ सालमा पुग्दा ११ लाख ६६ हजार ०३६ घर परिवार पुगेको पाइन्छ । यो भनेको १४.४ प्रतिशतले बृद्धि हो ।

२ हेक्टरदेखि ३ हेक्टरसम्म जमीन हुने किसान परिवार भने यो १० वर्षमा ७.३ प्रतिशतले घटेको देखिएको छ । त्यस्तै, ३ हेक्टरदेखि ४ हेक्टर जमीन हुने किसान परिवार पनि २२.९ प्रतिशतले घटेको छ । ४ देखि ५ हेक्टरसम्म जमीन हुने जमीन परिवार ३२.६ प्रतिशतले घटेको छ र, ५ देखि १० हेक्टरसम्म जमीन हुने किसान परिवार ४६.८ प्रतिशतले घटेको छ । यसरी माथिल्लो वर्गमा पर्ने किसान परिवारको संख्या घट्दै गईरहेको छ । यो घट्नु राम्रो हो भन्ने हो भने उता भूमिहीन किसान परिवार भने यो अनुपातभन्दा निकै बेसी मात्रामा बढेको देखिन्छ । यसबाट के देखिएको छ भने, यी ठूला किसानहरुको जग्गा जुन घटेको छ, त्यो भूमीहीन किसानहरुले तिनीहरुसंग खोसेको जमीन प्राप्त गर्नाले गर्दा घटेको होइन ।

२०४८ सालको तथ्यांकलाई गहिरिएर हेर्ने हो भने १.८ प्रतिशत किसान परिवारले अरूबाट मोहियानीमा जग्गा लिएको देखिन्छ । उनीहरुले कुल जमीनको १.४ प्रतिशत जमीन मात्र मोहियानीमा कमाएको देखिन्छ । जसको जग्गा नै छैन, ती व्यक्तिहरुले अरूबाट जग्गा कुतमा लिएको हुनु पर्ने । तर, केवल ४.४ प्रतिशत भूमिहीन किसान परिवारले मात्र मोहियानीमा अरूको जग्गा कमाएको तथ्यांकले देखाएको छ । भूमिहीनहरुले यसरी कमाएको जमीन यति थोरै छ कि त्यो कुल जमीनको ०.११ प्रतिशत मात्र देखिन्छ । यसरी भूमिसुधार संवन्धी सरकारी नीतिबाट यी भूमिहीन र साना किसानहरु लाभान्वित भईरहेको तथ्यांकले देखाउँदैन ।

०४८ सालको तथ्यांक अनुसार ६० रोपनीभन्दा कम जमीन हुने किसान परिवारहरु करीव ७० प्रतिशत हुने रहेछन । ८० रोपनीभन्दा कम जमीन हुने किसान परिवार ७८ प्रतिशत हुँदारहेछन। यसको मतलव, यो अनुपातमा जमीन हुने किसान परिवारहरु पहिले २०३८ सालको भन्दा २०४८ सालमा १२ प्रतिशतले घटेका छन। ८० रोपनी भूमिसुधारले तोकेको हदवन्दी हो । त्यस्तो हदवन्दीभन्दा मुनिका किसान परिवारहरुको संख्या २०३८ साल यता केही घटेको तथ्यांकले देखाएको छ ।

यी सबै तथ्यका आधारमा सामान्य रूपमा देखिएको प्रवृत्ति के हो त ?

यसबाट के प्रवृत्ति अहिले पनि देखिन्छ भने श्याम श्रेष्ठको लेखले भने जस्तै नेपालमा अहिले पनि मध्यम र साना किसानहरुको बाहुल्य छ । र, उनीहरुले खालि जमीनबाट मात्र जीवन धान्न सक्ने र अर्को वैकल्पिक पेशा नखोजी यसैबाट रोजीरोटीको समस्या धान्न सक्ने देखिन्न ।

यो अवस्थामा राज्यको नीतिले के के कुरामा पूर्वदृष्टि राख्नु पर्ने हो त ?

**सानो सानो जोतको बाहुल्य हुनुको र खण्डीकरणको समाधन के ?**

पहिलो सवाल त सानो सानो जोतको बाहुल्य भएको र त्यो पनि खण्डीकरण भएर झन झन सानो हुँदै गईरहेको अहिलेको नेपालको बास्तविकतामा कृषि उत्पादन कसरी बढाउने ? भन्ने हो। कृषि उत्पादन बृद्धि नगरी न बढ्दो

**नेपालको भूस्वामित्त्वको स्थिति**




जनसंख्यालाई खुवाउन सकिन्छ , न बेरोजगारहरुलाई रोजगारी दिलाउन सकिन्छं, न त उद्योग धन्दाहरुलाई कच्चा पदार्थ नै उपलब्ध गराउन सकिन्छ ।

यस्तो सानो जोतको बाहुल्य रहेको मुलुकमा उत्पादन बृद्धि गर्नको लागि ठोस उपाय हो - सघन खेती (Intensive farming) द्वारा उत्पादकत्व वृद्धि गर्नु ,- एउटा सानो टुक्रा जमीनमा एकपछि अर्को गर्दै फेरी फेरीकन धेरै किसिमको बाली लगाएर, जसलाई अंग्रेजीमा Rotation of Crops भन्दछन् ।

उत्पादन बृद्धिको अर्को उपाय जमीनको क्षेत्रफल बढाउनु हो । नेपालमा त्यस्तो गर्न सक्ने कम संभावना छ । जमीन्दारहरुले मोहियानी हक दिनु पर्ला कि भनेर खेती नगरी उत्तिकै राखेका जमीनमा खेती गरेर, पोथ्रा पोथ्रीहरुले ढाकेका जमीनमा खेती गरेर अलिकता जमीनको क्षेत्रफल बढाउन सकिएला ।

त्यसैले, हामीसित रहेको उपाय उत्पादकत्व बृद्धि गर्नु नै हो । उत्पादकत्व बृद्धि गर्न कृषिमा यान्त्रिकीकरण पनि गर्नु पर्दछ । तर नेपालमा त्यसका सीमाहरु छन् । एउटा सीमा के हो भने - जमीनको टुक्रा नै सारै सानो छ, जसले गर्दा खेतीमा यान्त्रिकीकरण गर्न गाह्रो पर्न जान्छ । अर्को, पहाडी भिरालो जग्गा वा भौगोलिक प्रतिकूलताको कारणले गर्दा पनि आम रुपमा जताततै उन्नत यन्त्र प्रयोग गरेर खेती गर्न गाह्रो पर्छ ।




यो स्थितिमा जमीनको सहकारीकरण र सामूहिकीकरण अर्को बेस उपाय हुन सक्छ । पहिले, जमीनमा किसानहरुले आ-आफ्नो स्वामित्व हुने गरी स्वेच्छिक सहकारीकरण गर्न सकिन्छ । यसो गर्नाले किसानहरुले एक्लै गर्न नसक्ने कुरा गर्न सक्छन् । जस्तो- ठूलो प्लट भएपछि त्यसमा सामूहिक लगानी गरेर उन्नत यन्त्र प्रयोग गर्न सक्दछन् । सामूहिक रूपले आफ्नो उपज बेच्ने बजारको प्रवन्ध गर्न सक्छन् । सरकार सित सामूहिक रूपमा सौदाबाजी गरेर ऋण लिन सक्छन् ।

अहिले नेपालमा साना किसान विकास आयोजनाले त्यो संभावना देखाएको छ, यद्यपि त्यो किसान आन्दोलन तुहाउन ल्याइएको आयोजना थियो ।

**नेपालको भू-स्वामित्व घ्याम्पो होइन, मादल आकारको ।**

अन्तमा, लेखले नेपालको भू-स्वामित्वको संरचना घ्याम्पो आकारको छ भनेर बताएको छ । अर्को अर्थ लाग्दैन र मान्य हुन्छ भने, यो मादल आकारको छ भन्नु बेस होला । देब्रेतिर पनि साँघुरिएको, दाहिनेतिर पनि साँघुरिएको, बीचमा फुकेको । दुबैतिर ठोकेपछि मात्र संगीत निक्लने । हामीले माथि जमीन्दार वर्गलाई पनि ठोक्ने, तल भूमिहीन किसान वर्गलाई पनि ठोक्ने (अर्थात् सिध्याउने) र दुबैलाई बीचको स्थितिमा ल्याउने लक्ष्य राख्नु पर्छ । अनि विकास र न्यायको संगीत निक्लनेछ ।

अब म तपाईहरुबाट प्रश्नको अपेक्षा राख्छु ।

# प्रश्नोत्तर

## किसान परिवारको भाग

**क. रोहित** - *अहिले प्रत्येक किसान परिवारको भागमा सालाखाला कति जमीन पर्छ ?*

**दीपेन्द्र** : २०४८ सालको तथ्यांक अनुसार ०.९५ हेक्टर जमीन पर्छ । यो भनेको झण्डै १९ रोपनी जमीन हो । २०१८ सालमा प्रत्येकका भागमा औसत १.११ हेक्टर भाग लाग्थ्यो ।

## लुकाइएको जग्गा कसरी पत्ता लाग्छ ?

**चन्द्रराज ढुंगेल** - *लुकाइएको जग्गा त लेखको तथ्यांकमा देखिन्न । वास्तविकता के छ भने, धेरैले आफूसित भएको जमीन लुकाएका छन्, खास गरी धेरै जमीन हुनेहरुले । यो समस्या कसरी हल गर्ने होला ? नत्र जोतको वास्तविक चित्र नै हाम्रो सामुन्ने हुँदैन ।*

**दीपेन्द्र** : यो समस्या अधिराज्यभरि एउटा मान्छेको जे जति जग्गा छ, त्यो एउटै पुर्जामा निकाल्ने बिधिद्वारा हल गर्न सकिन्छ । एउटै पुर्जामा निकाल्न अहिले Main Frame Computer को व्यवस्था गर्न लागिएको छ । उपाय त यही नै हो, तर वर्गीय कारणले यो सरकारले यस्तो गर्न सक्दैन । हामीले गर्न सक्यौं भने लुकाइएको जग्गा थाहा लाग्छ ।

## भएको जमीनले पनि कसरी पुऱ्याउने ?

**डा. कृष्णबहादुर थापा** : *तपाईहरुले पेश गर्नु भएको तथ्यांक अनुसार त एकातिर भूमिहीन किसानको संख्या बढ्दैछ, अर्कोतिर अलि अलि जग्गा हुने बहुसंख्यक साना र मध्यम किसानलाई पनि जमीनले नधान्ने क्रम बढ्दैछ र पहिले प्रशस्त खान पुग्ने किसान परिवारहरुको पनि अहिले जमीन घट्ने क्रम भईराखेको छ । यो त कसैको समस्या पनि हल नहुने स्थिति भयो । यसको हल के ?*

**दीपेन्द्र** : सरकारले द्वैध स्वामित्वको अन्त गर्ने उपायद्वारा यो समस्याको हल गर्न खोजिरहेछ । यसको स्थायी हल त कृषिको विशेषीकरण ( Specialization) हो । भनाइको मतलव - जो साँच्चै विशेष रूपले खेतीपातीमै जीउन चाहन्छ, उसलाई मात्र खेतीपाती गर्न दिने र उसलाई जमीनको चक्लाबन्दी गर्न दिने । बाँकी अरूलाई खेती पेशा अप्नाउन निरूत्साहित गर्ने । सबैले फगत एउटा पेशा रोज्न पाउने गर्ने । विशेष रूपमा खेती नै गर्न चाहनेले खेती, नचाहनेलाई अरु पेशा रोज्नु पर्ने व्यवस्था गर्ने । यसो गरेपछि विशेष रूपमा कृषि पेशा अप्नाउनेहरु थोरै हुन्छन र भएको जग्गाले प्रशस्त खेती गर्न पुग्छ, कृषि उत्पादन पनि बढ्छ । अहिले त यस्ता मानिस धेरैछन, जो पेशा के हो ? भन्दा " खेती " भन्छन, उनीहरुको जग्गा पनि हुन्छ, तर उनीहरुको बास्तविक भरणपोषण, जीविका खर्च - खेतीले चलेको हुन्न । उनीहरु बास्तवमा "गयल किसान " हुन्छन । यसो हुंन्जेल कृषि उत्पादन बढ्दैन ।

## खण्डीकरण अरु हुन नदिने उपाय के ?



**सुशीलचन्द्र अमात्य** : *लेखमा उठाइएको एउटा मूल सवाल नेपालमा प्रत्येक पुस्तापिच्छे जग्गा टुक्रिँदैछ, खण्डीकरण हुँदैछ र झनझन सानो जोतको बाहुल्य बढ्दैछ भन्ने छ । यही नै मूल समस्या हो भनिएको छ । यो समस्याको हल के हुन सक्छ त ? कुनै अवधारणा ?*

**दीपेन्द्र** : यसको एउटा हल कानूनी प्रक्रियाद्वारा नै जग्गाको स्वामित्व परिवारको एउटा सदस्यमा मात्र सर्ने (जस्तो - जेठो छोरामा मात्र सर्ने), बाँकीले गैर - कृषि पेशा अप्नाउने कानूनी व्यवस्था मिलाउनु हो । यस्तो गर्नाले पुस्तै पुस्तामा जग्गा टुक्रिन पाउँदैन र थुप्रै मानिसहरुले कृषि क्षेत्रबाट गैर कृषि क्षेत्रमा स्थानान्तरण गर्नेप्रवृत्ति बढ्नेछ । यस्तो गर्नको लागि राज्यले आवश्यक तालिम र पूंजीको प्रवन्ध गर्नु पर्छ । अर्को हल त सहकारीकरण र सामूहिकीकरण नै हो, जुन मैले माथि नै भनीसकें ।

## दुई बाटाहरु

**श्याम श्रेष्ठ** : *यो समस्याको हल गर्ने दुई वटा बाटाहरु छन् । एउटा पूंजीवादी बाटो र अर्को साम्यवादी बाटो । पूंजीवादी बाटो अनुसार जाने हो भने खण्डीकरणको समस्या भएपनि जग्गामा व्यक्तिगत स्वामित्व रहिरहनेछ । जग्गाहरु अहिले जसरी नै झन झन टुक्रिँदै जानेछन् र अन्ततः यस्तो परिस्थिति आउनेछ कि साना किसानहरुलाई जमीनमा बाँच्नु र बाँधिईराख्नु पर्ने छैन । उनीहरु जमीनबाट क्रमशः हात धुँदै जानेछन् । उनीहरुले आफ्नो जमीन पनि बेच्नेछन् र आफ्नो मोहियानी हक रहेको भागको जमीन पनि । असंख्य साना किसानहरु प्रतिस्पर्धामा टिक्न नसकेर बर्वाद हुनेछन् । जमीन त्यहाँ थुप्रिनेछ, जो जमीनमा पूंजीवादी ढंगबाट चक्लाबन्दी गरेर ठूलो पैमानामा आधुनिक खेती गर्न सक्छन् । उद्योगको लागि छुट्याइएको जमीनमा मोहियानी हक पनि लाग्दैन, हदबन्दी पनि लाग्दैन भनेर नेपालको राज्यले पनि त्यही दिशातिर काम गर्न लागिरहेछ । अर्को बाटो साम्यवादी बाटो हो । यो भनेको जमीनको स्वेच्छिक सहकारीकरण गर्दै* →

नेकपा एमालेले प्रस्तुत गरेको नारा किन सान्दर्भिक छ ?

# खण्डीकरण र सानो भू-जोत मूल समस्या होइन

-केशव बडाल



धेरै कुरा विद्वान साथी दीपेन्द्र क्षेत्रीले उठाईसक्नु भएको छ। श्यामजीले **मूल्याङ्कन** अंक १३ मा "जसको जोत उसको पोत" को नारा अझै मुख्य नारा हुन सक्छ कि सक्दैन भनेर अत्यन्त महत्वसाथ कुरा उठाउनु भएको छ। यसको लागि म उहाँलाई धन्यवाद दिन चाहन्छु, यस कारणले कि यसबारे प्रष्ट हुनु नितान्त जरुरी छ।

मेरो विश्लेषण मेरो व्यक्तिगत अध्ययन र मेरो पार्टीले सारेको यस सम्बन्धी दृष्टिकोणका आधारमा हुनेछ। यसका कतिपय कुराहरु मेरो नितान्त व्यक्तिगत कुराहरु पनि हुनेछन्।


"जमीन जात्नेको" भन्ने नारा क्रान्तिकारी भूमिसुधारसंग जोडिएको नारा हो। अखिल नेपाल किसान संघको स्थापना कालदेखि नै यो नारा चर्चित नाराका रूपमा उठ्दै आएको छ।

क्रान्तिकारी भूमिसुधार सामाजिक न्याय र उत्पादन बृद्धिका लागि नै हो। देशका ८०-८१ प्रतिशत मानिसहरु खेतीपातीमा छन। कुल राष्ट्रिय उत्पादनको ५६ प्रतिशत उत्पादन खेतीले नै दिन्छ भनेर साथीहरुले भनिसक्नु भएको छ। उत्पादन बढ्दा यो ६५ प्रतिशत पनि पुग्छ, कहिले यो ८६ प्रतिशत पनि पुग्छ। यति ठूलो क्षेत्रको मुख्य नारा तय गर्नु भनेको निकै गंभीर विषय हो। यसमा खोजी गर्नु जरूरी छ। हामीले दिई आएको नारा सही छ कि छैन भनेर जाँच्नु पर्छ। नारा सही हुनका लागि खोजबीन र यस्ता अन्तर्क्रियाहरु जरूरी छन्।

हाम्रो पार्टी ने.क.पा.एमाले ले अहिले सही ठहऱ्याएको नारा " सामन्ती भूस्वामित्वको अन्त गरौं, जमीनको न्यायपूर्ण वितरण गरौं ! " भन्ने नारा हो। नेपालको भूमिको क्षेत्रमा, कृषि क्षेत्रमा आम नाराको रूपमा यसलाई हामीले अघि सारेका छौं।

"सामन्ती भूस्वामित्वको अन्त गरौं" भन्ने सवालले धेरै कुरा समेट्छ। जस्तो, बिर्ताको अन्त, गुठी स्वामित्वको अन्त, कमैया प्रथाको अन्त, हरूवा / चरुवा प्रथाको अन्त, चर्को सामन्ती ब्याजदरको अन्त जस्ता जम्मै सवालहरु यो अन्तर्गत आउँछन।

" जमीनको न्यायपूर्ण वितरण गरौं " भन्ने नारा यस कारणले सान्दर्भिक छ कि हाम्रो नेपालमा १ प्रतिशत ठूला किसानको हातमा १३ प्रतिशत जमीन थुप्रिएको छ, जबकि ५० प्रतिशतको हातमा ७ प्रतिशत




## नेपालमा कूल किसानमा मोही कति ?

जमीन छ। यसबारे धेरै कुरा साथीहरुलाई थाहै छ र **मूल्याङ्कन**को लेखमा पनि उल्लेख भएको छ। यो १ प्रतिशत ठूला किसानसंग पनि १३ प्रतिशत कस्तो जमीन छ त भने, त्यसलाई हामी प्रचलित भाषामा अव्वल दर्जाको भन्छौं।

नेपालमा अव्वल जमीन खेतमा २ लाख ६९ हजार १०९ हेक्टर छ। दोयम ५ लाख ९८ हजार ३२१ हेक्टर छ। सिम ३ लाख ७९ हजार ८९० हेक्टर छ। चाहार १ लाख ७ हजार १९३ हेक्टर छ। त्यस्तै गरी अव्वल पाखो जमीन ३ लाख ४६ हजार ५९५ हेक्टर छ। दोयम पाखो जमीन १ लाख ८४ हजार ९६८ हेक्टर छ। सिम ५ लाख १० हजार ८०५ हेक्टर र चाहार ५ लाख १७ हजार २७० हेक्टर छ। नेपालको भूस्वामित्वको किसिम घ्याम्पोको आकारको छ भनेर श्यामजीले भन्नु भएको छ, त्यस्तो त छँदैछ। साथसाथै, खेत र पाखोको अव्वल दर्जाको अधिकांश जमीन त्यही १ प्रतिशत जमीन्दार वर्गसंग छ।

तर उता तल्लो वर्गसित, पिछडिएका जाति, जन-जातिसित भने धेरै जसो


*सामूहिकीकरणतिर जाने बाटो हो। यस्तो सहकारीकरण र सामूहिकीकरण जसले गर्छ, उनीहरुलाई राज्यले पूँजी, प्रविधि, बजार र सिंचाईको योजनाबद्ध प्रवन्ध गरिदिएर प्रोत्साहित गर्ने बाटो यो हो। खेतीको प्राबिधिकीकरण गर्दै र खेतीमै विशिष्ठ तवरले लाग्न चाहने जनसंख्याको एउटा भागलाई मात्र खेतीमा लगाएर बाँकीलाई अरु पेशामा स्थानान्तरण गर्ने यो बाटोबाट जमीनको खण्डीकरण हुने समस्या हल गर्न सकिन्छ। साथसाथै असंख्य साना किसानहरुलाई बर्बादीबाट बचाएर योजनावध्द रुपमा आधुनिक खेतीतिर प्रवेश गराउन सकिन्छ। जमीनको खण्डीकरणबाट बच्न सहकारीकरणको बाटो नेपालमा अप्नाउन संभव छ भन्ने कुरा मधुबासा गाउँको उदाहरणले प्रष्ट पारेको छ।*

*तर आजको हाम्रो प्रमुख मुद्दा त - नेपालको सानो जोतको समस्या प्रमुख रहेको नै हो कि होइन भन्ने हो। हामी समस्याको हलतिर बेसी गयौं। पहिले समस्या नै के हो, त्यो ठेगान हुनु पऱ्यो।*

## "जसको जोत..." र "द्वैध स्वामित्वको अन्त" मा के फरक छ ?

***महेश्वरमान श्रेष्ठ:*** *"जसको जोत उसको पोत" भन्ने नारा "Land to the Tiller" भन्ने नारा र "द्वैध स्वामित्वको अन्त" भन्ने नारा बीच के सान्दर्भिकता छ ?*

**दीपेन्द्र:** "जसको पोत उसको पोत" को मतलब हो-जमीन जसले जोत्छ, उसको स्वामित्व हुनुपर्छ। Land to the Tiller को अर्थ पनि त्यही हो। त्यसैले, शाब्दिक रूपमा यी दुई नारा बीच खास अन्तर छ जस्तो मलाई लाग्दैन। द्वैध स्वामित्वको अन्तको अर्थ चाहिं के हो भने, जग्गाको एकलौटी स्वामित्व अधिकार (Absolute Right) एउटाको छ, तर जग्गा चाहिं अर्कोले जोतिरहेको हुनसक्छ। यो एकलौटी अधिकार अन्त गरिदियो भने जग्गा चाहिं जोत्नेको हुन आउँछ। यस



अर्थमा यी तीन वटै नाराको तात्पर्य एउटै हुन सक्छ।

## जग्गा जोत्नेको नहुन पनि सक्छ

***श्याम श्रेष्ठ:*** *द्वैध स्वामित्वको अन्त्यमा यो जरूरी हुँदैन कि जग्गा जोत्नेकै हुन्छ। यो हुन पनि सक्छ, नहुन पनि। द्वैध स्वामित्वको अन्त सम्बन्धी सरकारी नीति अनुसार यदि जग्गाको मालिकले आफैले जग्गा जोत्न चाहेमा मोहीको भाग निखनेर जग्गा पूरै आफ्नो गर्न पनि पाउँछ। उसले त्यो गर्न नचाहेमा जोताहा मोहीले पूरै जग्गा लिन पनि पाउँछ। त्यसैले द्वैध स्वामित्वको अन्त र जसको जोत उसको पोत भनेको एउटै अर्थको नारा होइन। द्वैध स्वामित्वको अन्त अन्तर्गत खाली मोही भन्ने कुरा मात्र खत्तम पारिन्छ, या त जग्गाको मालिकले नै मोही निखनेर, या मोहीले जग्गाको मालिकको जग्गा निखनेर।*

*तर "जसको जोत उसको पोत" को नारामा चाहिं जग्गा उसैको हुन्छ, जसले खुद आफैंले जोत्दछ। यसमा जमीनमाथि बिनामुआब्जा मोहीकै स्वामित्व हुन्छ। त्यसैले, सामन्तवाद हाबी भएको मुलुकमा "जसको जोत उसको पोत" क्रान्तिकारी पूँजीवादी नारा हो। "द्वैध स्वामित्वको अन्त" चाहिं जग्गा धनीलाई पटक्कै मर्का नपारीकन र जग्गाको मुआब्जाबाट उसलाई पूँजीपति बनाउने गरी सामन्ती भूस्वामित्व खत्तम पार्ने बीचको पूँजीवादी बाटो हो। यी दुई नारामा त्यसकारणले भिन्नता छ।*

*तर हाम्रो आजको चासोको विषय चाहिं नेपालमा अहिले कुन प्रकारको भूस्वामित्व मूल रुपमा हाबी छ र हाम्रो मूल नारा के हुनु पर्छ भन्ने हो।* □

जमीन भीर पाखोमा र धेरै मेहेनत गर्नु पर्ने, कम उब्जाउ हुने सिम, चाहार दर्जाको छ । त्यसैले भूमि वितरणमा असमानता त छ नै, साथसाथै जग्गाको गुणस्तर पनि उनीहरुको तल्लो दर्जाको छ । जमीन्दार, धनी किसान, र उच्च मध्यम किसानसंग सबैभन्दा राम्रो जमीन थुप्रिएको छ ।

यस्तो स्थितिमा नेपालमा " जमीन जोत्नेको " भन्ने सवाल अझै सान्दर्भिक छ ।

### "जमीन जोत्नेको" नाराको तात्पर्य

यसको लागि "जमीन जोत्नेको" भन्ने नाराको मूल तात्पर्य स्पष्ट हुनु जरुरी छ । "जमीन जोत्नेको" भन्ने नाराको मतलव कसैको जमीन कसैले कमाएको छ भने त्यो कमाउनेको हुनुपर्छ भन्ने मात्र हो कि जमीनको उपभोग गर्ने अधिकार भनेको जमीन जोत्नेकै हातमा हुनुपर्छ भन्ने समेत हो ? -त्यो स्पष्ट हुनुपर्छ । ५० प्रतिशत गरीव किसान र ३०।४० प्रतिशत मध्यम किसान गरेर जम्मा ९० प्रतिशत हुन्छ । यो ९० प्रतिशतसित हातमा केही जमीन छ । यो जमीन यो ९० प्रतिशतकै



*किसानको समस्या: क्रान्तिको मूल समस्या*

हातमा रहिरहनु पर्छ भन्नेबारे हामीले सोच्न जरुरी छ कि छैन ? अहिले विदेशीहरु नेपालमा आएर १ लाखको जमीन ५ लाखमा धमाधम किन्दैछन र ठूलो ठूलो प्लटमा किन्दैछन् । यस्तो हुन दिने कि नदिने ? यो सवालका बारेमा पनि सोच्न जरुरी छ भन्ने मलाई लाग्छ ।

नेपालमा मोहीहरु बेसी संख्यामा छन कि छैनन भन्ने कुरा भन्दा पनि जमीनको स्वामित्व बास्तवमा जमीन जोत्ने किसानकै हातमा कायम राख्नु पर्छ भन्ने कुरा " जमीन जोत्नेको" नारासित जोडिएको छ भन्ने मलाई लाग्छ । खालि जमीन्दारको जमीन मोही किसानको हातमा ल्याउने कुरा मात्र हैन, जमीन जोत्नेकै हातमा ल्याउनु पर्छ भन्ने कुरा मात्र हैन, आफ्नै जमीन आफैले जोतिरहेका किसानहरुसित नै त्यो स्वामित्व कायम हुनुपर्छ भन्ने कुरा समेत "जमीन जोत्नेको" नारामा अन्तरनिहित छ भन्ने मलाई लाग्छ ।

२०१८ सालमा कुल किसानमा ४० प्रतिशत मोही थिए । त्यो घट्दै घट्दै ०३८ सालमा ८ प्रतिशत र अहिले आएर ४ प्रतिशतमा झरेको छ । तिनै मोहीको समस्या मात्र " जमीन जोत्नेको " नारामा समाहित छैन । यो कुरा म स्पष्ट पार्न चाहन्छु ।

### मोहीको तथ्यांक गलत छ !

अर्को कुरो, तथ्यांकमा जो देखिएको छ त्यो त दर्तावाल मोही मात्रै हो । दर्ता नभएका र दर्ता गर्न नसकेका मोहीहरु तथ्यांकमा देखिएभन्दा दोब्बर संख्यामा छन् । ०२१ सालमा भूमिसुधार लागु गर्दा जो चलाख थिए, चल्तापुर्जा थिए, आफन्तहरुको सल्लाह पाउने ल्याकतका थिए, तिनले त मोहीमा आफ्नो नाम दर्ता गर्न सके । तर जो सचेत थिएनन् र जमीन्दारहरुले तर्साउँदा, खवर्दारी गर्दा तर्सिने खालका थिए, तिनले भने मोहीमा नाम दर्ता गर्न सकेनन् । अहिले पनि सकेका छैनन् । केही शहरी क्षेत्रमा, जस्तो काठमाण्डौमा त, मोहीहरुले स्वेच्छाले

# लुकाइएको जमीन हात पार्ने कसरी

## प्रश्नोत्तर:

**सुशीलचन्द्र अमात्य:** *तथ्यांकहरुले देखाएको छन् कि कृषियोग्य जमीनको अधिकांश भाग केही मानिसहरुको मुठ्ठीमा छ र उनीहरुले जमीन लुकाएका छन् । यों स्थितिमा "जमीन जोत्नको" मात्र भन्दा त्यो संख्या त सारै थोरै होला कि ? यो स्थितिमा त्यो लुकाएको जमीनलाई भूमिहीन किसानको हातमा पार्ने उपाय के छ ? अर्को प्रश्न, राजनीतिक रूपले विभाजित किसानहरुलाई सामूहिक खेती र सहकारी बजार व्यवस्था अन्तर्गत ल्याउन सकियो भने राजनीतिक र राष्ट्रिय अर्थतन्त्रको हिसाबले फाइदाजनक हुन सक्दैन ?*

**केशब बडाल:** जमीनको उपयोगिता र उत्पादकत्वको आधारमा क्रान्तिकारी भूमिसुधार अन्तर्गत हदबन्दी लगाउने उपायद्वारा लुकाएको जमीन जफत गर्ने र भूमिहीन किसानमा वितरण गर्ने काम गर्न सकिन्छ । यो उपायद्वारा धेरै हदसम्म हामी जमीन प्राप्त गर्न सक्छौं । तर यो दीर्घकालीन उपाय होइन । किनकि जमीन बाँडे पनि जनसंख्या त बढ्छ र जमीन फेरि टुक्रिदै खेती गर्न नपुग्ने र फेरि भूमिहीन हुने हुन जान्छ । त्यसैले जमीनको स्वामित्व हस्तान्तरण गर्न नपाइने नियम लगाउनु पर्छ कि !

हामीले ४ वटा जिल्ला-काभ्रे, सिंधुपाल्चोक, बारा, नवलपरासीको केही ठाउँमा सर्वेक्षण गर्दा ०३६।०३७ सालमा करीव ४ लाख किसान परिवार भूमिहीन पाएका थियौं । त्यसैले भूमिहीन किसानको संख्या सरकारी आंकडाभन्दा निकै बेसी छ । उनीहरुलाई धेरै जमीन दिनु पर्दैन, १० कठ्ठा जमीन दियो भने पर्याप्त पुग्छ । एउटा परिवार राम्ररी धानिन्छ - त्यतिले । सिंचाईको प्रवन्ध चाहिं राज्यले गरिदिनु पर्छ । जमीन जफत गर्दा चाहिं अनुपस्थित मध्यम किसानलाई मुआब्जा दिनुपर्छ । शोषक वर्गको जग्गा चाहिं विना मुआब्जा जफत गर्नु पर्छ ।

जहाँसम्म सहकारिताको सवाल छ, यसले फाइदा गर्दैन भन्ने सवालै उठ्दैन । तर सहकारिताको सफलता चेतनास्तरमा आधारित हुन्छ । त्यसैले, यसमा समय लाग्ला । सबै राजनीतिक पार्टी र शिक्षा क्षेत्रले समेत यो सहकारितालाई प्रोत्साहित गर्ने हो भने यसले निकै महत्वपूर्ण ठाउँ ओगट्न सक्छ । अहिले नै दूध उत्पादकहरु बीच सहकारिता शुरु नै भईसकेको छ । चिया, जुट, अलैंची, उखु लगायत नगदे बालीमा सहकारी खेती बेसी सजिलो छ । धान मकै, गहुँ कोदोमा पनि गाह्रो भएपनि क्रमशः संभव छ, जस्तो - अलैंचीको बजार साउदी अरेबियामा छ । सहकारी भयो भने त्यहाँको बजारमा आफैं गएर बजारको खोजी गर्न सकिन्छ । एक्लै यो संभव हुन्न ।

## राजनीतिक फाइदा कसरी हुन सक्छ ?



**डा. कृष्णबहादुर थापा** *नेपालमा आफ्नै जोत, आफ्नै पोत भएका किसानहरु अत्याधिक संख्यामा छन् । त्यो त तपाईले पनि स्वीकार गर्नु भो । जोत पोत नभएका किसानहरु थोरै संख्यामा छन् । यो स्थितिमा "जसको जोत उसको पोत" को नारा लिएर गएर कसरी राजनीतिक रूपले फाइदा हुन सक्छ ?*

**केशव बडाल:** यो बहुतै महत्वपूर्ण प्रश्न हो । हो, नेपालमा जोत पोत आफ्नै भएका मध्यम किसान र गरीब किसानको माथिल्लो हिस्सा अत्याधिक संख्यामा छन् । त उनीहरुको स-सानो जमीनमा स्वामित्व भएपनि उनीहरु पनि कैयन प्रकारका सामन्ती शोषणबाट पीडित छन् । भूमि उनीहरुको नाउँमा छ, त्यति मात्र फरक हो । बाँकी सामन्ती चरित्रको शोषण उत्पीडनबाट उनीहरु पनि मुक्त छैनन् । यतिसम्म कि- यहाँका धनी किसान पनि त्यसबाट मुक्त छैनन् । जस्तो - फसल मूल्यको सवालमा उनीहरु पनि ठगिएका छन् । मध्यम किसान-पनि ठगिएका छन् ।

जसको जोत पोत छैन, उनीहरुको लागि त "जसको जोत उसको पोत" को नारा सान्दर्भिक भै हाल्यो । यी दुवै थरीलाई "सामन्ती भूस्वामित्वको अन्त गरौं " भन्ने मूल नाराले अझै पनि समेट्छ । यो नारा अन्तर्गत जोत पोत भएका र नभएका दुवै थरी किसानलाई साथै आन्दोलनमा लान सकिन्छ ।

## सामन्ती भूस्वामित्व केलाई भन्ने ?

**श्याम श्रेष्ठ:** *हामी सामन्ती भूस्वामित्व भनेर जो शब्द प्रयोग गरि रहेछौं, त्यसमा होशियार हुनुपर्छ भन्ने मलाई लाग्छ । सामन्ती भूस्वामित्वमा जमीन एउटाको हुन्छ, जमीन जोत्ने चाहिं अर्कै हुन्छ । जोत्ने किसानले कूत वा अधियाँका रुपमा जग्गामा मेहेनत नगर्ने जग्गा मालिकलाई आफ्नो उपजको केही भाग वा धेरै भाग बुझाउनु पर्ने हुन्छ ।* →

**इन्ची जमीनको लागि दाजुभाइ आपसमा कोदालोले हानेर मार्ने ठाउँमा सहकारी खेती गर्न मानिस कति तयार होलान् ?**

तत्कालीक लाभको लागि, आफ्नो हकको मोहीको भागमा आफुखुशी गर्न सकियोस् भन्नाका लागि मोहीको भाग कटाएर बाँकी जमीन छोडीदिएका पनि छन ।

त्यसैले मेरो भनाइको तात्पर्य के हो भने, मोहीको समस्या पनि बाँकी नै छ र " जमीन जोत्नेको " नाराले सबै कुरा कभर नगरे तापनि यो महत्वपूर्ण नाराको रूपमा अझ पनि सान्दर्भिक छ। " जमीन जोत्नेको " नाराले सबै कुरा नसमेट्ने भएकाले " सामन्ती भूस्वामित्वको अन्त गरौं " भन्ने नारा दिनु परेको हो र यो नाराले सबै कुरा समेट्छ। तर यो नाराभित्रको मूल नारा भनेको " जमीन जोत्नेको " नारा नै हो। त्यसपछि सहायकको रूपमा अन्य विषयहरु आउँछन ।

### जमीन जोत्नेको नाराले बास्तबिक किसानलाई भूस्वामित्वबाट बिस्थापित गर्न रोक्छ ।

यसरी श्यामजीको लेखमा यो नाराले सबै कुरा समेट्दैन भनिएको छ, त्यो त हो । तर " जमीन जोत्नेको " भन्ने यो नारा अझै असाध्यै महत्वपूर्ण नाराको रूपमा उठाईरहनु जरूरी छ । खालि मोही थोरै प्रतिशतमा अस्तित्वमा हुनुको सवाललाई मात्र विचार गर्नु काफी छैन, भूमिबाट वास्तविक किसानलाई विस्थापित गर्ने बढ्दो प्रवृत्ति विरूद्ध पनि यो नारा लक्षित भएकाले यो नारा अझै सान्दर्भिक भएको हो ।

मैले भर्खरै सुनेको छु , दिल्लीको एउटा साहुले नेपालमा जग्गा किन्न ८० करोडमा घर बेच्यो र उ काठमाण्डौमा जग्गा किन्न आउँदैछ । उसले १ करोड खर्च गर्‍यो भने नागरिकता त जसरी पनि लिईहाल्छ, आजको नेपालमा । बाँकी रुपैयाँले २० लाख रोपनी पर्ने जमीनलाई ३० लाख दिएर जमीन किन्न खोज्यो भने कसले दिंदैन ? नगरकोटको उत्पादनले खान धौधौ परिरहेका किसानलाई रोपनीको १० हजारको सट्टा २ लाख दिन्छु भन्यो भने उनीहरुले जमीन बेच्दैनन् ? यसरी बास्तविक जमीनबाट किसान विस्थापित हुनेछन । यो समस्यालाई समेत बिचार गरेर जमीन बास्तविक रूपमा जोत्ने किसानकै स्वामित्वमा भईराख्नु पर्छ भन्ने बिचारका हिसावले पनि यो नारा अझै सान्दर्भिक छ भन्ने मलाई लाग्छ ।

### जमीनको खण्डीकरण र सानो भू जोत मूल समस्या होइन

जहाँसम्म जमीन खण्डीकरण हुँदैछ, टुक्रिदैछ, र सानो सानो प्लटमा यान्त्रिकीकरण गर्न सकिन्न र यान्त्रिकीकरण नगरी उत्पादकत्व बढाउन सकिन्न भन्ने कुरो यहाँ उठिरहेछ,। मेरो बिचारमा नेपालको पहाडी क्षेत्रमा यान्त्रिकीकरण गर्नु संभव छैन । तराइमा यान्त्रिकीकरण गर्नु संभव छ । तर त्यहाँ पनि ५।१० बिघा जमीन हुनेहरुको भन्दा ५ कठ्ठा, १० कठ्ठा जमीन हुनेहरुको जमीनमा उत्पादकत्व बेसी देखिन्छ । म आफैंकिसान हुँ। ०३१ सालको कुरोहो। म आफैंले मेहनत गरेर ९ कठ्ठा जमीनमा परबानीपुर -१ भन्ने धान बारा जिल्लाको निजगढ भन्ने ठाउँमा ५० मुरी फलाएको अनुभव छ। भनाइको तात्पर्य के हो भने उत्पादन बृद्धिको लागि ठूलो प्लट नै चाहिन्छ भन्ने होइन। उत्पादनमा बिबिधिकरण गर्ने हो भने सानो सानो प्लटमा पनि पर्याप्त उत्पादन गर्न सकिन्छ। धान, फलफूल, फूल, जहाँ जहाँ जे जे सकिन्छ त्यो त्यो खेती गर्ने हो भने उत्पादन बढाउन सकिन्छ ।

### खण्डीकरण कसरी रोक्ने ?

तर खण्डीकरणको जो प्रक्रिया चालु छ, त्यसलाई रोक्नु पर्छ कि पर्दैन भन्ने जुन सवाल छ, मेरो विचारमा, त्यो सकेसम्म रोक्नुपर्छ । सहकारिताको

**मैले भर्खरै सुनेको छु , दिल्लीको एउटा साहुले नेपालमा जग्गा किन्न ८० करोडमा घर बेच्यो र उ काठमाण्डौमा जग्गा किन्न आउँदैछ ।**

विकासद्वारा यसलाई रोक्न सकिन्छ। तर हाम्रो देशको संस्कृति र मनोविज्ञान हेर्दा धेरै आशावादी नभए हुन्छ - सहकारिताको विकासको मामलामा । इन्ची जमीनको लागि दाजुभाइ आपसमा कोदालोले हानेर मार्ने ठाउँमा सहकारी खेती गर्न मानिस कति तयार होलान् ?

अर्को खण्डीकरण रोक्ने उपाय - परिवार नियोजनद्वारा एउटै मात्र सन्तान जन्माएर हो । कित्ताकाट गर्न हद तोकीदिएर पनि खण्डीकरण रोक्न सकिन्छ । जस्तो -काठमाण्डौमा २.५ आनाभन्दा कम कित्ताकाट गर्न पाइन्न भन्ने कानूनी प्रवधान ल्याउन लागिएको छ ।

यसरी नेपालमा " जमीनमा सामन्ती भूस्वामित्व खत्तम पारौ " भन्ने मूल नारा अन्तर्गत " जमीन जोत्नेको " भन्ने नारा अझै पनि सान्दर्भिक छ र यसलाई कायमै राखिनु पर्छ। मेरो भनाइ यही हो।

❑

*जसको जमीन हुन्छ, उसले त्यो नजोत्ने, जसले जमीन जोत्छ, उसको जमीन नहुने ! - यो खालको तल्सीङ र कूत बुझाउने मोहीबीचको सम्बन्धलाई सामन्ती भूमि सम्बन्ध भनिन्छ ।*

*हामी जमीन धेरै हुने सबैलाई सामन्त भनिरहेछौं । त्यो सही होइन । जमीन धेरै भएर पनि जमीनको मालिक र जमीनमा काम गर्नेहरु बीचको सम्बन्ध पूँजीपति र खेतीहर-मजदूरको सम्बन्ध पनि हुन सक्छ । यो सामन्ती भूस्वामित्व होइन । यो पूँजीवादी भूस्वामित्व हो । हामी चिया बगानहरुमा, कृषि फार्महरुमा यस्तै भूस्वामित्व भेटछौं । पूँजीवादी भूस्वामित्वमा जमीनमा व्यक्तिगत स्वामित्व हुन्छ । जमीनमा काम गर्नेले मजदूरले झैं ज्याला पाउँछ । भूमिपति र जमीनमा काम गर्नेको सम्बन्ध ज्यालाको सम्बन्ध हुन्छ । सबै रैकर जग्गाहरु, जो खुदै जग्गावालाले जोत्दछ वा ज्यालामा जोत्न लाउँछ, पूँजीवादी भूस्वामित्वका नमूनाहरु हुन । धनी, मध्यम र गरीब किसानका सारा निजी जोतहरु-पूँजीवादी स्वामित्वका नमूनाहरु हुन, यदि ती आफ्नै श्रममा वा ज्यालादारीमा जोतिन्छन् भने ।*

### कुरा अन्तरबिरोधी छः

*हाम्रो भनाइमा रहेको अन्तर-विरोध के हो भने - हामीले एकातिर नेपालमा जमीनमा आफ्नै जोत पोत हुने, स्वामित्व हुने मध्यम र गरीब किसानहरु अत्याधिक बहुसंख्यामा छन् भनेर स्वीकार्‍यौं । अर्कातिर, नेपालमा अझै "सामन्ती भूस्वामित्वको अन्त गरौं" वा "जमीन जोत्नेको" जस्ता नारा नै मूल नारा हुन सक्छ भनेर पनि भन्यौं । सामन्ती भूस्वामित्वको नै आधिक्य नभएपछि सामन्ती भूस्वामित्वको अन्तको नारा कसरी बहुसंख्यकको मुख्य नारा हुन सक्छ ? हाम्रो विचार विमर्शको विषय यो हो ।*

*हो, नेपालमा अझै मोहियानीको समस्या बाँकी छ । सामन्ती भूस्वामित्वको समस्या बाँकी छ । त्यसैले यो नारा नेपालमा असान्दर्भिक नै भईसक्यो भन्ने कुरा होइन । यसको सान्दर्भिकता अझै छ । तर मूल प्रश्न के हो भने - के मोहियानीको समस्या बहुसंख्यक किसानको समस्याको रूपमा विद्यमान छ ? के जोत र पोतको समस्या बहुसंख्यकको समस्या हो ?*

*तथ्यांकले देखाएको छ-यो बहुसंख्यकको समस्या भने होइन । बहुसंख्यकको समस्या त जग्गाको सानो जोतको समस्या नै हो, लघु-स्वामित्वको समस्या नै हो, जमीनको खण्डीकरणको समस्या नै हो । बास्तविकता के छ ? हामीले देखेको, भोगेको बास्वविकतामा तथ्यांकको यो निस्कर्ष मेल खान्छ ? हाम्रो आजको छलफलको विषय यो हो ।*

### जमीन नै पुग्दैनः

*हामीले भन्यौं कि - नेपालमा किसान परिवारहरु २७ लाख पुगिसकेका छन् । तर जमीन भने २५ लाख हेक्टर मात्रै छ । त्यसैले प्रत्येक किसान परिवारलाई बरोबर जमीन बाँड्ने हो भने पनि एक परिवारको भागमा १ हेक्टर जमीन पनि पुग्दैन । त्यसैले, हामीसित प्रत्येक किसान परिवारलाई जीवन धान्न पुग्ने गरी बाँड्ने जमीनै पनि त पुग्दैन । यो स्थितिमा "हामीले के भन्दै आयौं" भन्ने कुरामा भन्दा बास्तविकता के हो भन्ने कुरामा हामी केन्द्रित हुनु जरुरी छ ।*

### जमीन विदेशीलाई बेच्ने समस्या

*जहाँसम्म विदेशबाट यहाँ आएर जमीन किन्ने प्रवृत्तिबाट जोगाउन "जमीन जोत्नेको" नारा दिनु जरूरी छ भन्ने सवाल आएको छ, यो नाराले त्यो प्रवृत्तिलाई रोक्न संभव छैन । जबसम्म १९५० को सन्धि कायम र हन्छ, र त्यसअन्तर्गत भारतीयहरुले नेपालमा निस्फीक्री जमीन किन्न र भोग गर्न पाउँदछन्, यो प्रवृत्तिलाई खत्तम पार्न सकिन्न । किसान आफैले दुई लाखको जग्गा चार लाख पायो भनेर खुशीसाथ बेचीदिन्छ । यसमा हामी के गर्न सक्छौ ? यसको लागि पूरै सन्धि वा सन्धिको त्यो प्रावधान नै खारेज गर्ने कदम चाल्नु जरूरी हुन्छ र भिन्दै कानूनी व्यवधान खडा गर्नु जरूरी हुन्छ । "जमीन जोत्नेकौ" नाराले यसमा काम गर्दैन ।*

# लाखौं हरूवा / चरूवाको समस्या "जमीन जोत्नेको" नाराबाटै हल हुन्छ

**केशब बडालः** मैले के कुरा थप्न चाहेको भने - कुनै तथ्यांक बाहिर आउँदैन तर बास्तवमा त्यो समस्याको रूपमा रहिरहेको हुन्छ । नेपालमा कमैयाहरु नै करीव एक लाख छन् । त्यो सम्बन्धी तथ्यांक बाहिर आई पनि →

हामी दुई चार रोपनी जग्गा भएकाहरु पनि स-साना जमिन्दारहरु हौं

# जमीन टुक्रिंदै जाने समस्यालाई क्रान्तिपछि सजिलै हल गर्न सकिन्छ

-क. रोहित



**१९१७ को क्रान्तिपछि "जसको जोत उसको पोत" नगरी एक्कासी सहकारीकरण गर्न खोज्दा रूसमा ठूलो भिडन्त भएको थियो ।**

**या** नारा अझै किन **सान्दर्भिक छ** ? यो नारा नेपाली कम्युनिष्ट आन्दोलनको एउटा महत्वपूर्ण सवाल हो । यसको बारे छलफल आयोजना गरेकोमा **मूल्यांकन** मासिक लाई म सर्वप्रथम धन्यवाद दिन चाहन्छु ।

**"जमीन जोत्नेको" नाराको ऐतिहासिक पृष्ठभूमि**

"जसको जोत उसको पोत" को नारा पूँजीवादी नाराभित्रै पर्छ । बेलायती क्रान्ति, फ्रान्सेली क्रान्ति र अमेरिकी स्वतन्त्रता संग्राममा सामन्त वर्गको विरुद्ध ब्यापक जनतालाई उठाउन यो नारा दिइएको थियो। यो नारा बिस्तारै सरेर रुसी क्रान्तिसम्म पुग्यो ।

रुसको क्रान्ति मूलतः मजदूर-क्रान्ति थियो तर रुसको पछौटे अर्थतन्त्रको अवस्था, १९०५ को क्रन्तिको असफलताको अनुभव र पेरिस कम्युनको अनुभवको आधारमा रुसमा ब्यापक किसानहरुलाई क्रान्तिमा परिचालित गर्नु जरुरी ठानियो । १९१७ को क्रान्तिपछि "जसको जोत उसको पोत" नगरी एक्कासी सहकारीकरण गर्न खोज्दा त्यहाँ ठूलो भिडन्त भएको थियो । त्यसैले किसानहरुको जग्गाप्रतिको मोहको मानसिकतालाई ध्यानमा राखी, किसानहरुको चेतनास्तरको आधारमा पछि "जमीन जोत्नेको" अथवा "जसको जोत उसको पोत" को नारा नै अघि सारिएको थियो ।

"जसको जोत उसको पोत" लागु गर्दा केही जटीलता त छ नै । जस्तो, हामीलाई के भन्ने ? हामीलाई मध्यम किसान भन्ने कि ? मेरो बिचारमा हामी २-४ रोपनी जग्गा भएकाहरु पनि स-साना जमीन्दार (Landlord) हरु हौं । जमीन्दारको नेपालमा दुई अर्थ लाग्छ, एउटा, जग्गाको मालिक, अर्को, मालपोत उठाउने पहिलेको मान्छे । जमीन्दारको सम्बन्ध सामन्ती अवशेषसंग हुन्छ ।

**सामन्तवादको अर्थ**

हामी सामन्तवाद जो भन्छौं, त्यसको शब्दमा जाने हो भने कूत (Rent) जसले लिन्छ, त्यो सामन्त (Fued) हो । त्यही (Fued) सामन्त शब्दबाट (Feudalism) सामन्तवाद शब्द बनेको हो । सिद्धान्ततः जमीन भनेको राज्यको सम्पत्ति नै हो । सामन्तवादमा जहाँ जुन राजाको वा सामन्तको राज्य कायम भयो, त्यहाँ उसले कूत उठाएर खाने ब्यवस्थालाई सामन्तवाद भनिन्छ । यही सिलसिला नेपालमा बिर्ता जग्गामा पनि लागू भएको पाइन्छ ।

**रैकर जग्गामा "जसको जोत उसको पोत" अहिले पनि छ**

रैकर जग्गाको शुरुआत भनेको

सकेको छ । १५ हजार परिवारसित लिएको अन्तवार्ताको त किताबै निस्किएको छ । यी कमैयाहरु मोही हैनन् । तर शोषण त सामन्ती प्रकारकै भोग्दैछन् । बांके, बर्दिया, कैलाली, कंचनपुर, दाङमा मात्र यो समस्या छैन । पूर्वी तराईमा हरुवा/चरुवाको समस्या पनि त्यस्तै प्रकारको छ । यिनीहरु ठूलो संख्यामा छन्, तर यिनीहरुको तथ्यांक छैन । यिनीहरु लाखौंको संख्यामा छन् । कैयन् जमीन्दाहरुले र धनी किसानहरुले तराईमा मोहियानी हक दिनु पर्ने बाध्यताबाट बच्न एक एक दर्जन हरुवा / चरुवासम्म राखेका छन् । डेढ विघा जग्गा हुनेले हरुवा / चरुवा नराखेको भनेको त बिरलै पाइन्छ । यो खालको शोषण सामन्ती चरित्रको हो कि पूँजीवादी चरित्रको ? यिनीहरुको गणना तथ्यांकमा छैन । ८ र १६ प्रतिशत मोहीभित्र यिनीहरु पर्दैनन् । तर हामीले भूस्वामित्वको कुरा गर्दा यिनीहरुलाई बिर्सन मिल्दैन ।

पूर्वी पहाडमा यस्तो भेटिंदैन । तर पश्चिमी पहाडमा पनि यस्ता हरुवा चरुवाहरु लाखौंको संख्यामा भेटिन्छन् । यिनीहरु हली गोठालाका रुपमा छन् । यिनीहरु जमीनमै काम गर्छन । तर मोहियानी पाउँदैनन् ।

त्यसमाथि थप, किसानहरुले बेच्ने सबै कुराको भाउ घटेको छ, तर उनीहरुले किन्ने मल लगायत सबै कुराको भाउ बढेको छ। यस्तो खालको शोषण पनि उनीहरु भोग्दैछन् । उनीहरुको उपजको बजारको समस्या पनि छ । यी जम्मै कारणले "सामन्ती भूस्वामित्व" को नारा अझै पनि मूल नारा हुन सक्छ भन्ने मलाई लाग्दछ ।

## जुन जगमा लेख लेखिएको छ, त्यो गलत छ

**महेश्वरमान श्रेष्ठ**

*मैले भन्नु पर्ने धेरै कुराहरु केशव बडालजीले भनीसक्नु भयो ।*

*नेपालको सन्दर्भमा मध्यम वर्गीय किसान बढी भएकाले "जसको जोत उसको पोत" को नारा त्याग्नु पर्छ कि भन्ने आशंका लेखमा उठाइएको छ र यो नारा सान्दर्भिक छैन कि भनेर शंका उठाइएको छ ।*

*मेरो विचारमा जुन जगमा यो लेख लेखिएको छ, त्यो जग नै गलत छ ।*

*बास्तवमा "जसको जोत उसको पोत" को अर्थ जमीन बास्तवमा जसले जोत्दछ, उसैको हक हुनु पर्दछ भन्ने हो । हामी यहाँ मास्टरी गर्दैछौं, तर हाम्रो नाममा पनि गाउँमा जग्गा छ र हामी मध्यम किसानमा दर्ता भएका छौं । हाम्रो जग्गा दर्ताको चलनै यस्तै छ । "जसको जोत उसको पोत" को अर्थ यस्तो हुनुहुन्न भन्ने हो । जसले बास्तवमा जमीनमा जीवन बिताउने सोच्दछ, जमीन उसैको हातमा हुनुपर्छ भन्ने यसको तात्पर्य हो ।*

*सामन्तवादको अर्थ श्यामजीले सीमित रुपमा अर्थ्याउनु भएको छ । खालि जग्गावाल र मोहीको सम्बन्धमा मात्र यसको ब्याख्या गर्नु भएको छ । बास्तवमा सामन्तवाद भनेको यति मात्रै नभएर हाम्रो काम गर्ने मनोवृत्ति पनि हो । नोकर-चाकर -हरुवा-चरुवा राख्ने, माथ्लो तहको चाकडी गर्ने, तल्लोलाई दबाउने हाम्रो मनोवृत्ति पनि सामन्तवाद अन्तर्गत नै आउँछ ।*

*"जसको जोत उसको पोत" को नारा दुवै ठाउँमा उठ्यो । जुन ठाउँमा समाज एक्कैचोटी समाजवादमा फड्को मार्न सक्दैन, त्यो ठाउँमा बामपन्थीहरुले आफ्नो देशमा किसानहरुलाई पूँजीवादी ब्यवस्था अन्तर्गत कसरी गोलबन्द गरेर क्रान्ति गर्ने र सामाजिक न्याय दिने भनेर पनि यो नारा उठ्यो ।*

*अर्को, समाजको विकासको दौरानमा जब सामान्तवादी अर्थतन्त्रले समाजको विकासलाई अवरुद्ध गरिदिन्छ, रोकिदिन्छ, पूँजीपति वर्गले पनि पूँजीवादी ब्यवस्थामै पनि "जसको जोत उसको पोत" भन्नु पर्ने हुन्छ । उत्पादन बढाउनु पर्‍यो, रोजगारी बढाउनु पर्‍यो, औद्योगिकीकरणका लागि पूँजी निकाल्नु पर्‍यो, यसको लागि जमीनमा "जसको जोत उसको पोत" गर्नु पर्‍यो । नेपालमा कम्युनिष्टहरुले शुरुदेखि नै सामन्तवादको विरुद्धका "जसको जोत उसको पोत" को नारा दिंदै आएका छन् ।*

*नेपालमा पनि जमीन बास्तवमा जसले जोत्दछ, जसले जमीनमै जीवन बिताउने बिचार गरेको छ, उसैलाई जमीनको बास्वविक मालिक बनाउनको लागि, हामी जस्ता मास्टरी गरेर पनि जमीनको मालिक हुनेहरुलाई जमीनको स्वामित्वबाट छुटाउनको लागि "जसको जोत उसको पोत" को नारा अझै सान्दर्भिक छ र यसमा शंका उठाउनु पर्ने कुनै कारा छैन ।*

*जहाँसम्म तथ्यांकको कुरा छ- त्यसमा दोषहरु छन् । एकातिर, हामी जस्ता लाखौं मानिसहरु मध्यम किसानमा दर्ता भएका छौं । अर्कातिर, लाखौं हरुवा चरुवाहरु, हली गोठालाहरुको गणना नै गरिएको छैन । त्यसैले, यसको भर पर्न सक्दिन ।* ❑

**चीनमा क्रान्ति संपन्न भईसकेपछि त्यो खालको क्रान्ति अन्य देशमा नहोस् भनेर पश्चिमाली साम्राज्यवादीहरुले ल्याटिन अमेरिका, अफ्रिका र एशियाका कैयन मुलुकमा भूमि सुधार र द्वैध स्वामित्वको अन्त गर्ने सल्लाह दिए ।**

पूँजीवादी स्वामित्वको शुरुआत हो, नेपालको जमीन सम्बन्धमा । पहिले पैसाको त्यति धेरै चलन थिएन। नाउको काम गर्नेलाई पनि पैसाको सट्टा अलिकता जग्गा नै दिइन्थ्यो, सिपाहीको काम गर्नेलाई पनि, लुगा सिउने काम गर्नेलाई पनि, यस्तै हरेक काम गर्नेलाई । यसरी नेपालमा रैकर जग्गाको विकास भयो र रैकर जग्गामा त स्वभावत: "जमीन जोत्नेको" भईराखेकै हुन्छ। रैकर जग्गालाई फेरि "जसको जोत उसको पोत" गरिराख्न जरुरी नै छैन ।

### जमीन जोत्नेको नाराको तात्पर्य

"जसको जोत उसको पोत" त त्यहाँ मात्रै सान्दर्भिक हुन्छ, जहाँ जमीन जोत्ने किसान एउटा भईराखेको हुन्छ, तर ऊसित जमीनको स्वामित्व हुँदैन र, जो जमीनको स्वामी हुन्छ, तर जमीन जोत्दैन, जस्तो-कमैया, हली, गोठालाहरु। उनीहरु बास्तवमा जोताहा हुन् तर तिनीहरुसित जमीनको स्वामित्वको हक हुँदैन। उनीहरुले यो हक नपाएकैले "जमीन जोत्नेको" वा "जसको जोत उसको पोत" को नारा उठाउनु परेको हो।

पहिलो कुरो, जोताहाको हक उनीहरुले पाउनु पर्छ भन्ने हो । दोश्रो, त्यो हक उनीहरुले पाएपछि त्यो स्वामित्वमा परिणत हुनुपर्छ भन्ने हो। "जमीन जोत्नेको" वा "जसको जोत उसको पोत" को तात्पर्य यही हो । यसरी यसको दुई चरण हुन्छ ।

हामी काठमाडौं भक्तपुरका ज्यापूहरु जो भन्छौं, उनीहरु पहिले भूदास थिए। पछि अर्द्ध-भूदास भए। २००७ साल अघिसम्म उनीहरुको जोताहा हक भन्ने नै थिएन। २००७ सालपछि मात्र उनीहरुले बिस्तारै जोताहा हक पाएका हुन। कमैया, हली/ गोठाला, हरुवा / चरुवा भनेका पनि अर्द्ध-दासहरु हुन। उनीहरु अर्द्ध-दास प्रथाकै अवशेषहरु हुन। उनीहरुसित अहिले पनि जोताहाको हक छैन ।

त्यसैले, हाम्रो नारा पहिलो चरणमा उनीहरुलाई जोताहाको हक दिने हुनुपर्छ, जोताहाको निस्सा दिने हुनु पर्छ र त्यसपछि तिनीहरुको त्यसमा स्वामित्व हुनु पर्छ भन्ने हुनु पर्छ । यसै निम्ति "जमीन जोत्नेको" नारा अहिले पनि लगाउनु परेको हो ।

भूमिसुधारको कानूनमा पनि कसैले एक वर्ष बाली लगाउँछ भने ऊ जोताहा हुन्छ भन्ने छ । कमैया, हली, गोठाला, हरुवा, चरुवा,-उनीहरुले जेसुकै नाम दिउन्, उनीहरुले वास्तवमा जग्गा जोतेको हो कि होइन ?-जग्गा जोतेको हो भने उनीहरुलाई जोताहाको हक दिइनु पर्छ। यसो भएमा एउटा समस्या हल भयो। यो समस्या हल भए पछि बल्ल "जमीन जोत्नेको" कुरा आउँछ ।

# नेपालमा भू-जोतको ताजा स्थिति

## २०४८/४९ मा

| भू जोतको आकार हेक्टरमा | घर परिवार संख्या | प्रतिशत | ओगटेको क्षेत्रफल हेक्टरमा | क्षेत्रफलको प्रतिशत |
|---|---|---|---|---|
| भूमिहीन | ३२०८९ | १.१७ | १५३५.२ | ०.०६ |
| ०.५ हेक्टरसम्म हुने | ११६६०३६ | ४२.६२ | २९२३४१.८ | ११.२५ |
| ०.५-१ हेक्टरसम्म हुने | ७११६६५ | २६.०१ | ४९९५४०.६ | १९.२२ |
| १-२ हेक्टरसम्म हुने | ५२९४६७ | १९.३५ | ७१६५३२.७ | २७.५६ |
| २-३ हेक्टरसम्म हुने | १६८४७१ | ६.१६ | २४००२७.४ | १५.४० |
| ३-४ हेक्टरसम्म हुने | ५९५७४ | २.१८ | २०२३५०.७ | ७.७९ |
| ४-५ हेक्टरसम्म हुने | २८५९१ | १.०४ | १२५७२७.८ | ४.८४ |
| ५-१० हेक्टरसम्म हुने | ३१९५२ | १.१७ | २०९३३८.० | ८.०६ |
| १० हेक्टरभन्दा माथि हुने | ८२०६ | ०.३० | १५१३३०.५ | ५.८२ |
| **जम्मा** | **२७,३६,०५०** | **१००.०** | **२५९८९६९.८** | **१००.०** |

स्रोत: केन्द्रिय तथ्यांक विभाग

### नेपालमा "जसको जोत उसको पोत" को नारा कसरी आयो ?

"जमीन जोत्नेको" को सन्दर्भ कसरी नेपालमा आयो-त ?

यूरोपमा त मजदूर क्रान्तिको प्रस्थापना अघि सारियो । तर चीनमा त २० लाख मात्रै थिए-मजदुरहरु। ४६ करोड जनसंख्यामा २० लाख मजदूर, कसरी मजदुर क्रान्ति गर्ने ?-यो समस्या उठ्यो। त्यसैले किसानहरुलाई आन्दोलित गर्नु जरुरी भयो, जो त्यहाँ त्यतिखेर अत्याधिक वहुसंख्यामा थिए ।

कम्युनिष्टहरु गाउँ गाउँमा गएर बुझ्दा किसानहरु जग्गा पाएमा मात्र युद्धमा आउन तयार देखिए । उनीहरु जोताहा त थिए, तर जग्गामा हक उनीहरुको थिएन । त्यसैले चिनियाँ कम्युनिष्टहरुले "जमीन जोत्नेको" को नारा अघि सारे। मार्क्सवादलाई चीनियाँ सन्दर्भमा लागु गरेको भनेको यही हो ।

हाम्रो देशको स्थिति पनि झण्डै त्यस्तै छ। हाम्रो यहाँ पनि मजदूरहरुको संख्या सारै थोरै छ। यहाँ मजदूर क्रान्ति गर्न सकिन्न। यहाँ उद्योग धन्दाले विकास गरिसकेको छैन। यहाँ बहुसंख्या किसानको छ र किसानहरु सामन्ती शोषणमा परेका छन । त्यसो भएको हुनाले हामी यहाँ "जमीन जोत्नेको" नारालाई अघि बढाउन सक्छौं ।

### मोहीको तथ्यांक पूर्णत: गलत छ

प्रश्न उठ्छ, -त्यसोभए ४ प्रतिशत मात्र मोही भएको मुलुकमा "जमीन जोत्नेको " नारा कसरी उपयुक्त हुन सक्छ ?

मलाई लाग्छ, यो तथ्यांक पूर्णत: गलत छ । उदाहरणको लागि, राष्ट्रिय योजना आयोगले आयोजना गरेको एउटा गोष्ठीमा उपाध्यक्ष रामशरण महतहरुले नै नेपालमा जम्मा १५ प्रतिशत मोही बाँकी भएको कुरो भनेका थिए। यो मोहीहरुलाई जग्गा धनीमा बदलेर द्वैध स्वामित्व हटाउने कुरा उनीहरुले गरेका थिए। यो १५ प्रतिशत त उनीहरुले मानेको मोही मात्र हो, नमानेको मोही त कति छ कति ! त्यसैले नेपालमा मोहीको समस्या थोरैको समस्या हो भन्ने कुरा होइन ।


### द्वैध स्वामित्व अन्त गर्ने दुइटा बाटो:

त्यसमाथि थप, नेपालमा द्वैध स्वामित्वको अन्त पनि कसरी गरिदैछ भने-चार भागको एक भाग मोहीलाई दिने र पिण्ड छुटाईदिने । बांकी तीन भागमा मोहीको जुन हक लाग्ने हो, त्यो हक खतम पारीदिने ।

यस्तो षडयन्त्र नेपाली कांग्रेसले गरिराखेको छ। यो नेपाली कांग्रेसको मौलिक विचार होइन। यो पंचायतकालमै पंचहरुले लागु गर्न खोजेको तर गर्न नभ्याएको विचार हो। यो पंचायती उपाय हो। उनीहरु कमैया, हली गोठालाहरुलाई जोतको हक दिने पक्षमा नै छैनन् ।

द्वैध स्वामित्व अन्त गर्ने अर्को क्रान्तिकारी उपाय पनि छ । त्यो हो- "जमीन जोत्नेको" पारीदिने । जमीनमा


सार्थक गीतहरुको संगालो




बजारमा
उपलब्ध छ ।



दृष्टि
साप्ताहिक
प्रत्येक बुधवार प्रकाशित हुने
अवश्य पढ्नुहोस् !

जोताहाको स्वामित्व मात्र कायम भएपछि द्वैध स्वामित्व भन्ने कुरा नै खतम भयो। कमैया, हली, गोठाला सबै जमीनको स्वामी हुने भए। जहिलेसम्म यसरी हामी उनीहरुलाई हक दिलाउन सक्दैनौं, तबसम्म जमीनको अन्यायपूर्ण वितरण बाँकी नै रहने छ। त्यसैले, हाम्रो नारा अहिले पनि "जमीन जोत्नेको" नै हुनु पर्छ।

यसका दुईटा चरण हुनेछन्। एउटा मोहियानी हक दिलाउने चरण, अर्को, जमीनको स्वामित्व मोहीलाई दिलाउने चरण।

चीनमा क्रान्ति संपन्न भईसकेपछि त्यो खालको क्रान्ति अन्य देशमा नहोस् भनेर पश्चिमाली साम्राज्यवादीहरुले ल्याटिन अमेरिका, अफ्रिका र एशियाका कैयन मुलुकमा भूमि सुधार र द्वैध स्वामित्वको अन्त गर्ने सल्लाह दिए। त्यही सल्लाह अनुसार फिलीपिन्स, श्रीलंका, नेपाल आदि मुलुकमा भूमिसुधार हुन थालेको हो। यो बास्तवमा क्रान्ति तुहाउने षडयन्त्र मात्र हो। यो षडयन्त्र विफल पार्न फिलीपिन्समा " जसको जोत उसको पोत" को नारा त्यहाँका कम्युनिष्टहरुद्वारा उठाइदैछ। हाम्रो मुलुकमा पनि उठाउनु पर्छ।

नेपालमा अहिलेको स्थिति के छ भने, दर्ता भएका र दर्ता नभएका मोही जोडेर झण्डै झण्डै ५० प्रतिशत छ। साथसाथै, तथ्यांक लिईदा कसरी लिइएको छ भने - एउटा मान्छेको १/२ रोपनी आफनै जग्गा छ, उसले १/२ रोपनी अरुको जोत्दै पनि छ। तर तथ्यांकमा उसलाई फगत जोताहा किसानका रुपमा लिइएको हुन्छ, मोहीका रुपमा होइन। त्यसैले सरकारी तथ्यांकमा भर परेर के नारा दिने भन्ने संवन्धमा सही मूल्याङ्कन गर्न सकिन्न।

**खण्डीकरणको समस्या पूँजीवादको समस्या हो**

जहाँसम्म जमीन टुक्रने र खण्डीकरण हुने समस्या छ, त्यो पूंजीवादको समस्या हो। त्यो तत्कालको हाम्रो समस्या होइन। क्रान्तिपछि त्यसलाई सजिलै हल गर्न सकिन्छ-सहकारीकरण र सामूहिकीकरणद्वारा।

रुसमा पहिले "जमीन जोत्तेको" नारा लागू गरियो। क्रान्तिपछि "सामूहिक खेती" र "राज्य खेती" को उपायद्वारा त्यो समस्या समाधान गरियो। चीनमा पनि पहिले १९४९ अघि जग्गा वितरण गरियो-"जमीन जोत्नेको" को आधारमा। पछि आपसमा सहयोग गर्ने दल ( Mutual Aid Teams) को रुपमा किसानहरुलाई संगठित गरियो, त्यसलाई उनीहरुले "साम्यवादको बीऊ" भने। किसानहरुको सांस्कृतिक स्तर पछौटे भएको हुनाले पछि पाइला पाइला गर्दै उनीहरुलाई सहकारी खेतीतिर उत्प्रेति गरियो। र, १९५६ सालमा सामूहिकीकरण पनि गरियो-कम्युन निर्माण गरेर। यसरी जग्गा टुक्रने र खण्डीकरणको समस्या हल गर्न सकिन्छ।

सारमा, मैले भन्न लागेको कुरो के

# कुन ढांचा अन्तर्गत "जमीन जोत्नेको" ?



भने - यसरी नेपालमा "जमीन जोत्नेको" नारा अहिले पनि सान्दर्भिक छ। त्यो बाटो हुँदै सहकारीकरण र सामूहिकीकरणद्वारा समाजवादतिर अघि बढ्नु पर्छ। अर्को कुनै उन्नत बाटो छैन। ❑

धरान -काठमाडौं -धरान
यात्राका लागि सम्झनुहोस्
सिग्नल्स ट्राभल्स
बस सेवा

# भू-जोतमा कति परिवर्तन भयो ?

| | २०१८ साल | २०४८ सालमा | परिबर्तन प्रतिशत |
|---|---|---|---|
| कूल किसान परिवार | १५,१८,००२ | २७,३६,०५० | ८०.२४ |
| जमीनको क्षेत्रफल | १६,८५,४२५ | २५,९८,९७० | ५४.२० |
| औसत जमीनको क्षेत्रफल, प्रत्येक किसान परिवारको भागमा | १.११ हेक्टर | ०.९५ हेक्टर | |

| | २०३८ सालमा | २०४८ सालमा | परिबर्तन प्रतिशत |
|---|---|---|---|
| भूमिहीन किसान परिवार | ८,२२४ | ३२०८९ | २९०.१९ |
| ०.५ हेक्टरसम्म जमीन हुनेहरु | १०,१९६७७ | ११६६०३६ | १४.३५ |
| ०.५-१ हेक्टर जमीन हुनेहरु | ३,३५४२० | ७१,१६६५ | ११२.१७ |
| १-२ हेक्टर जमीन हुनेहरु | ३,७९०५१ | ५२९४६७ | ३९.६८ |
| २-३ हेक्टर जमीन हुनेहरु | १५६९६१ | १६८४७१ | ७.३३ |
| ३-४ हेक्टर जमीन हुनेहरु | ७७२२८ | ५९५७४ | -२२.८६ |
| ४-५ हेक्टर जमीन हुनेहरु | ४२४४१ | २८५९१ | -३२.६३ |
| ५-१० हेक्टर जमीन हुनेहरु | ६००८२ | ३१९५२ | -४६.८२ |
| १०-भन्दामाथि हेक्टर जमीन हुनेहरु | १४८७२ | ८२०६ | -४४.८२ |
| **कूल किसान परिबार** | २१,९३,९५६ | २७,३६,०५० | २४.७१ |
| **जमीनको क्षेत्रफल** | २४,६३,७१७ | २५,९८,९६९.८ | ५.४८ |
| **औंसत जमीनको क्षेत्रफल, प्रत्येक किसान परिबार भागमा** | १२ हेक्टर | ०.९५ हेक्टर | |

# प्रश्नोत्तर

**चन्द्रराज ढुंगेल**
**(अर्थशास्त्री तथा सांसद)**

*क. रोहितले क्रान्तिपछि के गर्ने वा क्रान्तिको दौरानमा के गर्ने भन्ने हिसाबले आफनो कुरा राख्नु भयो। तर वर्तमान आर्थिक राजनैतिक संरचना अन्तर्गत वर्तमान संसद अन्तर्गत नै के गरेर किसान समस्या हल गर्ने? यस ढंगले कुरा आए जस्तो मलाई लागेन। क्रान्ति १०/२० वर्ष नभएको स्थितिमा के गर्ने ? यस ढंगले कुरा आएन। यस संवन्धमा केही प्रकाश पारिदिनु हुन्थ्यो कि ?*

## सर्टकट बाटो क्रान्ति नै हो

**क. रोहित :** अहिलेको आर्थिक राजनीतिक संरचना अन्तर्गत किसान समस्या हल गर्ने कुरा चाहिं संभवै छैन। जस्तो कि, हातभ्र ठूलो घाऊ भएको छ, त्यसलाई मलम लगाएर लिपापोती गर्न सक्छौं। केही आराम होला। तर घाऊ त त्यसले निको हुँदैन। घाऊ निको पार्न त भित्रको सडेको भाग र पीप निकालेर फ्याक्नु पर्छ, अनि मात्र ओखती लगायो भने घाऊ निको हुन्छ।

भारतकै उदाहरण हेर्नुहोस्-त्यहाँ हरित क्रान्ति, जमीन बंटवारा आदि सारा कुरा भए। तर किसानको समस्या अहिले पनि ज्यूँ का त्यूँ छ।

यहाँ पनि भूमि सुधार, सना किसान विकास आयोजना, यी र यस्ता सुधारका उपायले किसानहरुको आधारभुत समस्या हल हुनेवाला छैन। सुधारलाई बीचमा थकाई मार्ने, सुस्ताउने ठाउँका रुपमा मात्र लिनुपर्छ। त्यसैलाई आजु वा लक्ष्य बनाउनु हुन्न। त्यसैलाई लक्ष्य बनाइयो भने हामी बाटो बिराउँछौ। लक्ष्य त क्रान्ति नै हुनु पर्छ। कृषि क्रान्ति र समाजवादतिरको यात्रा नै नेपालका लागि सर्वश्रेष्ठ बाटो हो।

जहाँसम्म संसदीय बाटोको कुरा छ, त्यो बाटोबाट गइयो भने एउटा राम्रो कानून पास गर्न नै २०/३० वर्ष लाग्छ, त्यो लागु गर्न अर्को शताब्दी लाग्ला। त्यतिञ्जेल खान नपाएर र न्याय नपाएर मर्ने मानिसहरु नै क्रान्तिमा मर्ने मनिस भन्दा बढी हुन जालान्। त्यसैले, लामो अवधिसम्म किन पीडा भोगिरहने, छोटो बाटो हुँदा हुँदै ? छोटो सर्टकट बाटो क्रान्ति नै हो। ❑

# अन्तर्क्रिया कार्यक्रमको निचोड

## के यो नारा सही छ त ?

**श्याम श्रेष्ठ :**

आजको अन्तर्क्रिया हामी सवैको लागि निकै उपयोगी र शिक्षाप्रद भएको छ। जितहारको मानसिकताभन्दा माथि उठेर गरिने विचार-अन्तर्क्रियाले विचार को विकासमा र सत्यको खोजीमा निकै मद्दत गर्न सक्छ, यो आजको अन्तर्क्रियाले देखाएको छ ।

जुन विषयमा आज अन्तर्क्रिया भएको छ, त्यसले विवादको अन्त चाहिं गरिसकेको छैन। त्यस विषयमा गंभीर चिन्तन-मन्थनको थालनी मात्र यसले गरेको छ ।

आजको अन्तर्क्रियामा एउटा विचार के आयो भने - "जसको जोत उसको पोत" को नारा अझ पनि सान्दर्भिक छ। यो अझ पनि सान्दर्भिक छ, किनकि जोताहाको समस्या, मोहीको समस्या बाँकी छ । यो त त्यस लेखमा पनि भनिएको छ, जसको बारे हामी आज अन्तर्क्रिया गर्दैछौं । त्यहाँ उठाइएको सवाल त के मात्र हो भने-यो नारा आजको परिवर्तित सन्दर्भमा पनि किसान क्रान्तिको मुल नारा हुन सक्छ कि सक्दैन ? यो नाराले अधिकांश किसानको मुख्य समस्यालाई संवोधित गर्छ कि गर्दैन ?

यहाँ आज दुवै थरी विचार आए। यो मुख्य नारा हुन सक्दैन र यसले मुख्य समस्यालाई संवोधित गर्दैन भन्ने विचार पनि आए। यो अझै मुख्य नारा हुन सक्छ र वहुसंख्यक किसानको मूल समस्यालाई यसले संवोधित गर्छ भन्ने विचार पनि आए। विवादको अन्त भएर एउटा टुंगो लागेको स्थिति भने भएको छैन। यसबारे थप खोजी र अनुसन्धानको आवश्यकता आजको अन्तर्क्रियाले देखाएको छ ।

जहांसम्म सानो सानो जोतका मानिसहरुले पनि जमीन आफैं जोत्दैनन् भने त्यो खुदै जमीन जोत्ने किसानलाई दिइनु पर्छ भन्ने सवाल आएको छ, त्यो त्यति सरल हुँदैन। अहिले जग्गाले मात्र जीवन नधान्ने किसानहरु नै अधिकांश छन । अधिकांश किसानलाई विरोधी बनाएर तपाई कसरी कृषि क्रान्ति गर्न सक्नुहुन्छ ? कुनै पनि क्रान्तिमा अधिकांश मानिसलाई पक्षमा तान्न सकियो र शत्रुहरुको पंक्ति यथासंभव थोरै भयो भने मात्र शत्रुलाई परास्त गर्न सकिने संभावना हुन्छ ।

अहिलेको छलफलको मूल सवाल नै के हो भने, त्यो नारा कुन हो, जसले अधिकांश किसानलाई आन्दोलनको पक्षमा ल्याउन सक्छ ? त्यो उपाय कुन हो, जसले अधिकांशलाई पक्षमा ल्याउने मात्र होइन, त्यसो गर्दा जमीनमा सामाजिक न्याय पनि कायम हुन्छ र जमीनको उत्पादकत्व पनि बढ्छ ?

क्रान्ति हुन्छ तर सामाजिक न्याय कायम हुँदैन वा उत्पादन बढ्दैन भने त्यो क्रान्ति क्रान्ति नै हुन सक्दैन, वास्तविक अर्थमा । सामाजिक न्याय + उत्पादन बृद्धि=साम्यवादी बाटो हो । सामाजिक न्याय जे सुकै होस, तर उत्पादन बृद्धि मात्र खोज्नु पूँजीवादी बाटो हो ।

यसबारे आज हामीले कुनै ठोस निष्कर्ष निकाल्न सकेका छैनौं । तथापि त्यसको निम्ति अरु बढी गहिराइमा खोजी गर्नु पर्छ भन्ने प्रेरणा आजको अन्तर्क्रियाले दिएको छ। क. दीपेन्द्र, क. बडाल र क. रोहितको प्रस्तुतीबाट भूस्वामित्वबारे अहिलेसम्म हाम्रो आंखा नै नगएका आयामहरुतिर पनि हाम्रो दृष्टि पुग्न संभव भएको छ । यो आजको उपलब्धी हो । अन्य सवै विद्वान मित्रहरुको प्रश्नोत्तरले स-सानो भू-जोत र जमीनको खण्डीकरणको समस्या र त्यसको समाधानबारे थप शिक्षाप्रद कुराहरु थाहा हुन आएका छन। यो अर्को उपलब्धी हो ।

अन्तमा, म उपस्थित सवैलाई **मूल्याङ्कन** मासिकको तर्फबाट हार्दिक धन्यवाद दिन चाहन्छु । ❑

### आँखी झ्याल

**के तपाईलाई थाहा छ ?**

**उन्नत पूँजीवादी मुलुकहरूमा कति जनसंख्या बेरोजगार छ ?**

| देश | एक वर्षअघि | | अहिले | |
|---|---|---|---|---|
| अष्ट्रेलिया | ११.१ | प्रतिशत | ११.१ | प्रतिशत |
| बेल्जियम | ८.२ | " | ९.५ | " |
| क्यानाडा | ११.६ | " | ११.३ | " |
| फ्रान्स | १०.२ | " | ११.५ | " |
| जर्मनी | ६.६ | " | ८.२ | " |
| हलैण्ड | ४.० | " | ५.० | " |
| इटाली | १०.३ | " | १०.८ | " |
| जापान | २.१ | " | २.५ | " |
| स्पेन | १४.४ | " | १६.६ | " |
| स्वीडेन | ५.१ | " | ९.० | " |
| स्विट्जरलैण्ड | २.३ | " | ४.४ | " |
| संयुक्त अधिराज्य | ९.७ | " | १०.४ | " |
| संयुक्त राज्य अमेरिका | ७.७ | " | ७.० | " |

**स्रोत:** The Economist, जुलाइ ३१, १९९३


पढ्नु होस्-हरेक बिहिवार निस्कने

पृष्ठभूमि

साप्ताहिक

कवि केवलपुरे किसानको कविता संग्रह

बोको खस्यो

प्रकाशित भयो । बजारमा उपलब्ध छ ।

युवा साहित्यकार आहुति लिखित समाजवादी यथाथवादी

उपन्यास शिघ्र प्रकाशित हुँदैछ

नयाँ घर

**प्रकाशक :** न्यायिक प्रकाशन मंच



उच्च कोटिको बेलायती
मेशिनद्वारा उत्पादित
आधुनिक फिनिशिङ प्लान्टबाट
फिनिश्ड भएको
टायगर, डाय, स्पाईडर
मोजाको लागि
सम्झनुहोस् ।

उत्पादक: नेपाल निटिङ इण्डष्ट्रिज प्रा.लि.
फोन: २-२१८२५



Swami Agnivesh

## भारतमा माइकल ज्याक्सनलाई पाइला टेक्नै नदिइने

"भारतमा नोभेम्बर २५ का दिन अमेरिकी गायक माइकल ज्याक्सन आउँदैछन । बदनाम बहुराष्ट्रिय कम्पनी "पेप्सी कोला" ले नयाँ दिल्लीको-जवाहार लाल नेहरू रंगशालामा उनको नाच्ने गाउने कार्यक्रमको प्रायोजना गरेको छ। राजीव गान्धी फाउण्डेसनलाई "५० लाख" चन्दा दिएर भारत सरकारको मुखबुजो लाउने कार्य गरिएको छ। टिकट बेच्दैछ-अर्को बदनाम बहुराष्ट्रिय संस्था-सिटी बैंक अफ अमेरिकाले । "सांस्कृतिक आक्रमण" गरेर असंख्य मानिसहरुको दिल दिमाग भुट्ने, भारतमा सांस्कृतिक प्रदुषण ल्याउने नियतले प्रदर्शित गर्न लागिएको यो कार्यक्रमलाई भारतमा हुनै नदिने हाम्रो योजना छ। उनलाई र उनको प्लेनलाई सकेसम्म भारतमै उत्रन दिइने छैन ।"

स्वामी अग्निवेशले हामीसंगको अन्तर्वार्तामा कार्तिक २० गते उक्त कुरा बताउनु भयो ।

किन त ?

यो प्रश्नको उत्तरमा स्वामी अग्निवेशले भन्नु भयो-"माइकल ज्याक्सन जुन संस्कृतिको प्रतीक हो, त्यो पश्चिमको पनि सबैभन्दा पतित संस्कृति हो । यसले यौन र मानिसको जनावर-प्रवृत्ति ( Baser instincts ) लाई उत्तेजित पार्ने कार्य गर्छ । यसले समाजमा सांस्कृतिक विकृति ल्याउँछ । यो विकृतिको संवाहकलाई दक्षिण कोरिया जस्तो मुलुकले पनि त आफ्नो देशमा पाइला टेक्न दिएन । हामी यस्तो किन गर्न सक्दैनौं ?

मेरो विचारमा पूरै दक्षिण एशियाले यो पतनमुखी संस्कृतिको र यसको संवाहकको विरोध गर्नु पर्छ ।"

स्वामी अग्निवेश वंधुवा मजदूर मुक्ति मोर्चाका नेता हुनुहुन्छ । संयुक्त राष्ट्र संघको समकालीन दासता विरोधी कोषको उहाँ अध्यक्ष हुनुहुन्छ । स्वामी अग्निवेश दक्षिण एशियाली बाल दासता विरोधी मंचको कार्तिक २० र २१ गते हुने योजना बैठकका लागि काठमाण्डौ आउनु भएको थियो । बैठकपछि मंचले एउटा पत्रकार सम्मेलनको आयोजना पनि गरेको थियो ।

भारतमा माइकल ज्याक्सनलाई प्रवेश नदिन उठाइएको यो आवाजले निश्चितै रूपमा एउटा कुरामा गम्भीर रूपले हामी सबैको ध्यानाकर्षण गराएको छ - आखिर माइकल ज्याक्सन र उनले बोकेको कला-प्रवृत्ति किन र कसरी समाजको लागि हानिकारक छन ?



प्रवृद्ध वर्गले यस दिशामा खोजवीन र अध्ययन गर्ने प्रयत्न गर्नु जरूरी छ। यस खोजवीनले हाम्रो समाजमा पनि पश्चिमको अन्ध अनुकरण गर्ने बढ्दो युवा प्रवृत्तिलाई सही दिशा दिन मद्दत गर्नेछ । ☐

३२ पेजको बाँकी

### सुनील पोखरेल.......

यहाँ सत्ताले "संस्कृति" भनेर बुझ्ने कुरा हो-विदेशी पाहुनाहरु आएका बेला केही कम्पोज गरेका लोक नृत्यहरु र लोक गीतहरु देखाउनु, सुनाउनु वा स्कूले नानीहरुलाई हिन्दी फिल्मको "सोलह सालकी जवानी" टाइपका गीतहरुमा नचाउनु, अथवा विदेशीहरु र संपन्नहरुका लागि होटेलहरुमा नाच गान वा गजलहरु पेश गर्नु ।

पंचायती सत्ताले चलाएको यो परंपरा हाल पनि तोडिएको छैन । जो सत्तामा आए पनि यो तत्कालै तोडिएला भन्ने पनि मलाई लाग्दैन । किनभने, हरेक सत्ताका आफ्ना आफ्ना "मण्डलेहरु" हुन्छन्, आसेपासे, धूपौरे आदि सेट नै हुन्छन् । यस्ता सत्ताहरु आफूलाई पटक्कै नछुने, आफ्नो स्वार्थमा अलिकति पनि आँच नआउने खालका कला मात्र सृजना हुन् भन्ने चाहँदा रहेछन् । यिनीहरुले मानीदिने ठूलो भन्दा ठूलो क्रान्तिकारी कुरा "बाल बिवाह हुनु हुन्न वा विधवा बिवाह हुनु पर्छ" भन्नेसम्म मात्र हो । यसभन्दा परतिर कला-क्षेत्र नजाओस् भन्ने कुरा सत्ताले चाहने रहेछ। यसभन्दा परतिर गयो भने आफनो विरुद्ध जनताको मानसिकता बढ्ला र झमेला होला भनेर ऊ संस्कृतिलाई आफ्नो कब्जामा रहीरहोस् भन्ने चाहँदो रहेछ । संस्कृति बलवान नबनोस्, केवल मनोरंजनमुखी मात्र बनोस्, सचेतता फैलाउन सक्षम चाहिं नहोस्, भन्ने उसको नियत हुँदोरहेछ । यस्तो नियतवाला पंचायती प्रवृत्ति तोड्न बांकी नै भएकोले पनि हाम्रा फिल्म टेलिफिल्महरु विषय- बस्तुको हिसावले पनि संकुचित हुन गएकाले पनि यिनीहरु पाकिस्तानी स्तरमा उक्लन नसकेका हुन् ।☐

हरेक सोमवार प्रकाशित हुने
**प्रकाश**
पढ्न नभुल्नुहोस्

**केवल दिनको रु. १०/- जम्मा गर्नु भई निम्न लिखित फाईदा उठाउनु होस्**

○ १. सदस्य भएको मिति देखि २४ महिनाभित्र बिरामी भएमा अस्पतालमा लागने औषधी खर्च निशुल्क पाउनु हुने छ ।

○ २.केही गरी सदस्यको मृत्यु भएमा परिवारले पूरा रकम फिर्ता पाउनु हुनेछ ।

○ ३. सदस्य भएको मिति देखि ३ महिना पछि साना-तिना ब्यापार गर्न साना-तिना उद्योग गर्न वा छोरा-छोरीहरुको व्यवहार गर्नको लागि सापटी पाउनु हुने छ ।

अन्य जानकारीको लागि सम्पर्क राख्नुहोस् ।
**हिमालय ढिकुरी कार्यक्रम नेपाल,**
ताहाचल, नेपाल फोन २७०५८६ ।

**विजया दशमी तथा दीपावली को उपलक्ष्यमा सबैमा हार्दिक शुभ कामना**

गण्डकी नुडल्स (प्रा.) लि. परिवार



## अंक १४ बारे

"मूल्यांकनका १४ अंक पनि पढ्नासाथ प्रतिक्रिया लेख्न बसेको छु। सर्वप्रथम, आवरण लेख राम्रो छ र आवरण तस्वीर देख्दैमा झस्कें म त। साँच्चै दृश्य मार्मिक र भयावह छ। यो बाढीले सान्है नराम्रोसंग तहस नहस पारेको छ नेपाललाई।

यो अंकका अन्य सामग्रीहरु पनि लोभलाग्दा छन्। यो अंक पढेर म के निस्कर्षमा पुगेको छु भने-मूल्यांकनले प्रगति गरेको छ र अझ प्रगति गर्नेछ। यो एक उल्लेखनीय पत्रिका बन्न सफल होस् भन्ने शुभकामना।

-आयोद धौम्य "निर्मल"
छाङ पिपलटार, तनहुँ।

## राष्ट्र संघ किन बोल्दैन ?

अमेरिकाले पेरुमा हस्तक्षेप गर्दा, इण्डोनेशयाको क्रान्तिकारी कम्युनिष्ट पार्टीका लाखौ नेता तथा कार्यकर्ताको आमहत्या गर्दा अमेरिकाले मानवअधिकार उल्लंघन गऱ्यो कि गरेन? अमेरिकाले हाइटीमाथि किन नाकाबन्दी गर्न आवश्यक पऱ्यो ? यदि नाकाबन्दी लगाईसकेपछि हाइटीलाई अमेरिका अथवा अरु कुनै पश्चिमी देशले पेट्रोलियम पदार्थ बेच्न पाउने रे तर हाइटीले भने अरु कुनै देशमा आफ्नो उत्पादन बिक्री गर्न नपाउने रे, यो कस्तो हैकमवाद हो ?

विभिन्न राष्ट्रमा उसका एजेण्ट (सि.आइ. ए.) जनविरोधी कामहरु गरेजस्तै नेपालमा पनि भरखरै बितेको दासढुङ्गाको रहस्यमय दुर्घटनामा पनि त्यही एजेण्टको हात छैन भनेर भन्न सकिने कुनै प्रमाण छन् र ? किन अमेरिकाले गरेको अन्तर्राष्ट्रिय अत्याचारलाई देखेर पनि अरु राष्ट्रहरु र संयुक्त राष्ट्रसंघ समेत मौन छन् ?

सम्पादकज्यू तपाईंकै पत्रिकामार्फत पेरुको जनक्रान्ति सफल पार्दै द्रुततर गतिमा अघि बढिरहेको माओवादी पार्टीका नेता क.गोञ्जालोलाई फुजिमोरी सरकारले गिरफ्तार गरेपछि के अब त्यहाँको जनक्रान्ति रोकिएको छ र ? यस अंकमा पढ्न् नपाएकोमा दुःख लागेको छ।

कुमार "बुभुत्सु"
ल.पू. लामाताार -५
ढुडिन ,पिपलबोट

## इण्डोनेशियाको घटना दिएकोमा धन्यवाद

अंक १३ मा इण्डोनेशियाको कम्युनिष्ट पार्टीको इतिहास र वर्तमान कम्युनिष्ट आन्दोलनमा भएका घटनाको विवरण दिएर नेपालका कम्युनिष्टहरुलाई सतर्क गराउने काम गरेकोमा धन्यवाद दिन चाहन्छु। विश्वका ठूलठूला क. पा. का. घटना, इतिहासका कमी-कमजोरीहरुको बारेमा पनि केही लेखहरु दिनु पऱ्यो। साथै, भियतनाम र अमेरिकाको युद्ध र त्यसमा क. पा. ले बिजय प्राप्त गरेको इतिहास सम्बन्धी स्तरीय लेखहरु पनि दिनु पऱ्यो

- धर्मराज बाँस्तोला पोखरा (हेमजा)

## मूल्यांकनलाई

मार्क्स स्वयंलाई पनि विभिन्न प्रकारका लुगाहरु फेराउँदै आ-आफ्नो मनपरी ब्याख्या गर्न दौडीरहेका नेपाली वामपन्थी शक्तिहरुलाई बहस र अन्तर्क्रियाको क्रममा एउटै थलोमा समेट्ने काम गरिरहेकोमा मुल्यांकनलाई धन्यवाद !

-डी. आर. गुरूङ्ग चण्डी मञ्ज्याङ्ग-७, चितवन

## विश्व कम्युनिष्ट आन्दोलनबारे थप सामग्री

क. गोन्जालोदेखि अमेरिका, फ्रान्स, जापान, ब्राजिल, क्यानाडा, ब्रिटेन आदि देशका कम्युनिष्ट पार्टीहरुको बारेमा थप जानकारी दिइयोस्। चीनको बारेमा पनि प्रकाश पारियोस्। आगामी अंकमा मार्क्सवादद्वारा प्रतिपादित अतिरिक्त मूल्यको सिद्धान्तको सरल व्याख्या एवं मार्क्सको पूँजीका लेखहरु छापियोस्।

मूल्यांकन मेरो लागि नभै नहुने नसा जस्तै भएको छ, अतः नियमित, छोटो र आकर्षक ढंगले प्रकाशित गरियोस्।

वलराम पाठक
पेलाकोट,गा.वि.स. ३
उदियाचौर,स्याङजा

## गैर-मार्क्सवादीहरूको विचार आवश्यक

आज मार्क्सवाद टुहुरो हुनुको कारण कतै मार्क्सवादभित्रै विषाणु भएर त होइन भन्ने बारेमा बुझ्न गैर-मार्क्सवादीहरूको पनि विचार -अन्तर्क्रिया लिइएको भए मार्क्सवादभित्रको किटाणु पत्ता लगाउनु संभव हुने थियो कि ? साथै, राष्ट्रिय-अन्तर्राष्ट्रिय घटनाको संक्षिप्त जानकारी एवं नवीन सामान्य ज्ञान समावेश गरिएको भए झन् राम्रो हुने पो हो कि ?

-रुद्र बुर्जा "दुःखी"
कुशमाडी-५, रामनगर, महोत्तरी

## वाम-एकताको विगुल

नेपाली वाम राजनीतिमा देखिएको विखण्डनवादी प्रवृत्तिलाई लत्याएर वाम एकताको निम्ति विगुल फुक्ने "मूल्यांकन" स्तरीय र समय सान्दर्भिक छ। वाम पार्टीहरुमा देखा परेको दिशाहीनता, स्वार्थीपना र अन्यौल पूर्ण वर्तमान परिवेशमा पार्टी, कार्यकर्ता तथा शुभचिन्तकहरुलाई सही मार्ग पहिल्याउन प्रेरित गर्ने "मूल्यांकन" नेपाली जनताको आशाको केन्द्र विन्दु पनि हो। यसको उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

खड्क प्र० भूसाल
हंसपुर,अर्घाखाची।

## विगतका भन्दा स्तरीय र उलेखनीय

असार साउनको अंकमा प्रकाशित ,इण्डोनेशीयाली कम्युनिष्ट पार्टीको उत्थान र पतनको इतिहासले नेपाली वामपन्थीलाई साह्रै गहिरो पाठ पढाएको छ। समसामयिक विषयको "प्रधानमन्त्री गिरिजाप्रसादको राजिनामाका कारण" तथा खगेन्द्र संग्रौलाको विचारले सर्वसाधारणको पनि घैंटामा घाम लगाएको छ। कम्युनिष्ट पार्टीले अब श्याम श्रेष्ठको लेखमाथि गंभीररुपमा सोच्नु पर्ने आवश्यकता परेको छ।

पुंजीवादी दर्शनबाट संकटग्रस्त हुन पुगेको विश्वको पूंजीवादी आर्थिक संरचनालाई पुनः संगठित र पुनः निर्माण गर्न र समाजवादी आन्दोलनलाई मत्थर पार्न ल्याएको एन.जी. ओ. अभियानले केही हदसम्म जनतालाई राहत दिएको परिप्रेक्ष्यमा शरद पौडैलले लेख्नु भएको "अछुतहरुको बस्तिबाट" लेखले आजका तमाम सामाजिक कार्यकतालाई झकझकाएको छ। आखिर शरद पौडेलज्यूको लेखनको निष्कर्ष के हो त ? स्पष्ट भएन कि ? यो अंक विगतका अंक भन्दा स्तरीय र उल्लेखनीय अंक भएको पाएं। बजेटको चिरफार कम भएको जस्तो छ।

रवि किरण घिमिरे
लमजुङ्ग

## रगींन ब्लो अप

मुल्यांकनले मध्य पृष्ठमा नेपालका जनप्रिय नेता,साहित्यिकार आदि विविध पक्षका धरोहरहरुको रंगीन ब्लो अप प्रकाशित गरे हामीलाई सारै राम्रो हुने थियो ,बरु मूल्यमा गुनासो रहने छैन्।

नेपाली शव्दहरु पर्याप्त हुदाँहुँदै कभर पृष्ठमै किन हिन्दी प्रेम ? जस्तो- "बेहद " शव्द।

नेपाली फिल्महरुको समिक्षा गरिरहनु मूल्यांकनलाई शोभा दिदैन।

अनुवन्धित
मोरङ, हल लगनखेल,ललितपुर

## पूँजीबादीहरुको पुच्छर समाउँदै....

लोकप्रिय विचार-अन्तर्क्रियामुखी मासिक "मूल्यांकन" को एक नियमित पाठक हुँ। सर्वहारावर्गको पक्षमा जहिले पनि न्यायिक आवाज वुलन्द गर्ने सैद्धान्तिक पार्टी ने. क. पा. (एमाले) प्रति आस्था राख्ने म एक प्रगतिशील युवक हुँ। वाम राजनीतिमा झुकाब भएकै कारण प्रत्येक महिना प्रकाशित हुने मूल्यांकन अध्ययन गरेर शिक्षा आर्जन गर्ने अवसर पाएको छु। शक्तिशाली समाजवादी राष्ट्र सोभियत संघबाट साम्यवाद "धराशयी" भएपछि विश्वका पूँजीवादीहरुले कम्युनिष्टहरु दुई दिनका पाहुना हुन् भनेर हुँइयाँ चालई रहेको बेला बांकी अरु साम्यवादी राष्ट्रहरु पनि खुल्ला बजार अर्थतन्त्रतिर पलायन हुँदैछन् भन्ने खवर आइरहे छन्। ती पूँजीवादी स्यालहरु हालै केही राष्ट्रहरुमा चुनावी मध्यमबाट कम्युनिष्टहरु सत्तामा आईरहेको समाचारले त्रस्त भएका छन्।

बहुदलको उदयपछि भएको नेपालको पहिलो आम चुनाव मार्फत बलियो प्रतिपक्षको रुपमा ने क. पा. (एमाले) आएको समाचारले पूँजीवादीहरुलाई एकपल्ट नराम्रोसंग झस्काएको थियो। हाम्रो आफ्नै क्षेत्रमा पनि केही यस्ता पूँजीवादी छन्, जो आफ्नो धरातललाई नहेरी पश्चिमी पूँजीवादीहरुको पुच्छर समाउँदै हुँइयाँ चलाउँछन्।

त्यसैले, मूल्यांकनले विश्वमा कम्युनिष्टहरुले पाएको सफलता र ती देशहरुको बस्तु स्थिति, घटना प्रवाह र ताजा समाचार, लेख रचनाहरुमा प्रकाशित गरेर यथार्थता छर्लङग्याई दिनेछ भन्ने कुरामा विश्वस्त छु। त्यस्तै, देशमा घटेका ताजा घटनालाई अन्तर्क्रियामार्फत विभिन्न नेताहरुबाट ब्यक्त राय प्रकाशित गर्नु भएमा जनतामा देखापरेका अन्यौलको बादल हट्ने छ।

-आर. के. एस. "रोविन"
तार्कुघाट-९ लमजुङ्ग,
हाल, नारायणगढ चितवन

## संयोग

संयोग भनौं या के भनौं, के मैले तपाईहरुलाई सी.आई. ए. को बारेमा बताइदिनु होस् भनी पत्र लेख्दा मुल्यांकन नै हातमा पऱ्यो। खुसी लाग्यो, किनकि चाहे जस्तो नभए पनि केही जानकारी मिलाई दिएकोमा म ज्यादै खुशी छु। आशा छ, आगामी अंकमा सी.आइ.ए.का प्रतिद्वन्दी के.जी.वी. र वार्सा ,नेटो आदिवारे केही जानकारी लिएर यो आउने छ। साथै फिलिपिनी कम्युनिष्ट पार्टीदेखि लिएर चिलिमा घटेको विभत्स काण्डवारे केही लेखिदिनु होला भन्ने आशाका साथ पत्र लेखी रहेछु।

यज्ञ महत
राजारानी मार्ग -१
केराबारी गा.वि.स.,मोरङ

विजया दशमी तथा दीपावलीको उपलक्ष्यमा हार्दिक मङ्गलमय

# शुभ-कामना !

भक्तपुर जिल्ला विकास समिति परिवार

कृषकहरुलाई सुवर्ण अवसर

कृषि विकास बैंकको कुपनबाट ने. ट्रे. लि. का विभिन्न कार्यालयबाट उच्च स्तरको बाटली व्याय पम्पसेटहरु बिक्री भैरहेको छ ।

नेशनल ट्रेडिङ्ग लिमिटेड

यन्त्र बिक्री तथा मर्मत केन्द्र,

रामशाहपथ ।

विजया दशमी तथा दीपावलीको उपलक्ष्यमा

हार्दिक मङ्गलमय

# शुभ-कामना !

खाद्य उद्योग (प्रा०) लि०

हेटौंडा औद्योगिक क्षेत्र

हेटौडा

# शुभ-कामना !

शुभ-दीपावलीको महान् उपलक्ष्यमा मानव मात्रमा हार्दिक मङ्गलमय शुभ-कामना व्यक्त गर्दछौं ।

*जनक शिक्षा सामग्री केन्द्र लि.*

परिवार,

सानो ठिमी, भक्तपुर

विजया दशमी तथा दीपावलीको उपलक्ष्यमा

हार्दिक मङ्गलमय

# शुभ-कामना !

नेपाल डिष्टलरिज (प्रा.) लि.

बालाजु, काठमाडौ ।

वडा दशैंको उपलक्ष्यमा

सबैलाई

हार्दिक शुभ-कामना !

*जिल्ला विकास समिति काभ्रेपलाञ्चोक,* परिवार

वडा दशैंको उपलक्ष्यमा सबैलाई

हाम्रो

*शुभ-कामना*

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि.

परिवार

**Always Remember us for:**

Water Turbine, Steel Structures & Workshop Facility
with up to date machines

Complete Hydropower Generating Equipment,
Trusses, Suspension Bridges, Steel Furnitures & Other Mechanical Engineering Works.

*Please contact us for your service at:*

**Balaju Yantra Shala (Pvt.) Ltd.**

Balaju Industrial District
Balaju, Kathmandu. P.O.Box 209
Tel: 272147, 270894, Fax: 977-1-272379
Tlx: 2429 BYS NP

ल.पु.जि.प्र.का द.नं. ९९/०४९/५० म.क्षे.हु.नि./हु.द.नं. १२/५०/५१

फलाम जगतमा दशकौं पुरानो नाम

एभरेष्ट आईरन एण्ड स्टील प्रा. लि.

विराटनगरबाट उत्पादित

TESTED TORSTEEL

बलियो, किफायति र स्तरीय "एभरेष्ट छड"

आज गरिने ठूला - ठूला भवन, पुल, बाँध आदिको निर्माणमा "एभरेष्ट छड" प्रयोग गरी दशकौं सम्मको इतिहासलाई जिउँदो राखौं ।

कुनै पनि निर्माणको बलियो आधार
"एभरेष्ट छड" (TESTED - TORSTEEL)

EVEREST

एभरेष्ट आईरन एण्ड स्टील प्रा. लि.

पो.ब.नं. ३६८, धाख्वा भवन, तेस्रो तल्ला धर्मपथ, काठमाडौं, नेपाल ।
फोन नं. २२०८७०, २२२९५१, २२३२१२
विराटनगर कार्यालय: भानुटोल फोन: २६४८२, २३२१५

प्रत्येक वण्डलमा उद्योगको "प्रतीक चिन्ह एभरेष्ट" अंकित ट्याग झुन्ड्याइएको हुन्छ ।

Division of NE Group